
चैत २४, २०६२

# समय

राष्ट्रिय साप्ताहिक





फाइल तस्वीर : तेजबहादुर बस्नेत




वर्ष २, अंक १००, चैत १८–२४, २०६२

**आवरण :** सात दलको आन्दोलनलाई सम्भावनाका रूपमा हेर्ने हो भने राजाले यसैलाई सहमति र मेलमिलापको माध्यमका रूपमा उपयोग गर्न सक्छन् । तर, यसका लागि राजसंस्था २०४६ सालमा झैं विवेकी र एक्काइसौं शताब्दीका नागरिकको भावना बुझ्न सक्ने चाहिं हुनैपर्छ । २२




## सय अंक विशेष सामग्री


| | |
|---|---|
| साइमन दम्पतीको अभियान | २६ |
| दलितहरू चेतनाको बाटो उघार्दै | २८ |
| जनजातिलाई अब कसले हेप्ने ? | ३४ |
| नाम छैन राउटे महिलाहरूको | ३६ |
| कर्णाली : सबैका लागि बेच्ने भाँडो | ३९ |
| बदलिएको छ अहिले नेपालगन्ज | ४२ |
| आधुनिकताको बाटोमा थारू जाति | ४६ |
| स्वास्थ्यमा विस्मयकारी फड्को | ५४ |
| मोबाइल, कार र घर : सन्तुष्ट उपभोक्ता | ५८ |
| अर्थतन्त्रको महत्त्वपूर्ण स्रोत : रेमिट्यान्स | ६४ |
| महिला रोजगारीमा सरकार लापरबाह | ६९ |
| गुरुआमा संगीतकार : शान्ति ठटाल | ८८ |
| अँध्यारोमा बाँच्दै प्रकाश ओझा | ९२ |
| गुरुकुल : साकार बनेको सपना | ९४ |




राम गुरुङ

रंग : जवानी पस्कन आतुर छन् पोखराका मोडलहरू ९०

| | |
|---|---|
| सम्पादकीय | ५ |
| प्रारम्भ | ८ |
| डाँक | १० |
| टिपोट | १२ |
| मुलुक | १६ |
| प्रश्न ? होइन उत्तर ! | २१ |
| साहित्य | ८४ |
| शून्य समय | ९८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्युरोड
फोन नं. २०१०८२१

# चैत २६ को अर्थ र चुनौती

सम्पादकीय

**संसद्वादी सात राजनीतिक** दल र माओवादीबीच भएको बाह्रबुँदे समझदारी एक-अर्कामा विलय या समपर्णको भावना तथा उद्देश्यले गरिएको हैन । न त सरकारका केही मन्त्रीहरूले भनेझैं दलहरूले आतंकवादी कित्तामा आफूलाई उभ्याएको प्रमाण हो त्यो । चैत २६ गतेको आन्दोलनलाई दमन गर्ने भूमिका तथा औचित्यको खोजीमा लागेको संकेत जस्तो लाग्छ, सरकारका केही मन्त्रीहरूको आक्षेप ।

चैत २६ गते नेपालको इतिहासको एउटा महत्त्वपूर्ण दिन पनि हो फागुन ७ जस्तै । निरंकुश राजतन्त्रको अन्त्य प्रजातन्त्र स्थापनाका लागि अनिवार्य सर्त हो । २०४६ को आन्दोलन र त्यसको शक्तिलाई समयमै नबुझे त्यसबाट निम्तिन सक्ने परिणामबारे राजा वीरेन्द्रले समयमै ध्यान दिएर संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको घोषणा गरेका थिए, चैत २६ गते त्यसै वर्ष । त्यो घोषणालाई राजा, माओवादी या अन्य कुनै पक्षबाट अपांग बनाइने कोसिस मात्र गरिए पनि त्यो २०४६ सालको आन्दोलन र उपलब्धिप्रति अन्याय हुनेछ । साथै राजा यदि संवैधानिक हैसियतबाट सन्तुष्ट नभएर निरंकुशतातर्फ बढ्ने चाहना राख्छन् भने त्यसको मूल्य उनले पनि चुकाउनै पर्ने हुन्छ । किनकि कुनै पनि गैरसंवैधानिक र प्रजातन्त्रको मान्य सिद्धान्तविनाको महत्त्वाकांक्षाले त्योभन्दा ठूलो र विपरीत प्रतिरोध जन्माउँछ - अन्तिम विजय संगठित जनचाहना र जनशक्तिको हुन्छ ।


बिपुल पाखर

यसबीच राजाले पोखरामा आफ्ना मन्त्रीहरू, अञ्चलप्रशासक तथा केही अन्य व्यक्तिहरूसँग पनि परामर्श गरेका छन् । चैत २६ गतेको अर्थ र राजसंस्थाका लागि निर्धारित 'संवैधानिक सीमा'को लक्ष्मण रेखालाई राजाले स्वीकार गरेको सम्मानजनक संकेत राजाबाट आएमा अहिलेको राजनीतिक खिचलो समाधानको मार्गतिर बढ्नेछ, निकै हदसम्म ।

माओवादीसँग राजनीतिक समझदारी खोजेको आधारमा दलहरूविरुद्ध राजालाई उक्साउने उनका केही वर्तमान समर्थकहरूको निहित स्वार्थ मात्र राजाले बुझ्न सके भने त्यो मार्गमा पाइला चाल्न राजालाई कठिन हुनेछैन । गिरिजाप्रसाद कोइराला, भरतमोहन अधिकारी तथा अन्य नेताहरूमा माओवादीलाई उनीहरूबाट भएका ज्यादतीको आलोचना गर्दै बाह्रबुँदे समझदारीमा आधारित समाधान चाहन्छन् ।

अतिवादी समर्थकहरूलाई त्यागेर र चैत २६ गतेको घोषणाको सीमा तथा मान्यतामा आफूलाई बाँधेर राजा अगाडि आएमा त्यसले दल र माओवादी समझदारीमा निहित 'स्पिरिट'लाई आत्मसात गर्ने मात्र हैन, मुलुकलाई शान्ति प्रजातन्त्र र स्थिरतातर्फ पनि लैजान सक्छ । चैत २६ 'दमन'को नभई तीनवटै पक्षका लागि आत्मनिरीक्षणको अवसर बनेमा त्यसले मुलुकलाई विखण्डनबाट समेत जोगाउनेछ । ■




## समय साता

**चैत १० गते**

- एमाले महासचिव माधव नेपाललाई सार्वजनिकस्थलमा मानिस भेला गराई सरकारविरुद्ध भ्रम फैलाएको आरोपमा नजरबन्दस्थलबाटै पक्राउ।
- एमनेस्टी इन्टरनेसनलद्वारा राजपरिवारको सम्पत्तिबारे अन्तर्राष्ट्रिय बहस भइरहेको जनाउ।

**चैत ११ गते**

- दलहरूले १२ बुँदे समझदारी नसच्याए माओवादीसरह व्यवहार गरिने गृहमन्त्री कमल थापाको चेतावनी।
- माओवादीले जनकपुरको मुजेलिया वडाप्रहरी कार्यालयमा आक्रमण गर्दा दुई सुरक्षाकर्मीको मृत्यु।

**चैत १२ गते**

- नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा माओवादी र दलबीच शान्ति स्थापनाका लागि समझदारी भएको र यसलाई अर्को रूपमा व्याख्या नगर्न सरकारलाई आग्रह।
- काठमाडौंमा आगजनीका झन्डै दर्जन घटना। डिल्लीबजारमा एक बालकको मृत्यु।

**चैत १३ गते**

- २०६२ सालको एसएलसी परीक्षा सुरु, झण्डै साढे तीन लाख परीक्षार्थी सम्मिलित।
- भोजपुरमा भीषण आगलागी, असी घर नष्ट।
- राप्रपा अध्यक्ष पशुपतिशम्शेर राणाद्वारा डा. तुल्सी गिरी र कमल थापाले दलहरूलाई माओवादी बनाउन खोजेको आरोप।

**चैत १४ गते**

- सिन्धुपाल्चोकमा सेनाद्वारा हवाई आक्रमण, एक सर्वसाधारण र चार माओवादीको मृत्यु।

**चैत १५ गते**

- दलहरूद्वारा चैत २४ मा गर्ने भनिएको शान्तिपूर्ण आन्दोलन गर्न नदिने सरकारको भनाइ।
- विराटनगरनजिकै भएको आगलागीमा एक बालकको मृत्यु, चौहत्तरवटा घरमा क्षति।

**चैत १६ गते**


- महोत्तरीको बथनाहा गाविसमा भएको आगलागीमा सय घर जलेर नष्ट।
- विद्यालय मर्मतका लागि रसुवा पुगेका अस्ट्रेलियाली पर्यटक माओवादीद्वारा लुटिए।

**सम्मानित** : सोनाम लाक्पा शेर्पा, दावा फुटी शेर्पा, फुनरु शेर्पा, वीरमान राई, उजेश वली र ग्याल्जेन शेर्पा, शान्तिदूत अवार्डद्वारा।

**पुरस्कृत** : बद्रीविनोद प्रतीक, कास्कीका पत्रकार, पोखरा पत्रकारिता पुरस्कारबाट।

**सम्मानित** : पूर्णप्रकाश नेपाल 'यात्री', अन्वेषक, इतिहासशिरोमणि बाबुराम शोध-सम्मानबाट ।












# आगो बजार

**तस्वीर – भास्वर ओझा**
**शब्द – ज्योति देवकोटा**

दैनिक परिवर्तन हुँदै जाने राजधानीको केन्द्रमा एउटा यस्तो पनि ठाउँ छ जुन वर्षौंदेखि जस्ताको तस्तै छ। १४ वर्षदेखि कुनै परिवर्तन नभए पनि राजधानीवासीको मुखमै झुन्डिएको छ– भृकुटीमण्डपको खुला बजार।

पचास सालतिर राजधानी छिर्नेहरूले सिंहदरवार र भद्रकालीको उत्तरभागमा यी छाप्रा जस्तो अवस्थामा देखेका थिए, अहिले पनि यिनमा कुनै परिवर्तन आएको छैन। रेडिमेड सामानको खुद्रा बजारमा भृकुटीमण्डपको साम्राज्य कस्तो छ अहिलेसम्म यसले ७ करोड रुपैयाँ भाडाबापत समाज कल्याण परिषद्लाई तिरिसकेको छ। तर, सरकारले अहिलेसम्म पनि यो बजार व्यवस्थित गर्न सकेको छैन।

खुला व्यापार संघका अध्यक्ष लक्ष्मीप्रसाद वली भन्छन्, 'अस्थिर राजनीतिको सबैभन्दा बढी सिकार भएको छ भृकुटीमण्डप।' हरेकपल्ट सरकार परिवर्तनसँगै भृकुटीमण्डप व्यवस्थित गर्ने योजना त्यत्तिकै तुहिन्छ।

प्रतिदिन १ हजार ३ सय ५१ खुद्रा व्यापारीले पसल थाप्छन् भृकुटीमण्डपभित्र। २०४९ सालसम्म खुलामञ्चमै जम्दै आएका खुला व्यापारीहरूलाई सरकारले त्यहाँबाट निकालेपछि उजाड रहेको त्यति खेरको भृकुटीमण्डपस्थित समाज कल्याण परिषद्को ३१ रोपनी सिस्नुघारीलाई व्यापारिक प्रायोजनमा लगाइएको थियो।

अघिल्लो साता यो अव्यवस्थित बजारमा रातको समयमा अचानक आगलागी भयो। समयमै खबर पुगेर दमकल आएकाले एक घन्टामै आगो साम्य भयो, नत्र भृकुटीमण्डपको आगलागीले सारा राजधानी नै भष्म पार्न बेर लाग्दैनथ्यो। के यो खुला बजारले आफ्नो चोला फेर्न कुनै दैवी प्रकोप विपत्ति नै पर्खनु पर्छ? ■

















## 'दुई तह तलको जागिर खान्नँ'



*समय* राष्ट्रिय साप्ताहिकको ९९ अंकमा मेरो फोटोसहित छापिएको 'प्रकट भयो पुत्रमोह' शीर्षकको समाचारबारे लेख्दै छु। मेरा बारेमा पटक पटक गलत र चरित्र हत्या गर्ने बदनियतले *समय* राष्ट्रिय साप्ताहिकमा समाचार एवं लेखहरू छापिँदै आएका छन्, जसको पछिल्लो उदाहरण चैत १७ को अंकमा प्रकाशित छ।

सार्कको निर्देशक पद मेरा कारण 'च्याल काटेर रिक्त राखेको' तथा परराष्ट्रकै कर्मचारीलाई खटाइने उक्त पदमा मलाई पठाउने प्रयास भएको भन्नेजस्ता गलत र तथ्यहीन समाचारको खण्डन गर्दछु। हाल बहाल रहेको पदभन्दा दुई तह तलको उक्त पदमा जागिर खाने न मेरो कुनै योजना छ न त कसैले मलाई खटाउने प्रयास नै गरेको छ। साथै, यस्ता असत्य समाचार छापी पाठकमा अनावश्यक भ्रम नफैलाउनसमेत अनुरोध गर्दछु।

■ **निश्चलनाथ पाण्डे**
कार्यकारी निर्देशक
परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

## आफ्नै बेइज्जती

*समय* अंक ९९ मा पाण्डेराजको सिकार पढ्दा अब पाण्डे परिवारलाई मात्र होइन यस्ता व्यक्तिलाई आफ्ना सत्तामा राखेर आफ्नै बेइज्जती गरिरहेका राजा ज्ञानेन्द्रप्रति नै दया लागेर आयो। के राजालाई आफ्ना कामदारहरूले खुला रूपमा गरिरहेका यस्ता कर्तुतको बारेमा जानकारी हुँदैन अथवा राजा स्वयं यस्तै स्वभावका भएकाले रमेशनाथ पाण्डे परराष्ट्र मन्त्रालयमा टिकिरहन्छन् ? हामीजस्ता सामान्य नागरिकले कहिल्यै बुझ्न सकेनौं।

■ **रत्नसिंह बस्नेत**
बानेश्वर-३४

## कठै कर्णाली

कर्णालीको सडकको रिपोर्ट *समय*को ९९ औं अंकमा पढ्न पाइयो। पछिल्लो चोटि राजाले समेत बोलेको वचन खेर गएको देख्दा कर्णालीका जनतामाथि दया लागेर आयो। तर, राजाले बोलेको कुरा भएर होला बारम्बार मिडियामा आइरह्यो। तर, कर्णालीका कतिपय जनतालाई थाहासम्म छैन यही बाटोमा केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था पनि लागेका छन्। उनीहरू पनि कर्णालीको बाटोकै विषय उठाएर आफ्नो दुनो सोझ्याउने पक्षमा छन्।

नेपालगन्जमा भएको एक गोष्ठीमा गैरसरकारी एक संस्थाका व्यक्तिले भने, 'यो बाटो त हामीले बनाएका हौं।' कर्णाली राजमार्गको लागि भनेर गरिएको सो गोष्ठीमा बाटोको बारेमा ठूलठूला कुरा सुनिरहँदा मलाई लाग्यो कर्णाली राजमार्ग बनिसकेछ। तर, रिपोर्टले वास्तविकता सार्वजनिक गरेछ खुसी नै लाग्यो। सरकार मात्र होइन केही संस्थाहरू पनि कर्णालीकै बाटोकै विषय उठाएर रकम बटुल्न लागी परेका छन्। *समय*को ध्यान त्यसतर्फ पनि जाओस्।

■ **प्रशान्त, 'चिन्तन'**,
गोरखा ३,
हाल : बुटवल

## दयनीय सूचना प्रविधि

*समय*को ९९ औं अंकमा प्रकाशित सूचना प्रविधिसम्बन्धी लेख राम्रो लाग्यो। मुनिबहादुर शाक्यले नेपाली माइक्रो कम्प्युटर निर्माण र देवनागरी वर्णमाला तयार पार्दाको रोमाञ्चक इतिहास हुँदाहुँदै पनि आज सूचना प्रविधिको क्षेत्रमा हाम्रो अवस्था कति दयनीय रहेछ, यो घाम जत्तिकै छर्लंग भएको छ। आज यो क्षेत्रमा भारत संसारकै चर्चित देश बन्न पुगेको छ भने हामी त्यसको ठिक विपरीत अवस्थामा। यस्तो समस्या उजागर गरिदिएकोमा *समय*को प्रयास प्रशंसनीय छ। तर, केवल क्यान इन्फोटेक जस्ता मेला, जुन सूचना र प्रविधि क्षेत्रसँग सम्बन्धित छन्, त्यस्तो बेला मात्र यी कुरा उठाउनुभन्दा पटक पटक यो क्षेत्रलाई झकझक्याउनु उचित ठहर्छ होला।

■ **भोला ओझा**
कामपा-कुलेश्वर

## दिक्क लाग्यो

*समय* साप्ताहिकको ९९ अंकमा 'समझदारीपछि' लेख पढ्दा दिक्क लाग्यो। मुलुकमा तेह्र हजार मानिसको ज्यान गइसक्दा पनि यो देशका शासक वर्गमा किन बुद्धि नआएको होला ? आफ्ना व्यक्तिगत लोभ लालच त्यागेर माओवादी-दल र राजाले एकापसमा कटुता बिर्सेर वार्ताद्वारा समस्या समाधान गर्नु नै जनपक्षीय काम हुनेछ। आफूलाई जनताका पक्षधर भनेर दाबी गर्नेहरू र जनताको करबाट पालिएकाहरूले बेलैमा यो कुरा सोचून्। अन्यथा समयले ती सबैलाई पछाडि छोड्नेछ।

■ **हर्कबहादुर खत्री**
नेपालगन्ज, बाँके

## माओवादीलाई शिक्षा

*समय* अंक ९९ मा छापिएको रिपोर्ट 'अमानवीयताको पराकाष्ठा' पढ्दा सरकार मात्र होइन माओवादी पनि मानवअधिकारका बारेमा कक्षा नै लिनु पर्छ कि जस्तो लाग्यो। कुनै पनि मुलुकमा आफ्नो पक्षमा लगिसकेपछि आतंककारीहरूले पनि हत्या गर्दैनन्। माओवादीले बिर्तामोडमा गरेको आक्रमणको निन्दा मात्रै होइन आपत्ति नै गर्न मन लाग्यो।

■ **जमुना केसी**,
ललितपुर उपमहानगरपालिका, पुल्चोक



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# प्रजातन्त्रको पक्षमा पर्यटनकर्मीहरू

■ **केशव लामिछाने/पोखरा**


**राजनीतिक अस्थिरता** आफ्नो व्यवसाय संकटमा परेको भन्दै पोखराका पर्यटनकर्मीहरू सडकमै ओर्लिएका छन्। उनीहरूले शान्ति र प्रजातन्त्रको माग गरेका छन्। व्यवसाय चौपट हुन थालेपछि शान्तिका र प्रजातन्त्रका लागि पर्यटन समाज पोखराको गठन गरेर उनीहरू सडकमा ओर्लिएका हुन्। अघिल्लो साताको बुधवार उनीहरूले पोखरामा गरेको शान्ति र्‍यालीमा सहभागिता जुटाएर उनीहरूले शान्तिको आह्वान गरेका थिए।


राजा, दलहरू र माओवादी सबैको हठका कारण मुलुक झन् झन् द्वन्द्वको दलदलमा फस्दै गएकोले आफूहरू सडकमा उत्रनुपरेको बताउँछन् समाजका अध्यक्ष कालीबहादुर अधिकारी। उनी भन्छन्, 'सबैले हठ त्यागे मात्रै देशमा शान्ति आउँछ।' पोखराको पर्यटन उद्योगमा भएको १५ अर्ब लगानीमध्ये ८० प्रतिशत भौतिक निर्माणमा लगानी भएको बताउँछन् पर्यटनकर्मीहरू। शान्ति नभए त्यो लगानी डुब्ने उनीहरूको ठहर हो। तर, सरकारले त्यसतर्फ नसोचेर सहुलियत र राहतका कार्यक्रम नल्याएकोमा पर्यटनकर्मीहरूले आक्रोश पोखेका छन्। पोखरा पर्यटन परिषद्का सचिव वासु त्रिपाठी भन्छन्, 'हाम्रा होटलका न पखेँटा छन् न पांग्रा। त्यसैले यी गुडाएर वा उडाएर लैजान मिल्दैन।' यो सम्पत्ति डुबे राष्ट्रको अर्थतन्त्रमा चोट पुग्ने हुँदा राहतका प्याकेज ल्याउनुपर्ने माग गर्छन् त्रिपाठी।

पर्यटनकर्मी पोखरेलीहरूका दर्जनभन्दा बेसी संस्थाहरू छन्। 'तर भर्खर गठन भएको समाजचाहिँ लोकतन्त्रका पक्षधरहरूको संस्था हो', पर्यटनकर्मी विप्लव पौडेल भन्छन्। प्रतान्त्रविना पर्यटन व्यवसाय फस्टाउन नसक्ने ठहर गरेर यस्तो समाज नै गठन गर्नुपरेको उनले बताए।

अघिल्लो साता पर्यटनकर्मीहरूको र्‍यालीले शान्तिको माग गरेकोमा सरकारको प्रतिक्रिया भने घीनलाग्दो ढंगले नै प्रकट भयो त्यसपछिको साता पोखरामै। पर्यटनमन्त्री याङकिला शेर्पाले व्यवसायीहरूलाई शान्तिको र्‍याली निकाल्दैमा शान्ति नआउने बताएर आक्रोश पोखिन्। पर्यटनकर्मीले प्रजातन्त्र माग गरेको पटक्कै रुचिकर भएको थिएन उनलाई। तर, व्यवसायीहरूले आफ्ना माग राख्न हिचकिचाहट देखाएका छैनन्। उनीहरूले त मन्त्रीलाई व्यवसाय नै ठप्प गर्नेसम्मको चेतावनीसमेत दिएका छन्। माग पूरा नभए मे १ देखि सम्पूर्ण होटल बन्द गर्ने चेतावनी उनीहरूले दिएका छन्।

क्षेत्रीय होटलसंघ पोखराका अध्यक्ष लक्ष्मीबहादुर भट्टराई द्वन्द्वमा पर्यटनको विकास हुन नसक्ने ठहरबाट आफूहरू विचलित नहुने बताउँछन्। ■



# अमेरिकामा देउवा

**नेपाली कांग्रेस** (प्रजातान्त्रिक)का सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले चैत १३ गते अमेरिकाको राजधानी वासिङटन डिसीमा नेपालीहरूसँग 'नेपालको अहिलेसम्मको मुख्य समस्या राजा भएको, माओवादीले वार्तामा आउँछौं भनेर युद्धविराम गर्दा समेत राजा वार्ताका लागि तयार नभएको' बताएका छन्।

उनी सात संसदीय दल र माओवादीबीच भएको दोस्रो समझदारीलगत्तै अमेरिका आएका हुन्। उनले यहाँ माओवादीले आफ्नो कार्यकालमा समस्या समाधानका लागि र चालीस सूत्रीय माग पूरा गर्ने समय नै नदिएको पनि बताए। देउवाले 'देशको समस्याको समाधान माओवादी र सात दलको समझदार ीकै आधारमा हुनुपर्ने भएकाले आफू संविधानसभामा जान तयार रहेको बताएका थिए। नेपालीहरूसँगको भेटमा देउवाले आफ्नो अमेरिका यात्राबारे अनेक आशंका उठाइएको उल्लेख गर्दै प्रजातन्त्रको हितविपरीत कसैसित सम्झौता नगर्ने प्रस्टोक्ति दिए।

पत्नी आरजुसँग अमेरिका आइपुगेका देउवाले त्यही कार्यक्रममा माओवादी र संसदीय दलहरूबीचको १२ बुँदे समझदारी आफ्नो कारणले भंग हुन नदिने बताएका थिए। कार्यक्रममा ५१ जना सहभागीले देउवालाई ७० प्रश्न सोधेका थिए। त्यहाँ देउवापत्नी आरजुले पनि बोलेकी थिइन्।

अमेरिकामा देउवाले द्विपक्षीय नेपालीको विरोध सहनुपरेको छ। सरकारका प्रतिनिधिहरूले उनी संलग्न कार्यक्रमहरू बहिष्कार गरेका छन् भने लोकतन्त्र पक्षधरहरूले देउवा राजासँग सम्झौतामा जान लागेको आशंका गर्दै विरोध गरेका छन्। कोलम्बिया युनिभर्सिटी न्युयोर्कको कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्ने निश्चित गरिएका संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि मधुरमण घिमिरेले उक्त कार्यक्रममा देउवाको आगमनका कारण बहिष्कार गरे। यसैगरी अमेरिकाका लागि नेपाली राजदूत केदारभक्त श्रेष्ठले पनि डिसी क्षेत्रमा आयोजित नेपाली समुदायको कार्यक्रममा सहभागी हुन देउवा आउनु अघिल्लो दिन नै डिसी छाड्न लागेको बताएर कार्यक्रममा आएनन्। उनी २० महिनाअघि देउवाकै नेतृत्वको सरकारको सिफारिसमा राजदूत नियुक्त भएका थिए।

यता, अमेरिका नेपाल सोसाइटी वासिङटन डिसीद्वारा आयोजित कार्यक्रममा देउवाले लोकतान्त्रिक पक्षधरको सामान्य विरोधको सामना गर्नुपर्‍यो। कार्यक्रमको समापनलगत्तै हलबाहिर निस्कन लागेका देउवाको बाटोमा केही सहभागीले दस मिटर लामो कालो कपडा बिछ्याएर विरोध प्रकट गरेका थिए।

■ **गिरिश पोखरेल/वासिङटन डिसी**


गिरिश पोखरेल



# गस्ती गर्छन् बूढापाका

**गौरा रेग्मी** ६५ वर्षकी भइन् । उनको घरमा पाको भनेको उनी मात्रै हुन्, अरू कोही पुरुष वा पाको सदस्य छैन । गाउँमा शृंखलाबद्ध काटमार, चोरी डकैतीका अनिष्टकारी घटना बढेपछि उनी रातमा जाग्राम बस्छिन् र गस्तीमा निस्किन्छन् । उनी जस्तै बूढापाका अचेल गाउँमा गस्ती गर्छन् ।

यस्तो दृश्य रुपन्देही मानपकडीको हो, जहाँ तीन सातादेखि गाउँका जेष्ठ नागरिक जाग्राम बसेर आफ्नो गाउँको सुरक्षा गर्दछन् । निरन्तर लुटपाट र काटमारले आक्रान्त गाउँमा पाका युवायुवती रित्तिँदै गएपछि बचेखुचेका बूढाबूढी गस्तीमा निस्किन थालेका हुन् ।

ठिक त्यसरी नै आक्रान्त छन् सेमरी, फर्साटिकर सूर्यपुरा लगायतका गाउँहरू । ती गाउँमा सुरक्षाकर्मीहरू नपुगेको वर्षौं भइसक्यो, त्यही मौका छोपेर चोरडाँकाहरूले सामूहिक रुपमा आतंक मचाउँछन् । यस्तो अवस्था माओवादीका लागि अनुकूल भएको छ । कहिलेकाहीँ मात्र गाउँमा आउने माओवादी चोरडाँकाहरूलाई कारबाही गर्छन् र आफ्नो गतिविधि गरेर जस लिएर फर्किन्छन् ।


गौरा रेग्मी

गस्तीमा निस्किरहने वृद्धा गौरा भन्छिन्, 'खै पुलिस कहिल्यै आउन्नन्, माओवादी पनि सधैं बस्दैनन्, आउँछन्, जान्छन् । हामी गस्तीमा नबसेर के गर्ने ?' अचेल गाउँका प्रत्येक घरबाट १-१ जना सदस्य गस्तीमा निस्किने नियम गाउँले आफैंले बनाएपछि गौरा पनि सकी नसकी गस्तीमा हिँड्न थालेकी हुन् । 'घरमा अरू पाको मान्छे कोही छैन, मै जानुपर्छ गस्तीमा', ६५ वर्ष पुगेर पनि गाउँको सुरक्षाका लागि चिन्तित गौराले उत्साही पारामा बताइन् । त्यहाँ एक रातमा १८ जनाको समूहले गस्ती गर्ने नियम बनेको छ ।

गौराको घरकै छेउमा १६ फागुनमा डाँकाहरूले भारतीय भूपू सैनिक रुपबहादुर खड्काको हत्या गरेका थिए । त्यो समयमा आधा दर्जन घरमा लुटपाट गरेका थिए ।

स्थानीय शान्ता भुसाल, दुर्गा भुसाल, युवराज भण्डारी, डिलाराम र टीकाराम भुसालका घरहरूमा डाँकाले उपद्रो मचाएका थिए ।

ती घटनामा संलग्न रहेको भन्दै माओवादीले स्थानीय तीनजनाको हत्या गरेका थिए । र, ६ जनाको हातखुट्टा भाँचेका थिए ।

लुटपाटको आरोपमा माओवादीले हत्या गरेका ६० वर्षीया चिनक थारूको परिवार माओवादीले अनाहकमा हत्या गरेको बताउँछन् । मारिएका अन्य दुई जना सुरे थापा र विक्रम रानाको परिवारमा पनि त्रास कायमै छ । माओवादीले हातखुट्टा भाँचेका ६ जनाको भारतमा उपचार भइरहेको छ ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)






# गाउँमा छैनन् एसएलसीका केन्द्र

लुम्बिनीका ६ जिल्लामै एसएलसी परीक्षा केन्द्रहरू सदरमुकाम केन्द्रित गरिएको छ। सदरमुकामबाहिर राखिएका केही केन्द्र पनि सुरक्षा केन्द्र रहेका स्थानवरपर मात्र छन्।

सशस्त्र विद्रोही माओवादीको बढ्दो प्रभाव रहेका गुल्मी जिल्लाका २४ परीक्षा केन्द्रमध्ये १८ परीक्षा केन्द्र त सदरमुकाम तम्घासमै छन्। बाँकी ६ मध्ये सुरक्षा केन्द्रहरू रहेका वामिटक्सारमा ४ र इस्मा रजस्थलमा २ केन्द्र राखिएको छ।

लुम्बिनी अञ्चलमा १ सय १७ परीक्षा केन्द्रहरू छन्। तीमध्ये न्यून संख्यामा मात्र गाउँमा रहेका छन्। माओवादीको नाकाबन्दी र बन्दले परीक्षा सुचारु हुने कुरामा सुरुमा आशंका व्यक्त गरिए पनि त्यस्ता अवरोध फिर्ता भएपछि एसएलसीका लागि सहज वातावरण बनेका छ। तर, परीक्षाबारेको सुरुको अनिश्चितता र द्वन्द्वको मनोवैज्ञानिक प्रभावले कयौं परीक्षार्थीहरू अन्तिम चरणमा मात्र परीक्षाको तयारीमा जुटेका थिए।

शिक्षा अधिकारीहरूले आवेदक प्राय: सबै परीक्षार्थीले परीक्षामा भाग लिइरहेका र परीक्षा शान्तिपूर्ण तरिकाले संचालन भइरहेको जनाएका छन्।

लुम्बिनी अञ्चलका ३१ हजार २ सय १९ विद्यार्थीले एसएलसी परीक्षाका लागि आवेदन भरेका थिए। तीमध्ये २४ हजार २ सय ४ नियमित र ७ हजार १५ जना पूरक परीक्षार्थी रहेका छन्। जिल्ला शिक्षा कार्यालयहरूका अनुसार सबभन्दा बढी परीक्षार्थी रुपन्देहीमा ७ हजार ९ सय ८८ र सबभन्दा कम कपिलवस्तुमा २ हजार ७ सय ७९ जना रहेका छन्। त्यस्तै नवलपरासीमा ६ हजार ६ सय ५९, गुल्मीमा ५ हजार ७९, अर्घाखाँचीमा ४ हजार ४ सय ७४ र पाल्पामा ३ हजार १ सय ५४ जना परीक्षार्थी रहेका छन्।

■ दीपक ज्ञवाली/बुटवल


DRIVE-IN
Opp. Pulchowk Engg. Campus, Lalitpur, Nepal
Tel. : 5-530942, 5-543460, Fax : 977-1-5010504
E-mail : drivein@wlink.com.np
www.drivein.com.np

• We are one of the leading Car Buy, Sale & Exchange Company.
• We can fine any used vehicle that you need.
• We believe that you can get satisfactory result from us.

• Brand New Car Booking • Wide Range of Used Cars • Sales & Purchase of CD Plate (Diplomatic Car) • Buy Back Guarantee Facilities • Finance Insurance

A Reliable Name in Vehicle Buy, Sale & Exchange.

www.guranstravel.com
Fly to Beijing
Guangzhou, Hongkong...

better connections to "All Over Africa"

Europe & USA
Ethiopian
የኢትዮጵያ
..AFRICA'S LINK TO THE WORLD
For details contact your travel agent or
GSA:
GURANS TRAVEL & TOURS (P.) LTD.
Tour Operator & Travel Consultants
Call: 552 4232, 554 1002
Kupondole, Lalitpur, Kathmandu, Nepal.
Email : ethiopian@guranstravel.com

Solution for problem water

Industrial/Commercial RO
We deal in:
- Industrial/Domestic water treatment plants in Mild Steel/Stainless Steel/FRP Vessels.
- Reverse Osmosis Plants from U.S.A.
- Mineral water plants from Thailand
- Swimming pool Filter & equipment
- Infrared Sauna

Swimming pool

Industrial Water Trearment Plant
NIL NIWAT
NILAH WATER TREATMENTS
New Baneshwor, Kathmandu (Opp. BICC Hall)
Tel: 4781911, Fax: 977-1-4780911
E-mail: niwat@info.com.np www.niwat.com.np

# प्रहरीको तारो मानवअधिकारकर्मी

**पछिल्लोपटक** मानवअधिकार आयोगका कर्मचारी दयाराम परियारलाई निसाना बनाएर सुरक्षाकर्मी सैन्य उन्मादमा लिप्त रहेको स्पष्ट पारेका छन् । राज्यको निसानामा कुनै अधिकारकर्मी परेको यो पहिलोपटक हो ।

जनकपुर, जनकचोकमा प्रहरी निरीक्षक प्रकाश शर्माको नेतृत्वमा रहेको प्रहरी टोलीले २३ वर्षीय परियारलाई निसाना बनाएको प्रत्यक्षदर्शीहरू बताउँछन् । केही महिनायता हतियारको जथाभावी प्रयोग गरिरहेका सुरक्षाकर्मीको पछिल्लो सिकार बनेका हुन् अधिकारकर्मी अधिकारकर्मी परियार ।

जनकपुरस्थित मुजेलिया वडाप्रहरी कार्यालयमा माओवादीले आक्रमण गरी दुई सुरक्षाकर्मीको ज्यान लिएको आधा घन्टापछि शर्माको नेतृत्वमा आएको प्रहरी टोलीले बजारको व्यस्त क्षेत्र जनकचोकमा अन्धाधुन्द गोली चलाएको थियो । प्रहरीको गोलीले राष्ट्रिय मानवअधिकार आयोग जनकपुर सम्पर्क कार्यालयका मानवअधिकार सहायक परियार सख्त घाइते भएका थिए भने राप्रपा संस्थापन पक्षका कार्यकर्ता रामचन्द्र यादवको घटनास्थलमै मृत्यु भएको थियो । १६ घन्टापछि मात्र उपचारका लागि जनकपुरबाट काठमाडौं ल्याइएका परियारको शिक्षण अस्पतालमा उपचार गराउँदा गराउँदै निधन भएको थियो । देब्रे कोखामा लागेको गोलीले शरीरका भित्री अंगमा गम्भीर चोट पुऱ्याएकाले उनको निधन भएको चिकित्सकहरूले बताएका छन् । सरकारी लापर्बाहीले गर्दा गोली लागेको २३ घन्टापछि मात्र उनको उपचार सुरु भएकाले स्वास्थ्य स्थितिमा सुधार हुन नसकेको चिकित्सकहरू बताउँछन् ।

अस्पताल ल्याइपुऱ्याउँदासम्म सामान्य अवस्थामा देखिएका उनको शल्यक्रिया गरेको ५९ घन्टापछि कोमामा रहेकै अवस्थामा निधन भएको थियो । अस्पतालमा उनले समयसँग भनेका थिए, 'मलाई प्रहरीले गोली हानेको



हो ।' बिहान आठ बजे अस्पताल पुऱ्याइएका उनको शल्यक्रिया चिकित्सक नहुँदा दिउँसो ३ बजेपछि मात्र सुरु गरिएको थियो ।

निर्दोष सर्वसाधारणलाई आफ्नो हतियारको निसाना बनाउँदै आएको सरकारले मानवअधिकार रक्षकहरूको समेत हत्या गरेर भक्षक चरित्र प्रदर्शन गरेको छ । अधिकारवादी गोपालकृष्ण सिवाकोटी 'चिन्तन' भन्छन्, 'जनकपुर घटनाले सम्पूर्ण अधिकारकर्मीहरूमाथि प्रहार गरेको छ । सर्वसाधारण मानिस जम्मा हुने व्यस्त बजारमा गोली चलाउने अधिकार प्रहरीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कुनै पनि कानुनले दिएको छैन ।'

घटनालगत्तै अनुगमनका लागि जनकचोक पुगेको मानवअधिकार सन्धि अनुगमन समितिले हतास मानसिकताका प्रहरीले सैन्य उन्मादमा गोली चलाउँदा उक्त आपराधिक घटना भएको पाइएको उल्लेख गरेको छ । पाँचवटा मानवअधिकारवादी संस्था संलग्न उक्त अनुगमन टोलीले सर्वसाधारणको बाँच्न पाउने मानवअधिकार तथा मौलिक हकको सरकारले पूर्ण उल्लंघन गरेको र मुलुकी ऐन ज्यानसम्बन्धी महलको व्यवस्थाविपरीत मान्छेहरू मर्ने प्रस्ट देखिँदा देखिँदै मनसायपूर्वक गोली चलाएको ठहर गरेको छ ।

गृहयुद्ध चर्किएका विदेशी मुलुकमा गएर शान्ति सेनाको रूपमा मानवअधिकार पालना गराउँदै आएको नेपाल प्रहरीले आफ्नै देशमा देखाएको सैन्य उन्मादका कारण उसलाई शान्ति सेनामा प्रतिबन्ध लगाउनु पर्ने विज्ञहरू बताउँछन् । चैतमै प्रहरीको गोलीबाट चार सर्वसाधारणले ज्यान गुमाएका छन् ।

आफ्नै कर्मचारीलाई प्रहरीले ताकेर गोली हान्दासमेत राष्ट्रिय मानवअधिकार आयोग नेतृत्वले निरंकुश सरकारको घुमाउरो ढंगबाट बचाउ गर्ने नीति लिएको देखिएको छ । आयोगका अध्यक्ष नयनबहादुर खत्री भन्छन्, 'आयोगको प्रारम्भिक प्रतिवेदनमा प्रहरीले गोली चलाएको बताए पनि पीडकलाई कारबाहीको प्रक्रिया पूर्ण प्रतिवेदन आएपछि मात्र अगाडि बढ्छ ।'

आयोगको यस्तो रवैयाले पीडित परिवारसमेत आक्रोशित बनेको छ । परियारका दाजु प्रकाशचन्द्र भन्छन्, 'यति ठूलो प्रहारमा समेत आयोगले खुट्टा कमायो भने आयोगको औचित्य नै समाप्त हुन्छ ।' माघ १९ को शाही घोषणापछि मानवअधिकार ऐनको संशोधन गरेर गठन गरिएको आयोगलाई लागेको 'शाही आयोग'को बिल्ला उसले गर्दै आएको सरकारको गल्तीको ढाकछोप चरित्रले पुष्टि गरेको छ । घटनाको पृष्ठभूमि हेर्दा पनि नियोजितरूपमा परियारमाथि गोली चलाएको हुनसक्ने आशंका दलित अधिकारवादीहरूको छ । दुई महिनाअघि मात्र सुरु गरिएको आयोगको जनकुपर सम्पर्क कार्यालयमा परियार मानवअधिकार सहायक थिए ।

उता कञ्चनपुरको झिमिलियामा आफ्ना एक हवल्दारलाई माओवादीले हत्या गरेपछि अनुसन्धानका नाममा सेनाद्वारा निर्घात कुटिएका रौतेली झिमिलियाका राना थारूमाथि सेनाले गरेको अमानवीय व्यवहारलाई सर्वसाधारणले सैन्य उन्मादकै शृंखलाका रूपमा हेरेका छन् । सेनाले १२ वर्षे बालकदेखि ६० वर्षमाथिका वृद्धलाई समेत सैनिक पोस्टमा बोलाएर अनाहकमा कुटपिट गरेर सैन्यकरणको नमुना प्रस्तुत गरेका छन् ।

■ **गोविन्द परियार/काठमाडौं**


# MOBILE REPAIR CENTER



N70

**All Kinds of Mobile Phone Unlock and Repair**

SAGEM - All Models
SONY ERICSSON - All Models
MOTOROLA - All Models
PANASONIC - All Models
SIEMENS - All Models

SHARP - All Models
LG - All Models
BENQ - All Models
SAMSUNG - All Models
SANYO, 02 - TOSHIBA & NOKIA

१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं ।
२. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन् ।




Sharp 903

**Electro Concern**

SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101



# प्रश्न ? होइन उत्तर !

■ विजय कुमार

पत्रकारितामा सबैभन्दा दुरुपयोग भएको शब्द हो– 'निष्पक्षता'। पूर्ण निष्पक्षता गणित या निर्वाणमा मात्र सम्भव छ। निष्पक्षता कुनै 'लड्डु' वा सामान होइन जसलाई जोखेर वा काटेर दामाशाहीको दरले प्रत्येक पक्षलाई बाँड्न सकियोस्। पत्रकारिताको निष्पक्षता कुनै निरपेक्ष आदर्श होइन।

## भ्रम त्याग, आऊ

**नयनाले बडो उत्साहित भएर** भनी, 'म सत्यमा आधारित स्वतन्त्र र निष्पक्ष पत्रकारिता गर्न चाहन्छु।' यो सुनेर म चुपचाप भएँ। नयनाले आश्चर्य मिसिएको स्वरमा सोधी, 'जवाफ दिनु भएन नि, सुन्नु भएन, म सत्यमा आधारित स्वतन्त्र र निष्पक्ष पत्रकारिता गर्न चाहन्छु', यसपटक उत्तर दिन बाध्य भएँ, 'त्यसो भए तिमी पत्रकारिता नगर।' अवाक् भइन् नयना। दुःखका धर्साहरू मुहारमा प्रस्टै देखिए। मैले एउटा लामो सास ताने र बताउन थाले।

नयना, 'सत्य' जसलाई अंग्रेजीमा 'ट्रुथ' भनिन्छ। त्यो शब्द त्यति सानो शब्द होइन। नेपालको त कुरै छाडौं पत्रकारिताको विश्व इतिहासमै यस्ता पत्रकारहरू विरलै आए जसले 'सत्य'लाई सम्बोधन गरे। पत्रकारिता 'सत्य' (ट्रुथ) होइन 'तथ्य' (फ्याक्ट)सँग सम्बन्धित विधा हो। 'सत्य' (ट्रुथ) र 'तथ्य' (फ्याक्ट) एउटै कुरा होइनन्। सत्यभित्र तथ्य सजिलै अटाउँछ तर सत्यभित्र तथ्यबाहेक अरू पनि धेरै थोक हुन्छ। हरेक 'सत्य'भित्र तथ्य हुन्छ तर हरेक 'तथ्य' सत्य नहुन पनि सक्छ। 'तथ्य'लाई विभिन्न कोणबाट प्रस्तुत गर्न सकिन्छ, पहिलो पेजभित्र भित्री पेज जहाँ पनि, जसरी पनि राख्न सकिन्छ, रंग हल्का गर्न सकिन्छ, गाढा बनाउन सकिन्छ ... आदि आदि। तर, सत्यमा यो कुनै पनि थोक सम्भव हुँदैन। सत्य केवल सत्य हुन्छ। ए थिङ अफ ब्युटी, ज्वाय फर एभर। सत्यं शिवं सुन्दरम्। त्यस कारणले नयना पहिलो कुरा यस भ्रमबाट मुक्त होऊ कि पत्रकारिता 'सत्य'मा आधारित हुन्छ। 'तथ्य'सँग सम्बन्धित विधा हो यो, व्यवसाय हो यो वा मिसन हो यो।

पदम ठकुराठीले मलाई पत्रकारितामा ल्याउँदा हामीले गर्ने अखबारको नाम त आफूलाई थाहा थियो तर पत्रकारिताको 'टाइप' थाहा पाउन मलाई समय लाग्यो। मलाई मात्र किन, आज पनि पत्रकारिताको ज्वरोमा यता उता भौंतारिरहेको कुनै पनि नवप्रवेशीलाई यो कुराको आत्मबोध हुन केही समय लाग्छ (कतिपय त थाहै नपाई रिटायर्ड हुन्छन् वा बीचैमा छाड्छन्)। कि उनीहरूले गरिरहेको पत्रकारिता कस्तो 'टाइप'को हो र कसका लागि हो ? तर, आजको युवा पुस्ता हाम्रोभन्दा बढ्ता योग्य भएको उसलाई यो 'आत्मबोध' हुन लाग्ने समय थोरै छ। पत्रकारिताका विभिन्न 'टाइप' र प्रकार छन्। सरकारी पत्रकारिता, व्यवसायिक पत्रकारिता, मिसन पत्रकारिता आदि आदि। कोही यसमा चुर्लम्म डुबेका छन्, पत्रकारिताको नशा र आनन्दको मजाले ओतप्रोत भएर पत्रकारितामा छन्। र, कतिपय नाम तपाईं प्रायः छापामा देख्नु हुन्छ वा टिभीमा देख्नु हुन्छ, पत्रकारिता उनीहरूका निम्ति 'पार्टटाइम' खेल हो। पत्रकारिता गरेको अभिनय गर्ने खेल। पत्रकार मात्र किन कतिपय सानाठूला सरकारी वा गैरसरकारी सञ्चारमाध्यमका मालिकहरूका निम्ति पनि यही कुरा भन्न सकिन्छ। तर, यो कुरा नेपालमा मात्र सीमित छैन। संसारभरि तेस्रो विश्वका धेरै देशमा लगभग यही कुरा लागू हुन्छ।

हाम्रो पुस्ता पत्रकारितामा प्रवेश गर्दा 'मिसन' पत्रकारिताको बोलबाला थियो वा सरकारी पत्रकारिताको बोलबाला थियो। २०४६ पछि स्थिति केही बदलिएको छ। तर, त्यति होइन जति प्रचार गरिन्छ। यति हुँदाहुँदै पनि पत्रकारितामा गुणात्मक विकास भएको छ भन्न कसैले संकोच नमाने हुन्छ।

नयना, म कुरा गर्दै थिएँ 'सत्य'को। पत्रकारिता बढी भए 'तथ्य' ((फ्याक्ट)सँग सम्बन्धित विषय हो 'सत्य' (ट्रुथ)सँग होइन भन्ने कुरा अघि नै भए। अब तिमी दोस्रो 'भ्रम'बाट मुक्त हुने तयारी गर। 'निष्पक्ष' पत्रकारिताको भ्रम। पत्रकारितामा सबैभन्दा दुरुपयोग भएको शब्द हो- 'निष्पक्षता'। मलाई लाग्छ, पूर्ण निष्पक्षता गणित या निर्वाणमा मात्र सम्भव छ। सिके लाल भन्दै थिए, 'गणितमा पनि सम्भव छैन, निर्वाणमा मात्र त्यो सम्भव छ।' निष्पक्षता कुनै 'लड्डु' वा सामान होइन जसलाई जोखेर वा काटेर दामाशाहीको दरले प्रत्येक पक्षलाई बाँड्न सकियोस्। पत्रकारिताको निष्पक्षता कुनै निरपेक्ष आदर्श होइन। न्याय र अन्यायबीच कुरा चल्दा, कालो र सेतोबीच विवाद उठ्दा निर्णय गर्न नसक्नु निष्पक्षता होइन। सकेसम्म धेरै तथ्यहरूको र सकेसम्म धेरै पक्षहरूको नजिक गएर विवेकलाई साक्षी राखेर मात्र हामी सार्थक पत्रकारिताको नजिक पुग्न सक्छौं। निष्पक्ष पत्रकारिता, पत्रकारिताका केही 'मास्टर'हरूले कक्षामा पढाएझैं कुनै ठोस लक्ष्य होइन जहाँ पुगेर कसैले यो दाबा गर्न सकोस् कि मैले निष्पक्षताको शिखरमा टेकें वा फलानो सञ्चारमाध्यमले टेक्यो ! आहा क्या ठाउँ रहेछ यो !!

नयना, पत्रकारिता गर। तर, भ्रममुक्त भएर गर। यसलाई यसको वास्तविक स्वरूपमा जानेर पत्रकारिता गर्‍यौ भने पाठक, दर्शक वा श्रोताको पनि बढी सेवा हुनेछ साथै आफ्नो क्यारियर पनि सुगम हुनेछ। कुनै दिन 'भ्रम' टुट्दा दुःख पनि हुनेछैन।

मिसन पत्रकारिता र व्यवसायिक पत्रकारिताका विषयमा तिम्रो जिज्ञासाका विषयमा दुई शब्द भन्न चाहन्छु। यी दुवै आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्व राख्छन्। हालको हाम्रो जस्तो समाज जहाँ व्यापार, पत्रकारिता र राजनीति यति अप्ठ्यारोसँग जेलिएका छन् एउटाले अर्कोप्रति कुनै 'सुपेरिटी' वा 'इनफेरिटी'को भ्रम नपाले हुन्छ।

जे गर्दा अन्तरमनको आनन्द प्राप्त हुन्छ, जे गर्दा आफ्नो विवेकले आफूलाई दोषी ठह्याउँदैन, जे गर्दा सडकदेखि महलसम्म शिर उचो गरेर हिँड्ने आत्मसम्मान प्राप्त हुन्छ त्यही पत्रकारिता गरे हुन्छ। चाहे मिसन पत्रकारिता होस् वा व्यवसायिक पत्रकारिता होस्, विधाको रूपमा भनौं या पेसाको रूपमा, पत्रकारिता एउटा जबरजस्त काम हो। र, पत्रकारिताले आफ्ना साधकहरूलाई संसारका अनेकौं रंगका विविधताहरूको बीच बाँच्ने मौका दिन्छ। एउटै जीवन बाँचेर पनि पत्रकारितामा लाग्नेहरू धेरै जीवन बाँचेका हुन्छन्। यही यसको सुख हो र यही कुरा पत्रकारितामा लाग्नेहरूको निम्ति दुःखको कारक बन्छ। (पत्रकारितामा मात्र किन ? कुनै पनि वस्तु वा मान्छे, जसले हामीलाई आज सुख दिन्छ त्यही वस्तु वा मान्छे कुनै एक दिन दुःखको कारण पनि बन्छ)। एउटै जीवन बाँचेर धेरै धेरै जीवन महसुस गर्न पाउने पेसामा स्वागत छ, नयना ! वेलकम टु जर्नालिजम ! ■


Aspila TOPAZ

NEW Digital Keyphone System

NEC
Empowered by Innovation



No. 1 SELLING KTS In Asia Pacific



Feature
*In Built caller Line Identification even on analogue extensions
*Dial by name
*32 party conferences built in
*Built-in Battery Charger
*16 channel Digital Announcement card with Port Voice Mail
*Capacity Enhancement through Virtual Extensions
*E&M Connectivity for Networking

MultiSys
Helping People Communicate

MultiSys Pte. Ltd.
N.G.Sadak, Lazimpat, Kathmandu, Nepal
Tel : 4437153, 4442153, Fax : 977-1-4442112, E-mail : sales@multisys.wlink.com.np

**सबै तिरबाट एक्लिएका राजा ज्ञानेन्द्रका लागि एमनेस्टी इन्टरनेसनलले शाही सम्पत्तिको लेखाजोखा र आवश्यक परे त्यसलाई जफत गर्नुपर्ने सुझाव दिएर अर्को चेतावनी थपिदिएको छ । सात राजनीतिक दल गठबन्धनले त्यसको फाइदा कति लिन सक्छ तत्काल, बेग्लै पक्ष हो । तर, शान्ति र मेलमिलापका लागि सात दलको आन्दोलन अवसर पनि बन्न सक्छ, यदि राजाले ०४६ सालमाझैं दमनको साटो विवेकको प्रयोग गरेमा ।**



तस्वीरहरू : भास्कर ओझा

▲ घोडेजात्राका अवसरमा सैनिक टुँडिखेलमा राजा ज्ञानेन्द्र

# राजा अविश्वासको चौघेरामा

■ युवराज घिमिरे/काठमाडौं

**अराजकता र अनिश्चितताको** चौबाटोमा उभिएको मुलुकको राजनीतिले कुन मोड र दिशा लेला सबैको चासो बनेको छ । त्यसैबीच आगामी केही दिनमै मुलुक आर्थिक हिसाबले 'टाट पल्टिने' अर्थशास्त्री राघवध्वज पन्तको निष्कर्षलाई सरकारले गम्भीरतासाथ लिएको नदेखिए पनि राजनीतिक असन्तोषको आगोमा अर्थतन्त्र धराशायी हुने भयले घिउको काम नगर्ला भन्न सकिँदैन । यसैबीच सात दलहरूको गठबन्धनले चैत २२ गतेदेखि चार दिनको आमहडताल र चैत २६ गते प्रजातन्त्र बहालीका लागि देशव्यापी विरोध प्रदर्शनको आह्वान गरेका छन् । राजा ज्ञानेन्द्रसँगको द्वन्द्व शान्तिपूर्ण तरिकाले समाधान हुने लक्षण अहिलेसम्म देखापरेको छैन । बरु नेकपा एमालेका महासचिव माधवकुमार नेपाललाई २ महिनाको नजरबन्दीपछि थप ३ महिनाका लागि शान्ति सुरक्षाका नाममा थुनेर सरकारले दलहरूलाई दबाउने नियत स्पष्ट गरेको छ ।

'दलहरूको प्रस्तावित आन्दोलन माओवादीद्वारा निर्धारित एजेन्डा र जारी वक्तव्यमा आधारित भएको' दाबी गर्दै गृहमन्त्री कमल थापाले सरकार आन्दोलनविरुद्ध दमनमा उत्रने संकेत दिएका छन् । 'वास्तवमा वर्तमान सत्ताका केही मन्त्रीहरू ०४६ सालमा राजा वीरेन्द्र केही कठोर भएको भए पंचायत मासिँदैनथ्यो र वर्तमान राजा त्यो कठोरता प्रदर्शन गर्न तयार छन्' भन्ने कुरामा आश्वस्त भएको सात दलका नेताहरू बताउँछन् ।

तर, राजनीतिक रूपमा सरकारको विरोधमा लाग्ने राजनीतिक दलहरूको आकार बढ्दै छ । सात दलसँग नमिसिए पनि सूर्यबहादुर थापाको जनशक्ति पार्टी र पशुपतिशमशेर राणाको राष्ट्रिय प्रजातन्त्र पार्टी पनि सम्भावित संसदीय निर्वाचनको बहिष्कार र राजाको सक्रिय नेतृत्वको खुला विरोधमा उत्रेका छन् ।

गिर्दो स्वास्थ्यका कारण सक्रियताका साथ सडक राजनीतिमा अहिले नदेखिए पनि प्रस्तावित आमहडताललाई कसरी निर्णायक सावित गर्ने र राजालाई धरातलीय यथार्थ स्वीकार गराउने लगायतका सम्भावना खोज्न सबभन्दा सक्रिय रहेका छन् नेपाली कांग्रेस सभापति तथा पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ।

कुनै न कुनै राजदूत उनको महाराजगन्जस्थित निवासमा नआएको र नेता तथा कार्यकर्ताहरूले नघेरिएको दिनै हुँदैन । एकजना कूटनीतिज्ञका अनुसार कोइरालाका एजेन्डा स्पष्ट छन्- निरंकुशताको अन्त्य, शान्ति, प्रजातन्त्र तथा जनताको सार्वभौमसत्ताको स्थापना । अनि राजाको स्थान के त ? 'हामी इतिहासको निरन्तरता चाहन्छौं । किनकि त्योविना नेपालको स्थायित्व र स्थिरता सम्भव हुँदैन ।'


खासगरी कूटनीतिज्ञहरूसँगको कुरामा उनी नेपाली कांग्रेसको स्थापना, राजसंस्थाप्रतिको उसको मान्यता र २०३३ सालदेखि बिपी कोइरालाले

अपनाएको राष्ट्रिय मेलमिलापको नीतिपछाडिको दर्शनले नै कांग्रेसलाई अझै निर्देशित गरेको पनि बताउने गर्छन्। तर, राजासँग कुन सर्तमा कुरा हुन सक्छ त ? 'आत्मसम्मानलाई बन्धकी राखेर अनि प्रजातन्त्रको मूल्यमा कसैसँग वार्ता हुन सक्तैन।'

कूटनीतिक जगत् र राजनीतिक दलहरूले उनको भाषा र भावना बुझेका छन्। र, उनको हैसियत स्विकारेका छन्। तर, कोइराला माओवादीभन्दा बढी राजासँग खिन्न छन्। लामो प्रयासपछि १२ बुँदे समझदारीमा आई एकतर्फीरूपमा युद्धविरामसमेत गरेका माओवादीलाई शान्ति प्रक्रियाद्वारा राजनीतिक समझदारीको बिन्दुसम्म पुऱ्याउनमा सकारात्मक बन्नुको साटो दलहरूलाई 'आतंककारी'का मतियारका रूपमा प्रस्तुत गर्ने कोसिस सम्भवतः राजाकै इसारामा मन्त्रीहरूले गरेको अडकलबाजी पनि कोइराला निवासमा छ।

कांग्रेस नेता कोइरालालाई नियमित भेट्ने कूटनीतिज्ञहरूमा अमेरिका, बेलायत, भारत, नर्वे र केही अन्य युरोपेली मुलुकका प्रतिनिधिहरू पनि छन्। आक्कल झुक्कल चीनका राजदूतले पनि उनीसँग भेट गरेका छन्। केही समयअगाडि 'ट्रोइका' र हालै बेलायती संसद्को 'सर्वदलीय टोली'लाई नभेटेर राजाले निश्चित सन्देश दिएका छन् आफ्नो शासन लम्ब्याउन। तर, त्यो सम्भव हुँदैन जतिसुकै दमनमा उत्रिए पनि', नेपाली कांग्रेस (प्रजातान्त्रिक)का महामन्त्री प्रकाशमान सिंह भन्छन्। 'हेलिकोप्टरबाट गोली बर्साएर सत्ता धान्न सकिँदैन', उनी भन्छन्।

चैत २६ को विशाल तयारी भइरहेकै बेला सत्ताको 'फुटाउ र राज गर'को नीतिबाट प्रभावित नहुन सात दलबीच सहमति पनि भएको छ। माधव नेपालप्रतिको सरकारको व्यवहारबाट सात दलका गैरसाम्यवादी दलहरू त्यत्तिकै आक्रोशित हुनुका पछाडि यही समझदारी देखिन्छ। साथै कोइराला स्वयंले गठबन्धनका वाम घटकहरू र माओवादी ज्यादा नजिक भएको 'दुष्प्रचार'बाट नभड्किन पनि मित्र दलहरूसँग आग्रह गरेका छन्।



▲ नेपाली काँग्रेस सभापति गिरिजाप्रसाद कोइराला

त्यस्तै आग्रह कोइरालाले कूटनीतिज्ञहरू, खासगरी दल-माओवादी समझदारी गलत दिशामा गइरहेको सार्वजनिक अभिव्यक्ति दिएका अमेरिकी राजदूत जेम्स मोरियार्टीसँग गर्दै शान्ति प्रयासको अनुमोदन खोजेका छन्। १२ बुँदे समझदारी पूर्व र त्यसप्रति हालै पुनः प्रतिबद्धता जारी गरेपछि पनि युद्धविरामका लागि प्रयास जारी देखिन्छ। गत भदौ १८ देखि पुस १७ गतेसम्म माओवादीद्वारा एकतर्फीरूपमा घोषित युद्धविरामलाई अनुमोदन नगरेर सरकारले ऊ 'सैन्य समाधान'मा मात्र निर्भर रहेको सन्देश दिएकोले एकतर्फी युद्धविरामको सान्दर्भिकता, प्रभाव र औचित्यबारे दल र माओवादीबीच अझै छलफल भइरहेको बुझिएको छ।

गठबन्धनका एक सूत्रका अनुसार सरकारले माओवादी युद्धविराम घोषणाप्रति समानरूपले प्रतिक्रिया देखाउने हो भने माओवादीसँग प्रभावकारी आग्रह गर्न कोइराला सधैं तत्पर छन्। 'वास्तवमा मोरियार्टी स्वयंले राजालाई आश्वस्त गरेर हेरून्, हामी माओवादीलाई सकारात्मक दबाब दिन्छौं', उनी भन्छन्। यो चुनौती राजा जति नै दल-माओवादी समझदारीप्रति अविश्वास देखाउँदै आएको अमेरिकाप्रति लक्षित देखिन्छ।

त्यसैले प्रस्तावित 'विरोध प्रदर्शन'लाई गठबन्धनले द्वन्द्व चर्काउनभन्दा समाधानको मार्ग प्रशस्त गर्ने उद्देश्यले गरेको दाबी गरेको छ।

माघ १९ गतेको सन्देशमा राजाले प्रण गरेका सबै लक्ष्य- आतंकवादको अन्त र शान्ति स्थापना, वित्तीय अनुशासन, पारदर्शिता र भ्रष्टाचारको अन्तमा सत्ता असफल भएको स्वीकारोक्ति सरकारभित्रै पनि बढेको छ। यसैबीच सरकारको अर्थतन्त्र आगामी केही महिनामै 'टाट पल्टिने' र ऊ शाही नेपाली सेनालाई पनि तलब खुवाउने अवस्थामा नहुने निष्कर्ष निकालेर प्रसिद्ध अर्थशास्त्री तथा 'इन्स्टिच्युट फर डेभलपमेन्टल स्टडिज'का प्रमुख राघवध्वज पन्तको भविष्यवाणीले वर्तमान असुरक्षाको भावनालाई अरू तीव्र पारेको छ।

विगत डेढ वर्षमा २० अर्बबराबरको भारतीय मुद्रालाई संचित अमेरिकी डलरबाट सरकारले खरिद गरेको छ। 'पुँजी पलायन'को अवस्था विद्यमान रहेको मात्र हैन मुलुकमा लगानीको सम्भावना न्यून रहेको प्रमाण पनि हो यो। त्यस्तै राजस्व असुलीमा करिब ८२ अर्बको लक्ष्य हासिल गर्न सरकार नराम्रोसँग विफल भएको छ, चालू आर्थिक वर्षका आठ महिनामा केवल आधा रकम मात्र जम्मा गरेर। पन्तका अनुसार सरकार मौद्रिक र आर्थिक नीति दुवैमा असफल भएको छ। मुद्रा स्फितिको दर सरकारले घोषणा गरेभन्दा दोब्बर बढी (अर्थात् ११ प्रतिशतसम्म) पुग्ने अनुमान पनि त्यत्तिकै प्रबल भएको छ।

यी सबै निराशाका संकेतसँगै राजनीतिक अस्थिरता र राजा-दल द्वन्द्व यथावत् नरहोस् भनेर नै खासगरी छिमेकी चीनले राजा र संवैधानिक शक्तिबीच वार्ताको आग्रह गरेको छ भने भारत दल-माओवादी समझदारीलाई व्यापकता र




▲ सात दलको बैठकमा सहभागी हुँदै नेताहरू

त्यसलाई सकारात्मक रूप दिएर राजाले वस्तुस्थितिको न्यूनतम समझदारी प्रदर्शन गरून् भन्ने चाहन्छ ।

हालै अमेरिका भ्रमणमा गएका कांग्रेस (प्रजातान्त्रिक)का सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकामा खासगरी दुई खालका अपिल जारी गरेका छन्- पहिलो नेपालको द्वन्द्व अवस्थालाई ध्यानमा राखी नेपाली विद्यार्थी तथा युवाहरूलाई रोजगारीमा सहुलियत र दोस्रो संसद्मा राजाद्वारा सर्वसत्ता ग्रहणको विरोधमा र प्रजातन्त्र स्थापनाका लागि दलहरूको आन्दोलनप्रति नैतिक समर्थन गराउँदै प्रस्ताव पारित गर्न । यसै सन्दर्भमा उनले दल-माओवादी समझदारीलाई शान्ति प्रक्रियामा पुऱ्याउन अमेरिकी समर्थनका लागि पनि आग्रह गरेका छन् ।

देउवा भ्रमणकै क्रममा युनिसेफका कार्यकारी निर्देशक कुलचन्द्र गौतमले सात दलहरूले राष्ट्रसंघसँग मुलुकमा द्वन्द्व समाधान र पुनःस्थापनाका लागि आग्रह गरेमा तदनुरूप कदमका लागि राष्ट्रसंघले उचित कदम लिन सक्ने संकेत दिएका छन् । माओवादी-दल समझदारी राष्ट्रसंघीय भूमिकाबारे सकारात्मक छ । तर, यो समझदारीप्रति नकारात्मक हैन, त्यसलाई दलविरुद्ध प्रयोग गर्ने सरकारको चाहनाले राजा मुलुकभित्र र बाहिर अरू एक्लिने अवस्था सिर्जना भएको अडकलबाजी बढ्न थालेको छ ।

'हामीलाई आतंकवादी घोषित गर्न सत्तालाई चुनौती दिन चाहन्छौं', एमाले नेता भरतमोहन अधिकारी भन्छन् । 'राज्य पक्षबाट जतिसुकै अशान्ति र दमन भए पनि हामी पूर्व घोषित कार्यक्रम संचालन गर्छौं । निश्चय पनि हाम्रो शान्तिपूर्ण जुलुसलाई बिथोल्ने कुनै पनि प्रयासप्रति हामी चनाखो रहन्छौं', कांग्रेस नेता अर्जुननरसिंह केसी भन्छन् ।

सात दलको आन्दोलनमा सहभागी नभए पनि राप्रपा अध्यक्ष पशुपतिशमशेर राणा त्यत्तिकै आक्रोशित छन् सरकारसँग- खासगरी मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुल्सी गिरी र गृहमन्त्री कमल थापासँग । 'अन्तर्राष्ट्रिय जगत्ले समेत राजा र दलहरूबीच संवादका लागि आग्रह गरिरहेका बेला गिरी र थापा दलहरूलाई आतंककारी बनाएर जंगल लखेट्ने षडयन्त्रमा लागेका छन्', राणाले भने ।

सबै तिरबाट एक्लिएका राजाका लागि अर्को चेतावनी आएको छ, एमनेस्टी इन्टरनेसनलबाट - उनको सम्पत्तिको लेखाजोखा र आवश्यक परे त्यसलाई जफत गर्नुपर्ने सुझावका साथ । यी सबै गतिविधिले राजाको हैसियत अत्यन्तै कमजोर बनाएको छ । सात राजनीतिक दल गठबन्धनले त्यसको फाइदा कति लिन सक्छ तत्काल, बेग्लै पक्ष हो । तर, सत्ताको प्रयोगद्वारा हुन सक्ने दमन अन्तर्राष्ट्रिय निगरानीमा छ भन्नेबारे सरकार अनभिज्ञ छैन ।

यसैबीच राजामाथि संसद्को निर्वाचन घोषणा नगर्न पनि दबाब परिरहेको छ । एकजना मन्त्रीका अनुसार प्रमुख दलहरूको सहभागिताविनाको निर्वाचनले अन्तर्राष्ट्रिय मान्यता हासिल नगर्नेबारे राजा अनभिज्ञ छैनन् । 'र, राजा वार्ताको पक्षमा छन्', उनी थप्छन् ।

इच्छुक दलहरूलाई रेडियो सन्देशमार्फत वार्तामा बोलाएर औपचारिकता निर्वाह गर्ने कोसिस गरे पनि वार्ताका लागि दलहरूलाई 'इच्छुक' बनाउन खासै प्रयास भएको छैन, दरवारबाट ।

त्यसैले सात दलको प्रस्तावित आन्दोलनको तयारी भइरहेको अवस्थामा के देखिन्छ भने आन्दोलन दबाउन सरकारले माओवादीसँगको समझदारीलाई बहाना बनाएमा त्यसले राजालाई शान्ति प्रक्रियाविरोधीका रूपमा प्रस्तुत गर्नेछ । युवराज पारसले समेत भियनामा 'शान्तिपूर्ण समाधान वार्ताद्वारा खोज्ने प्रयास जारी रहेको' दाबी गरेका छन् । तर, सरकारको आचरण त्यसविपरीत रहेमा त्यसले राजाविरुद्ध ताजा अन्तर्राष्ट्रिय अविश्वाससमेत निम्त्याउने देखिन्छ ।

हालै नर्वेली राजदूतावासले सरकारलगायत समाजका विभिन्न पक्षका अगुवाहरूसमक्ष विश्वका विभिन्न मुलुकहरूमा द्वन्द्व व्यवस्थापनमा आफ्नो भूमिका र अनुभवबारे विस्तृत जानकारी दिएर नेपाली समस्याको समाधान कठिन भए पनि असम्भव नभएको सन्देश दिएको छ । राजदूत टोरे टोरनका अनुसार द्वन्द्व समाधानको खोजी नेपाली स्वयंले गर्नु पर्छ, तर नर्वेबाट नेपालले कुनै अपेक्षा राखेमा ऊ सकारात्मक रहनेछ ।'

दलहरूको प्रदर्शनको शक्ति र प्रभाव अहिलेसम्मका उनीहरूले गर्दै आएको विरोधभन्दा अलग होला भन्ने कुनै आधार नदेखिए पनि राजाका लागि अवसर र समय निर्णायकरूपमा सीमित हुँदै गएको प्रस्ट छ । दमनले उनलाई थप कमजोर आन्तरिक तथा बाह्य जगत्का बीच अरू बढी आशंका र असहयोगका साथ हेरिनेछ । ■

# प्रजातन्त्रकै पक्षमा



भास्कर ओझा

**राजाको निरंकुश** शासनविरुद्ध अन्ततः गैर-आवासीय नेपाली (एनआरएन) अन्तर्राष्ट्रिय समन्वय परिषद् पनि मुख खोल्न बाध्य भएको छ। अन्तर्राष्ट्रिय मञ्चहरूमा पुगेर राजा ज्ञानेन्द्रले प्रजातन्त्रप्रति खोक्रो प्रतिबद्धता व्यक्त गर्ने तर नेपालमा आफ्नो निरंकुशता कस्दै लगेपछि विश्वभर छरिएका नेपालीहरू त्यसको प्रतिरोधमा उत्रिएका छन्। एनआरएनद्वारा चैत १४ मा जारी विज्ञप्तिमा भनिएको छ, 'राजाले प्रजातन्त्रप्रतिको आफ्नो प्रतिबद्धता व्यवहारले प्रमाणित गर्नु पर्दछ।'

राजाका गैरप्रजातान्त्रिक व्यवहारका कारण अन्तर्राष्ट्रिय जगत्मा नेपाल एक्लिँदै गएको अनुभव सम्भवतः तिनै गैर-आवासीय नेपालीले सबैभन्दा नजिकबाट गरिरहेका छन्। त्यसैले उनीहरूले आफ्नो मातृभूमिलाई अन्तर्राष्ट्रिय जगत्मा थप बेइज्जतीबाट जोगाउन गैरराजनीतिक संगठन हुँदाहुँदै पनि मुलुकको दुर्दशामा नरमाउन राजालाई अत्यन्तै संवेदनशील सन्देश पठाएका छन्, एउटा विज्ञप्तिमार्फत। एक वर्षभन्दा लामो राजाको प्रत्यक्ष शासनको सूक्ष्म मूल्यांकनपछि एनआरएन राजाको शासनबाट देश उभो नलाग्ने निष्कर्षका साथ प्रस्तुत भएको देखिन्छ। अन्तर्राष्ट्रिय संयोजक भीम उदासले यही अवस्थाबाट नेपाललाई थप अगाडि डोऱ्याउने हो भने मुलुक असफल राष्ट्र बन्ने कुरातर्फ सबै राजनीतिक शक्तिहरूको ध्यानाकर्षण गराएका छन्।

शासन हातमा लिँदा गरिएका कुनै पनि वाचा कार्यान्वयन गर्न नसक्ने राजाले प्रत्यक्ष शासन गर्ने नैतिक आधार गुमाइसकेको विषयमा एनआरएनले उत्तिकै महत्त्व दिएको देखिन्छ। विज्ञप्तिमा भनिएको छ, 'सरकार न त संसद्वादी दलहरूसँग सहकार्य गरेर अगाडि बढ्न सकेको छ, न माओवादी विद्रोहीसँग वार्ता वा अन्य कुनै उपायद्वारा शान्तिको पुनःस्थापना नै।' शासन हातमा लिँदा राजाले नेपाली जनतालाई विश्वस्त पार्न खोजेको सबैभन्दा महत्त्वपूर्ण एजेन्डा नै यही थियो, उनले देशमा शान्ति बहाली गर्नेछन्। तर, एक वर्षपछि अशान्तिले नेपाल जलिरहेको दृश्य हेरिरहेका गैर-आवासीय नेपालीले पनि राजाको सम्बोधनमा सुन्नु परेको थियो- मुलुकमा छिटफुट आतंकबाहेक शान्ति कायम गर्न उनको सरकार सफल भएको छ।

एनआरएनका प्रवक्ता डा. जुगल भूर्तेल भन्छन्, 'विभिन्न मुलुकमा रहेका गैर-आवासीय नेपालीहरूको गम्भीर चासो र दबाबका कारण पनि यस्तो निर्णय लिइएको हो।' युरोप, अमेरिका र भारतलगायत विश्वका विभिन्न मुलुकमा छरिएर रहेका गैर-आवासीय नेपालीहरूले ती देशमा नेपालबाट राजा, युवराज तथा मन्त्रीहरू पुग्दा उनीहरूको गैरप्रजातान्त्रिक चरित्रविरुद्ध विरोध जनाउँदै आएका छन्। प्रजातन्त्र र नेपालको विकासको पक्षमा रहेका तिनै नेपालीको भावनालाई थप कसिलो पारेको छ, एनआरएनले।

आधुनिक दुनियाँमा मानव स्वतन्त्रताका न्यूनतम मर्यादाहरूमाथि वर्तमान सत्ताले देखाउँदै आएको अनुदार प्रवृत्तिको पनि खुलेर आलोचना गरिएको छ। र, सरकारलाई आफ्ना व्यवहार सच्याउन आग्रह गरिएको छ। 'नेपाली जनताको वाक् स्वतन्त्रता, स्वतन्त्र रूपमा आवतजावत गर्ने र भेला हुने अधिकारमाथि कुनै किसिमको नियन्त्रण हुनु हुँदैन', विज्ञप्तिले जोड दिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनताका लागि यी सबै अधिकार प्रत्याभूत गरेको छ। तर, यसै संविधानअन्तर्गत नै सत्ता संचालन गरेको दाबी गर्दै आएका राजाले राजनीतिक दलका नेताहरूलाई नजरबन्दमा राख्ने, शान्तिपूर्ण विरोधमा प्रतिबन्ध लगाउने र प्रेस स्वतन्त्रता कुण्ठित पार्ने काम गरिरहेका छन्। मौलिक हकमाथिका प्रतिबन्ध अहिलेको विश्वका लागि अचम्म मान्नु पर्ने अवस्थामा नेपाली जनताले व्यहोर्नु परेका कठिनाइप्रति देशबाहिर रहेका नेपालीहरू संवेदनशील देखिएका छन्। शान्तिपूर्ण भेला हुन पाउने अधिकारबाट नागरिकलाई वञ्चित नगर्न एनआरएनले यस्तो दिनमा सरकारसमक्ष आग्रह गरिरहेको छ, जुन दिनहरूमा सरकार नागरिक आन्दोलनमाथि कठोर दमनको तयारीमा जुटिरहेको छ।

नेपालको विकास एनआरएनहरूको पहिलो चासो हो, घोषित रूपमा। त्यसका लागि आवश्यक लगानी नेपाल भित्र्याउने प्रतिबद्धता गैर-आवासीय नेपालीले दोहोऱ्याइसकेका छन्। २०६२ असोजमा काठमाडौंमा सम्पन्न दोस्रो विश्व सम्मेलनबाट एनआरएनले करिब ७ अर्ब रुपैयाँको 'नेपाल इन्भेस्टमेन्ट फन्ड' खडा गरी विकास परियोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएका थिए। तर, त्यसका लागि न्यूनतम वातावरण कायम गर्ने दायित्व सरकारमाथि रहने कुरा पनि सम्झाइएको थियो। अन्तर्राष्ट्रिय लगानी नेपाल भित्रिन चाहिने सबैभन्दा पहिलो सर्त बनिरहेको छ, शान्ति अहिले। तर, सरकार शान्ति स्थापनामा पूर्णतः असफल बनिरहेको परिप्रेक्ष्यमा उनीहरूका चाहना पूरा हुन पाएका छैनन्। शान्ति स्थापनाको प्रक्रियामा सरकारलाई सहयोग पुऱ्याउन तयार रहे पनि सरकारले यसतर्फ वास्ता गरेको छैन। संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय ख्यातिप्राप्त संस्थामा कार्यरत नेपालीले यस प्रक्रियामा महत्त्वपूर्ण योगदान दिन सक्छन् भन्ने उनीहरूको आग्रहप्रति सरकार सकारात्मक रूपमा प्रस्तुत भएको देखिएको छैन। विकास प्रक्रियामा एनआरएनको महत्त्वपूर्ण उपस्थिति जनाउन उनीहरूले ७५ वटै जिल्लामा शिक्षा र स्वास्थ्यसँग सम्बन्धित कम्तीमा एक/एक परियोजना पुऱ्याउने प्रतिबद्धता जनाएका थिए। तर, त्यसमा पनि माओवादी विद्रोह नै बाधक बनिरहेको छ। र, सरकारको शान्ति स्थापनाप्रतिको अरुचिपूर्ण व्यवहार। 'देशलाई विकास र समृद्धिको बाटोमा लैजान आवश्यक जनधनको अपूरणीय क्षतिका साथ गुज्रिने हरेक द्वन्द्वग्रस्त दिन मुलुकको भविष्यका लागि असाध्यै घातकसिद्ध हुने निश्चित छ', उनीहरूले चिन्ता व्यक्त गरेका छन्।

हिंसाको राजनीति र मानवअधिकार उल्लंघनका घटनामा माओवादी संलग्नताप्रति पनि एनआरएनले आलोचना गरेको छ। 'हिंसालाई राजनीतिक परिवर्तनको माध्यम नबनाउन तथा वार्ताद्वारा समस्याको समाधान खोज्न' माओवादीलाई आग्रह गरिएको छ। प्रजातन्त्र र मानवअधिकारका विश्वव्यापी मान्यता पालना गर्न भन्दै अन्तर्राष्ट्रिय समुदायकै भाषामा प्रस्तुत भएको छ, एनआरएन पनि।

तर सरकारले भने आफूलाई सहयोग पुऱ्याउने आशा गरिएको अर्को महत्त्वपूर्ण शक्ति गुमाएको छ। अन्तर्राष्ट्रियस्तरमा आफ्नो सत्ताको पक्षमा एनआरएनहरूलाई उपयोग गर्ने नीति मात्रै थिएन सरकारको, आवश्यक परेका बेला उनीहरूबाट आर्थिक सहयोग पनि लिन सकिन्छ भन्ने विश्वास पनि। दाताहरूको सहयोग स्थगित हुँदा एनआरएनबाट सहयोग लिने योजनासमेत बनाएको थियो सरकारले 'पिस बन्ड'का माध्यमबाट। तर, यो सत्ताकै विपक्षमा एनआरएनहरू उभिएपछि सत्ताको ज्वरो अरू बढ्ने निश्चित छ।

■ मधुसूदन पौडेल/काठमाडौं

■ धादिङ सलाङ–३ निवासी कुलबहादुर विश्वकर्मा र लक्ष्मी श्रेष्ठले २०६० सालमा प्रेमविवाह गरे । स्थानीय गैरदलितले 'इज्जत जोगाउने' नाममा विवाह भाँड्ने प्रयास गरे । दलित आयोगको पहलमा प्रशासनले नवविवाहित जोडीमाथि बाधा नहाल्न चेतावनी दिएपछि रुढीवादीको मुखमा बिर्को लाग्यो ।

■ काठमाडौं महानगरपालिका–४ बस्ने सञ्जय सुनाम र बिक्की भट्टराईको विवाह कथा झनै मार्मिक छ । माथिल्लो जाति भनिने केटीका अभिभावकले केटालाई धम्की दिए । जोडीको सुरक्षाको निम्ति जिल्ला प्रहरी कार्यालय अग्रसर भयो । जातभातको वकालतमा उत्रेका केटीपक्षले अन्त्यमा हार स्वीकारे ।

दलित आयोगले राजीखुसी भएका यस्ता दर्जनौं अन्तरजातीय विवाहलाई आडम्बरकै आडमा तोडिनबाट बचाएको छ । आयोगले प्रहरी, प्रशासनको सहयोगमा यस्ता मुद्दाहरूमा सफलता हात पारिरहेको छ । यस्ता घटना भएका समाजका शिक्षित र चेतनशील युवा वर्ग पनि जातभात मान्न नहुने पक्षमा उभिएको अनगिन्ती उदाहरण छन् ।

कथित माथिल्लो र तल्लो जातिबीच अन्तरजातीय विवाह गर्ने हिम्मत देखाउने जोडीले हेयको नजरको सिकार हुनुपर्ने अवस्था क्रमशः हट्दैछ । र, बरु समाजका अगुवा संघ-संस्थाले पुरस्कृत गरेर प्रोत्साहित गरिरहेका छन् यस्ता विवाहलाई ।

सबैभन्दा सकारात्मक सन्देश दलितमाथि छुवाछुत वा अन्य प्रकारका भेदभाव गरिनु हुन्न भन्ने अभियानमा पीडक मानिएका 'माथिल्ला जातिका'हरू सहमत मात्र छैनन् सक्रिय पनि छन् । दलित अधिकारको आन्दोलनमा जुनसुकै जातिको युवक र शिक्षित समुदायले सहयोग गरिरहेका छन् ।

राजा महेन्द्रले २०२० सालमा मुलुकी ऐनमार्फत छुवाछुतको अन्त्य गरेको भनिए पनि पंचायतकालभरि यो उपदेशात्मक दस्तावेजका रुपमा सीमित रह्यो । छुवाछुतविरुद्धको सामाजिक जागरणमा प्रजातन्त्र पुनःस्थापनापछिको एक दशक गुणात्मक रुपमा परिवर्तन आएको छ ।

पढेलेखेको व्यक्तिको भित्री मनमा रुढीवादले

# विस्तारै मूलधारमा

■ किरण भण्डारी/काठमाडौं

**दलितलाई सार्वजनिक धारा, इनार, कुवामा पानी छुन नदिने परम्परा तोडिँदै गएको छ । मन्दिर र सार्वजनिक स्थलमा दलितमाथि लगाइने सामाजिक प्रतिबन्धको अब अवशेष मात्र बाँकी छ । दलित भएकै कारण विद्यालयमा भर्ना नपाउने वा कक्षा कोठामा पन्छिएर बस्नुपर्ने अवस्थाबाट मुक्ति मिल्दै गएको छ ।**



बाराका मुसहर बालबालिका : पहाडिया दलितभन्दा तराइका दलितहरु बढी पीडित छन् ।

जरो नउखेलिएको भए पनि सार्वजनिक रुपमा छुवाछुतको विरोधमै उत्रनुपर्ने अवस्था सृजना भएको छ । पधँरा र मन्दिर पस्ने निहुँमा झै-झगडामा राज्य संयन्त्र व्यवहारमै दलितको पक्षमा उभिएको छ । ललितपुर बुङमतीमा स्थानीय ठूला जातिले दलित महिलालाई इनार छुन नदिएको र त्यसमा प्रहरी पीडितकै पक्षमा लागेको ताजा उदाहरणले राज्य व्यवहारिक रुपमै छुवाछुतविरुद्ध छ भन्ने देखिन्छ । छुवाछुतविरुद्धको अभियान वा नाराले औपचारिकताको बन्धन नाघिसकेको छ ।

छुवाछुतविरुद्धका व्यवहारिक सुधारले ६ सय वर्षभन्दा लामो अवधिदेखि राज्यले नै संरक्षण गरिरहेको विकृतिमा गुणात्मक सुधार आइरहेको पुष्टि हुन्छ । जयस्थिति मल्लको पालामा बसालिएको र राणा सत्ताले मलजल गरेको छुवाछुतको परम्परालाई तोड्ने काममा प्रजातन्त्र पुनःस्थापनापछिको बाह्र वर्षमा अधिक उपलब्धि हात लागेको यस क्षेत्रका विज्ञहरू बताउँछन् ।

'प्रजातन्त्र स्थापनापछिको पहिलो जननिर्वाचित सरकारका पालादेखि नीतिगत र व्यवहारिक रुपमा छुवाछुत अन्त्य गर्ने सिलसिलाको सुरुवात भएको हो', लामो समयदेखि दलित आन्दोलनका नेतृत्व गरिरहेका कांग्रेस केन्द्रीय सदस्य मानबहादुर विश्वकर्मा भन्छन्, 'नवौं पंचवर्षीय योजनाकालदेखि मात्र दलित लक्षित कार्यक्रम सुरु हुनुले पनि त्यसलाई पुष्टि गर्छ ।' नीतिगत रुपमा प्रजातन्त्र पुनःस्थापनापछिको एक दशकमा दलितहरूको पक्षमा यथेष्ट उपलब्धि हासिल भएको दाबी उनको छ ।

सामाजिक रुपमा छुवाछुत अझै कायम भए पनि त्यस्ता व्यक्तिलाई घृणाको नजरले हेर्ने सचेत समुदायको समेत विकास भइसकेको छ । पहाडदेखि तराईसम्म मन्दिर प्रवेश र सहभोजका कार्यक्रम बर्सेनि सयौं संख्यामा भइरहेका छन् । नीति र कानुनमा मात्र होइन व्यवहारमा नै दलितहरूको अवस्थामा २०४७ सालपछि उल्लेखनीय सुधार आएको छ ।

'२००७ पछि दस वर्षमा दलितमा बीजारोपण भएको चेतना पंचायतकालभरि दबिएर बस्यो', नेपाल दलित संघ (प्रजातान्त्रिक) का वरिष्ठ उपाध्यक्ष मीन विश्वकर्मा भन्छन्, 'प्रजातन्त्र पुनःस्थापनापछि उनीहरूको सामाजिक अवस्थामा निश्चय नै सुधार आएको छ ।' खुला वातावरण र दलित शिक्षामा भएको लगानीले उचित प्रतिफल दिइरहेको विश्लेषण दुवै दलित नेताले गरेका छन् ।

२०५२ सालमा सरकारले सुरु गरेको लक्षित विकास कार्यक्रम, दलित विकास समितिमार्फत बाँडिएका छात्रवृत्तिले उनीहरूके शैक्षिक स्तरमा उल्लेखनीय प्रगति भएको देखिएको छ । गरिब तथा जेहेनदार दलित विद्याथीलाई वार्षिक २ सय ५० खाजा भत्ता दिने कार्यक्रम दस वर्षअघि सुरु भएपछि उनीहरूलाई शिक्षातर्फ आकर्षण बढेको मीन बताउँछन् ।

प्रमाणपत्र तहदेखि स्नातकोत्तरसम्म र उच्चस्तरीय प्राविधिक शिक्षासम्म समितिले वितरण गर्दै आएको छात्रवृत्तिले उल्लेखनीय प्रगति देखाएको छ ।

उच्च शिक्षामा पहुँच स्थापना नगरी दलित समुदायको उत्थान हुन नसक्ने तथ्य मनन गरी सरकारले २०५५ सालदेखि विशेष कार्यक्रम संचालन गर्दै आइरहेको छ । प्रमाणपत्र तहदेखि स्नातकोत्तरसम्म सबै संकाय (प्राविधिक-अप्राविधिक विषय)मा समितिले छात्रवृत्ति दिइरहेको छ । मासिक छात्रवृत्ति रकम प्रमाणपत्र तह १हजार ५ सय रुपैयाँ, स्नातक २ हजार, स्नातकोत्तर २ हजार ५ सय, मध्यमस्तरीय प्राविधिक शिक्षा ३ हजार, इन्जिनियरिङ, वन, कृषि आदि उच्चस्तरीय प्राविधिक शिक्षा ४ हजार रुपैयाँ छ ।

एमबिबिएस अध्ययनरत विद्यार्थीलाई मासिक ४ हजार ५ सय रुपैयाँको छात्रवृत्ति तोकिएको छ । एमबिबिएसका लागि शिक्षा मन्त्रालयले २०५८ सालदेखि ४ जना दलित विद्यार्थीलाई कोटासमेत दिइरहेको छ । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले दलित विद्यार्थीको लागि ४ वर्षदेखि एउटा कोटा दिइरहेको छ ।

सरकारले छात्रवृत्तिका लागि बजेटको सीमा तोकिदिने हुँदा सबै दलितले प्राप्त गर्ने अवस्था नरहेकाले यसमा बढोत्तरी हुनुपर्ने माग अधिकारवादीहरूको छ । तर, 'टोकन'का रुपमा दिइएको छात्रवृत्तिले दलितको शैक्षिक स्तर उठाउन प्रशंसनीय योगदान पुऱ्याएका उदाहरण प्रशस्त छन् ।

'एमबिबिएसमा दलितले पाएको तीन कोटामा सुरुका वर्ष तीनवटा मात्र आवेदन परेकोमा अहिले पचासौं पर्छन् ।' शैक्षिकस्तर उक्सेको उदाहरण

राजेश घिमिरे



दिँदै मानबहादुर भन्छन्, 'क्याम्पस पढ्न दिइएको छात्रवृत्तिको योगदान हो यो ।' आधा दशक अघिसम्म दुई/चारजना मात्र दलित डाक्टर रहेकोमा अहिले त्यो संख्या तीस हाराहारी पुग्नुलाई ठूलै उपलब्धि मान्नुपर्छ । क्याम्पसस्तरमा दिइने छात्रवृत्तिले आइएस्सी पढ्न सजिलो भएकाले डाक्टरको संख्या बढाउन मद्दत पुगेको छ । दलितको कोटामा डाक्टर बनेकाले त्यो समुदायको भलाइमा के योगदान गरेका छन् भन्ने विषयको लेखाजोखा पनि सुरु हुन थालेको छ ।

दोस्रो प्रतिनिधि सभाकालपछि दलित शिक्षा र अन्य कार्यक्रम सघन रुपमा सुरु भएको देखिन्छ । त्यसले केही वर्षमै दलितको अवस्थालाई कति उठायो भन्ने तथ्यांकले पनि देखाउँछ (हेर्नुहोस् बक्स) । २०५४ र चार वर्षपछिको तथ्यांक तुलना गर्दा पहाडिया दलितको साक्षरता दरमा १५ प्रतिशतभन्दा बढीले बढोत्तरी भएको देखिन्छ । तराईवासीको अवस्था भने टिठलाग्दो नै छ ।

२०५९ देखि जनप्रतिनिधिमूलक सरकार अपदस्थ भई राजाको शासन सुरु भएको मार दलितले अधिक मात्रामा भोग्नुपरेको छ । तथ्यांकले नै बोल्छ- चार वर्षमा १५ प्रतिशतले बढेको गाइने जातिको साक्षरता दर अर्को चार वर्षमा २ प्रतिशतले खस्केको छ । अरु जातिका पनि नगण्य जनसंख्या मात्र चार वर्षमा साक्षर भएको २०५८ र २०६२ को तथ्यांक तुलना गर्दा पुष्टि हुन्छ ।

जे होस् पंचायतको अन्त्यपछि दलितहरूको शैक्षिकस्तरमा आएको परिवर्तनले उनीहरूको राजनीतिक चेतनामा उल्लेखनीय वृद्धि गरेको छ । उनीहरू राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चमा शासक वा पीडकको धज्जी उडाउँदै आफ्नो नैसर्गिक अधिकारको माग गर्न सक्ने हैसियत बनाउनु आफैंमा सकारात्मक सुरुवात हो ।

'समावेशीकरण' र 'समानता' अहिलेको सबैभन्दा चल्तीका शब्द हुन् । राज्यको सबै अंगमा सबै वर्ग, जाति र लिंगको समानुपातिक प्रतिनिधित्वको नारा केही वर्षदेखि जोडदार रुपमा उठेको छ । राजनीति, सरकार, प्रशासनयन्त्र, न्यायपालिका, संचारलगायतका क्षेत्रमा वर्षौंदेखि रहेको एकल वर्गको प्रभुत्व तोडिनुपर्ने आवाज पीडितहरूले उठाएका छन् । यसमा दलित आन्दोलनको योगदानको विशिष्ट स्थान छ ।

छयालीस सालको जनआन्दोलनका क्रममा वीजारोपण भएको समावेशीकरण र समानताको अवधारणा माओवादी द्वन्द्वले मलजल गरेपछि आशातीत रुपमा फस्टाएको तथ्यहरूले देखाउँछन् । जनआन्दोलनपछि निर्माण भएको संविधानले दिएको अधिकारबाट विभिन्न किसिमका संघसंस्था खोलेर यस्ता आवाज घनीभूत हुने वातावरण दिए पनि केही वर्षसम्म खासै उपलब्धिमूलक रहेको देखिन्न ।

माओवादी द्वन्द्वको आकार चर्कंदै गएपछि समावेशीकरणको मुद्दाले राज्य पक्षबाट पनि स्थान पाउँदै गएको छ । गाउँगाउँमा छुवाछुतको मात्रालाई कम वा अन्त्य गर्न माओवादीको योगदान उल्लेखनीय छ । 'पपुलर पोलिटिक्स'का लागि माओवादीले दलित समुदायबाट स्थानीय नेतृत्वको समेत विकास गरिरहेको छ । 'दलित अधिकार र समानताबारे चेतना ल्याउन माओवादीको योगदान उल्लेखनीय रहेको' कांग्रेस र एमालेका दलित नेताहरूले बताएका छन् ।

राज्यसंचालनमा मुलुकका सबै वर्ग र जातिको प्रतिनिधित्व हुनुपर्ने जिकिरसँग नगण्य जडसूत्रवादीबाहेक अहिले राजनीतिक दल, नागरिक समाज, आम संचारमाध्यम सबै सहमत छन् । कार्यान्वयन पक्षमा सैद्धान्तिक सहमति भएजति हुन नसकेको विवाद भने यथावत् नै छ ।

दलितका नाममा कागजमा बनेका सबै योजना कार्यान्वयन हुन उनीहरू सचेत र आफ्नो आवाज बुलन्द गर्न सक्ने हुनुपर्छ । 'शिक्षालाई प्रमुख एजेन्डा बनाएर अघि बढ्नु जरुरी छ,' केन्द्रीय सदस्य मानबहादुर कांग्रेस भन्छन्, 'सचेत समुदाय अधिकारको लडाइँ आफैं लड्छ ।'

माथिल्ला जातिले गर्ने छुवाछुतविरुद्ध आन्दोलित बनेका दलित जातिहरूबीच नै छुवाछुत व्याप्त रहेकाले संघर्षले नैतिक बल आर्जन गर्न सकेको छैन । दलित आन्दोलनका अगुवाहरू पहाड र तराईका दलितबीच रहेको आन्तरिक छुवाछुत अन्त्य नगरी समग्रमा विजय हात नलाग्ने बताउँछन् ।

### साक्षरता दर

| | २०५४ | २०५८ | २०६२ |
|---|---|---|---|
| गन्धर्व | ३१.३२ | ४८.७ | ४६.९ |
| दमाई | २८.९१ | ४३.३ | ४३.५ |
| कामी | २६.८७ | ४०.६ | ४१.३ |
| धोबी | २१.५३ | ३२.४ | ३४.६ |
| सार्की | २५.१ | ३७.६ | ३८.३ |
| बादी | २१.५२ | ३८.२ | ३३.५ |
| खत्वे | १२.३९ | १६.४ | १९.३ |
| चमार | १०.८० | १८.१ | १९.२ |
| दुसाद | १०.७३ | १८.३ | १९.६ |
| मुसहर | ४.० | ६.५ | ७.३ |

*स्रोत: तथ्यांक विभाग*

### समाधान आरक्षण

दलित, जनजाति, महिलाको राज्यको नीति निर्माण तहमा यथोचित प्रतिनिधत्व नभएसम्म अपेक्षित विकास हुन नसक्ने तथ्यलाई केही वर्षयता सबैले स्विकारेका छन् । यो वर्गको कर्मचारीतन्त्रमा उल्लेखनीय उपस्थिति गराउन प्रजातान्त्रिक

## तराईमा बेहाल

**मुलुकको अर्थ व्यवस्थाको** मेरुदण्ड मानिने तराई क्षेत्रका दलितको अवस्था अति नै दयनीय छ । अन्न भण्डार तराईका ९० प्रतिशतभन्दा बढी दलित भूमिहीन छन् । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सुविधाबाट वञ्चित उनीहरूको औसत आयु कर्णालीवासीको भन्दा पनि कम छ ।

तराईमा भएको भौतिक विकास र सुगमतासँग त्यहाँका दलित अछुतो छन् । कृषि मजदुरी प्रमुख पेसा भए पनि उनीहरूको औला डोब्ने जग्गासमेत छैन । १४ लाखभन्दा बढी तराईवासी दलितमध्ये २१ प्रतिशतभन्दा कम मात्र अक्षर चिन्न समर्थ छन् । जुन पहाडिया दलितको साक्षरता प्रतिशतको आधाभन्दा बढीले कम छ ।

राष्ट्रियसभाका उपाध्यक्ष रामप्रित पासवानका अनुसार ३ लाखभन्दा बढी जनसंख्या भएको मुसहर जातिमा अहिलेसम्म आधा दर्जन युवकले मात्र एसएलसी पास गरेका छन् । २ लाख हाराहारी जनसंख्या रहेको पासवान जातिमा एकजनाले मात्र स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् ।

आर्थिक सामाजिक रुपमा पहाडिया दलितभन्दा पनि तराईका दलित चरम शोषणको सिकार भइरहेका छन् । दलितमा सूचीकृत २२ मध्ये १७ जाति तराईमा नै बस्छन् । दलितका नाममा राज्य र गैरसरकारी क्षेत्रबाट प्रवाहित भइरहेका कार्यक्रममा पहाडिया दलितको एकछत्र राज छ ।

मुलुकको सबै क्षेत्रलाई जसरी महाभारत पर्वतले दुई चिरामा विभक्त गरेको छ पहाडी र मधेसी दलितको अवस्था त्यस्तै छ । दलित आन्दोलन पनि पहाडियाहरूको मात्र पेवा बनेको छ, अपवादबाहेक । शासन सत्तामा सर्वत्र पहाडियाको वर्चस्व भएकाले तराईवासीको तुलनामा पहाडिया दलितले नै बढी फाइदा लिएका छन् ।

पहाडिया दलितको परम्परागत पेसा सीपमूलक र नगद आर्जन गर्ने खालको भएकाले उनीहरूको आर्थिकस्तर तराईकाको तुलनामा सबल छ । सरकारी कार्यक्रमभन्दा पनि आर्थिक रुपमा समर्थले छोराछोरीको शिक्षामा लगानी गरेकाले पहाडियाहरू केही अघि भएका हुन् ।

स्थानीय राजनीतिक नेतृत्व विकास हुन नसकेसम्म तराईको समस्या सम्बोधन हुन नसक्ने दलित नेताहरूको ठहर छ । प्रजातन्त्र पुनःस्थापनापछिको खुला वातावरणमा पनि तराईका दलितको पक्षमा उल्लेखनीय आवाज उठेन ।

'तराईका अधिकांश दलित सुकुमवासी र केही गरिब किसानको श्रेणीसम्म छन्', पासवान भन्छन्, 'केही दिनुपर्छ भन्ने सोचाइसम्म बन्न सकेन ।'

नीतिगत तहमा प्रतिनिधित्व, उच्च शिक्षामा पहुँच,

शासनकालको उत्तरार्धमा केही अभ्यास प्रारम्भ भएको थियो । स्थायी सरकार भनिने प्रशासनयन्त्रमा दिने आरक्षणको प्रतिशतसमेत निर्धारण गरियो । तर, माघ १९ पछि राजाको सरकारले अध्यादेश जारी गर्दा बनिसकेको नीतिलाई लंघन गर्दै मस्यौदाबाट आरक्षणको व्यवस्था हटायो । र, पिछडिएका वर्गप्रति उसको रवैया उदांगो पार्‍यो ।

दलित आन्दोलनका अगुवाहरू राजनीतिक दल, कार्यपालिका, न्यायपालिका, विधायिका लगायत राज्यका सबै अंगमा वैज्ञानिक ढंगले आरक्षण सुरु नगरी सशक्तीकरणको नारा फोस्रो मात्र हुने बताउँछन् । 'सबै क्षेत्रमा आरक्षण पाए मात्र दलित अघि बढ्न सक्ने' राष्ट्रियसभाका उपाध्यक्ष रामप्रित पासवान बताउँछन् । राजनीतिक दलभित्र आरक्षण सुरु नभई राज्यका अरु निकायमा सम्भव नहुने हुँदा दलहरूले यसको सुरुवात गर्नुपर्ने माग दलित नेताहरूको छ ।

तीनवटा प्रतिनिधिसभा निर्वाचनमा जम्मा एकजना मात्र दलित निर्वाचित भएको टिठलाग्दो अवस्था छ । पहिलो आम निर्वाचन २०४८ मा बाँकेबाट निर्वाचित कृष्णसिंह परियार बाहेक पहाड र तराईबाट कोही पनि दलित प्रतिनिधिसभामा चुनिएनन् । आन्दोलनमा दलित, जनजातिका अधिकार र समानताको चर्को नारा दिएका दलहरूले २०४७ सालपछि त्यसलाई चटक्कै बिर्सेको आरोप छ । यस अवधिमा दलित लक्षित विकास कार्यक्रम अघि सारिए । तर, उपल्लो तहमा प्रतिनिधित्व गराउने सवालमा कन्जुस्याइँ नै गरेको देखिन्छ ।

कांग्रेस, एमाले जस्ता ठूला दलको नेतृत्वमा मुलुकको जनसंख्याको सरकारी तथ्यांकअनुसार १३ प्रतिशतभन्दा बढी प्रतिनिधित्वलाई कुनै स्थान दिइएको छैन । २००९ सालमा धनमानसिंह परियार महामन्त्री बनेको कांग्रेसमा ५३ वर्षपछि मानवहादुर विश्वकर्मा केन्द्रीय सदस्य बनेका छन् । दलितभन्दा पनि उनकै आफ्नै राजनीतिक इतिहासले विश्वकर्मा चुनिएका हुन् । २०५ क्षेत्रबाट ७ जनाका दरले निर्वाचित हुने कांग्रेस महाधिवेशन प्रतिनिधिमा दलितको संख्या १३ मात्र छ । श्रमजीवी र शोषित पीडितको दल भनेर परिचय दिने एमाले दलितका सवालमा झनै अनुदार देखिएको छ । एमालेबाट तीनवटा प्रतिनिधिसभा निर्वाचनकालमा कोही पनि निर्वाचित भएनन् । पार्टीभित्रकै कुरा गर्दा दलित समुदायबाट केन्द्रीय कमिटीमा कुनै प्रतिनिधित्व छैन । दुवै ठूला दलमा गाउँदेखि केन्द्रसम्म दलितलाई समेट्ने खालको कुनै सिस्टम निर्माण गरिएको छैन ।

कांग्रेस प्रजातान्त्रिक आरक्षणका सवालमा अग्रगामी देखिएको छ । केही महिनाअघि सम्पन्न महाधिवेशनमा उसले केन्द्रीय तहमा नै कर्णाली, दलित १ र महिला, जनजाति, मधेसी समुदायलाई २ सिट आरक्षण दिएको छ । राजनीतिक नेतृत्वमा दलितलाई स्थापित गर्न आगामी महाधिवेशनदेखि प्रत्येक निर्वाचन क्षेत्रमा १ सिटका हिसाबले २ सय ५ दलित प्रतिनिधिका लागि प्रजातान्त्रिकले आरक्षण छुट्याएको छ । ■

## प्रजातन्त्र अपरिहार्य



**मीन विश्वकर्मा**, वरिष्ठ उपाध्यक्ष नेपाल दलित संघ (प्रजातान्त्रिक)

**दलितहरूलाई** मूलप्रवाहीकरण गर्ने आन्दोलन प्रजातान्त्रिक वातावरणविना सम्भव नहुने विगतको अनुभवले देखाइसकेको छ । पीडित समुदायमा चेतनाको अभिवृद्धि नभई दलितहरूले अधिकार प्राप्तिका लागि दबाब दिन सक्दैनन् । दबाबमूलक वातावरण बनाउन खुलापन अपरिहार्य भएको बाह्र वर्षको उदाहरणले पुष्टि गर्छ ।

प्रजातान्त्रिक सरकारले शिक्षा, गरिबी निवारण कार्यक्रम, समानताका पक्षमा अपूरै भए पनि गरेको नीतिगत र कार्यगत कार्यक्रमले दलित उत्थानतर्फ राज्य अग्रसर भएको थियो ।

शाही कदमबाट प्रजातन्त्र अपहरण भएपछि दलित आन्दोलनमा फेरि गतिरोध उतपन्न भएको छ । पंचायतकालभरि दलितका नाउँमा मुट्ठीभर व्यक्तिलाई मात्र पोसेर दलित अधिकारको विषयलाई थाती राखिएकाले पनि निरंकुशता समानताको सबैभन्दा ठूलो शत्रु हो भन्ने पुष्टि गर्छ ।

छुवाछुतको अन्त्य र राज्यका हरेक निकायमा समानताको प्रतिनिधित्व जस्तो संवेदनशील विषय राजनीतिक निर्णयबाट मात्र सम्बोधन हुन सक्छ । राज्यले नै वीजारोपण गरेको असमानता, छुवाछुत र मानवबीच भेदभावपूर्ण व्यवहारको राज्यले मात्र अन्त्य गर्न सक्छ ।

कुनै जाति विशेषले दलितमाथिको थिचोमिचो सुरु गर्‍यो भन्नु आफैंमा चित्तबुझ्दो तर्क होइन । जयस्थिति मल्ल वा जंगबहादुर राणलाई जाति विशेषभन्दा पनि राज्यको रुपमा हेर्नुपर्छ । राजनीतिक रुपमा भेदभावको अन्त्यको लागि निरपेक्ष आन्दोलनले हुँदैन । धार्मिक एवं सामाजिक सापेक्षताको आधारमा आन्दोलन हाँके मात्र लक्ष्यमा पुग्न सकिन्छ । त्यसका पूर्व सर्त जनता सार्वभौम रहेको प्रजातान्त्रिक राजनीतिक व्यवस्था हो । ■

## भूमिहीन जनसंख्या

| पहाडिया | प्रतिशत | तराई | प्रतिशत |
|---|---|---|---|
| सार्की | ७.६ | मुसहर | ३३ |
| कामी | १२.२ | डोम | ८८ |
| दमाई | २८.८ | हुड्के | १०० |



सामाजिक सहअस्तित्वको सवालभन्दा तराईका दलित धेरै पछाडि छन् । नागरिकता र आफ्नो सामान्य पहिचानसमेत बन्न सकेको छैन उनीहरूको । सप्तरी र सिरहामा चलेको चमार आन्दोलनबाहेक तराईको दलितका बारेमा संस्थापन पक्ष बेखबर छ ।

केही वर्षदेखि व्यापक प्रचारमा रहेको चमार आन्दोलनबारे स्थानीयहरू त्यति सकारात्मक छैनन् । 'डम्मी'को रुपमा एकाध दलितलाई अघि सारेर चर्काइएको चमार आन्दोलनबाट ठूला जातिकाले नै फाइदा उठाइरहेका छन् । समाधान खोज्नभन्दा पनि समस्यालाई जकडाएर गैरसरकारी संस्थाको व्यवसाय फुलाउने दिशामा उद्यत भएको आरोप छ ।

'सामाजिक अपमान, भूमिहीनता, गरिबी, अशिक्षा, कुपोषण जस्ता समस्यालाई ढाकेर चमार आन्दोलनको एकोहोरो रट लागिरहेको छ,' पासवानको आरोप छ, 'यसबाट एनजिओ व्यवसाय मात्र फस्टाएको छ । र, टाठाबाठाले नै फाइदा लिएका छन् ।' तराईवासी अरु दलितको तुलनामा माथि रहेको चमार जाति उत्थानको नाममा दुई दर्जनभन्दा बढी संस्थाले आफ्नो दुनो सोभ्याइरहेका छन् ।

तराईवासी दलितका नाममा कार्यक्रम पाएका गैरसकारी संस्था पनि केन्द्रमुखी प्रचारवाजीमै केन्द्रित भएकाले जागरण पनि हुन सकेको छैन । तराईका दलित नेताका शब्दमा 'गैरसकारी संस्थाहरू सहभोज, मन्दिर प्रवेश जस्ता जीवनस्तरमा कुनै परिवर्तन ल्याउन नसक्ने' कार्यक्रममा मात्र केन्द्रित छन् । राजधानीमा रहेका विभिन्न क्षेत्रका अगुवालाई बोलाएर तारे होटलमा समेत सहभोज हुने गरेका छन्, दाताको सहयोगमा । 'छुवाछुत नमान्नेहरू जम्मा भएर होटलमा सहभोज खाएर कुनै परिवर्तन आउँदैन विकृतिले प्रश्रय मात्र पाउँछ,' उपाध्यक्ष पासवान भन्छन्, 'त्यसैले म यस्ता कार्यक्रममा जान नै छाडिदिएको छु ।' ■

**नानीमैया नेपालीको कहानी सार्वजनिक कुवासँग सम्बन्धित भए जस्तै रोजा पार्क्सको कहानी सार्वजनिक बससँग जोडिएको छ । नानीमैया जस्तै रोजा पनि एक सामान्य विवाहित महिला थिइन् । सन् १९१३ मा अमेरिकाको अल्बामा राज्यमा जन्मेकी रोजाको पालामा कालामाथि कति अन्याय अत्याचार गरिन्थ्यो भने सार्वजनिक बसमा यात्रा गर्दा उनीहरू अनिवार्य पछाडिका निर्धारित सिटमा बस्नु पर्थ्यो ।**



उदय परियार

# शान्तिपूर्ण आन्दोलन उत्तम

**राजधानी नजिकै** बुङमती गाविसमा भएको छुवाछुतसम्बन्धी एक घटना प्रकाशमा आएपछि नानीमैया नेपाली एक्कासि लाइमलाइटमा देखापरिन् । त्यस ठाउँमा कथित अछुतहरूलाई सार्वजनिक कुवा प्रयोग गर्न नदिई उनीहरूको नागरिक हक खोस्ने काम वर्षौंदेखि हुँदै आएको रहेछ । अन्याय सहनु नै आफ्नो कर्तव्य ठानी कथित तल्ला जातिले कुवामुनि छुट्टै बनाइएको फोहोरी पधेँरोबाटै जीविका गर्दा रहेछन् । तर, त्यो अत्याचार सहन नसकी प्रतिवादमा एउटा साहसी महिला दृढ अठोटका साथ उभिनाले त्यस लाजमर्दो भेदभावको घटना मिडियामा आयो र ती साहसी महिला नानीमैया पनि निकै चर्चित बनिन् ।

यो घटनाले अमेरिकी गोराहरूको विभेदकारी अत्याचारको सशक्त प्रतिरोध गरेकी रोजा पार्क्सको झल्को दिएको छ । अमेरिकमा गोराहरूको विभेदविरुद्ध कालाहरूले जुन संघर्ष गरे, त्यो विश्व इतिहासमा प्रसिद्ध छ । काला जातिको मुक्ति आन्दोलनबारे थोरबहुत ज्ञान भएकाहरूका लागि रोजा पार्क्स नौलो नाम होइन । उनले आफ्नो जीवनका प्रारम्भिक कालहरूमा भोग्नु परेका अन्याय तथा ती अन्यायविरुद्ध उनले थालेका आन्दोलन एउटा रमाइलो दन्त्यकथा जस्तो बनेर स्मरण गरिन्छन् ।

नानीमैयाको कहानी सार्वजनिक कुवासँग सम्बन्धित भए जस्तै रोजाको कहानी सार्वजनिक बससँग जोडिएको छ । नानीमैया जस्तै रोजा पनि एक सामान्य विवाहित महिला थिइन् । सन् १९१३ मा अमेरिकाको अल्बामा राज्यमा जन्मेकी रोजाको पालामा कालामाथि कति अन्याय अत्याचार गरिन्थ्यो भने सार्वजनिक बसमा यात्रा गर्दा कालाहरू अनिवार्य पछाडिका निर्धारित सिटमा बस्नु पर्ने नियम थियो । त्यसमा पनि कुनै गोरा यात्रीले सिट नपाएको स्थितिमा कालाहरू उठेर गोरालाई सिट छाडिदिनु पर्थ्यो । संस्थागत रुपमै राज्यले यसरी विभेदकारी नियम अवलम्बन गरी काला जातिलाई दबाउने चलन थियो अमेरिकामा । यस्ता विभेदबाट दिक्क भएकी रोजाले एक दिन गोराका लागि आफ्नो सिट छाड्न इन्कार गरिन् । उनलाई प्रहरीले पक्रियो र जरिवाना तिर्ने आदेश दियो । जरिवाना तिर्नुको सट्टा आफूहरूविरुद्धको अन्याय समाप्त पार्नुपर्ने माग रोजाले राखिन् र नानीमैयाले सार्वजनिक कुवा प्रयोग गर्न पाउनै पर्छ भनेर माग राख्दा जसरी उनीमाथि अनेक डरधम्की अएका थिए, त्यसरी नै रोजामाथि विभिन्न धम्की आए । त्यसरी नै निडर भएर अघि बढिन्, जसरी नानीमैया आन्दोलित भएकी थिइन् ।

रोजाको एकल प्रयासमा अन्य कालाहरूले होस्टेमा हैंसे गर्दै शान्तिपूर्ण आन्दोलनलाई व्यापक तुल्याए । आन्दोलनकै क्रममा मोन्टमोरी सहरमा कालाहरूले एक वर्ष सार्वजनिक बस नचढी बहिष्कार गरेपछि बस व्यवसायलाई ठूलो धक्का पुग्यो । सबै संगठित र आन्दोलित भएपछि मुद्दा सर्वोच्च अदालत पुग्यो र रंगभेद गैरकानुनी भएको सर्वोच्चको ऐतिहासिक घोषणाले गोराहरूको अत्यचार समाप्त पार्‍यो । कालाले पनि समान इज्जत र सम्मान पाउन थाले । कानुनलाई व्यवहारिक रुपमा कडाइका साथ लागू गरियो । अमेरिकाले आफ्ना काला नागरिकमाथि अझैसम्म पनि त्यही रंगभेद नीतिद्वारा थिचोमिचो गरेको भए त्यो राष्ट्र संसारकै शक्तिशाली मुलुक अवश्य बन्ने थिएन ।

सम्भवतः नानीमैया नेपाली रोजा पार्क्सको नाम र संघर्षबारे अनभिज्ञ होलिन् । तर, संयोगवश नानीमैयाले रोजाकै संघर्षको सिको गरेर केही हदसम्म सफलतासमेत पाएकी छन् । फरक कति हो भने उपयुक्त कानुन र नियमको अभावमा प्रयोग नहुनाले नानीमैयाले संघर्ष गर्नु पर्‍यो । नेपालमा अझै पनि पधेँरा र कुवा धाउने महिला नै हुन्छन् प्रायः ।



नानीमैया नेपाली

तेजबहादुर बस्नेत

तसर्थ कथित तल्लो जाति भनेर दैनिक रुपमा सार्वजनिक कुवापधेँरामा हेपिनु पर्ने बाध्यता पुरुषभन्दा महिलालाई नै बढी छ । त्यसैले पनि नानीमैयाले सार्वजनिक कुवा प्रयोग गर्न पाउनु पर्ने आफ्नो नागरिक तथा सामाजिकअधिकार प्राप्तिका लागि गरेको संघर्ष उपयुक्त र प्रशंसनीय देखिन्छ ।

सार्वजनिक कुवामा आफू लगायत सबैले पहुँच पाउनु पर्छ भन्ने माग राख्ता गाउँलेहरूबाट उल्टो गालीगलौज तथा डरधम्की पाएपछि नानीमैया बाध्य भएर ललितपुर प्रहरीमा उजुरी गर्न गइन् । तर, प्रहरीले अनेक बहानामा मुद्दा दर्ता गर्न नमानेपछि उनी एकजना दलित सहायकमन्त्रीको शरणमा पुगिन् । तर, कसैले मद्दत गर्न नचाहेपछि उनले गैरसरकारी संस्था गुहारिन् । दलित भलाइका लागि स्थापित राजधानीका केही संस्थाको प्रयास तथा अगुवाइमा त्यस घटनाले मिडियामा समेत स्थान पायो । केही मानवअधिकारवादी, पत्रकार, बुद्धिजीवी र राजनीतिक नेताले समेत धेरथोर सहयोग दिएपछि उजुरी लिनै हिचकिचाउने प्रहरी आफ्नो कर्तव्य पूरा गर्न बाध्य भयो । फलस्वरुपमा पत्रकारसमेत पिट्ने विभेदकारी गाउँलेहरू माफी माग्न तथा जरिवाना तिर्न बाध्य भए ।

यो अवश्य शुभलक्षण हो, कम्तीमा गैरसरकारी संघसंस्थाले कथित अछुतहरूका समस्यालाई जोडतोडले उठाउन थालेका छन् । राज्यको सहायकमन्त्रीले अन्यायमा परेकालाई कुनै मद्दत गर्न नसकी पीडितलाई गैरसरकारी निकायतर्फ पठाइदिने जस्तो विडम्बना पनि यस घटनामा देखियो । अहिले मुक्ति आन्दोलन कुन माध्यमद्वारा गरेमा कथित तल्ला जातिले छिटो मुक्ति पाउन सक्छन् भन्ने कुरामा केही अस्पष्टता र भ्रम पनि देखिन्छन् । तर, नानीमैयाले देखाएकी छन् : अवज्ञा र शान्तिपूर्ण आन्दोलन नै उत्तम उपाय हो ।

संगठित र एकीकृत रुपमा आन्दोलन नगरी देशमा यो मध्ययुगीन विभेद हटाउन सकिन्न । नानीमैयाले हामी सबैलाई यही पाठ पढाएकी छन् । ■



# कसैले सक्दैन हेप्न

■ **किरण भण्डारी/काठमाडौं**

**पृथ्वीनारायण शाहको** नेतृत्वमा नेपाल एकीकरण भएदेखि नै शासक वर्गले आफ्नो मौलिक परिचय अतिक्रमण गरी हेपेको महसुस गरिरहेका जनजातिले विगत डेढ दशकदेखि जातीय मुद्दालाई जोडदार रूपमा उठाइरहेका छन् ।

२०३७ सालको जनमतसंग्रहपछि बीजारोपण भएको जनजाति गतिविधिले २०४६ को जनआन्दोलनको सफलतापश्चात् जन्म लियो र यो स्वरुप क्रमशः वृद्धि हुँदै गइरहेको छ । २०४७ को संविधानले भाषा, संस्कृति र जातीय स्वतन्त्रतालाई विशेष स्थान दिएकाले जनजातिको आवाज यति जोडदार रूपमा उठको विज्ञ बताउँछन् ।

एकीकरणदेखि पञ्चायतको अन्त्यसम्मको २ सय २२ वर्ष राज्य सञ्चालनमा पहाडिया बाहुन, क्षेत्री र ठकुरीले एकछत्र राज गर्नु नै सबै समस्याको जड भएको जनजाति आन्दोलनका नेताहरूको भनाइ छ । उनीहरू नेपालको जन्म भएपछिको २ सय ३७ वर्षलाई जातीय हिसाबले कालरात्रि मान्छन् । सत्ता टिकाउन भाषा, संस्कृति, धर्ममा समेत शासकवर्गले अतिक्रमण गरेको र जनजाति र अन्य पिछडिएका वर्गलाई गद्दी जोगाउन हतियारको रूपमा मात्र उपयोग गरिएको आरोप छ ।

प्रमुख दलहरू र स्वतन्त्र जनजाति नेताको सक्रियतामा पचासको दशकमा जनजाति अधिकारसम्बन्धी व्यापक अभियान चल्यो । माओवादी द्वन्द्वको आरम्भ र उसले उठाएका जातीय स्वशासनको नारा जनजाति समुदायमा आकर्षक बन्यो । माओवादी हिंसालाई समर्थन नगर्ने समूहले पनि जनजातिको भाषिक, सांस्कृतिक मौलिकताको संरक्षणसहित जातीय स्वशासनको मुद्दा उठाइरहेका छन् ।

प्रजातन्त्र पुनःस्थापनापछिको खुला वातावरणमा जनजातिका विषय कडा स्वरमा उठाएकै आधारमा दर्जनौं व्यक्तिले राष्ट्रिय पहिचान बनाउनुले पनि आन्दोलनको प्रभाव दर्शाएको छ । तर, जनजाति, दलित वा महिलाका विषयमा सरकारको कान निमोठ्ने काम सशस्त्र विद्रोही माओवादीले गरेका प्रशस्त उदाहरण छन् । नीतिगत र व्यवहारिक रूपमा माओवादी जनजातिका पक्षमा अरू राजनीतिक शक्तिलाई उछिन्दै अघि बढेको छ । माओवादी हतियार बोक्ने समूहमा जनजातिको बहुमत भएकाले माओवादीले उनीहरूकै पक्ष लिएको विश्लेषण पनि बारम्बार गरिन्छ ।

‘राज्यबाट हामी उपेक्षित छौं भन्ने चेतना जागृति व्यापक रूपमा भएको छ’, जनजाति महासंघका सल्लाहकार बालकृष्ण मावुहाङ भन्छन्, ‘जनजातिको मागलाई राज्यले व्यवस्थापन नगरी नजरअन्दाज गरे सामाजिक सहिष्णुतामा खलल पुग्ने निश्चित छ ।’

भौगोलिक विविधताअनुसारको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक संरचनाको जगेर्ना हुने गरी सम्बोधन हुन नसकेकाले जनजातिले उपेक्षाको महसुस गरेका छन् । दलित आन्दोलन जस्तो आधारभूत मानवअधिकार र आधारभूत आवश्यकताभन्दा पनि जनजाति गतिविधि पहिचानको खोजीमा बढी केन्द्रित छ । गोरखा राज्यले एकीकरणका नाममा भिन्नाभिन्नै पहिचान भएको राज्यलाई विलय गरी सबै थोक लादेको आरोप जनजातिहरूको छ । २०५८ को जनगणनानुसार जनजातिहरूको संख्या ३७.१९ प्रतिशत छ ।

प्रजातन्त्र प्राप्तिपछि २००७ सालमा आधुनिक नेपालको स्थापना भएको भनिए पनि वैज्ञानिक राज्य व्यवस्थाको अझै जन्म हुन नसकेको दाबी जनजातिहरूको छ । ‘प्रजातन्त्र स्थापना भनिए पनि नेपाली भाषा बोल्ने पर्वते बाहुन, क्षेत्री र ठकुरीबीचमा मात्र शासनको भागबन्डा भयो’, मावुहाङ भन्छन्, ‘२०४६ पछिको स्थितिसमेत सन्तोषजनक नभए पनि केही आशाका किरण भने देखिएका थिए ।’

अहिले पनि जनजातिले राज्यमाथि अपनत्व महसुस गर्न नसकेको धारणा तारे होटलका गोष्ठीदेखि गाउँ तहसम्मका जमघटमा उठ्ने गरेका छन् । जनआन्दोलनपछि जारी संविधान केही उदार बन्न सकेको भए आजको द्वन्द्वको अवस्थासमेत आउँदैनथ्यो भन्ने विश्लेषण गर्नेको संख्या सानो छैन ।

जातीय स्वायत्ततालाई राज्यले जान-अन्जानमा दबाएकाले माओवादी जनयुद्धलाई मजबुत बनाउन मलजल भएको विश्लेषण पनि गरिएको छ । राज्यबाट पीडित पक्षले उठाएका उचित मागलाई राज्यले सम्बोधन नगर्ने प्रचलनलाई कम गर्दै आनुपातिक हिसाबले सर्वत्र प्रतिनिधित्व गराउनुपर्ने माग जनजाति अधिकारवादीहरूको छ ।

सबै जाति वर्गको सह-अस्तित्व स्वीकार नगर्ने हो भने सामाजिक सहिष्णुताको बाँध दीर्घकालसम्म नटिक्ने निश्चित छ । जनजातिहरूले अहिले व्यक्त गरेको असन्तोषमाथि उचित सम्बोधन नगर्दा उनीहरूको आक्रोश विस्फोट भएमा माओवादी द्वन्द्वभन्दा धेरै गुणा क्षति व्यहोर्नु पर्नेछ राज्यले ।

प्रजातान्त्रिक व्यवस्थामाथि धावा बोलेर राजाले शासन सत्ता हातमा लिएपछि जनजातिहरूको उचित मागमा समेत कुनै चासो देखाइएको छैन । राजसंस्था रुढिवादी र सामन्ती समाजको प्रतीक र संरक्षक दुवै हो । त्यसैले रुढिवादी र सामन्त वर्ग जहिले पनि यथास्थितिको पृष्ठपोषक मात्र होइन प्रतिक्रियावादी हुन्छ ।

भरतकेशर सिंहले नेतृत्व गरेको विश्व हिन्दु महासंघका गतिविधि गैरहिन्दु र अरु जातिका व्यक्तिलाई अपमानित गर्ने खालको बलियो उदाहरण बनेको छ । ‘मुलुकलाई साँच्चिकै साझा फूलबारी बनाउने हो भने अतिवादीहरूलाई किनारामा छाडेर राज्य उदार हुन सक्नुपर्छ’, मावुहाङको सुझाव छ ।

त्यसैले जनजाति महासंघले लोकतन्त्र स्थापनाका

लागि आन्दोलनको औपचारिक घोषणा नै गरेर मैदानमा उत्रिएको छ । जनजाति प्रतिष्ठानले ५९ जनजातिको पहिचान गरेको छ । तीमध्ये १० जाति लोपोन्मुख अवस्थामा छन् । लोपोन्मुखमध्ये वनकरिया र सुरेल जातिको संख्यासमेत गणना हुन सकेको छैन ।

जनजाति आन्दोलनका अगुवाइ गुरुङ, राई, लिम्बूहरूले गरेकाले अस्तित्व नै नामेट हुन लागेको समुदायको बारेमा यथोचित चासो दिइएको छैन । न त राज्यले नै त्यसतर्फ सोच्ने चेष्टा गरेको छ ।

जनजातिका नाममा शासक वर्ग भनिएका बाहुन, क्षेत्री वा ठकुरीभन्दा पनि अगाडि रहेका नेवार, थकाली जस्तो समुदाय बढी लाभान्वित भएका उदाहरण प्रशस्त छन् । साक्षरता, आवास, भूमिको स्वामित्व, पेसा, भाषा, शिक्षा र जनसंख्याको आकारको आधारमा नेवार र थकाली समुदाय अग्रणी छन् ।

बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र त्यसको सुदृढीकरणसँगै जनजातिका पक्षमा प्रशस्त सैद्धान्तिक, नीतिगत र व्यवहारिक काम भएको बताउँछन् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष सन्तबहादुर गुरुङ ।

प्रतिष्ठान ऐन २०५८ जारी भई 'आफ्नै भाषा, संस्कृति, परम्परागत रीतिथिति र आफ्नै थलो भएकालाई आदिवासी जनजाति भनिन्छ' भनी परिभाषित हुनुलाई उनी महत्त्वपूर्ण उपलब्धि मान्छन् ।

हरेक राजनीतिक दलको दस्तावेजमा आदिवासी जनजातिको मुद्दालाई राष्ट्रियकरण गरिनु पनि महत्त्वपूर्ण उपलब्धि हो । कांग्रेस प्रजातान्त्रिकले त जनजातिका लागि २ केन्द्रीय सदस्यको सिट नै छुट्याइदिएको छ । २०४९ मा आठौं पंचवर्षीय योजनाकालदेखि नै आदिवासी जनजातिका विषयमा विशेष रूपमा उल्लेख हुनुलाई राज्यले स्थान दिएको रूपमा लिनुपर्ने गुरुङको धारणा छ । सबै जातिको यथोचित प्रतिनिधित्व नभई समतामूलक र दिगो विकास नहुने चेत योजनाकारदेखि कार्यान्वयनकर्तासम्ममा देखिनु पनि पिछडिएका जाति उत्थानका लागि आफैंमा महत्त्वपूर्ण उपलब्धि हो । हिमालदेखि तराईसम्म सञ्जाल रहेको प्रभावशाली संचारमाध्यम रेडियो नेपालबाट प्रजातन्त्र पुनःस्थापना भएको केही वर्षमा जनजातिका एक दर्जन भाषामा समाचार प्रसारण थालिनु आफैंमा महत्त्वपूर्ण उपलब्धि हो ।

### लोपोन्मुख जाति

| जाति | जनसंख्या |
|---|---|
| कुसुन्डा | १६४ |
| बनकरिया | - |
| राउटे- | ६५८ |
| सुरेल- | - |
| हायु | १,८२१ |
| राजी | २,३९९ |
| किसन | २,८७६ |
| लेप्चा | ३,६६० |
| मेचे | ३,७६३ |
| कुसवादिया | ५५२ |
| जम्मा | १५,८९३ |

*स्रोत : जनजाति प्रतिष्ठान*

सशक्तीकरणका लागि स्थानीय स्वायत्त शासन २०५५ ले स्थानीय निकायमा जनजातिको प्रतिनिधित्व अनिवार्य गराएको छ । २०५९ सालमा प्रजातन्त्र अपहरण भएकाले अघि बढ्ने क्रमलाई अवरुद्ध गरिदिएको ठहर महासंघको छ ।

जंगबहादुरले १९१० सालमा मुलुकी ऐन जारी गर्दा मतवाली शब्द प्रयोग गरेर जनजातिको मानमर्दन गरेका थिए । अहिले राजनीतिक दल, सरकार, नागरिक समाज, आमसंचारमा जनजाति अधिकारको पक्षमा उभिनु आफैंमा सन्तोषजनक उपलब्धि हो ।

तर, पहाडिया जनजातिको तुलनामा मधेसकाको स्थिति दयनीय छ । पहाडिया र मधिसेमूलका दलितबीचको अन्तरभन्दा पनि बढी बेमेलको अवस्था छ, जनजातिमा । झन्डै ८५ लाख जनजातिमध्ये दोस्रो स्थानमा जनसंख्या रहेको थारू जातिलाई मधेसका जनजातिमध्ये सबभन्दा अग्रणी मानिन्छ ।

तर १५ लाखभन्दा कम संख्या रहेको थारूको अवस्था नै गुरुङ, मगर, राई, लिम्बू, तामाङ जस्ता पहाडियाको भन्दा निकै कमजोर छ । तराईको भूमिपति मानिने मेचीदेखि महाकालीका थारूहरू बसाइँ सरेर आएका पहाडिया र नयाँ नेपाली को शोषणमा परेका छन् ।

तराईमूलका मेचे, सन्थाल, राजवंशी, झाँगड, दनुवार, धिमाल, दराई, राजी, बोटे, कुमाल लगायत सबैको अवस्था पहाडियाहरूको भन्दा आकाश जमिन फरक छ । उनीहरूको पहिचान त संकटमा छँदै छ, स्वास्थ्य, शिक्षा, खानपिन जस्ता आधारभूत आवश्यकताको त्यत्तिकै अभाव छ । जसरी शासन संरचनामा सबै जातिको प्रतिनिधित्व हुनुपर्ने समावेशीकरणको नारा उठिरहेको छ, त्यसलाई मनन गरी जनजाति नेता तथा संस्थाले अगुवा जातिलाई मात्र फाइदा नदिई पिछडिएको वर्गका निम्ति लागी पर्न सक्नुपर्छ । नत्र जनजाति आन्दोलन उपदेशात्मक र भित्रिया टाठाबाठाको हतियार मात्र बन्नेछ । ■





▲ राउटे महिलाहरू जसको कुनै नाम हुँदैन

**सुर्खेत, वीरेन्द्रनगरबाट** करिब १० किलोमिटर उत्तर कोटकुवाको जंगलको बाटो। अचानक देखिए- तीनजना राउटे महिलाहरू।

स्थानिय बासिन्दाहरूका अनुसार राउटे महिलाहरू आफ्नो समाजभन्दा बाहिरका मानिससँग बोल्दैनन्, फोटो खिच्न मान्दैनन्। महिलाहरूसँग कुरा गर्दा वा उनीहरूको फोटो खिच्दा राउटे पुरुषहरूले आक्रमण गरेका कुरा पनि स्थानीय बासिन्दाहरूले बताएका थिए। तैपनि, *समय* संवाददाताले हिम्मत गरेर सोध्यो :

'फोटो खिच्ने हो ?'

उनीहरूका कान ठाडा भए। एकै साथ महिलाहरूले भने, '... पैसा दिन्छौ भने।'

भाषाको स्पष्ट समस्या देखियो। उनी नेपाली भाषा अलिअलि बुझ्ने तर बोल्न नसक्ने रहेछन्। यो संवाददाताले क्यामरा निकाल्यो।

एकजना महिलाले प्रतिकार गरिन् र भनिन्, 'पहिले पैसा... त्यसपछि फोटो।'

सामान्य त राउटे पुरुषहरू पनि पैसा नलिईकन फोटो खिच्न मान्दैनन्। महिलाहरूमा पनि त्यही प्रभाव परेको हुनुपर्छ।

उनीहरू आत्तिएका देखिन्थे। सायद राउटे पुरुषहरूले देख्लान् भन्ने डर थियो उनीहरूमा। तर, भाषाको समस्या थियो। ५, १० र २० का केही नोटहरू उनीहरूलाई दिएपछि उनीहरू केही सन्तुष्ट भए। ती नोटमा एउटा नोट २५ रुपैयाँको परेछ।

अर्की एक महिलाले भनिन्, 'यो हुँदैन। कति पैसा हो ? हामी लिँदैन, अर्को देऊ। (रु. १० को नोट देखाउँदै) यस्तै चाहिन्छ।'

तर, त्यस्ता नोट यो संवाददातासँग थिएन र दुई स्न्यापमा नै चित्त बुझाउनु पर्ने अवस्था आयो। उनीहरू बाटो लाग्ने तयारी गर्न थाले। यही क्रममा यो संवाददाताले भन्यो, 'नाम चाहिँ के के हो नि ?'

उनीहरूले संयुक्त स्वरमा भने, 'राउटे आइमाइको नाम हुँदैन।'

राउटे, नेपालका अन्तिम घुमन्ताहरूको सामाजिक र आर्थिक अवस्था नाजुक छ, त्यसमा पनि महिलाहरूको अवस्था त झनै कमजोर। राउटेमा विधवा महिलाको छाप्रो पनि अरुको भन्दा विपरीत दिशामा फर्काउनुपर्छ। डेरा सार्दा वा सिकार जाँदा उनीहरूले पुरुषको अघि लाग्न नहुने



# ‘नाम हुँदैन आइमाईको’

■ विश्वमणि पोखरेल/वीरेन्द्रनगर (तस्वीर पनि)

**नेपालको अन्तिम घुमन्ते जाति राउटेको जनसंख्या दिनदिनै घटेर २ सय ५० को हाराहारीमा सीमित भएको छ। मध्यपश्चिमका अधिकांश जंगलमा घुमेर रमाउने यो समूहको घुम्ने घेरो पनि मुलुकमा चलिरहेको सशस्त्र द्वन्द्वका कारण सुर्खेतका जंगलमा मात्र सीमित भएको छ।**



कठोर चलन छ।

अर्धनग्न पुरुष र आफैंले सिएको गुन्युँ, चोलो लगाउने महिलाका धेरै कुरा लुकेका छन्, जंगलका छाप्राभित्र। राउटे महिलाले मुगिया (चोलो) जो आफैं सिलाउँछन् र कम्मरमुनि ढेडुवा, मुगिया र डेउटी लगाउँछन्। पुरुषहरू नसिएको गादो शरीरभरि बेर्दछन्, टाउकोमा फेटा गुत्छन् र लँगौटी लगाउँछन्।

जाडोमा यस्तो लुगाले धान्छ त भन्ने प्रश्नमा ६२ वर्षीय शेरबहादुरको उत्तर यस्तो थियो, ‘मस्तै लुगा मस्तै जाडो, कम लुगा कम जाडो, छैन लुगा छैन जाडो।’

२०५८ सालमा सामुदायिक एकीकृत विकास मञ्चले सबै पुरुष राउटेहरूलाई टोपी, सर्ट र महिलालाई चोलो कपडा र सारी बाँडेको अध्यक्ष विष्णु पाण्डे बताउँछन्। तर, राउटेले अरुले दिएको लुगा लगाएनन्, टोपी र त्रिपालबाहेक सबै खाले सिलाएका कपडा च्यातेर आफूखुसी ओढ्ने, ओछ्याउनेमा प्रयोग गरे।

आधुनिक समाजका अघिल्तिर राउटेहरूको लवाइखुवाइ, बोलीचाली, उनीहरूले बसोवास गर्ने झुप्रा, खानपिनबाट उनीहरू आम नेपाली समाजभन्दा निकै पछाडि छन् भनेर अनुमान गर्न कठिन पर्दैन।

राउटे जातिको नामाकरण उनीहरूले जंगलमा बनाउने छाप्रो जसलाई राउटी भनिन्छ बाट नामकरण भएको हुनसक्छ। तर, मध्यपश्चिमको पहाडी जिल्लामा पुस्तौंदेखि घुमन्ते जीवन गुजार्दै आएका उनीहरू आफूलाई ठकुरी भएको दाबा गर्छन्। कल्याल, सत्याल, सल्याल, र राजकारी थर छन्, उनीहरूभित्र।

जंगलमा छाप्रा हालेर बस्ने, गुना बाँदर (सेतो बादर) सिकार गर्ने, काठका भाँडाकुँडा बनाएर अन्नाबालीसँग साट्ने उनीहरूको परिचय हो। सर-सल्लाह नगर्ने, घुमन्ते जाति भए पनि थात थलो छोड्दा मुखिया अघि अघि लाग्ने र अरुहरूले पछ्याउनु पर्ने उनीहरूको चलन छ। सहरबजार वा गाउँमा माग्न वा काठका भाँडा साट्न जाँदा आफूखुसी निस्कन्छन्, राउटेहरू तर रात बस्न आफ्नै छाप्रोमा पुग्ने उनीहरूको चलन छँदैछ।

आफूहरूलाई ‘जंगलका राजा’ भन्न रुचाउने राउटेहरूको आफ्नै प्रशासनिक व्यवस्था छ। मूल

मुखिया र वरिष्ठता क्रममा अन्य ४ जना मुखिया उनीहरूले चुन्दछन् । मुखिया नै समाजको अगुवा हुन्छ, ऊ जुन बाटो जान्छ अरु पछिपछि लाग्छन्, उ जहाँ गएर बस्छ अरु पनि त्यहीं बस्छन् । अहिले मानबहादुर शाही मुख्य मुखिया छन्, त्यस्तै शेरबहादुर, मैनबहादुर र वीरबहादुर शाही उनीपछिका मुखिया हुन् ।

मैन बहादुर भन्छन्, 'हामी मुखियाले भनेअनुसार चल्दछौं ।' विवाह लगायतका सामाजिक, सांस्कृतिक र जन्ममरणजस्ता काममा मुखियाको भूमिका हुन्छ । अवस्थानुसार उनीहरू विभाजित हुन्छन् र दुई तीनवटा समूह बनाएर बाँडिन्छन् । फागुनको अन्तिम साता सुर्खेतको कोटकुवामा उनीहरू विभाजित भएर बसेका थिए । काठका सामान बेच्न वा साट्न पायक पर्ने बजार गाउँसहर नजिकका साथै सिकारका लागि गुना बाँदर हुने जंगली क्षेत्र उनीहरूको रोजाइ हो । उनीहरू सहरबजारकै नजिक छाप्रा हालेर पनि बस्ने गर्छन् र माग्न निस्कन्छन् । नाचगान गरेर वा सरकारी अधिकारीबाट अधिकारका रुपमा सहयोग प्राप्त गरेर उनीहरू गुजारा गर्छन् ।

बाहिरी समाजमा कुरा गर्नसक्ने टाठो व्यक्ति मुख्य मुखिया र मुखिया चुनिने गरेका छन् । सुर्खेतका विभिन्न सरकारी कार्यालयमा पैसा र अन्य सहयोग माग्न मुखिया अघि सर्छन् । मुखियाहरूलाई राम्ररी थाहा छ, 'जिल्लाको हर्ताकर्ता प्रमुख जिल्ला अधिकारी हो ।' धेरै खाले सिडियोसँग कुराकानी गरेको र सहयोग लिएको ऐनबहादुर बताउँछन् ।



▲ राउटेहरू बिस्तारै जंगलको जीवनबाट बाहिर निस्कँदैछन्

राउटेहरूले मुलुकको वर्तमान राजनीति बुझेका छन्, सशस्त्र माओवादी विद्रोहका कारण उनीहरूको घुमन्ते जीवन प्रभावित भएको छ । ऐनबहादुर भन्छन्, 'देशमा लडाइँ परेको छ । राजाले शासन लिएको छ ।' मध्यपश्चिमका पहाडी जिल्लाका जंगलमा माओवादी गतिविधि बढेपछि ६-७ वर्षयता राउटेको घुमन्ते शिविर सुर्खेत जिल्लामै सीमित भएको छ । पहिला उनीहरू दैलेख, जुम्ला, कालिकोटका जंगलमा घुमन्ते जीवन बिताउँथे । राउटे १२ वर्षमा घुम्दै आउँछन् भन्ने मान्यता अहिले टुटेको छ, २-४ महिनामै देखापर्न थालेका छन् । एकै थलोमा २, ३ साता मात्र बस्ने, बसेका ठाउको छाप्रा डढाएर हिँड्ने उनीहरूको परम्परा हो । राउटेसँग मित लगाएर राम्रो हिमचिम राखेका कालिकोटका पाण्डे भन्छन्, एक ठाउँमा तीन महिनाभन्दा बढी बसको रेकर्ड छैन ।' ऐनबहादुर भन्छन्, 'एकै ठाउँमा बसेर कहाँ खान पाइन्छ र ।'

उनीहरूमा न शिक्षाको ज्योति पुगेको छ, न स्वास्थ्य र चेतनाको, जंगली अवस्थामै देखिन्छन् । आफ्नो पुरानो सीप काठको मृदुस (सन्दुस) र आरी बनाउने त्यसलाई गाउँबजारमा लगेर अन्नसँग साट्ने पेसा ओरालो लाग्यो । उनीहरूले प्रयोग गर्ने सामान्य बन्चरो र बसिलोको सहारामा नरम काठ खोपेर, काटेर काठका भाँडाको आकार दिन मिल्ने काठ सकिँदै गयो, त्यस्ता सामग्रीको माग कम हुँदै गयो । राउटेहरूको सिकार गर्ने गुना बाँदर नासिँदै गएपछि उनीहरू पैसासँग कारोबार गर्न थालेको हुनसक्छ, उनीहरूले पैसाको महत्त्व चिन्न थालेका छन् । 'हामी आइमाईको नाम हुँदैन' भन्ने महिलाहरू भन्दै थिए, 'गुना बाँदर पाउन छाड्यो, अब त धेरै अन्न खान्छ, अन्न किन्न पैसा चाहियो ।' राउटेहरूको पकाउने भाँडा आल्मुनियमका छन् भने खाने थाल, कचौरा, डाडु पन्यु सबै काठबाट बनेका प्रयोग गर्छन् उनीहरू ।

राउटेहरू माघे संक्राति मान्छन् । माघे संक्रान्तिमा मात्र उनीहरूले तेलको प्रयोग गर्छन् । उनीहरूको भाषामा काटे भनिने पुरी पकाउन वर्षको एक दिन मात्र तेलको प्रयोग हुने पाण्डे बताउँछन् । चाडपर्वमा खसी काट्ने, आफैं रक्सी बनाउने उनीहरूको चलन हो । दसैंमा रमाइलो गरेर मनाउँछन् तर टीका लगाउँदैनन् । त्यसो त औंसी र पूर्णिमा आफ्नो छाप्रो छोडेर अन्त नजाने उनीहरूको नियम छ ।

छोरा जन्मिए खुसियालीमा रमाइलो गर्ने र न्वारन गर्ने राउटेहरू छोरी जन्मिँदा खुसियाली गर्दैनन् । केटीहरूको जनसंख्या कम भएकोले सानै उमेरमा विवाह हुने चलन बढ्दो छ । यसो हुनुका पछाडि छोरीको जनसंख्या छोराको भन्दा कम छ ।

राउटेमा परिवार नियोजनको प्रभाव हुन सक्ने कुरै भएन । एउटै आमाका १९ जना सन्तानसम्म भएको पाण्डे बताउँछन् । पाण्डेका अनुसार ४, ५ भन्दा कम पाउने छँदै छैनन् । तर, आधासरो बच्चा खानपिनको अभाव र फोहरजन्य रोगबाट मर्ने गरेका छन् । २०५६ सालमा पाण्डेले गरेको गणनामा राउटेको संख्या करिब ४५० थियो । त्यो घटेर अहिले २ सय ५० को हाराहारीमा भएको पत्रकार पौडेल बताउँछन् । राउटेहरूको करिब ४५ परिवारमा बाँडिएको पाइन्छ । पौडेलका अनुसार विगत तीन चार वर्षको अवधिमा ठूलो संख्यामा राउटेहरू मरे । मरेपछि गाड्ने चलन छ ।

राउटेमा मागी विवाह गर्ने चलन छ, बेग्ला बेग्लै थरका राउटे केटाकेटीबीच विवाह हुन्छ । विधवाले अर्को विवाह गर्न पाउँदैनन् भने विधुर लाई छुट छ । विवाहअघि यौनसम्पर्क बन्देज भएको पाण्डे बताउँछन् । करिब १७-१८ वर्षको देखिने जयबहादुर शाहीलाई विवाह कहिले गर्ने भन्दा उत्तर दिन सकेनन् । एकजना केटीसँग कुरा भइरहेको उनले बताए । त्यो केटी लिएर भाग्ने होइन भन्ने प्रश्नमा जयबहादुरले मुस्कुराउँदै उत्तर दिए, 'त्यस्तो गर्न हुँदैन, मुखियाले मार्छन् ।'

राउटेहरूमा अन्धविश्वासमा जडकिएका भए पनि सुस्तगतिमा उनीहरू बाहय समाजको रहनसहन, भेषभूषाबाट प्रभावित भएको देखिन्छ । एक दशकदेखि राउटेको समाचार लेख्दै आएका सुर्खेतका पत्रकार पौडेल भन्छन्, 'देखासिकीबाट राउटेहरूले धेरै कुरा सिकेका छन्, औषधी माग्न थालेका छन्, पैसा माग्दैनथे अहिले माग्छन् उनीहरू ।'

नयाँ प्रविधिप्रतिको उनीहरूको आकर्षण बढ्दो छ, यसको एउटा प्रमाण हो, सुर्खेतको एक मिलमा धान कुटाउँदै गर्दा भेटिएका राउटे । ती राउटेले कुटाइ शुल्कबापत भुस र ढुटो छोडिदिए ।

सामुदायिक एकीकृत विकास मञ्चका अध्यक्ष पाण्डेले राउटेहरूलाई सामाजीकरण आफू ७ वर्षदेखि लागी परेको बताउँछन् । २०५५ सालअघि राउटे बस्तीमा जाँदा तीनपटक कुटाइ खाएको र खेदिएको अनुभव छ, पाण्डेसँग । २०५५ सालमा राउटे बस्तीमा पुग्दा भारी उठाउँदा सड्किएको एक युवतीको ढाडमा पाण्डेले मलम लगाइदिएपछि उनीहरूमा औषधीप्रति विश्वास जागेको र त्यसै दिन मानबहादुर मुखियासँग मित लगाएको उनी बताउँछन् । एक दशकअघि पोलियो थोपा खुवाउन गएको टोलीलाई लखेट्ने राउटेहरू आजकल उनीहरूसमक्ष पुग्ने मानिससँग औषधी माग्छन् । आफ्ना छाप्रामा बाहेक अन्यत्र वास नबस्नेहरू आजकल अन्यत्र पाहुना लाग्न थालेको देखिन्छ । उनीहरू यातायातका सार्वजनिकसाधनमा घुम्न रुचाउँछन् । सहरिया रक्सी खाने चलन पनि उनीहरूमा बढ्दो छ । परम्परागत गादो बेर्ने र लँगौटी लगाउन नछोडेका भए पनि जुत्ता र टोपी पहिरिन थालेका छन् राउटेहरू ।

पाण्डे आफ्नो घरमा पटक पटक पाहुना लागेको राउटेहरू टेलिभिजन, कम्प्युटर देखेर जिज्ञासु बनेको अनुभव सुनाउँदै भन्छन्, 'अब हामी पनि पढ्नुपर्छ होला ? हामी मात्रै कति त्यसै बस्ने होला, के गर्ने होला ? भन्ने प्रश्न उनीहरूमा उठ्न थालेको छ ।' ■

# कहरमा कर्णाली

■ ज्योति देवकोटा/जुम्ला (तस्वीर पनि)

**२००७ सालमा** प्रजातन्त्र आएको उपलक्ष्यमा जुम्लामा २००८ सालमा विजय जुलुस निस्क्यो। नेपालभित्रैको कर्णाली त्यति बेला काठमाडौंभन्दा कति टाढा थियो भन्ने दृष्टान्त हो यो। विकासका सर्वमान्य सूचक केलाउने हो भने २०६२ सालको कर्णाली पनि राजधानी वा मुलुकको अन्य सुगम भागभन्दा अत्यन्त पछाडि छ।

विकासे कार्यकर्ताको भेषमा दुनो सोभ्याउन उद्यतहरूका लागि कर्णाली कामधेनु गाई बनेको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय दाताहरूको बजारमा कर्णाली दिनहुँ बिकिरहेछ। तैपनि, कर्णालीवासीले आजसम्म नुनसम्म सजिलो गरी खान पाएका छैनन्। कर्णालीको गरिबी बेचेर गैरसरकारी संस्थाका संचालकहरू बजार नपाएको जुम्लाको स्याउ जस्तै रसिला बनिरहेका छन्। उनीहरूले कर्णालीमा कायकल्प ल्याएको प्रतिवेदनका ठेली सात समुद्र टाढासम्म पुऱ्याएका छन्। तर, कर्णालीवासी एक छाक पेटभरि खान नपाएका मात्र होइनन्, आम नेपालीभन्दा २४ वर्षअगावैमा अकालमा ज्यान गुमाउन विवश छन्।

आफूलाई नेपालको सौतेनी सन्तान मान्ने कर्णालीको अवस्था यहाँ कार्यरत गैरसरकारी संस्थाहरू (एनजिओ)ले देखाउने प्रतिवेदन जस्तो छैन। कर्णालीको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आँकडामा भारी परिवर्तन आएको प्रतिवेदन एनजिओले दिएका छन्। तर, त्योभन्दा धेरै खस्किएको छ, कर्णालीको वास्तविक अनुहार। कर्णालीको गरिब अनुहार नै प्रत्येकचोटि कर्णालीको नाम र काम जोडिएका एनजिओका लागि मागीखाने भाँडो बनेको छ।

कर्णालीमा माओवादीको प्रवेशपछि सामाजिक स्वरूपमा व्यापक परिवर्तन देखिएको छ। कानमा लगाउने मुन्द्रादेखि नाकमा लगाउने फूलीसम्म बहिस्कार गर्न थालेका छन् महिलाहरूले। पुरुषसरह काँधमा काँध मिलाउने बनेका छन्। छुवाछुतको भेदभावलाई माओवादीले बन्देज लगाएका छन् र यो नियम लागू छ, कमसेकम उनीहरूको उपस्थितिमा। तर, माओवादीहरू राष्ट्रिय रूपमा 'विद्रोही' बनेकाले उनीहरूको योगदानको हिसाब किताब राखिएको छैन।

तर माओवादीको त्रासमा आएका सबै सकारात्मक परिवर्तनको जस एनजिओले लिएका

मुलुकमा दाताहरूबाट आउने रकममा महत्त्वपूर्ण हिस्सा कर्णालीको नाममा आएको हुन्छ। तर, कर्णालीका गरिब र निन्याउरा सर्वसाधारणको नाममा आउने रकमको मोटो भाग कर्णाली क्षेत्रको विकासका लागि खुलेका संस्थाका सञ्चालकहरूको पेटमा जान्छ भन्ने सत्य अब उदाङ्गिन थालिसकेको छ।







छन् । विकासका पूर्वाधार वा अन्य भौतिक काममा भन्दा पनि जनचेतना, सशक्तीकरण, समानता जस्ता सफ्टवेयरको कामलाई उद्देश्य बनाएका अधिकांश एनजिओले सबै परिवर्तनको जस आफैंले लिने गरेका छन् । माओवादी र समयक्रमले आएको सामाजिक परिवर्तनमा आफ्नो कपिराइट दाबी गर्दै डलरसँग विनिमय गर्ने प्रतिवेदन बन्ने क्रम निरन्तर चलिरहेको तथ्यहरूले देखाउँछन् ।

प्रतिवेदन मात्र होइन कर्णालीवासीको कुपोषणयुक्त अनुहारसमेत अन्तर्राष्ट्रिय बजारमा विदेशी मुद्रासँग सटही भइरहेको छ । आइएनजिओका नेपालमा रहेका शाखा र स्थानीय एनजिओको मिलेमतोमा यो सबै खेल हुने गरेको देखिएको छ ।

'राज्यको हेपाइ र माओवादीले चेपाइ'को दोहोरो मारमा पिल्सिएको नाममा कर्णालीमा पैसाको खोलो बगेको छ, आधादशक यता । कर्णालीका नाममा कति पैसा आइरहेको छ त ? उत्तर पहिल्याउन गाह्रो छ । एनजिओ/आइएनजिओले कुनै हालतमा वास्तविक हिसाब किताबको बासलात दिँदैनन् । कुनै छाता सरकारी निकायको संयोजनसम्म जरुरी नभएकाले कर्णालीका नाममा ओइरिने रकमको अंक किटान गर्न असम्भव प्राय छ । तैपनि, केही अगुवा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले खर्चेको बजेट हेर्ने हो भने कर्णालीमा वार्षिक एक अर्बभन्दा बढी रकम गइरहेको पुष्टि हुन्छ । डिएफआइडी, युएनडिपी, जिटिजेड, एसएनभी, डब्लुएफपीजस्ता अन्तर्राष्ट्रिय निकायहरूको सहकार्यमा दर्जनौं एनजिओले करोडौं रकम खेलाइरहेका छन् ।

कर्णाली एकीकृत ग्रामीण विकास संस्था (किर्डाक), सूर्य सामाजिक सेवा संघ (फोर एस), ग्रामीण सामुदायिक विकास केन्द्र (आरसिडिसी), हिमालय कन्जरभेसन एन्ड डेभलपमेन्ट एसोसिएसन (एचसिडिए), मानवअधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक), ड्याकट्याक जस्ता एनजिओ त्यस्ता दर्जनौं गैरसरकारी संस्थामध्ये हुन् जसले करोडभन्दा बढीको बजेट कर्णालीका नाममा ओइर्‍याउने सौभाग्य पाएका छन् । तर, यी एनजिओहरू आफूले गर्ने कामबारे जति उदारताका साथ वर्णन गर्छन्, हिसाब किताबको विवरण दिन त्यति नै हिचकिचाउँछन् ।

किर्डाकको उदाहरण लिने हो भने जुम्लामा मात्र गत वर्ष २ करोड २० लाख रुपैयाँ खर्च भएको उसले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा बुझाएको अडिट रिपोर्टमार्फत लिइएको त्यो रकम जुम्ला पुग्यो कि नेपालगन्जमै सकियो भन्ने प्रश्नको भने जवाफ दिन सक्दैनन् किर्डाकका अधिकारीहरू । कर्णालीका पाँचवटै जिल्लामा कार्यक्रम रहेको किर्डाकले मोटै रकम खेलाउने गरेको छ । तर, किर्डाकलाई मात्र प्रतिवेदनमा लेखिएअनुसारको काम नगर्ने संस्थाको सूचीमा राख्नु अन्याय हुन्छ ।


सीमित व्यक्तिले मात्र कर्णालीको नाम बेचेर फाइदा लिएको आरोप साँचो नभएको र अहिले दाताहरू नै फिल्डमा जाने गरेकाले उनीहरूलाई झुक्याउन पहिलेजस्तो सजिलो नभएको किर्डाकका अध्यक्ष मीनबहादुर शाही बताउँछन् । आफूहरूले कर्णालीवासीको हितमा काम गरेको दाबी गर्दै उनी भन्छन्, 'कर्णालीको नाम बेचिएकै भए पनि त्यहीकै स्थानीयहरूले फाइदा लिएका छन्, यसलाई ठूलो विषय बनाइरहनु हुँदैन ।'

अपवादबाहेक सबै एनजिओको छवि उस्तै बनेको छ । साथसाथै अन्तर्राष्ट्रिय संस्थाहरूले ओइर्‍याएको करोडौं रकमको समेत औचित्य पुष्टि हुन सकेको छैन । २०६०/६१ मा मात्र वर्ल्डभिजनले जुम्ला र कालिकोटमा कामका लागि खाद्यान्न र अन्य स्थानीय गैरसरकारी संस्थामार्फत सुशासन र बालस्वास्थ्यका लागि १८ करोड रुपैयाँ खर्च गर्‍यो । पछिल्ला वर्षमा पनि उसले कर्णालीका नाममा दिने बजेटमा कमी ल्याएको छैन ।

एसएनभीले पनि कर्णालीमा सुशासनका लागि भनेर त्यही वर्ष ४ करोड रुपैयाँ खर्च गरेको थियो । तर, यी खर्चले कर्णालीमा कति सुशासनको परिपाटी बसाल्यो, त्यहाँका भुक्तभोगीहरू साक्षी छन् । आफूले गरेको लगानीअनुसार उपलब्धि हासिल नभएको अन्तर्राष्ट्रिय संस्थाहरूकै आत्ममूल्यांकन छ ।

लामो समयदेखि कर्णालीमा काम गर्दै आएको एसएनभीका क्षेत्रीय संयोजक केशव जोशी भन्छन्, 'हामीले दिएको सहयोग लक्षित वर्गमा पुगेको छैन भन्ने हामीलाई पनि लागेको छ ।' एसएनभी र विभिन्न संस्थामार्फत करोडौं रकम खर्च हुँदासमेत कर्णालीवासीको अवस्था जहाँको त्यहीँ रहेको मानव विकास सूचकांकले पनि देखाउँछ ।




कर्णालीवासीको औसत आयु ३६ वर्ष छ । सरकार र एनजिओहरूले कर्णालीलाई उच्च प्राथमिकतामा राखेको जति भाषण गरे पनि उनीहरूमध्ये २९ प्रतिशतले मात्र अक्षर चिनेका छन् । मुलुकको औसत आयु ५८ वर्ष र साक्षरता प्रतिशत ५४.१ सँग रहेको फरकले नै कर्णालीको हविगत उदांगो पार्छ । प्राविधिक र उच्चशिक्षा हासिल गरेका कर्णालीवासीको संख्या औंलामा गन्न सकिन्छ ।

'साक्षारता वृद्धि र सुशासनका लागि गएको करोडौं रुपैयाँ कयौं पटकका गोष्ठीमै सकिएको छ भन्ने हाम्रो मूल्यांकन छ', दुःख प्रकट गर्दै जोशी भन्छन् । मानवीय सूचकको अवस्था हेर्ने हो भने 'कर्णालीमा काम गर्छु भन्ने'हरूलाई लाजमर्दो हुने स्थिति छ ।

शिक्षाको नाममा केही गैरसरकारी संस्थामार्फत भित्रिएको रकममात्र जोड्ने हो भने पनि २०५८ यता झन्डै २५ करोड रुपैयाँ नाघेको छ । तर शैक्षिक प्रगति भने कछुवाकै गतिमा छ । कर्णाली विकास पत्रिकाका प्रधान सम्पादक नेसनलविक्रम शाही भन्छन्, 'शिक्षाका नाममा केही विद्यालय भवन बनेका छन् । पढाइमा कुनै उन्नति देखिएको छैन ।'

कर्णालीका नाममा विनियोजित अधिकांश स्रोतसाधन नेपालगन्जमा उपयोग हुने गरेको छ । त्यसैले त मध्यपश्चिममा चर्केको द्वन्द्व र कर्णालीकेन्द्रित कार्यक्रमको आयतनसँगै नेपालगन्ज गुल्जार हुँदै गइरहेको छ । देशी-विदेशी सहयोगले कर्णालीमा आएको परिवर्तन हेर्ने दूरवीन बनेको छ नेपालगन्ज । नेपालगन्जमा गोष्ठी आयोजना गरी काठमाडौंबाट दातालाई निम्तो गरेर कागजी परिवर्तन देखाउन एनजिओहरू माहिर बनेका छन् । एनजिओको यो मोडेलले नेपालगन्जको होटल व्यापार त चम्केको छ । तर, 'जसको बिहे उसलाई देख्न न दे' भनेझैं कर्णाली झन् झन् नांगो बनिरहेको छ ।

कर्णालीका नाममा पैसाको खोलो बगिरहेको र टाठाबाठाले त्यसमा 'ब्रह्मलुट' मचाइरहेकोबारे लक्षित समूह भनिएका त्यहाँका गरिब जनताबाहेक सबै जानकार छन् । स्थानीय प्रशासनलाई यसको इतिवृत्तान्त थाहा छ । तर, प्रशासनसमेत गोष्ठी र सेमिनारमा आगन्तुकका रूपमा पाइने भत्ताको लोभमा मौन बसेको छ ।

अञ्चल प्रशासक उत्तर टमटा भन्छन्, 'कर्णालीका लागि छुट्याइएका सबै कुरा जसरी नेपालगन्जमा आएर अड्किन्छ, त्यसैगरी यी गैरसरकारी संस्थाहरूले ल्याएको पैसा पनि नेपालगन्जमै सकिन्छ ।' कर्णालीको नाममा आएको आधा रकम नेपालगन्ज आइ नपुग्दै पकेटमा हालिसकिने उनको भनाइ छ । प्रशासन किन मौन त ? औपचारिक जवाफ दिँदै टमाटा भन्छन्, 'हामी खोजबिनमा लागेका छौं । प्रमाण पुग्नेबित्तिकै कारबाही थाल्छौं ।'

सानो संख्यामा रहेको स्थानीय सचेत समुदायसमेत एनजिओविरुद्ध आक्रोशित बनेका छन् । ६ महिनाअघि जुम्लाका तीलचौरका स्थानीय दलितहरूले प्रशासनलाई गुहार्दै भनेका थिए, 'यी एनजिओहरूले हाम्रा फोटा बेचेर आफैं धनी बने, हामीकहाँ यिनीहरूलाई आउन रोकियोस् ।' सामाजिक परिवर्तन र रुपान्तरणका नाममा आफ्नो थैली मोटो बनाउनेहरूविरुद्ध सदरमुकामका दलितको यो आक्रोशले गैरसरकारी संस्थाको छवि प्रस्ट्याएको छ ।

पुगनपुग पाँचसय गैरसरकारी संस्था छन् कर्णालीमा । महिला, जनजाति, दलित, गरिबका नाममा आएको रकमबारे उनीहरू बेखबर छन् । 'कर्णालीमा उक्लेको पैसा, तालिम भत्ता र खाजा-नास्तामा सकिन्छ', प्रशासक टमटा भन्छन् ।

अन्तर्राष्ट्रिय दाताले प्रत्यक्ष लगानी गरेको कार्यक्रमबाहेक स्थानीय एनजिओमार्फत मात्र वार्षिक ३० करोडभन्दा बढी कर्णालीमा भित्रिने गरेको बताउँछन् मध्यपश्चिमाञ्चल गैरसरकारी संघका अध्यक्ष दल रावल । तर, जसका लागि भनेर पैसा मागिएको छ, उनीहरूले १५ प्रतिशत पनि नपाउने रावलको दाबी छ । 'जसले गैरसरकारी संस्था खोल्यो उसैको गरिबी निवारण भएको छ, जसका लागि भनेर हामीले हात थाप्यौं उनीहरूको जीवनशैलीमा कुनै परिवर्तन देखिएको छैन, कर्णालीभित्र कार्यरत संस्थाहरूले यसलाई स्विकार्नै पर्छ', रावल अगाडि भन्छन् ।

पहुँचवालाले 'कर्णालीको विकास'का नाममा बजेट पाइहाल्ने र यो प्रतिवेदनको खेतीमा लाग्ने प्रवृत्ति बढ्दो छ । राष्ट्रियस्तरमा प्रचार-प्रसार र सकभर अंग्रेजीमा लेखिएको रिपोर्ट बुझाएपछि लगानी गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रवृत्तिले कर्णालीका नाममा लुट्ने प्रवृत्तिलाई प्रोत्साहित गरेको प्रस्टिदै गएको छ ।

## कर्णालीका गैरसरकारी संस्थाहरू

| जनसंख्या | गैरसरकारी संस्था | समाजकल्याण परिषद्सँग आबद्ध |
|---|---|---|
| **जुम्ला** | | |
| ९७,००० | १५२ | ३८ |
| **कालिकोट जनसंख्या** | | |
| १,०५,००० | ११९ | ५६ |
| **मुगु जनसंख्या** | | |
| ४६,००० | १०९ | ४२ |
| **डोल्पा जनसंख्या** | | |
| २,७०,००० | ८४ | ३९ |
| **हुम्ला जनसंख्या** | | |
| ४०,९०० | ११७ | ३६ |

सरकारी शैलीलाई खोट लगाउँदै जन्मिएका एनजिओले कर्णालीलाई झन् पछि धकेल्ने काम मात्र गरेका छैनन् 'संस्था खोलेर धनी बनिन्छ' भन्ने छापसमेत बसालेका छन् स्थानीयहरूमा । त्यसैले त पढेलेखेका युवाहरूसमेत आफ्नो थलोको सेवाभन्दा एनजिओतिरै आकर्षित भएका छन् ।

सरकारको भन्दा अलग र सरकार नपुगेको क्षेत्रमा समर्पित हुने शपथ खाएर खुलेका संस्थाहरूले फिल्डमा सिन्को पनि नभाँची रकम कुम्ल्याइएका उदाहरण पनि छन् । उनीहरू कार्यक्षेत्रमा कायपलट गरेको प्रतिवेदन बनाउँछन् । डोल्पा जिल्ला प्रशासनका एक अधिकारी भन्छन्, 'यी गैरसरकारी संस्थाले दातालाई देखाउने रिपोर्ट हेर्‍यो भने कर्णाली त काठमाडौंभन्दा पनि विकसित भइसकेको देखिन्छ ।'

कर्णालीको अनुभवमा सरकारीभन्दा गैरसरकारी संस्थालाई आएको रकममा भ्रष्टाचार गर्न धेरै सजिलो देखिएको छ । प्रगति प्रतिवेदन आकर्षक ढाँचामा दाता सन्मुख पस्कने र आएको पैसा सिध्याएकै भरमा उनीहरूको योग्यता मापन हुन्छ ।

जेहोस्, कर्णालीमा एनजीओ व्यापार भने खुवै फस्टाएको छ, संचालकहरुका लागि ।र, कर्णालीलाई राजनीति गर्नेले भन्दा बढी धोका दिएका छन्, पछिल्लोचोटि कर्णालीको नाम बेच्न च्याउजस्तै खुलेका गैरसरकारी संस्थाहरूले । ■



▲ मध्यपश्चिमका विभिन्न स्थानबाट विस्थापन भएर नेपालगञ्ज आउनेहरूको संख्या ठूलो छ

# चेतना क्रान्ति



▲ मध्यपश्चिममा अन्तरजातीय विवाहलाई स्वीकार गर्ने प्रचलन बढिरहेको छ

**सशस्त्र द्वन्द्वले सबैभन्दा बढी प्रभावित मध्यपश्चिम र यसको केन्द्र नेपालगञ्जका बासिन्दाहरूमा विगत दस वर्षमा चेतनास्तरमा पनि व्यापक परिवर्तन भएको छ।**

■ **रुद्र खड्का/नेपालगञ्ज** (तस्वीर पनि)

**डेढ महिनाअघि** दाङमा सात राजनीतिक दलको शान्तिपूर्ण जुलुसमा सुरक्षाकर्मीले गोली चलाएको घटनाको अनुसन्धानका लागि तत्कालै संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायोगको टोली घटनास्थल पुग्दा पीडित परिवारले अभिभावकत्व महसुस गरे।

चार वर्षअघि स्थिति भिन्नै थियो। नेपालगन्जका दुई मुस्लिम युवतीलाई सुरक्षाकर्मीले ब्यारेकमा लगेर तीन दिन बलात्कार गरेको घटनाको एमनेस्टीलगायत विभिन्न मानवअधिकारीवादी संस्थाहरूले देशबाहिर तथा राजधानीबाट पटक पटक विरोध गर्दै पीडकलाई कारबाहीको माग गरे पनि शाही सेनाले बलात्कारमा आफ्नो संलग्नता अस्वीकार गर्‍यो। एकै घरका दिदीबहिनी बलात्कृत भएको घटना कारबाहीविना नै सेलायो। त्यति बेला बढ्दो द्वन्द्वका क्रममा निम्तिने मानवअधिकार हननको प्रत्यक्ष अवलोकन प्रभावकारी थिएन। धेरैजसो संस्थाहरू स्थलगत अध्ययनभन्दा वक्तव्यवाजीलाई महत्त्व दिन्थे।

एमनेस्टीले लन्डनबाट पटक पटक वक्तव्य प्रकाशन गरेर घटनाको विरोध गरिरहे पनि सेनाले त्यसलाई कुनै महत्त्व दिएन र आफ्नो संलग्नता ढाकछोप गर्‍यो। पीडित दिदीबहिनीलाई बलात्कार नभएको भन्न लगाएर घटना सामसुम पारियो।


तर अहिले अवस्था फेरिएको छ, दिनैपिच्छे बम विस्फोट भइरहने र मानवअधिकार हननका घटना भइरहने मध्यपश्चिम र खासगरी यसको केन्द्र नेपालगन्जमा प्रत्यक्ष अवलोकनका लागि संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायोगको कार्यालय खोलिएको छ। यसबाहेक द्वन्द्व न्यूनीकरणका क्षेत्रमा काम गर्ने संयुक्त राष्ट्रसंघअन्तर्गत आधा दर्जन निकायहरू नेपालगन्जमा छन्। यो सँगै थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको ध्यान पनि द्वन्द्व न्यूनीकरण तथा द्वन्द्वमा प्रत्यक्ष/अप्रत्यक्ष पीडित भएकाहरूलाई सहयोग गर्न नेपालगन्जमा केन्द्रित भएको छ। यसै साता माओवादीद्वारा कब्जामा लिइएका व्यापारी के एल दुगडका खाद्यसहितका ६ वटा ट्रक दुई दिनभित्रै मानवअधिकारवादीहरूको दबाबका कारण मुक्त भए।

त्यस्तै, २०५८ सालदेखि २०६१ सम्म बाँके-बर्दियाका विभिन्न ठाउँबाट सुरक्षाकर्मीले बेपत्ता पारेका २ सय ६७ सर्वसाधारणहरूमध्ये ११ जना भिडन्तमा मारिएको तथा सुरक्षाफौजले सार्वजनिक गर्‍यो। यसै साता राष्ट्रिय मानवअधिकार आयोग लगायतका संस्थाहरूको पटक पटकको दबाबपछि।

माओवादीले निरस्त्र नागरिकलाई निसाना बनाउँदा होस् या सुरक्षाकर्मीले जानी/नजानी दुर्व्यवहार गर्दा होस्, मानवअधिकारवादी संस्थाहरूले दह्रोसँग आवाज उठाएका छन्। कुनै व्यक्ति गैरकानुनी रूपमा पक्राउ या अपहरण परेको छिनभरमै यसबारे राष्ट्रियमात्र होइन अन्तर्राष्ट्रिय रूपमै जानकारी गराइसक्ने अवस्थामा पुगिसकेको छ, यतिखेर नेपालगन्ज।

मुलुकमै राज्यले सर्वाधिक नागरिक बेपत्ता पारेको मध्यपश्चिममा पछिल्ला दिनमा राज्यले सर्वसाधारणलाई बेपत्ता बनाउने क्रम निकै कमी भएको छ। यद्यपि, २०५७/०५८ मा राज्यले मध्यपश्चिमबाट बेपत्ता पारेका झन्डै २ सय ६७ सर्वसाधारणबारे अझै पनि सुरक्षाकर्मीले जानकारी सार्वजनिक नगरेको एड्भोकेसी फोरमले जनाएको





द्वन्द्वले नेपालगन्ज कतिसम्म प्रभावित छ भने छिमेकी भारतीय बजार रुपैडिहामा घर बनाउनेहरूको संख्या बढिरहेको छ ▲

छ। गैरकानुनी रुपमा पक्राउ परेका र बन्दी प्रत्यक्षीकरणको मुद्दाबाट रिहा भएका व्यक्तिहरूलाई अदालत हाताबाटै पुनः पक्राउ गर्ने सुरक्षाकर्मीहरू राष्ट्रिय मानवअधिकार आयोग तथा मानवअधिकार उच्चायोगको स्थापनापछि अदालतले रिहा गरेका व्यक्तिहरू पुनः पक्राउ गर्नबाट केही हदसम्म हच्किएका छन्। एड्भोकेसी फोरमका अधिकृत वसन्त गौतमका अनुसार पछिल्ला दिनहरूमा गैरन्यायिक हत्यामा पनि निकै कमी आएको छ भने २०६२ सालमा एकजना मात्र बेपत्ता पारिएको घटना जानकारीमा आएको छ।

यता पढाइलेखाइभन्दा व्यापार व्यवसाय या घरायसी कामलाई बढ्ता महत्त्व दिने मुस्लिम समुदाय होस् या पुस्तैनीदेखि दासतापूर्ण जीवन बिताउँदै आएका कमैयाहरू, अधिकांश व्यक्तिहरूले द्वन्द्वको विस्तारसँगै एकातिर शिक्षाको महत्त्व बुझेका छन् भने अर्कोतर्फ राजनीतिक चेतना कम भएका जनजातिहरू पनि राजनीतिप्रति चासो देखाउन थालेका छन्।

अघिल्लो वर्ष मात्र नेपालगन्जमा पहिलो पटक मुस्लिम युवती नजमुस्सबा अन्सारी चिकित्सक बनेकी छन्। पछिल्लो पुस्ता शिक्षा र क्यारिअरमा लागेको छ। घरमा थन्किएर बस्ने परम्परा रहेको मुस्लिम समुदायमा थुप्रै युवायुवती कलेज जाने गरेका छन्। राम्रोसँग बोलचाल गर्न नसक्ने थारू र अन्य जनजाति हक र अधिकारको लागि सडकमा निस्केर जुलुस र धर्ना गर्न सक्ने अवस्थामा पुगेका छन्। कैयन् थारू युवायुवती माओवादी विद्रोहमा सामेल भएका छन्।

देह व्यापारबाट गुजारा गर्दै आएको बादी समुदाय पनि यतिखेर देह व्यापारबाट माथि उठेर हक र अधिकारको माग गर्न थालेको छ। ग्रामीण भेकमा यति खेर चेतना क्रान्ति आएको केही व्यक्तिहरू मान्छन्। सेभ द चिल्ड्रेन युएसकी क्षेत्रीय संयोजक गंगा थकालीका अनुसार पछिल्लो समयमा मान्छेहरूमा समानता हुनुपर्छ भन्ने सोच आउनु नै सबभन्दा सकारात्मक पक्ष हो।

विगतमा एकापसमा बोल्न पनि नसक्ने दलित

**केही वर्ष अघिसम्म आकाशमा हेलिकोप्टर घुम्दा या सडकमा एम्बुलेन्स गुड्दा खाना लागेको बेलासमेत बाहिर निस्कने सर्वसाधारण आजकल एम्बुलेन्स र हेलिकोप्टर त के आफ्नै अगाडि बम पड्किँदा र मान्छे मारिँदा पनि डराउन छोडेका छन्।**

र गैरदलित या धनी र गरिब तथा हाकिम र पियनबीचको सम्बन्ध समानतातिर उन्मुख भएको छ। गैरसरकारी संस्थाहरूको संख्या बढ्नाले ग्रामीण भेकमा पनि चेतनाको लहर बढेको छ। गैरसरकारी संस्थाहरूमा रोजगारी पाउनेहरूको संख्या पनि बढेको छ। मध्यपश्चिममा पछिल्ला वर्षहरूमा कति गैरसरकारी संस्थाहरू थपिए भन्ने तथ्यांक नभए पनि द्वन्द्वले गैरसरकारी संस्थाहरू स्थापना गर्ने क्रम रोकिएको छैन। द्वन्द्व न्यूनीकरणका लागि काम गर्ने संस्थाहरूको संख्या बढ्दो छ। गैरसरकारी संस्था महासंघ क्षेत्रीय कार्यालयका खगेन्द्र कार्कीका अनुसार यति खेर मानवअधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरूको संख्या बढिरहेको छ। अन्य गैरसरकारी संस्थाहरूले पनि मानवअधिकार शब्द आफ्नो संस्थाको नाममा जोड्ने गरेका छन्।

अहिले एक दर्जनभन्दा बढी मानवअधिकारवादी संस्था नेपालगन्जमा कार्यरत छन्। बाँकेमा दर्ता भएका गैरसरकारी संस्थाहरूको संख्या ३ सयभन्दा बढी छ। मध्यपश्चिमका अन्य जिल्लामा दर्ता भएका संस्थाहरूले पनि यति खेर नेपालगन्जलाई मुख्यालय बनाएका छन्। केही गैरसरकारी संस्थाहरूको द्वन्द्वको विस्तारपछि आर्थिक अवस्था निकै बढेको छ। सानो कोठामा बसेर कार्यालय चलाउने गैरसरकारी संस्थाहरूसँग यतिखेर लाखौं मूल्यका गाडीहरू र सुविधासम्पन्न भवन छन्।

मुस्लिम र हिन्दुहरूको जनसंख्या झन्डै बराबरी रहेको नेपालगन्जमा विगतमा हुने जातीय तथा धार्मिक दंगा बन्द भएका छन्। दुई वर्षअघि इराकमा काम गर्न गएका नेपाली मारिँदा काठमाडौंमा ठूलो हुलदंगा भए पनि मुस्लिमहरूको संख्या बढी रहेको नेपालगन्ज शान्त रहनुमा द्वन्द्व पनि एक कारण रहेको स्थानीयवासी बताउँछन्। द्वन्द्वले एकातिर सर्वसाधारणको सोचाइमा परिवर्तन ल्याएको छ भने अर्कोतर्फ त्रास पनि बढाएको छ। त्रासका कारण धेरै मान्छे विवादमा नपरी सुरक्षित रहन खोज्ने उदाहरण धेरै देखिएका छन्।

केही वर्ष अघिसम्म आकाशमा हेलिकोप्टर घुम्दा या सडकमा एम्बुलेन्स गुड्दा खाना लागेको बेलासमेत बाहिर निस्कने सर्वसाधारण आजकल एम्बुलेन्स र हेलिकोप्टर त के आफ्नै अगाडि बम पड्किँदा र मान्छे मारिँदा पनि डराउन छोडेका छन्। एउटा एम्बुलेन्स गुड्दासमेत आश्चर्य मानी खाँदै गरेको भात छोडेर बाहिर निस्कने नेपालगन्जवासी अचेल घन्टौं लगाएर घरको छतमाथि हेलिकोप्टर घुम्दा पनि अचम्म मान्दैनन्।

व्यापार व्यवसायमा बढी व्यस्त रहने मुस्लिम बस्ती रहेको नेपालगन्जमा धार्मिक र परम्परागत कार्यमा रोकावट आई द्वन्द्वसँग सम्बन्धित क्रियाकलाप बढी हुन थालेपछि यतिखेर यो सहर द्वन्द्व शिविरमा परिणत भएको छ। नगरभित्रै पटक पटक माओवादीले सुरक्षाकर्मी र निरस्त्रको हत्या गर्नु, विस्फोटनका घटना जारी रहनु र व्यापारी तथा गैरसरकारी संस्थाबाट लाखौं रकम असुल्नु नेपालगन्ज द्वन्द्वग्रस्त क्षेत्रमा परिणत भएका उदाहरण हुन्।

मध्य र सुदूरपश्चिमका जिल्लामा फैलिएको हिंसात्मक गतिविधिका कारण विस्तारै नेपालगन्ज प्रभावित भएको हो। सुरक्षित थलोको रुपमा लिइने

नेपालगन्ज सुरुमा कसैले आश्रयको लागि त कसैले उपचारको लागि अनि कसैले सुरक्षास्थलका रुपमा लिए पनि अहिले आएर आफैं यो ठाउँ द्वन्द्वग्रस्तस्थलमा रुपान्तरण भएको छ। मध्यपश्चिमका पहाडी जिल्लाहरूबाट नेपालगन्जमा विस्थापित हुने र नेपालगन्जका रैथानेहरू सीमावर्ती भारतीय बस्तीमा विस्थापन हुने क्रम बढेको छ।

नेपालगन्जमा आफ्नो घर र आम्दानीको स्रोत पसल भए पनि त्रासका कारण स्थानीय रामकुमार वैश्य सीमावर्ती भारतीय बस्ती रुपैडिहामा मासिक तीन सय रुपैयाँ तिरेर एउटा कोठा भाडामा लिएर तीन छोराछोरी र श्रीमतीसँग बसेका छन्। उनलाई व्यवहारिक रुपमा अप्ठेरो भए पनि भित्री मन शान्त छ। उनी भन्छन्, 'आफ्नो घरमा बसिरहेको मान्छे भाडा तिरेर सानो कोठामा बस्नुपर्दा अप्ठेरो लागे पनि रुपैडिहामा हिंसात्मक घटनामा पर्ने सम्भावना छैन।'

नेपालगन्जको मध्यभाग त्रिवेणी मोडमा लाखौं रुपैयाँ मूल्य पर्ने घर भए पनि वैश्य पाँच महिनादेखि सीमावर्ती भारतीय भूमि रुपैडिहामा विस्थापन भएर मिठाई बनाउने काममा लागेका छन्। सन्तोषपूर्वक गुजारा चलाइरहेका रामकुमार मात्र हैन, दुई वर्षदेखि नेपालगन्जमा बस्दै आएका दुई दर्जनभन्दा बढी परिवार डर र त्रासका कारण भारतीय बस्तीहरूमा सरेका छन् भने त्यति संख्यामा यहाँका व्यापारीहरू भारतको रुपैडिहा, बहराइच, लखनउ जस्ता सहरहरूमा द्वन्द्वका कारण विस्थापित भएका छन्।

भारतीय भूमिमा घरसम्पत्ति खरिद गर्ने क्रम पछिल्ला दिनहरूमा बढ्दो क्रममा छ। दुई वर्षयता नेपालगन्जमा आर्थिक तथा सामाजिक रुपले सबल मानिएका ५० भन्दा बढी व्यक्तिहरूले रुपैडिहा आसपासका स्थानमा घरजग्गा खरिद गरेका छन्। यीमध्ये अधिकांश नेपालगन्जका रैथानेहरू छन्।

यता बाँकेको रझेनामा मध्यपश्चिमका नौवटा पहाडी जिल्लाहरूबाट विस्थापित भएका दुई सय परिवारहरू शरणार्थी क्याम्प बनाएर बसिरहेका छन्। यसबाहेक नेपालगन्जमा माओवादी त्रासका



▲ नेपालगन्जमा राष्ट्रसंघलगायत गैरसरकारी संस्थाहरूको चहलपहल खुब बढेको छ

# परिवर्तनतिर समाज

**पुस्तैनीदेखि मागेर जीवन** निर्वाह गर्दै आइरहेका बाँके, हिरमोनिया-२ का मगन्ताहरू आजकल माग्न त निस्कन्छन् तर पहिलेको भन्दा निकै कम। वर्षमा ६ महिना माग्न घर बाहिर त ६ महिना मागेर ल्याएको पैसा, खानेकुराबाट जीवन निर्वाह गर्दै आएका ६५ परिवार मगन्ताहरूको घरअगाडि बाटो बनेको छ भने केही मगन्ताहरूले आयमूलक काम माछा, कुखुरा, बंगुर पालनसमेत गर्न थालेका छन्। यसअघि बरालिएर हिँड्ने मगन्ता युवाहरू आजकल रिक्सा चलाउन थालेका छन्। रिक्सा चलाउन नसक्नेहरू मजदुरी गरेरसमेत आय आर्जन गर्न थालेका छन्।

परम्परादेखि मागेर हिँड्ने र मागेको पैसाले रक्सी र मासु खाने अनि एकापसमा झगडा गर्ने बानी भएका मगन्ताहरू आजकल सानातिना विषयमा झगडा गर्नु र रक्सी खाएर पैसा तथा समयको नष्ट गर्नु पनि उचित होइन भन्न थालेका छन्। 'गैरसरकारी संस्थाहरू धमाधम गाउँमा पस्न थालेपछि मगन्ताहरूको सोचाइमा नै परिवर्तन आएको छ', मगन्ता बस्तीका अगुवा ४५ वर्षीय बृजलाल माहुत भन्छन्।

खासगरी दुई वर्षअघि लुथरन विश्व फेडेरेसनको सहयोगमा सहकर्मी समाजको शक्ति कार्यक्रम सुरु भएपछि समाजमा केही गर्नै पर्ने रहेछ भन्ने सोच आएको मगन्ताहरू बताउँछन्। 'पहिला-पहिला हामीलाई अरूले सहयोग गरिदिए हुन्थ्यो भन्ने लाग्थ्यो। तर, अहिले आवश्यकतानुसार हामी आफैं सहभागी भएको सहयोग हुनुपर्छ र अरूको सहयोग लिँदा आफ्नो तर्फबाट पनि केही गर्नुपर्दो रहेछ भन्ने ठानेका छौं', बाल्यकालदेखि माग्दै आएका ४५ वर्षीय लालता माहुत भन्छन्।

केही समयअघि केही गैरसरकारी संस्थाका मान्छेहरू मगन्ता बस्तीमा पुगेर कापी र कलम बाँडेको घटनाले पनि मगन्ताहरू समाजका केही मान्छेहरूले आफूलाई कसरी ठग्दा रहेछन् भन्ने बुझेका छन्। 'झन्डै चार सय मगन्ताहरू रहेको हिरमोनिया-२ मा एक-एकजना कक्षा १० र ९ मा पढेर छोडेको तथा चारजना कक्षा पाँचभन्दा मुनि पढ्नुबाहेक बाँकी सबै निरक्षर छन्। तर, कापी, कलम केको लागि वितरण गरियो आश्चर्यचकित छौं', अर्की मगन्ता केशरीया माहुत भन्छिन्, 'पहिला पहिला हाम्रा आवश्यकताभन्दा बाहिरका सामान वितरण हुने गरे पनि कुनै जानकारी थिएन। तर, अब नियमित समूहको सम्पर्कपछि आवश्यकता र समस्याहरूका बारेमा छलफल गर्न सक्ने भएका छौं।'

मगन्ता बस्तीमा रहेको एकता समूहले घरअगाडिको बाटोमा माटो पटान गरेको छ भने विकास चाहियो भन्दै विद्युत्, कृषि जस्ता कार्यालयमा निवेदन दर्ता गराइसकेको छ। विगतमा उनीहरू सरकारी कार्यालयमा माग्नको लागि बाहेक अरू बेला जानुपर्छ भन्ने जानकारी नै राख्दैनथे। गैरसरकारी संस्थाका मान्छेहरूसँग पनि नडराईकन मगन्ताहरू कुरा गर्ने र स्वागत गर्न सक्ने भएका छन्। दुई वर्ष अघिसम्म बस्तीमा कोही नयाँ मान्छे आयो भने माग्न तम्सने मगन्ताहरू आजकल नौला मान्छेहरू देख्नेबित्तिकै माग्नुको साटो किन आएको भनी परिचय खोज्छन्।

यति खेर बाँकेको हिरमोनियामा रहेको मगन्ताहरूले मात्र अब हामीले केही गर्नुपर्छ र हामीलाई पनि विकास चाहिन्छ, हामी पनि अवसर चाहन्छौं भन्न थालेका होइनन्। यस्तो दृश्य केही वर्ष अघिसम्म निकै पछि परेको देखिने मधिसे, तराईका दलित या अन्य जनजातिमा देख्न सकिन्छ। गैरसरकारी संस्थाहरूले गाउँमा गठन गरेका समूहमा जम्मा हुने रकमले विगतमा भोग्नु परेका उनीहरूका समस्या निकै हदसम्म न्यून भएका छन्। विरामी पर्दा होस् वा कुनै घरायसी कामको लागि चाहिने ऋण खोज्दा विगतमा साहु महाजनको सेवा गर्नुपर्ने, जिन्दगीभर लिएको ऋण तिर्न नसक्ने तथा साहु महाजनबाट सर्वसाधारणकी छोरीबुहारीलाई गर्ने शोषण पनि निकै कम भेटिन्छन्, यति खेर ग्रामीण भेकमा।

साइगाउँको सृजनशील युवा समाजका अध्यक्ष कामताप्रसाद रैदासको अनुभवमा ग्रामीण भेकमा सर्वसाधारण एकजुट भएर समूह निर्माण गरेपछि पहिलो कुरा गाउँघरमा झगडामा निकै कमी आएको छ। पहिला स-साना कुरामा झगडा गर्न तम्सनेहरू आजकल ठूला ठूला सहयोग गर्छन्, एकापसमा। कुनै विकास चाहियो भने सबै मिलेर कुरा गर्दा निकै सजिलो भएको छ। अर्को कुरा सानातिना समस्या गाउँलेहरू एक्लैले समाधान गर्ने गरेका छन्। यसअघि निरक्षर गाउँलेहरूले गरेर केही हुँदैन भन्नेहरू आजकल आफैंले गर्नुपर्छ भनेर अघि आएका छन्, उक्त समूहका सदस्य रामबहादुर रैदासले भने। विगतमा विरामी हुँदा घन्टौं साहुको खुट्टा ढोक्नु पर्ने बाध्यता भोगेका सर्वसाधारणले आजकल चाहिएको जुनसुकै बेला समूहमा जम्मा भएको पैसा लिन्छन् र परेको समस्या टार्छन्, साइगाउँकै जोगागाउँस्थित सुधार समूहका मन्साराम कहार जानकारी दिन्छन्।

गैरसरकारी संस्थाहरूका कार्यक्रम सुरु भएपछि गाउँघरमा सरसफाइ गर्ने, चाहिएको विकास निर्माण

कारण विस्थापित राजनीतिक दलका कार्यकर्ता, सुरक्षाकर्मीका आफन्त तथा सर्वसाधारण पनि छुट्टाछुट्टै विस्थापित छन् । विगत ६-७ वर्षदेखि नेपालगन्जमा देखिएको अर्को परिवर्तन बढ्दो बसाइँसराइ पनि हो । एक दशक अघिसम्म झन्डै ३५ हजार जनसंख्या रहेको नेपालगन्ज नगरपालिकामा हाल जनसंख्या बढेर झन्डै १ लाख पुगेको छ र अन्य गाविसमा पनि पहाडी जिल्लाबाट बसाइँसराइ गर्ने क्रम बढेको छ । त्यस्तै १० वर्षअघि १० हजार जनसंख्या रहेको कोहलपुरमा अहिलेको जनसंख्या २० हजारभन्दा बढी छ ।

माओवादी त्रासका कारण शान्ति र कामको खोजीमा भारत पस्नेहरूको मूल स्थल हुँदै आएको नेपालगन्जमा यतिखेर बम नपड्केको वा युद्धमा सर्वसाधारण नपरेको दिन कमै भेटिन्छ । पुस १८ गते तेस्रो युद्धविराम भंग भएपछि नेपालगन्जमा माओवादी र सुरक्षाकर्मीबीच भएका भिडन्तमा २१ जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् । त्यस्तै एक दर्जन सरकारी कार्यालयमा बम विस्फोट भएको छ । राति त के त्रासका कारण दिउँसै स्थानीय प्रशासनले लगाएको कर्फ्यु पनि नेपालगन्जवासीको लागि सामान्य भइसकेको छ । राजाको आदेशपछि नेपालगन्जमा रहेका सेना, जनपद र सशस्त्र प्रहरीका क्षेत्रीय कार्यालय सुर्खेत सारिएपछि थप त्रास बढेको छ ।

११ वर्षअघि सुरु भएको द्वन्द्वले धेरैको जीवनमा कहिले नमेटिने पीडा दिए पनि केही मान्छेको लागि भने द्वन्द्व फलिफाप भएको पाइन्छ । अघिल्लो वर्ष सामान्य खान र बस्न मिल्ने ५ सय होटेल रहेको नेपालगन्जमा यो वर्ष त्यस्ता होटेलहरूको संख्या ७ सय पुगेको छ । द्वन्द्वले हरेक क्षेत्र अस्तव्यस्त भए पनि द्वन्द्व न्यूनीकरणमा काम गर्ने गैरसरकारी संस्थाहरूको वृद्धि र ती संस्थाहरूले पटक पटक सञ्चालन गर्ने तालिम, सेमिनारहरूले ती होटेल धानिएका छन् ।

द्वन्द्वले साना होटेल व्यवसायीहरू मर्कामा परे पनि मध्यम खालका होटेललाई भने खासै अप्ठेरो परेको पाइँदैन । होटेल अर्गनाइजेसन नेपालगन्जका उपाध्यक्ष प्रेमलाल सापकोटाका अनुसार नेपालगन्जका होटेलहरू अधिकांश गैरसरकारी संस्थाहरूबाट धानिएका छन् । सात सय होटेल रहेको नेपालगन्जमा कहिलेकाहीं सामान्य कार्यक्रम गर्न सक्ने हलको अभावका थुप्रै संस्थाका कार्यक्रम स्थगित भएका उदाहरण पनि प्रशस्त छन् । हाल नेपालगन्जमा झन्डै २ हजार ५ सय व्यक्तिहरूले होटेलमा रोजगारी पाएका छन् ।

पछिल्ला दिनमा मध्यपश्चिमका पहाडी जिल्लाहरूमा पुग्ने विदेशी पत्रकारको संख्या अझ बढेर गएको छ । द्वन्द्वसम्बन्धी समाचार संकलन गर्न कति विदेशी पत्रकारहरू आए भन्ने कुनै निकायसँग रेकर्ड नभए पनि पछिल्लो दुई वर्षयता प्रमुख विदेशी संचारमाध्यमका प्रतिनिधिहरूलगायत झन्डै दुई सय विदेशी पत्रकार माओवादीसम्बन्धी रिपोर्टिङको लागि नेपालगन्जलाई आधारस्थल मानी द्वन्द्वको उद्गमस्थल रुकुम, रोल्पा, जाजरकोटलगायत युद्धप्रभावित बस्तीहरूमा पुगे । यसबीचमा केही विदेशी पत्रकारहरूले नेपालमा चलिरहेको द्वन्द्वबारे पुस्तकसमेत प्रकाशन गरे । ■

▼ मगन्ताहरू बिस्तारै जिविकोपार्जनका लागि काम गर्न थालेका छन्



**परम्परादेखि मागेर हिंड्ने र मागेको पैसाले रक्सी र मासु खाने अनि एकापसमा झगडा गर्ने बानी भएका मगन्ताहरू आजकल सानातिना विषयमा झगडा गर्नु र रक्सी खाएर पैसा तथा समयको नष्ट गर्नु पनि उचित होइन भन्न थालेका छन् ।**

माग गर्ने, हामी कहाँ किन विकास भएन र त्यसको लागि के गर्नुपर्छ भन्ने विषयमा छलफल हुने, महिला र पुरुष भनेका समान हुन् भन्ने जानकारी हरेक सर्वसाधारणले बुझेका छन् । कयौं सर्वसाधारण चाहिने विकास निर्माणको लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरूमा समेत पुगिसकेका छन् ।

बस्ती बसेदेखि नै एकापसमा झगडा गर्ने, महिलाहरू पराई लोग्ने मान्छेसँग बोल्नु हुँदैन भन्ने मान्यता राख्ने मधेसी समुदायको बाहुल्य रहेको बेलभार-९ का सर्वसाधारणमा पनि दुई वर्षदेखि नयाँ सोच विकास भएको छ । दुई वडाको उक्त गाउँमा उनीहरूले ज्योति, जानकी, हरिजन र एकता समूह गठन गरेर एकापसमा झगडा गर्ने चलन छोडेका छन् भने आफ्ना हक र अधिकार राम्रोसँग बुझेको जानकारी दिन्छन् ।

गाउँमा रहेको विद्यालयमा विगतमा पढाइ हुन्थ्यो वा हुँदैनथ्यो भन्ने जानकारी र मतलब नराख्ने बेलभारका सर्वसाधारण यति खेर विद्यालयमा कुन विषय पढाइ हुन्छ भन्ने मात्र होइन, विषयगत शिक्षकसमेत कस्ता छन् भन्ने जानकारी राख्छन् । 'बुझ्दै जाँदा अंग्रेजी पढाउने शिक्षकको कमजोरीका कारण विद्यार्थी फेल हुँदा रहेछन् भन्ने पत्ता लाग्यो', बेलभारमै रहेको जानकी समूहका खेमराज बर्मा भन्छन्, 'राम्रो शिक्षकको लागि जिल्ला शिक्षा कार्यालयमा माग गरेपछि बल्ल योग्य र राम्रा शिक्षक आएका छन् ।' वर्षौंदेखि विद्यालय नहुँदा पनि कुनै मतलब नराखेको सोनपुरका मुसलमानहरू पनि समूहमा आबद्ध भएपछि विद्यालय नभई नहुने रहेछ भन्ने निर्णय निकालेर लामो प्रयासपछि घरछेउमै विद्यालय भवन बनाउन सफल भएका छन् । विपन्न सर्वसाधारणले सोनपुर-६ मा हरेराम समूह गठन गरेर लामो समयदेखि विद्यालय बनाउन थालेको प्रयास डिएफआईडीले आर्थिक सहयोग गरेपछि भर्खरै निर्माण कार्य सकिएको छ ।

गाउँका अधिकांश सर्वसाधारण निरक्षर भए पनि विद्यालय बनाउन लगातार प्रयास गर्दा डिएफआइडीले करिब साढे चार लाख रुपैयाँ सहयोग दिएको थियो भने सर्वसाधारणले पनि श्रमदान गरेका थिए । विद्यालय भवन निर्माणपछि ७० जना विद्यार्थीलाई सजिलो भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उतुदिन खा मक्ख हुँदै आउँदो कात्तिकसम्म जिल्ला शिक्षा कार्यालयबाट विद्यालयको स्वीकृति लिइसक्ने जानकारी दिन्छन् । सोनपुरकै वडा नम्बर ६ मा सर्वसाधारणले दिलसागर र नमस्ते समूह पनि स्थापना गरेका छन् । सोनपुरका यी समूहले अन्य निकायमा माग गरेर खानेपानीका धारा र सिँचाइका लागि स्यालो ट्युबेलसमेत जडान गरेका छन् भने केही कृषक व्यवसायिक रूपमा तरकारी खेतीमा लागेका पनि भेटिन्छन् । ■



दाङको चखौरा गाउँमा थारू महिलाहरूमा सशक्तिकरणको नमुना देख्न सकिन्छ



# आधुनिकताको बाटोमा

विश्वमणि पोखरेल/राजापुर (बर्दिया) तस्वीर पनि

**थारू समाजमा प्रशस्तै जागरण आएको छ, शिक्षा लिनेहरू बढेका छन् अनि आम्दानी पनि बढेको छ, जीवनशैलीमा पनि परिवर्तन आएको छ। तर, त्यससँगै आफ्नो पहिचान र संस्कृति गुम्ने अवस्थाले चिन्तित छन् सामाजिक नेताहरू।**

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५७ साउनमा कमैया मुक्तिको घोषणा गर्दा बर्दियाकी दुलारी देउवाकी सासु प्रतिभा राणाकी कमलरी थिइन्। दिनभरि खेतमा पाखुरा चलाउँथिन् बिहान बेलुका आफ्ना राजासाबहरूको घरधन्दा गर्थिन्। अहिले दुलारी नेपालगन्ज धम्बोजी चोकको एउटा ड्राइभिङ प्रशिक्षण केन्द्रमा प्रशिक्षक छिन्। गाडी सिक्ने युवाहरूले गुरुमा भन्छन् उनलाई। मासिक २ हजार रुपैयाँ पारिश्रमिकमा शनिवारबाहेक महिनैभरि इन्स्टिच्युटको 'कमैया' बनाइएकी छन् उनी। उनले नजानेको केही छैन, कमैयाहरूलाई पुनर्वास गराउनका लागि अदूरदर्शी सरकार र दातामुखी गैरसरकारी संस्थाहरूले संचालन गरेका अनेक तालिम लिइन् उनले। सिलाइको तालिम त उनले ९ महिना लिइन् र एउटा सिलाइ मसिन पनि प्राप्त गरिन्। तर, काम केही पाइनन्। दुई वर्षअघि अर्को तालिम पाइन ड्राइभिङको र अहिले त्यही तालिमको उपयोग गरिरहेकी छन् उनी।

भुरीगाउँ, कैलालीका पूर्व कमैयाका छोरा सन्तोष चौधरी यति बेला वीरेन्द्रनगर सुर्खेतमा घर निर्माणको ठेकेदार भएका छन्। १० वर्षअघि निर्माण व्यवसायमा मजदुर भएर लागेका सन्तोषका साथमा १६ जना थारू युवक काम गर्छन्। सन्तोष भन्छन्, 'समूह-समूह बनाएर रोजगारीका लागि हिँड्ने चलन बढ्दो छ।'

सबेरै तरकारी लिएर तुल्सीपुर बजार आएकी सोलारिक चौधरी दस बज्दा नबज्दै पोल्टाभरि पैसा बोकेर घर फर्कंदै थिइन्। उनले गौरवसाथ भनिन्, 'सात आठ वर्ष अगाडिसम्म लोग्नेको पछि लागेर बजार जान्थ्यौं, बोल्न सक्तैनथ्यौं, अहिले व्यापार गर्छौं। अहिले त हामीमा बोल्न लजाउनु हुँदैन भन्ने चेतना आयो, त्यसले राम्रो खाने, लगाउने र दुनियाँ हेर्ने कुरा सिकायो।' दस वर्ष अघिसम्म ३५ जनाको संयुक्त परिवार भएका गुराउ तेजबहादुर थारूको परिवार अहिले ६ जनामा झरेको छ। उनी भन्छन्, 'पहिले घरबाट छुट्टिनेलाई राम्रो मानिँदैनथ्यो हाम्रो समाजमा, आजकल सानो परिवार सुखी हुन्छ भन्छन् सबैजना।'

थारू समुदायको सामाजिक चालचलन, व्यवहारमा र संस्कृतिमा छोटो समयमा आएको आमूल परिवर्तनका साक्षी यी राजापुर, मुरैया गाउँका 'गुराउ' तेजबहादुर नियमित काम आफ्नो परम्परागत ज्ञानअनुसार औषधीमूलो र पूजापाठ गर्ने हो। तर, अहिले उनको त्यो भूमिका पनि फेरिएको छ, बिरामी भएर आफूकहाँ औषधीमूलो गर्न आउनेहरूलाई डाक्टरी उपचार गराउन सल्लाह दिन थालेका छन् उनी।

मध्यपश्चिमको मधेस र भित्री मधेसका थारू समुदायमा आएको व्यापक परिवर्तनका केही उदाहरण हुन्। यस्तै उदाहरणबाट चिन्तित छन्, थारूहरू अध्येता तथा राजनीतिकर्मी महेश चौधरी। उनी भन्छन्, 'भाषा, संस्कृतिमा थारू समुदाय आफ्ना कुरा छोड्दै छ, नयाँ नयाँ चलन भित्र्याउँदै छ।'

बोल्न लजाउने, इमानदार, मेहनती र सोझा मानिसका रूपमा परिचित दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारूहरूमा विगत एक दशकको छोटो समयमै उल्लेखनीय परिवर्तन आएको छ। महिलाहरू सशक्त भएका छन्, पुरुषहरू बाहिरी दुनियाँ हेर्न थालेका छन् तर त्यससँगै उनीहरूले आफ्नो पहिचान र संस्कृति पनि गुमाउने स्थिति आइसकेको छ।

दाङको तुल्सीपुर र देउखुरी क्षेत्र होस् वा बाँकेको रझैना कमैया क्याम्प वा बर्दियाको राजापुर क्षेत्र नै किन नहोस् सबै क्षेत्रका थारू समुदायले सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा फड्को मारेको देखिन्छ। तर, अधिकारका बारेमा जुन मात्रामा थारू समुदाय सचेत भएको छ, जीविकोपार्जनका मामलामा सबै ठाउँमा एकरुपता छैन। माओवादी सशस्त्र द्वन्द्वको सबैभन्दा बढी मार पनि बर्दिया, कैलाली र कञ्चनपुरका थारू समुदायमा नै परेको छ।

थारूहरूको सुन्दर र बाक्लो बस्ती भएको दाङ तुल्सीपुर पश्चिमको चखौरा, गाउँमा बीस वर्ष अगाडिसम्म फुसका मात्र घर थिए। त्यसको एउटा कारण आर्थिक अभाव त थियो नै अर्को कारण माटो पकाए मरिन्छ भन्ने अन्धविश्वास। तर, अहिले त्यहाँका ६५ वटै घर इँटाले बनेका छन्।

थारूहरूले अझै पोलेको इँटा प्रयोग गरेका छैनन्, काँचो इँटाको पर्खालमा माटोको लेप लगाएर सिनित्त पारेका छन् र छानो भने पोलेका खपडाले छाएका छन्। अधिकांश घरका झ्यालढोकामा चौकस मात्र देखिन्छन्, खापा हालिएको छैन। करिब ६ सय जनसंख्या रहेको चखौराका थारूहरूले १४ वर्षअघि लगाएको २४ हेक्टर क्षेत्रफलको बनको कमाल हो, खपडाको छानो।

स्थानीय सुकदेव चौधरी भन्छन्, 'सामुदायिक वनबाट दाउरा पुगेको छ, दाउरा पुगेकोले खपडा पोलेर छानो हाल्यौं।' ६-७ वर्ष अघिसम्म पनि दाउरा जोहो गर्न वर्षमा ६ महिना लागिपर्नुपर्ने चखौरावासीको बाध्यता अहिले टरेको छ। इँटाले बनेका घरमा अधिकांश झ्यालढोकाका खापा मात्र छन्। ब्याकवार्ड एजुकेसन सोसाइटी (बेस)का केन्द्रीय सदस्य तथा स्थानीय बासिन्दा पूर्णबहादुर चौधरी भन्छन्, 'सामुदायिक वनका रुख काठका लागि तयार भइसकेका छैनन्। अब २-४ वर्षमा फल्याक निकाल्न मिल्ने भएपछि झ्यालढोका हाल्ने अभियान सुरु हुन्छ।'

धान छर्ने परम्परागत शैलीमा आएको परिवर्तन, कृषि प्रविधि र रासायनिक मलले गाउँको आर्थिकस्तर निकै माथि उठाएको छ। १२-१५ वर्षअघिसम्म धान छर्ने त्यहाँका थारूहरूमा रोप्दा धेरै फल्छ भन्ने चेतना थिएन। गाउँका सबैभन्दा पाका ७२ वर्षका धनवीर चौधरी भन्छन्, 'पहिले २ मुरी धान छर्दा ४ मुरी फल्दथ्यो, रोप्न थालेपछि बीसौं गुणा बढी फल्न थाल्यो। पहिले खान पुग्दैनथ्यो, आजकल हामी अन्न बेच्दछौं।'

त्यस्तै पार्वती चौधरी पैसा खेलाउने र बचत गर्ने परम्परा सुरु भएकोमा खुसी छन्। पार्वतीका अनुसार उनीहरूले संचालन गरेको बचत समूहमा करिब पाँच लाख जम्मा भएको छ।

यहाँ तरकारी खेती फस्टाएको एक दशक पनि भएको छैन। तर, त्यसले महिलाहरूको जीवनशैली र सोचमा उल्लेखनीय परिवर्तनन ल्याएको छ। दाङ तोरी प्रशस्त उत्पादन हुने जिल्ला हो। थारूहरू तोरी उब्जाउने, तोरी पेल्ने र बेच्ने गर्दथे भने तोरीको डाठ बालेर त्यसबाट निस्किएको खरानी वर्षभरि लुगा धुन र महिलाहरूले कपाल नुहाउन प्रयोग गर्दथे। अब त्यो अवस्था छैन, चखौरा गाउँको सानो पसलमा साबुन अनि सेम्पुका स-साना प्याकेट झुन्डिएको देखिन्छ भने तोरीको डाँठ तरकारीका फेदमा। डाँठले चैत, वैशाखको खडेरीमा लामो समयसम्म चिसोपना राख्न सक्छ भन्ने कुरा थाहा पाएपछि तोरीका डाँठ बाल्नेभन्दा तरकारीका जरामा हाल्न थालियो।

चखौरा थारू समुदायमा विगत डेढ दशकयता प्रशस्त काम गरेको ब्याकवार्ड एजुकेसन सोसाइटी (बेस) को केन्द्रीय कार्यालय रहेको गाउँ हो तीन वर्षअघि माओवादी आक्रमणमा पर्नुअघिसम्म। १५ वर्षअघि सुरु गरेको प्रौढ शिक्षाले पाकाहरूलाई कखरा सिकायो भने बालबालिकालाई पढाउनुपर्छ भन्ने बलियो प्रभाव यसले छाड्यो।

बेसका अध्यक्ष डिल्ली चौधरी पछिल्लो एक दशकमा थारू समुदायमा आएको सबैभन्दा ठूलो उपलब्धि जागरण मान्दछन्। कमैयामुक्तिको अभियानकर्ताका रुपमा परिचित डिल्ली शिक्षाका क्षेत्रमा थारू समुदायले फड्को मारेको दाबी गर्छन्। उनी भन्छन्, '१० वर्षअघि स्कुलमा केटाहरू मात्र हुन्थे, अहिले केटीहरूको उपस्थिति पनि हाराहारीमा छ।' डिल्लीका अनुसार पहिला जग्गा बेच्ने थारूहरूमा अहिले किन्नुपर्छ भन्ने भावना जागेको छ, जग्गामा लगानी गर्न थालेका छन्।

दाङको देउखुरी उपत्यकाका थारू पनि उत्तिकै जागरुक

महेन्द्र चौधरी



**'भाषा, संस्कृतिमा थारू समुदाय आफ्ना कुरा छोड्दै छ, नयाँ नयाँ चलन भित्र्याउँदै छ।'**



समाजमा आएको परिवर्तनले थारु बस्तीहरू सम्पन्न र वैभवपूर्ण देखिन्छन्

देखिन्छन् । देउखुरीमा कमलरी प्रथा समस्याको रुपमा देखिन्छ । कमलरी प्रथाको विरोधमा अभियान संचालन गर्दै आएको गैरसरकारी संस्था स्वानका अध्यक्ष कृष्ण चौधरी थारू समुदायमा एक दशकमा आएको परिवर्तनबारे यसरी चर्चा गर्छन्, 'अधिकारको खोजी गर्न आफैं संगठित हुन थाले । अधिकारको खोजी ठूलो उपलब्धि हो ।' उनी थारू समुदायमा परिवर्तन ल्याउने सबैभन्दा प्रभावकारी काम प्रौढ शिक्षा भएको बताउँछन् । उनी भन्छन्, 'प्रौढशिक्षाले चेतना खोल्यो, प्रौढ शिक्षा पढेर के नै हुन्छ र भन्नेहरूमा आफ्ना बालबच्चालाई पढाउनुपर्छ भन्ने भावना विकसित गरायो ।'

कृष्ण चौधरी खेतमा मात्र काम गर्ने थारुहरूको पेसामा पनि विविधिकरण भएको जानकारी दिन्छन् । थारू युवाहरू सिकर्मी, डकर्मी, व्यापार, लगायतका पेसामा लागेको देख्न सकिन्छ ।

थारूहरूकै अर्को बस्ती देउखुरीको गुर्जिहवा गाउँकी १० वर्षकी सुशीला चौधरी भन्छिन्, 'म ४ कक्षामा र एकजना दिदी ५ कक्षामा पढ्छौं, दुई दाइहरूले पढेनन्, एउटा भाइ तीनमा पढ्दै छ ।' साँच्चै नै नयाँ पुस्तामा शैक्षिक जागरण देखिएको छ ।

गुर्जिहवाको महिला कल्याण केन्द्रकी अध्यक्ष गोदावरी चौधरी भन्छिन्, 'आजकल गाउँका सबै केटाकेटी स्कुल जान्छन्, नपठाउने अभिभावकलाई सम्झाउने काम गर्छौं ।' परिवार नियोजनका बारेमा गोदावरीको कथन यस्तो छ, 'दुइटा भएपछि तेस्रो पाउने कि नपाउने भनेर सोच्ने अवसर पाउँदैनन दम्पतीहरूले । हामी सक्रियताका साथ लागी परेका छौं ।' थारू महिलाका बारेमा आएको परिवर्तनबारे उनको कथन यस्तो छ, 'घरबाट निस्कन पाउँदैनथ्यौं, यता उता जान पाएका छौं । जे काम पनि पुरुषलाई सोधेर गर्नु पर्दथ्यो, अब त्यस्तो अवस्था छैन ।'

थारू महिलाहरूको परम्परागत पोसाक लेहङा र चोली अब पाकाहरूको मात्र पोसाक बनेको छ । ग्रामीण भेगका अधबैंसे महिला सारी चोलो र युवतीहरूले कुर्तासुरुवाल लगाउँछन् ।

घुमाहा थारू बस्तीका बडघर तीलक चौधरी आधुनिक कृषि र रासायनिक मलले किसानको जीवनस्तरमा आमूल परिवर्तन ल्याएको बताउँछन् । तीलकको अनुभवमा ५-७ वर्षको छोटो अवधिमा आएको क्रान्तिकारी परिवर्तन रक्सी सेवनमा व्यापक कटौती हो । हरेक चाडपर्वमा घर-घरमा रक्सी पार्ने र एकले अर्काको घरमा गएर जाँडरक्सी खाने चलन घटेको उनी बताउँछन् । तीलक भन्छन्, 'घरमा त्योहार मान्न जाने चलन थियो । त्यो चलन हरायो, सांस्कृतिक चाडपर्वमा आ-आफ्नो घरमा बनायो, आफैं मात्र खायो ।' जाँडरक्सी सेवनमा आएको परिवर्तनबाट के भयो त ? तीलक भन्छन्, 'अन्न जोगियो, झै-झगडा ह्वात्तै घट्यो ।'

गुर्जिहवा गाउँको गाउ सुधार समिति थारू संस्कृति जोगाउने, सरसफाइ, स्वास्थ्य सेवा र शिक्षाका लागि वकालत गर्ने संस्था हो । समितिले कमलरी छोडेका १० देखि १६ वर्षसम्मका युवतीलाई औपचारिक शिक्षा दिने पनि गरेको छ । शिक्षिका कृष्णा चौधरी भन्छिन्, 'अहिले त स्कुल नजाने स-साना केटाकेटी गाउँमा देखिँदैनन् ।' यद्यपि थारू समुदायमा प्राथमिक शिक्षा आर्जन गर्न बालबालिका जाने तर माथ्ला कक्षामा चढेपछि क्रमशः पातलिँदै जाने समस्या छन् । ५,६ कक्षा पुगेपछि छोड्ने रोग देखापर्‍यो । यस्तो रोग केटीहरूको तुलनामा केटाहरूमा बढी छ । स्कुल छोड्ने कारण किशोरावस्थादेखि रोजगारीमा लाग्नुपर्ने गरिबी र माओवादी सशस्त्र विद्रोह दुवै हुन् । अहिलेका थारू युवाहरू आफ्ना बाबुबाजे जस्तो आफ्नै गाउँका जमिनदारको खेत खोस्ने काम मात्र गर्दैनन्, गाउँबाट सहरमा काम खोज्न निस्कन थालेका छन् । सहरी क्षेत्रमा समूह बनाएर काम गर्न जाने प्रवृत्ति पनि बढ्दो छ ।

बर्दियाको राजापुर क्षेत्र अन्नउत्पादनका दृष्टिले निकै अगाडि छ । राजापुरका ११ वटा गाविसको करिब १ लाख जनसंख्यामध्ये ७० प्रतिशत थारूहरू छन् । धान र गहुँ गरेर वर्षको करिब ७ लाख क्विन्टल उत्पादनभन्दा बढी उत्पादन हुने गर्दछ । तर, अधिकांश जमिन 'राजाहरूको' बिर्ता भएकाले कमैया प्रथा अन्त्य भएपछि राजापुरबाट अन्यत्र कमाउन जानुपर्ने बाध्यतामा पुगेका छन् आदिबासी थारुहरू । केही वर्षयता सिमला र कश्मीरका स्याउको बगानमा काम गर्न इमानदार थारूहरू खोज्न भारतीय दलाल आउन थालेका छन् ।

माओवादी सशस्त्र द्वन्द्वले पनि किशोरहरूको शिक्षा प्रभावित पारेको छ । थरूवान मुक्ति मोर्चा माओवादीका जातीय मोर्चामध्ये निकै बलियो र कम विवाद भएको मोर्चा मानिन्छ । थारू समुदायलाई नजिकबाट चिन्नेहरू द्वन्द्वको मारमा थारू समुदाय नराम्ररी फसेको बताउँछन् । माओवादी आक्रमणको सबैभन्दा गहिरो चोट थारू समुदायमा परेको छ । माओवादीका नाममा सुरक्षाकर्मीबाट मारिने, यातना पाउनेहरूमा बाँके, बर्दिया र कैलालीमा थारुहरूकै संख्या माथि आउँछ भने प्रत्यक्ष आक्रमणमा माओवादीतर्फ ज्यान दिनेहरूमा पनि थारूहरूकै बाहुल्य भएको जानकारहरू बताउँछन् ।

दाङको चखौरा गाउँबाट यस वर्षको एसएलसीमा जाँच दिनेहरूमा १२ जना थारू युवती र ६ जना युवा छन् । किन युवकको संख्या कम ? स्थानीय सुकदेव थारू भन्छन्, 'केटाहरू बरालिन्छन्, राम्रोसँग पढ्दैनन् ।' सुकदेवले भनेजस्तो बरालिने कारण पर्याप्त छैन । किशोरहरू कि माओवादीमा लागेका छन् कि अन्यत्र पलायन भएका छन् । थारू बस्तीहरूमा प्राथमिक शिक्षाको जति उज्यालो

**माओवादी आक्रमणको सबैभन्दा गहिरो चोट थारू समुदायमा परेको छ । माओवादीका नाममा सुरक्षाकर्मीबाट मारिने, यातना पाउनेहरूमा बाँके, बर्दिया र कैलालीमा थारुहरूकै संख्या माथि आउँछ भने प्रत्यक्ष आक्रमणमा माओवादीतर्फ ज्यान दिनेहरूमा पनि थारुहरूकै बाहुल्य भएको जानकारहरू बताउँछन् ।**



गरीब थारु बस्तीमा परिवर्तनको कुनै छनक देखिंदैन

**सरकारको कागजी योजनामा र गैरसरकारी संस्थाहरूका विविध कार्यक्रम संचालन हुँदा पनि मुक्ति घोषणा भएको ५ वर्षसम्म पनि कमैयाहरूको व्यवस्थापन हुन सकेको छैन। कमैयाको नामका अनुत्पादक काममा लगानी भएको उदाहरण प्रशस्त भेटिन्छन्।**

पक्ष देखियो, माध्यमिक र उच्च शिक्षामा भने उत्तिकै अँध्यारो। गाउँहरूमा उच्च शिक्षा गर्नेहरूको संख्या औंलामै गर्न सक्ने अवस्थाले उच्च शिक्षामा थारू समुदाय निकै पछि देखाउँछ।

विवाह गर्ने परम्परामा आएको परिवर्तनबारे राजापुरका गुराउ तेजबहादुर भन्छन्, '८, ९ वर्षअघिसम्म विवाहका भोजभतेर सम्पन्न हुन र पाहुना बिदा गर्न साता दिने लाग्थ्यो, आजकल दुई दिनमा काम तमाम हुन्छ।' तेजबहादुर आफ्नो समुदायका महिलामा आएको परिवर्तनले सकारात्मक भूमिका निर्वाह गरेका दाबी गर्दै भन्छन्, 'समूह बनाएर छलफल गर्ने, पैसा बचत गर्ने र ऋण लगानी गर्ने कामले धेरैको आर्थिक अवस्था सुध्रिएको छ, अर्थतन्त्रका सामान्य कुरा बुझ्न थालेका छन्।'

थारू अध्येता एव राजनीतिकर्मी महेश चौधरी थारू समुदाय खुला समाजतर्फ आकर्षित हुँदै गएको बताउँछन्। चौधरीले तीन वर्षअघि मात्र थारूहरूको जन्ती पहाडिया क्षेत्रीको घरमा गएको अनुभव सुनाए। तीन वर्षअघि नेपालगन्जमा पहाडिया क्षेत्री केटा र थारू केटीबीच भएको मगनी विवाह जन्ती गएको अनुभव सुनाउँछन् उनी। महिलाहरूको समूह बनाउने र छलफल गर्ने जस्ता ग्रामीणस्तरका काममा पनि माओवादी सशस्त्र द्वन्द्वको प्रत्यक्ष प्रभाव परेको छ। माओवादीको चाहनाविपरीत कुनै किसिमका भेला, बैठक हुन नसक्ने र समूह गठन गर्दा अनुमति लिनुपर्ने पेचिलो परिस्थिति दाङ, बर्दियाका थारू बस्तीले झेल्दै आएका छन्।

आर्थिक अवस्था र जीविकोपार्जनमा बर्दियाको राजापुरका थारूहरूमा दाङका थारूको तुलनामा कमजोर भए पनि जागरण त्यहाँ पनि पुगेको छ। राजापुर, मुरैया कमैया बस्तीको ओजरार डगर (उज्यालो बाटो), महिला सामुदायिक समूहकी अध्यक्ष चनाकी थारू अलिअलि बुझ्दछिन् नेपाली, बोल्न सक्तिनन्। तर, आफ्नै भाषामा फटाफट कुरा राख्न सक्ने, अधिकारबारे बोल्न सक्ने भएको बताउँछिन्। उनी भन्छिन्, 'हामीले प्रौढशिक्षा पढेर केही जान्यौं, बोल्न सक्ने भयौं तर छोरा छोरी पढाउनुपर्छ भन्ने बलियो छाप बस्यो।'

## कमैया मुक्ति

कमैया मुक्तिको सरकारी घोषणा बर्दिया, कैलाली, कञ्चनपुर, बाँके र दाङका थारू समुदायमा आएको एउटा क्रान्तिकारी फड्को हो। सरकारको कागजी योजनामा र गैरसरकारी संस्थाहरूका विविध कार्यक्रम संचालन हुँदा पनि मुक्ति घोषणा भएको ५ वर्षसम्म पनि कमैयाहरूको व्यवस्थापन हुन सकेको छैन। कमैयाको नामका अनुत्पादक काममा लगानी भएको उदाहरण प्रशस्त भेटिन्छन्।

थारू कल्याणकारी सभा, देउखुर, लमहीका सचिव कुन्ननारायण चौधरीले दिएको एउटा जानकारीबाट थारूका नाममा कसरी लगानी बर्बादी भएको छ भन्ने अनुमान गर्न सकिन्छ। कुन्ननारायणका अनुसार थारू कल्याणकारी सभाले देउखुर उपत्यकामा मात्र एक दशकमा ३४० जना महिलालाई ६, ६ महिनाको सिलाइबुनाइ तालिम दियो। तर, पोहोर गरेको अध्ययनबाट नगण्य महिलाले मात्र सिलाइबुनाइ पेसा अपनाएको पाइयो। चौधरी भन्छन्, 'बढीमा १० जनाले तालिमअनुसार काम गरेका होलान्।' कल्याणकारीसभा अब थारू महिलाको सहकारी बनाएर पैसा लगानी गर्ने योजना बनाउँदै छ। अघिल्लो वर्ष मात्र सभाले सिलाइबुनाइका नाममा ३ लाख २० हजार रुपैंयाभन्दा बढी लगानी गरेको छ।

त्यसो त नेपालगन्जको रझैना कमैया शिविर र बर्दिया राजापुर, मुरैयाको कमैया शिविरमा टड्कारा भिन्नता छन्। नेपालगन्जबाट करिब २० किलोमिटरको दूरीमा रहेको रझैना कमैया शिविर सबैभन्दा विकसित शिविरमध्येको हो। शिविरका सबै घर काँचो इँटाको गारो र सिमेन्टको टायलको छानो छ। उता मधेसको दुर्गम भन्न मिल्ने कर्णालीको टापु राजापुर क्षेत्रको मुरैया शिविरका कमैयाका सबैघर फुसका छन्, वर्षामा पानी चुहिने।

रझैनाका शिविरका प्रायः सबैले सिलाइबुनाइ, कपाल काट्ने, तरकारी खेती, बाख्रा सुँगुर पालन, साइकल मर्मत, ड्राइभिङ जस्ता गैरसरकारी संस्थाले दिएका तालिम पाएका छन्। सरकारले उपलब्ध गराएको जग्गामा तरकारी र अन्नबाली लागेको छ, सिँचाइका लागि बोरिङ छ। दाताहरूलाई देखाउन सबैभन्दा उपयुक्त रझैना शिविरका पूर्व कमैयाहरूले काम गर्ने अवसर पनि पाएका छन्, नेपालगन्ज र कोहलपुर नजिकै भएकाले। तर, गैरसरकारी संस्थाले दिएको तामिल पाएका तर तालिमअनुसार अवसर नपाएकाहरू प्रशस्त भेटिन्छन्। सिलाइबुनाइको तालिम लिएकी लोहनी चौधरी भन्छिन्, 'रक्सी बेच्छु, राम्रो चलेको छ।' उनको जाँडरक्सी पसल शिविरभित्रै छ।

उता मुरैया शिविरमा तालिम पाउनेहरू भेटिँदैनन्। उनीहरूमाझ रोजगारीको अवसर छैन। किन यस्तो भिन्नता ? रझैनामा विदेशी दाताहरू पुग्छन्, अनुगन गर्न, सरकारी पदाधिकारी र मन्त्रीहरू पनि बेला बेलामा पुग्छन्। रझैनाको शिविर मुक्त कमैया कार्यक्रमको प्रगति देखाउने थलो हो भने मुरैया शिविर प्रगति नभएको शिविरका रुपमा दर्ज हुन सकेको छैन। त्यहाँ कोही पुग्दैनन्।

*(रुद्र खड्काको सहयोगमा)*

**नेपालका गैरसरकारी संस्थाहरू आफ्नू सप्रनेतिर लाग्नुभन्दा पनि बिहानदेखि बेलुकासम्म अर्ती बाँड्ने काममा व्यस्त छन् । उनीहरूका लागि 'कामभन्दा रिपोर्ट राम्रो चाहिने' दाताको मनोविज्ञान राम्ररी फापेको छ । उनीहरू विदेशी दाता नभए हाम्रो केही हुन सक्दैन भन्ने 'विकासे भूत' आमजनतामा फैलाएर गरिबीको व्यापार गर्दै आफ्नू फस्टाउनमा व्यस्त छन् ।**

# गरिबीको व्यापार

■ **सोमत घिमिरे**

**बहुदलीय व्यवस्थाको** स्थापनापछि नेपाली समाजमा धेरै गैससहरू क्रियाशील भए तर उनीहरूको छवि छोटो समयमा नै नकारात्मक बन्न पुग्यो । सुरु सुरुमा त गैरसरकारी संगठन( गैसस)का स-साना भ्रष्टाचारका समाचार आउँथे । तर, अहिले को कसरी करोडपति बने भनेर गैससका मालिकहरूका फोटा छापिन्छन् । र, चप्पलछापबाट करोडपति बनेका ती मालिकहरूको काठमाडौंमा सयौं रोपनी जग्गाका लालपुर्जा पत्रपत्रिकाहरूमा छापिइसकेका छन् ।

किन यति छोटो समयमा नै अलोकप्रियताको चरम शिखरमा पुगे त गैससहरू ? यो विषयमा अझै सार्वजनिक बहस सुरु भइसकेको छैन । राज्यप्रणालीमा देखिएको केन्द्रीकृत संरचना गैससमा पनि जस्ताको तस्तै लागू हुन्छ । सुदूरपश्चिमका सबै गैससभन्दा काठमाडौंको एउटा मानवअधिकारवादीको ट्रेडमार्क बोकेको गैसस स्रोत साधनले सम्पन्न छ । र, दलीय राजनीतिमा पनि पकड भएको त्यो र त्योजस्ता संस्थाभित्रका एउटा वर्गलाई गरिबीको व्यापार निकै फापेको छ ।

अहिले ठूला भनिएका अधिकांश गैससहरू राजनीतिक दलमा पनि राम्रै पकड राख्छन् । खासगरी वामपन्थी दलहरू गैससहरूप्रति नकारात्मक भएका टिप्पणी बेला बेलामा सुन्न आउँछन् तर यो आफैंमा ठूलो विरोधाभासपूर्ण छ । किनकि सबैभन्दा ठूलो दल भनिएको एमालेमा गैससका हाकिमहरूको राम्रै पकड छ । दलकै पकडमार्फत यिनिहरूको अन्तर्राष्ट्रिय समुदायसँग हिमचिम बढ्यो र त्यो हिमचिममार्फत संस्थाहरूको करोडौंको अनुदान सुरु भयो । त्यो अनुदानले संस्था र क्रियाकलापहरू मात्र सञ्चालन भएनन् पार्टी नेताहरूलाई नियन्त्रणमा राख्ने माध्यम पनि बन्यो । लामो समयसम्म भूमिगत बसेका अभाव र पीडाको जिन्दगी व्यहोरेका नेताहरू एकाएक खुला भए । उनीहरूका इच्छा र आकांक्षा असीमित हुन थाले । नेताहरूको यही मनोविज्ञान पकड्दै गैससका साहेबहरू आफ्ना एजेन्डामा नेताहरूलाई हिँडाउन थाले । गैससको समूहले दल देखाएर अन्तर्राष्ट्रिय समुदायलाइ तर्साउने र कहिले अन्तर्राष्ट्रिय समुदायको पहुँच देखाएर दललाई धम्काउने हिसाबले दुवैतिर नियन्त्रण



राख्न सफल भए । अन्तर्राष्ट्रिय समुदायलाई दलभित्र चलखेल गर्ने अनौठो अवसर मिल्यो । यस अवसरलाई अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो इच्छानुसार हिँड्ने अनुकूल वातावरण बन्यो । बाहिर गैससको विरोध गर्नु र भित्र गैससको इच्छानुसार चल्नु राजनीतिक दलहरूको नियति र बाध्यता दुवै बन्यो । गैसस कुनै सम्बन्ध नभएका दलका कार्यकर्ताहरूले पनि यस सवाललाई गम्भीर रूपले उठाउन सकेनन् ।

खुला समाजमा छोटो समयमा क्रियाशील गैससहरू दाताको पनि राम्रै चेपुवामा परे । दाताका बनीबनाउ र तयारी प्रस्तावभित्र नछिरे अनुदान नआउने बाध्यताले कहिले पनि गैससहरूले दाताका अगाडि आफ्ना प्रस्ताव पेस गर्न सकेनन् । यसमा मुख्यतया तीनवटा कारणले जरा गाडेका छन् । पहिलो त जे जसरी भए पनि अनुदान ल्याउनु पर्ने र दोस्रो स्वयं गैससहरूमा नेपालका वास्तविक मुद्दाहरूको अनभिज्ञता हो । तेस्रो परियोजनाविना केही पनि गर्न सकिँदैन भन्ने सुविधाभोगी मनोविज्ञान पनि हो । अहिलेका गैससहरूमा मध्यम र उच्चवर्गीय अवसरवादी चरित्र भएका बाहुन र त्यस्तै चरित्र भएका अन्य जातजातिका पुरुषहरूको हालीमुहाली छ । यो वर्गमा समाज र राज्यले छेउ लगाएका व्यक्तिहरूका वास्तविक पीडा के हुन् तिनीहरूका मुद्दा के हुन् र तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने समझको अभाव छ । र, तिनबाट परिवर्तनका आशा राख्ने ठाउँ पनि थिएन र परिणाम सकारात्मक पनि आएन । राज्यलाई समावेशीय भएन भनेर कुर्लने व्यक्तिहरूका संस्था चिराफार गर्ने हो भने त्यहाँ कुनै पनि हिसाबले समावेशीय अभ्यास छैन र राज्यबाट बाहिर पारिएका वर्ग त्यहाँ पनि बाहिरै छ । आफू सप्रनेतिर नलाग्ने बिहानदेखि बेलुकासम्म अर्ती बाँड्नेका हिसाबमा गैससहरू क्रियाशील छन् । काठमाडौंभन्दा बाहिरका स-साना गैरसरकारी संस्थाहरू जसले सामाजिक सवाललाई सम्बोधन गर्न सक्थे उनीहरू दाताको तयारी 'प्रोजेक्ट फ्रेमवर्क'भित्र पस्न सक्ने सम्भावना नै छैन । दाताका आवश्यकता र प्राविधिक झन्झटहरू यति धेरै छन् कि जो पायो त्यही गैससहरूले त्यो पूरा गर्नै सक्दैन । अधिकांश गैससहरू सामाजिक सवाल उठाउने र सम्बोधन गर्नेभन्दा पनि दाताकै प्राविधिक झन्झटमा अल्झिरहे । कामभन्दा रिपोर्ट राम्रो चाहिने दाताको मनोविज्ञान राम्रोसँग समाए । यति विघ्न विदेशी स्रोत खर्च भइरहँदा पनि किन जीवनस्तरमा सुधार आएको छैन । यस विषयमा छलफल गर्ने फुर्सद गैससलाई छैन ।

राजा महेन्द्रले २०१७ सालमा आफ्नो तानाशाही व्यवस्था लागू गर्दा जनतालाई 'विकास लैजाऊ राजनीति छोड' भनेर आह्वान गरेका थिए । नेपालका विकासविद्हरूले अहिले पनि यही बाटो नै पछ्याइरहेका छन् । विकासलाई राजनीतिभन्दा पृथक् राखेर हेर्नुपर्ने मान्यता अगाडि सारी नै रहेका छन् । विकास भनेको राजनीतिक कुरा हो भन्ने बुझाइ नै रहेन । जनताका पीडा र सवाल उठाएर त्यसलाई राजनीतिक विषय बनाउनेभन्दा पनि दाताहरूसँग माग्ने र गाउँमा बाँड्ने भूमिकामा आफूलाई केन्द्रित गरे । यसबाट समाजमा भएको आर्थिक राजनीतिक, सामाजिक र सांस्कृतिक अन्याय र विभेदहरू कहिले पनि उजागर हुन सकेनन् । राजनीति भन्नेबित्तिकै दलीय राजनीति बुझियो । दलभन्दा बाहिर बसेर राज्य र दलहरूलाई सचेत गराउने, दबाब दिने राजनीतिलाई कहिले पनि बढावा दिइएन । यसो गर्दा दलहरूसँग पनि टाढा हुनुपर्ने र सामाजिक अन्तर्विरोधहरू उठाएर खतरा मोल्ने साहस अधिकांश गैससँग भएन ।

**गैससको मूलधार निराशाजनक भए पनि समाजमा सकारात्मक अर्को पाटो छ । वर्षौंदेखि जकडिएको कमैयाको मुक्तिको सवाल, पूर्वी तराई मधेसी दलित आन्दोलन, चेपाङ, बोटे, माझी लगायतका समुदाय प्राकृतिक स्रोतमाथि जनाधिकारका लागि संचालित अभियानहरू प्रभावकारी रूपमा अगाडि बढिरहेका छन् । जल, जमिन जंगल अहिले भएका अभियान राजनीतिक दलका कार्यसूचीभित्र थिएनन् ।**

वास्तवमा गैससले गर्ने राजनीतिबाट धेरै टाढा बसेर गरिएका ती प्रयासले खासै अर्थ राखेनन् । समाजका मुख्य अन्तरविरोधमा हात नहाल्नेमात्र होइन टालटुले र स-साना सुधारको माध्यमबाट मुक्तिको सपना देखाई सामाजिक र राजनीतिक बहसलाई अन्यत्रै मोड्नु हाम्रो समाजका लागि दुर्भाग्यपूर्ण हो ।

अहिले त नेपालमा गैससहरूभन्दा तल जनसंगठनहरूमा पनि 'विकासे भूत' चढेको छ । पन्ध्र वर्षको यो अवधिमा जनतालाई सक्रिय नागरिकको रूपमा विकास गर्नुभन्दा पनि 'चुपचाप हात थाप्ने' वर्ग बनाइयो । कमजोर बस्ती र वर्ग विकासेका क्रीडास्थल बनिसके । गैससले जे लैजान्छन् त्यही थाप्दैमा जनताका दिन बिते । अहिले चाहिएको आलोचनात्मक दृष्टिकोण भएका सक्रिय नागरिकहरूको समूह हो । तर, त्यो समूह तयार हुन धेरै गाह्रो छ । किनकि निष्क्रियतापूर्वक विकासेले जे दिन्छन् त्यो थाप्ने ढुंगामा कमजोर वर्गलाई छिराइसकिएको छ । कमजोर वर्गमा पनि एउटा डर वा भ्रम उत्पन्न गराइएको छ । यदि विदेशी अनुदान रोकियो भने के गर्ने भन्ने त्रास उनीहरूको मनभित्र घुसाइयो । वास्तवमा कमजोरहरूले गर्नुपर्ने पीर होइन यो । किनभने अहिलेसम्मको विदेशी अनुदानले कमजोरहरूको जीवनस्तर फेरिएको छैन । बरु विकास बाँड्नेहरूको जीवनस्तर कहाँबाट कहाँ पुग्यो समाजमा छर्लंग छ । विकासे नशा र धडधडी समाजको तल्लो तहसम्म यति बढिसक्यो अब गैससको रकम नहुने हो भने गाउँमा आफ्ना दुःखका बारेमा भेला बैठक छलफल हुन छोड्ला जस्तो स्थितिको सृजना हुन लागिसक्यो । सुचारु रूपमा संचालित गाउँका रैथाने संगठनहरूमा विकासेहरू जोडिएर तिनलाई र समग्रमा नागरिकलाई थप निष्क्रिय बनाउनु अहिलेको सबैभन्दा ठूलो अप्ठ्यारो हो । यस्तो हुनका पछाडि कमजोर समुदायको दोष नभएर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैससहरूको त्रुटिपूर्ण कार्यशैली नै मुख्य रूपमा दोषी छ ।

अहिलेको सन्दर्भमा चलिरहेको लोकतान्त्रिक आन्दोलनमा पनि गैससको प्रभावकारी भूमिका रहन सकेन । खुलासमाजमा मात्रै चल्ने यी गैससरूपी पसलका लागि खुला समाजको आवश्यकता थियो । तर, गैससविरुद्ध ल्याइएको आचारसंहितामा प्रभावकारी विरोध हुन सकेन । गैसस महासंघले आयोजना गरेको विरोधसभामा काला चस्मा लगाएका केही सुटेड बुटेड हाकिमहरूबाहेक सर्वसाधारणको उपस्थिति रहेन । यसबाट प्रस्ट देख्न सकिन्छ गैससका जरा कहाँसम्म छन् । गैसस महासंघ अझ अर्को गैसस जस्तो मात्र देखिन थाल्यो । चलिरहेको आन्दोलनलाई परियोजना बनाउने गरिबीको व्यापार गरेको यो समूह आन्दोलनको व्यापारमा नलाग्ला भन्न सकिँदैन ।

गैससको मूलधार निराशाजनक भए पनि समाजमा सकारात्मक अर्को पाटो छ । वर्षौंदेखि जकडिएको कमैयाको मुक्तिको सवाल, पूर्वी तराई मधेसी दलित आन्दोलन, चेपाङ, बोटे, माझी लगायतका समुदाय प्राकृतिक स्रोतमाथि जनाधिकारका लागि संचालित अभियानहरू प्रभावकारी रूपमा अगाडि बढिरहेका छन् । जल, जमिन जंगल अहिले भएका अभियान राजनीतिक दलका कार्यसूचीभित्र थिएनन् । नागरिक तवरबाट सुरु भएका अभियान राष्ट्रव्यापी छन् । लोकतान्त्रिक आन्दोलनको क्रममा सामुदायिक वन उपभोक्ता महासंघले रोल्पा, रुकुम जस्ता ठाउँमा प्रभावकारी विरोधसभा गरिरहेको छ । यी अनुभवबाट बुझ्न सकिन्छ गैससले राम्रोसँग काम गर्ने हो भने समाजलाई अग्रगमनमा लैजान मद्दत पनि हुँदो रहेछ । तर, यी अभियान फेरि दाताको चेपुवामा परेर कसैको जागिर नबन्ला भनेर विश्वास गर्ने आधार भने कम छ । अभियानमुखी संस्था र अभियानहरू थपिँदै जानु अभियानलाई लोकतन्त्रसँग जोड्नु अहिलेको सबैभन्दा सकारात्मक आशालाग्दो पाटो हो । ■

*(लेखक चितवनको एउटा गैससमा कार्यरत छन्)*



भास्वर ओझा

# हुनेखानेकै मात्र पहुँच

■ मनीष गौतम/काठमाडौं



**मुलुकको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय परिवर्तन त आएको छ तर अहिले पनि ग्रामीण भेकको बहुसंख्यक समुदाय झाडापखाला, कुपोषण, रक्तअल्पताजस्ता सामान्य रोगको उपचारसम्म पाउन नसक्ने अवस्थामा छन् । स्वास्थ्य उपभोग्य वस्तुसरह भएको छ जसलाई पैसा हुनेहरूले सजिलै किन्न सक्छन् भने विपन्नका लागि अकाल मृत्यु कुर्नुबाहेक अर्को विकल्प छैन ।**

**एक दशकको** सशस्त्र द्वन्द्वले मुलुकका सबै क्षेत्रसँगै आम स्वास्थ्यको अवस्था पनि धराशायी भएको छ । द्वन्द्वरत दुवै पक्षको मारमा परेका सर्वसाधारण उपलब्ध स्वास्थ्य सेवाबाट वञ्चित छन् । स्वास्थ्य सेवाको उपलब्धता सहरकेन्द्रित भएको छ । 'सबैका लागि स्वास्थ्य' भन्ने नारा पैसा हुने वर्गको पहुँचमा सीमित भएको छ ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसँग हातेमालो गर्दै सन् १९७० को दशकदेखि नै स्वास्थ्य सेवाको संरचनामा सानोतिनो परिवर्तन गरे पनि सन् १९९० को राजनीतिक परिवर्तनले स्वास्थ्यका नीतिगत विषय, योजना तथा समस्याबारे छलफल, अन्तर्क्रिया र बहस सुरु भयो । प्रजातन्त्र पुनःस्थापनासँगै मुलुकमा पहिलोपल्ट राष्ट्रिय स्वास्थ्य नीति सार्वजनिक गरियो ।

राष्ट्रिय स्वास्थ्य नीतिमात्र होइन, प्रजातन्त्रको पुनर्स्थापनाले यो क्षेत्रमा कैयन उल्लेख्य प्रगति भयो । स्वास्थ्यसँग जोडिएका थुप्रै सूचकांकहरूमा सुधार आयो । तर, अहिले पनि १५ हजार नेपालीलाई एउटा डाक्टर, २४ हजारलाई एकमात्र हेल्थपोस्ट र ३ हजारलाई एउटा अस्पताल शय्या उपलब्ध छ । यसले देखाउँछ, स्वास्थ्यका क्षेत्रमा भएका 'उल्लेख्य प्रगति'ले अझै पनि सर्वसाधारणलाई स्वास्थ्य सेवाको पहुँचमा पुर्‍याउन सकेको छैन । स्वास्थ्य क्षेत्रमा अर्बौंको लगानी भए पनि आधुनिक स्वास्थ्य सेवाबाट मुलुकको झन्डै ८० प्रतिशत जनसंख्या वञ्चित छ । जति सेवा र सुविधा छन्, ती सबै राजधानी र सहरकेन्द्रित छन् । अनावश्यक रुपमा विरामीलाई औषधी थोपरिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा अनावश्यक अवस्थामा ५० प्रतिशतभन्दा बढी एन्टिबायोटिक्स 'प्रेस्क्राइब' गरिन्छ । त्यसैगरी अधिकतम दुरुपयोग हुने औषधीमा भिटामिन र टनिकहरू पर्छन् जसको रोग निदानमा खासै योगदान हुँदैन । 'स्वास्थ्य उपभोग्य वस्तुसरह बनेको छ,' पूर्वस्वास्थ्यमन्त्री तथा काठमाडौं मोडल अस्पतालका निर्देशक डा. भरत प्रधान भन्छन्, 'पैसा हुनेहरूले किन्नसक्छन् भने नहुनेले अकाल मृत्यु कुर्नुपर्ने बाध्यता छ ।'

मुलुकमा स्वास्थ्य क्षेत्रको अवस्था कतिसम्म छ भने झाडापखाला, श्वासप्रश्वास, कुपोषण तथा सामान्य सरुवारोगहरू अहिलेसम्म पनि अधिकांश भागका प्रमुख स्वास्थ्यसमस्याका रूपमा छन् । मुलुकको स्वास्थ्य स्थिति झल्काउने मातृ तथा बाल मृत्युदरमा कमी आए पनि लक्ष्यअनुसार उक्त दर घटाउन सकिएको छैन । नयाँ रोग र समस्या पनि थपिँदै गएका छन् । मानसिक रोगीको संख्या बढ्दो छ भने एचआइभी/एड्स चुनौती बनेको छ । दुई दशकअघि नियन्त्रणमा आइसकेको औलो रोगको पुनरावृत्ति भएको छ । औलो र कालाजारबाट तराई क्षेत्रका विपन्न वर्ग प्रभावित बनेका छन् । कमिसनको चक्कर नमिलेका कारण गत वर्ष जापानी इन्सेफ्लाइटिस रोगविरुद्धको खोप निर्यातका लागि उपलब्ध १३ करोड रुपैयाँ खर्च नहुँदा प्रभावित विपन्न वर्ग नै यसको मारमा परेको थियो ।

## कालो बादलमा चाँदीको घेरा

स्वास्थ्य क्षेत्रको निराशाजनक स्थितिबीच पनि केही आशाका किरण भने देखिएका छन् । प्रविधिको विस्तारले गुणस्तरलाई बढावा दिएको छ र यस क्षेत्रमा आवश्यक जनशक्तिको पनि संख्यात्मक रूपमा वृद्धि भएको छ ।

कुनै पनि मुलुकको स्वास्थ्यको अवस्था मापनका लागि बाल मृत्युदर केलाइन्छ । त्यसलाई नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने सन्तोष गर्ने ठाउँ प्रशस्त देखिन्छ । ३५ वर्ष अघिसम्म ५ वर्षमुनिको बाल मृत्युदर प्रति १ हजारमा २ सय ५० थियो । ९० को दशकमा यो १ सय ४५ मा झर्‍यो भने अहिले ९१ पुगेको छ । देशभर बालबालिकामा 'भिटामिन ए' को वितरण ९८ प्रतिशत नाघेको छ । त्यसैगरी खोप लगाउने बालबालिकाको संख्या बर्सेनि बढ्दो छ ।

मध्य तथा सुदूरपश्चिमका विरामीलाई भारतीय सहर लखनउ पुर्‍याउने प्रवृत्ति त्यहाँ खुलेको नेपाल मेडिकल कलेजले तोडेको छ भने पूर्वमा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले उपचारका लागि भारतीय सहर जाने प्रचलन तोडेको छ । केही वर्षअघिसम्म सीमापार सिलिगुडीका 'डा. चाङ'जस्ता थुप्रै डाक्टरहरूको नाम पूर्वी भेकका नेपालीहरूको मुखमा झुन्डिएको हुन्थ्यो । तर, अहिले यताबाट उता जाने प्रवृत्ति ठप्प भएको छ, बरु सीमापारबाट यतातिर उपचारका लागि भित्रिन थालेका छन् ।

मुलुकका विभिन्न सहर धरान, विराटनगर, वीरगन्ज, जनकपुर, भरतपुर, पोखरा, काठमाडौं (५ वटा), भैरहवा र नेपालगन्जमा १४ वटा मेडिकल कलेज खुलेका छन् । यस्ता प्रत्येक मेडिकल कलेजबाट

बर्सेनि झन्डै ५० जना (यसमा केही भारतीय र विदेशी) चिकित्सकहरू उत्पादन भइराखेका छन्। 'युवा पुस्ताका डाक्टरहरू करिअरप्रति चासो राख्ने र पेसागत मान्यतामा कटिबद्ध छन्', मेडिकेयर अस्पतालमा कार्यरत डा. विशाल ढकाल भन्छन्, 'यसले उनीहरूलाई बिरामीलाई पुऱ्याउने सेवाप्रति जिम्मेवार बनाएको छ।'

सरकारी छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकलाई सरकारले अनुशासनको कारबाही र सम्पत्तिसमेत जफत हुनसक्ने निर्णय गरेकाले पछिल्ला केही वर्षमा जिल्ला जिल्लामा युवा डाक्टरहरू देखिन थालेका छन् भने उनीहरू विदेश पलायन हुने प्रवृत्ति नियन्त्रण भएको छ।

नाम, दाम र सानसहितको सुरक्षित बनेको नर्सिङ पेसामा रहेका दक्ष जनशक्तिको माग पश्चिमी मुलुकमा समेत बढेको छ। अन्तर्राष्ट्रियस्तरमै 'रजिस्टर्ड नर्स'को माग बढेकाले केही वर्षदेखि नेपाली नर्सले पश्चिमी मुलुकमा समेत काम पाउन थालेका छन्। नेपालमा बर्सेनि १५ सयको हाराहारीमा स्टाफ नर्स उत्पादन हुन्छन्।

त्यसैगरी स्वदेशी लगानीमा औषधी कम्पनी खुल्ने क्रम बढ्दो छ भने यसले आफ्नो बजार क्रमशः विस्तार पनि गरेको छ। पाँच वर्ष अघिसम्म बर्सेनि ५ अर्ब रुपैयाँबराबरको औषधी कारोवार हुने नेपालमा अहिले यो रकम बढेर ७ अर्ब पुगेको छ। त्यति बेला बजारको झन्डै १० प्रतिशत स्वदेशी औषधी उत्पादन कम्पनीले लिएका थिए भने अहिले यो ३० प्रतिशतमा पुगेको छ। मुलुकमा ४० वटा स्वदेशी औषधी उत्पादक कम्पनी २ सय ५० विदेशी कम्पनीसँग खरो प्रतिस्पर्धामा ओर्लिएका छन्।

सफल नेतृत्व र अथक प्रयासबाट यी निराशाबीच थोरै भए पनि आशाका किरण देखिएका छन् जसले प्रविधियुक्त स्वास्थ्य सेवालाई सर्वसाधारणसमक्ष उपलब्ध गराउन सकेका छन्। यसै अवधारणानुसार सामुदायिक स्वास्थ्य केन्द्र तथा अस्पताल स्थापना भएर धमाधम सेवा उपलब्ध गराइराखेका छन्। सामुदायिक स्वास्थ्य सेवाले विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुँचमा थोरै भए पनि पुऱ्याएका छन्। विकट र दुर्गम ग्रामीण भेगमा यसखाले स्वास्थ्य सेवा परिचालन भएका छन्। 'ग्रामीण स्वास्थ्यप्रणालीलाई सुधार गर्ने र सिर्जनात्मक अवधारणा ल्याउने हो भने नेपालले अन्तर्राष्ट्रिय स्वास्थ्य समुदायलाई आकर्षण गर्न सक्छ', डा. ढकाल भन्छन्।

सम्पूर्ण उपचारका लागि भारतीय अस्पतालमा निर्भर हुनु पर्ने मृगौला रोगीहरूका लागि राष्ट्रिय मृगौला उपचार केन्द्रले 'सुपर स्पेसियालिटी केयर' पुऱ्याएको छ। यहाँ मृगौला प्रत्यारोपण नभए पनि त्यसका लागि गरिने पूर्व तयारी तथा शल्यक्रियापछिको उपचारका लागि अब महिनौंसम्म विदेशमा रहनु पर्दैन। 'हामीले दिएको सेवामा विश्वास बढेको छ', केन्द्रका निर्देशक डा. ऋषिकुमार काफ्ले भन्छन्, 'सेवा उपलब्ध भएका कारण यससम्बन्धी रोग समयमै पत्ता लाग्न थालेका छन्।'

हाड र जोर्नीहरूलाई छरपष्ट पारी शल्यक्रिया गर्नुपर्ने परम्परागत विधिबाट मुक्त भई उपचार आवश्यक रहेको हाड वा जोर्नीमा सानो प्वाल पारी शल्यक्रिया गरिने 'एरिस्थ्रोकोपी' विधिलाई वरिष्ठ हाडजोर्नी शल्य चिकित्सक डा. चक्रराज पाण्डेले मेडिकेयर अस्पतालमा प्रयोग गरिरहेका छन्। दुर्घटनामा जोर्नी खुस्किने वा भाँचिने सम्भावना अत्यधिक हुन्छ र दुर्घटनाग्रस्त हड्डीका टुक्रा निकाल्नु पर्ने हुन्छ। कतिपय अवस्थामा घुँडाभित्रको 'वासर' खिइने अथवा 'लिगामेन्ट'मा असर पुग्छ। यस अवस्थामा 'रिक्न्स्ट्रक्टिभ सर्जरी' जरुरत पर्छ जुन 'एरिस्थ्रोस्कोपी' प्रविधिबाट सम्भव हुन्छ। हाडजोर्नीको प्रसंगमा अब मुलुकमै घुँडाको प्रतिस्थापनसमेत सम्भव छ।

हुनेखाने वर्गको पहुँचमा रहे पनि महँगो सावित भएको 'इन भिट्रो फर्टिलाइजेसन-आइभिएफ' अर्थात् 'टेस्ट ट्युव बेबी' निःसन्तान दम्पतीका लागि वरदान बनेको छ। शरीरबाहिर गरिने गर्भाधानलाई यस खाले गर्भाधानको प्रविधि नेपालमा भित्रिन झन्डै २७ वर्ष कुर्नु पऱ्यो। ॐ अस्पतालले भित्र्याएको यस प्रविधिबाट हालसम्म डेढ सय बच्चा जन्मेका छन् र प्रविधिको प्रयोगबाट एक सयभन्दा बढी बच्चा जन्मिने तयारीमा रहेको अस्पतालकी आइभिएफ काउन्सिलर यमुना पोखरेल बताउँछिन्। तर, अधिक महँगो भएकाले यस प्रविधिको पहुँचले विपन्न वर्गलाई समेट्न सकेको छैन। यसको खर्च साढे २ लाख रुपैयाँको हाराहारीमा छ।

## क्रान्ति आँखा र मुटु उपचारमा

'अब उपचारको अभावमा कोही पनि नेपाली अन्धो बस्नु पर्दैन', वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत भन्छन्। आँखा उपचारको सेवालाई विभिन्न अस्पताल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाले मुलुकभर व्यापक बनाएका छन्। विकट तथा ग्रामीण भेगमा विभिन्न कार्यक्रममार्फत आँखा शिविर बस्ने र विरामीको शल्यक्रिया हुने



ज्योति देवकोटा

**आँखा उपचारलाई सस्तो, भरपर्दो र सबैको पहुँचमा पुऱ्याउन सफल मानिएको तीलगंगा आँखा केन्द्र विश्वमै 'नमुना' मानिएको छ। केन्द्रले आँखा उपचारमा विकास गरेका प्रणाली दक्षिणपूर्वी एसियाका विभिन्न मुलुकमा 'रेप्लिकेट' भएका छन्।**


भास्कर ओझा

लहर नै चलेको छ। तराईका विभिन्न भागमा केन्द्रित सुविधासम्पन्न आँखा अस्पताल भारतीय विरामीलाई स्वात्तै तानेका छन् र अस्पताल सञ्चालनको खर्च उठाएका छन्।

आँखा उपचारलाई सस्तो, भरपर्दो र सबैको पहुँचमा पुऱ्याउन सफल मानिएको तीलगंगा आँखा केन्द्र विश्वमै 'नमुना' मानिएको छ। केन्द्रले आँखा उपचारमा विकास गरेका प्रणाली दक्षिणपूर्वी एसियाका विभिन्न मुलुकमा 'रेप्लिकेट' भएका छन्। यस केन्द्रले मोतीविन्दुको उपचारमा प्रयोग गरिने उच्च प्रविधि युक्त 'इन्ट्रा ओकुलर लेन्स-आइओएल' उत्पादन गरी विश्व बजारमा निर्यात गरिरहेको छ। 'विकासोन्मुख मात्र होइन, विकसित मुलुकमा समेत हाम्रो उत्पादनको प्रयोग आँखा उपचारका लागि प्रयोग भइरहेको छ', केन्द्रका महाप्रबन्धक रवीन्द्र श्रेष्ठ भन्छन्, 'उत्पादनमा भएको खर्चको लागतमा उक्त लेन्स नेपाली विरामीलाई उपलब्ध गराएका छौं। यसमा एक पैसा पनि नाफा लिएका छैनौं।'

बर्सेनि ३ लाखको हाराहारीमा उत्पादन हुने 'आइओएल' लेन्स ६० प्रतिशत निर्यात हुने गरेको छ। विकसित मुलुक अस्ट्रेलिया, क्यानडा, अमेरिका, अस्ट्रिया, जर्मनी, फ्रान्स, दक्षिण अफ्रिका लगायत अन्य विकासोन्मुख मुलुकमा तीलगंगाले उत्पादन गरेका यी 'आइओएल' 'मेड इन नेपाल'को छाप लिएर औषधी विज्ञान जस्तो प्रविधि क्षेत्रमा प्रतिस्पर्धा गरिरहेको छ। केन्द्रले 'आइएल'लाई अझै परिमार्जन गरी यसलाई 'फोल्डेबल' बनाएको छ जसले ९ महिनाअघि बेलायतबाट 'एसजिएस सर्टिफिकेसन' पाएको छ। उक्त लेन्सलाई आँखा ठूलो प्वाल नपारी 'इन्जेक्ट' गरी घुसार्न मिल्ने बनाइएको छ।

कुनै समयमा धनी मात्रको समस्या मानिने मुटुरोगको मारमा विभिन्न कारणले गरिब पर्दै गएका छन्। महँगो र विशिष्ट सेवा आवश्यक रहने यस रोगको उपचारमा गंगालाल राष्ट्रिय हृदय केन्द्रले उल्लेख्य सफलता हासिल गरेको छ। विकसित मुलुकमा समेत जटिल मानिने उपचार तथा शल्यक्रिया गर्न केन्द्र सफल भएको छ। मुलुककै निजी तथा विदेशका नाम चलेका अस्पतालभन्दा निकै कम खर्चमा उपचार दिँदै आएको यस केन्द्रले उच्च प्रविधियुक्त सेवा उपलब्ध गराएको छ र मुटु उपचारका लागि विदेशका अस्पतालमा भर पर्ने बाध्यता पनि हटाएको छ।

सक्नेबाट शुल्क लिने र नसक्नेलाई यथाशक्य निःशुल्क वा राहत दिने नीति लिएको केन्द्रले गत वर्षमात्रै झन्डै ८६ लाखबराबरको राहत सुविधा गरिब विरामीलाई उपलब्ध गराएको थियो।

दस वर्षको छोटो अवधिमै गंगालाल राष्ट्रिय हृदय केन्द्र आफ्नै खुट्टामा उभिन सक्ने मात्र भएको छैन, मुटुरोगको उपचारमा अग्रणी फड्कोसमेत बन्न सफल भएको छ। पछिल्लो एक वर्षमा यो केन्द्रमा झन्डै आठ सय मुटुका 'बन्द तथा खुला' शल्यक्रिया भएका छन्। आठ सयभन्दा बढी विरामीको एन्जियोग्राफी गरिएको छ। मुटुको धड्कनलाई गति दिने यन्त्र 'पेस मेकर' झन्डै एक सय विरामीमा जडान गरिएको छ। त्यसैगरी 'कोरोनरी आर्टरी डिजिज'भएका ८६ जना विरामीको एन्जियोप्लास्टी गरिएको छ। केन्द्रका कार्यकारी निर्देशक डा. भगवान कोइराला भन्छन्, 'सबै खाले शल्यक्रिया त गर्छौं नै, मुटु उपचारमा आवश्यक उच्च प्रविधि पनि बर्सेनि थप्दै गएका छौं।' अत्यन्त जटिल प्रकृतिका शल्यक्रियामा केन्द्रले उपचार गर्दा मृत्युदर चार प्रतिशत छ जुन विकसित मुलुकमा समेत स्विकारिएको दर हो।


### लक्ष्य सहस्राब्दीको

'सुपर स्पेसियालिटी केयर'मा उपचार प्रविधिले फड्को मारे पनि मुलुकको अधिकांश जनसंख्या अति सामान्य रोगबाट पीडित छन् जसले स्वास्थ्य क्षेत्रमा भयावह रुप लिएको छ। नुन, चिनी र पानीको सही प्रयोगबाट सजिलै निको हुने झाडापखालाबाट अधिकांश बालबालिका पीडित छन् र अकाल मृत्युको मुखमा पुगेका छन्। बच्चा जन्माउने क्रममा आमाको मृत्यु हुने गरेको छ। लामखुट्टेको टोकाइबाट बच्न झुल समेत किन्न नसक्ने अवस्थाका तराई क्षेत्रका लाखौं जनता औलो रोग अन्य किटजन्य रोगको मारमा छन्।

महँगो सावित भएको स्वास्थ्य सेवालाई नेपाल जस्तो मुलुकले धान्न निश्चय पनि कठिन छ। त्यसैले स्वास्थ्य सेवामा निजी क्षेत्र फस्टाएको छ। आधुनिक स्वास्थ्य सेवा मुलुकभित्रै उपलब्ध गराएर निजी क्षेत्रका स्वास्थ्य संस्थाले विदेशिने रकम यहीं परिचालन गरे पनि कमजोर राज्य व्यवस्थाका कारण स्वास्थ्यमा निजी लगानी सेवाभन्दा बढी नाफामुखी बनेको छ। निजी क्षेत्रको स्वास्थ्य सेवाको उपलब्धताले विपन्न वर्गलाई समेट्न सकेको छैन।

दातृ निकायको सहयोगमा सरकारले तयार पारेको २० वर्षे दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (१९९७-२०१७) ले रोगको भार बालबालिका र महिलामा परेको देखाएको छ। ५ वर्षमुनिका बालबालिकामा प्रमुख रुपमा श्वास प्रश्वास, झाडापखाला र खोपविहीनताका कारण यी उनीहरू दीर्घरोगी तथा अपाङ्ग बन्ने र मृत्यु हुने बताइएको छ। त्यसैगरी १५-४४ वर्ष उमेरका महिला गर्भजन्य रोगबाट पीडित हुने वा मृत्यु हुने गरेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार बर्सेनि प्रति लाखमा ५ सय ३९ जना महिलाको गर्भावस्था वा बच्चा जन्माउने क्रममा मृत्यु हुने गरेको छ। अझै पनि ९० प्रतिशत महिलाले घरमै सन्तान जन्माउने गरेका छन्। यी समूहलाई लक्षित गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उक्त योजनामा उल्लेख गरिएको छ।

त्यसैगरी सन् २०१५ सम्म सहस्राब्दी विकास लक्ष्य हासिल गर्न 'स्वास्थ्य क्षेत्र सुधार रणनीति' तयार गरिएको छ। यस सहस्राब्दी लक्ष्यले पनि बाल तथा मातृमृत्युदर घटाउन विशेष प्राथमिकतामा पारेको छ। लक्ष्य प्राप्त गर्न 'स्वास्थ्य क्षेत्र रणनीति' कार्यान्वयनमा आएको बताइए पनि सो पूरा गर्न सम्भव देखिदैन किनकि गाउँ-सहर र धनी-गरिबबीच रहेको व्यापक खाडलले स्वास्थ्य विकासको गति मन्द बनाएको छ। र, मुलुकमा व्याप्त राजनीतिक अस्थिरता र हिंसात्मक द्वन्द्वले स्वास्थ्य क्षेत्रमा हुनु पर्ने विकासमा ठेस पुऱ्याएको छ। ■



# उदारीकरणको वरदान

■ मधुसूदन पौडेल/काठमाडौं

## प्रजातन्त्रसँगै मुलुकमा भित्रिएको उदारीकरणले आम जनतालाई आर्थिक, सामाजिक, प्राविधिक र सांस्कृतिक रूपले सम्पन्न बनाउँदै लग्यो । तर, राजाको हातमा शक्ति पुगेकोलगत्तै आर्थिक उदारतासँगै भित्रिएको आर्थिक वृद्धिदर मात्र घटेको छैन, आमनागरिकले पाउने सुविधा पनि विस्तारै कटौती हुन थालेका छन् ।

**कार, घर, टेलिफोन** वा मोवाइल, वा हवाई सफर, यी विलासिताका प्रतीक थिए र यी साधनका उपयोगकर्तालाई राज्यले हेर्ने दृष्टिकोण नै बेग्लै थियो, उपल्लो दर्जाका नागरिकका रूपमा । धेरै अगाडि पुग्नु पर्दैन, २०५५ सालतिर जनताका छोराछोरीले मोवाइल बोक्ने कुरा सपनासरह थियो । तर, राज्यले अपनाएको उदारीकरणको वेगले ती सपना साकार पार्न २-४ वर्ष पनि कुर्नु परेन । अन्तर्राष्ट्रिय बजारमा विकसित प्रविधि नेपाली बजारमा छिर्न सरकारी छेकबार नहुँदा कुनै गाह्रो भएन । र, आज गाउँबाट अध्ययनका लागि सहर छिरेका जनताका छोराछोरीको खल्तीमा पनि सजिलै भेट्न सकिन्छ, नमस्ते वा मेरो मोवाइल । अलि राम्रो आम्दानी हुने नेपालीलाई कार वा घर सुविधा टक्र्याउन बैंकका कर्मचारीले विभिन्न अफरहरू दिइरहेका छन् ।

पाँच वर्षअघि कार, घर र मोवाइलका मालिकले आफूलाई समाजको बेग्लै दर्जाको हैसियतमा उभ्याउँथे, आज मध्यमवर्गीय नेपालीले आफूलाई त्यो हैसियतमा उकासिसकेका छन् । यही उदारीकरणको वरदान, जसले आमनेपालीको हातमा, संचारको शक्ति दिएको छ, बस्ने राम्रै वास दिएको छ अनि स-साना सुविधालाई विलासिताको तहबाट सामान्य तहमा झारेको छ ।

निश्चय नै पैसा हुने र नहुनेबीचको ठूलो खाडल छ, नेपाली समाजमा । तर, पैसा वा बुद्धि (आइडिया) भएर पनि त्यसको उपयोग गर्न राज्य बाधक हुने अवस्था भने अन्त्य भएको छ, अहिले । सामन्तवादी चिन्तनबाट निर्देशित २०४६ सालअघिको राजतन्त्रात्मक व्यवस्थामा कुनै पैसावाल साहुले चाहेर पनि उद्योगमा लगानी गर्न पाउँदैनथ्यो । मुलुकको उद्यमीको हैसियत पाउनका लागि ऊ शाह, राणा, मल्ल वा ठकुरीको वंशज वा तिनको सहयोगी हुनु पर्थ्यो । तर, प्रजातन्त्रपछि नेपाली नागरिक पनि देशका उद्योगपति बन्न पाएका छन्, पैसा छ भने ।

एक उद्यमीको तर्कमा 'प्रजातन्त्रले दिएको निकै महत्त्वपूर्ण उपलब्धि हो यो, व्यवस्थाले नागरिकलाई कसरी अधिकार सम्पन्न बनाउँछ भन्ने कुराको उदाहरण पनि ।'

नेपाल धेरै ढिलो गरी आधुनिक विश्वसँग जोडिएको हो, २०४६ मा प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापनापछि । विश्वव्यापी संस्कृति बनिसकेको आर्थिक उदारीकरण र खुला बजार अर्थतन्त्रलाई नेपाली प्रजातन्त्रले आफ्नो मौलिकता बनाएपछि नेपाली समाज प्रत्यक्षतः अन्तर्राष्ट्रिय समुदायको सन्निकट पुगेको छ । उदारीकरणको पक्षमा तत्कालीन नेपाली कांग्रेसको सरकारले कोरेको गोरेटोले मूलतः नेपाललाई आर्थिक विकासको बाटोमा अगाडि धकेलेको थियो । नेपालमा उद्योग-धन्धा संचालनमा कायम सरकारी नियन्त्रण तोड्न 'लाइसेन्स' प्रथा खारेज गरेर तत्कालीन सरकारले नेपालमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय लगानीको वातावरण कायम गरायो । परिणाम स्वरुप प्रजातान्त्रिक कालमा नेपालले औद्योगीकरणमा नयाँ फड्को मारेको मान्न सकिन्छ । यसै अवधिका केही वर्ष नेपालका निर्यातमुखी उद्योगले अन्तर्राष्ट्रिय बजारमा राम्रैसँग पखेटा फैलाउने मौका पाए भने बहुराष्ट्रिय उद्योगहरू पनि नेपालमा स्थापित भएका छन् । नेपाल लिभर, डावर नेपाल, एसियन पेन्ट्स, सूर्य नेपाल, नेपाल एसबिआई बैंक लगायतका महत्त्वपूर्ण बहुराष्ट्रिय औद्योगिक प्रतिष्ठानहरू नेपालको उदारीकरणले आकर्षित भएका हुन् ।

उदारीकरणले नेपालको परम्परागत व्यापारमा फड्को मार्दै युरोप र अमेरिकालाई समेत आफ्ना केही उत्पादनको बजार स्थापित गरेको हो । पस्मिना, गार्मेन्ट, धागो, प्लास्टिक, खाद्यपदार्थ लगायतका क्षेत्रमा नेपाली उद्योगले राम्रो पहिचान बनाएका थिए । नेपाल स्टक एक्सचेन्जको तथ्यांकले यसलाई पुष्टि गर्छ । आर्थिक वर्ष २०५१ मा १२ अर्बको वार्षिक सेयर कारोवार अहिले ८० अर्ब रुपैयाँ पुगेको छ । वैदेशिक व्यापारमा भारतसँग वार्षिक अर्बको निकासी व्यापार अहिले २८ अर्ब रुपैयाँ पुगेको छ । अर्थशास्त्री एवं पूर्व अर्थमन्त्री डा. रामशरण महत भन्छन्, 'उदारीकरणले नेपाली अर्थतन्त्रको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।'

मुलुकको आर्थिक विकासका लागि राज्यको हस्तक्षेप अन्त्य गरी निजी क्षेत्रलाई लगानीको वातावरण तयार पारिदिनु उदारीकरणको मान्यता हो । सार्वजनिक तथा औद्योगिक प्रतिष्ठानहरूमा राज्यको लगानी न्यून गरी यस्ता क्षेत्रमा निजी क्षेत्रको लगानी प्रोत्साहित गर्नु र व्यक्तिगत पुँजी निर्माणमा सहयोग पुऱ्याउनु राज्यको कर्तव्य मानिन्छ । यस्तो आर्थिक व्यवस्थाको जगमा लोककल्याणकारी व्यवस्था निर्माण र नागरिकको आर्थिक जीवनमा परिवर्तन आउने विश्वास गरिन्छ । प्रजातन्त्र पुनःस्थापनापछि नेपालले अंगीकार गरेको यही मोडेलको आार्थिक नीतिले निजी क्षेत्रको लगानी बढाउन र आर्थिक वृद्धिमा निकै हदसम्म योगदान पुऱ्याएको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं वरिष्ठ अर्थशास्त्री डा. शंकर शर्मा भन्छन्, 'गरिबी निवारण र आर्थिक विकासमा उदारीकरणबाट सबै पक्ष लाभान्वित बनेका छन् ।'

माओवादी हिंसा र पछिल्लो चरणमा राजाको प्रत्यक्ष शासनले नेपाली अर्थतन्त्र धराशायी अवस्थातर्फ धकेलिरहेको छ । तर, त्योभन्दा अघिको प्रजातान्त्रिक कालमा राजनीतिक अस्थिरता हुँदाहुँदै पनि नेपालको आर्थिक विकासको अवस्था सन्तोषजनक नै मान्न सकिन्छ । किनभने त्यो अवधिमा औसत ५ प्रतिशतको आर्थिक वृद्धिदरमा नेपाल अगाडि बढिरहेको थियो । तर, हालको अवस्थामा भने आर्थिक विकासको दर निराशाजनक बन्दै शून्य प्रतिशतमा रहने अनुमान गर्न थालिएको छ । यसबाट उदार अर्थतन्त्रले नेपालको आर्थिक विकासमा सकारात्मक योगदान पुऱ्याएको मान्न सकिन्छ ।

नेपालमा आर्थिक उदारीकणको जग हाल्ने काम सन् १९८५ मा भएको थियो, अन्तर्राष्ट्रिय मुद्रा कोषको 'गाइड लाइन' पालना गर्नुपर्ने अवस्थामा । विश्व बैंक, आइएमएफ जस्ता अन्तर्राष्ट्रिय वित्तीय संथाको ऋण भुक्तानीमा असन्तुलन आएपछि ती संस्थाले 'संरचनात्मक समायोजनको कार्यक्रम' (साप)मा नेपाल छिरेको थियो । जसअनुसार वित्तीय सन्तुलनका लागि उनीहरूले राखेका उदार अर्थतन्त्रका मापदण्ड पूरा गर्न सैद्धान्तिक सहमति जनाएपछि नेपाल सरकारले यसअन्तर्गतको ऋण हात पारेको थियो ।

उदारीकरण कार्यान्वयनको प्रयत्नले पछिल्ला दिनहरूमा नेपालको आर्थिक विकासका केही जग हाल्ने क्रम चलिरहँदा त्यसमा प्रत्यक्ष असर पुऱ्याएका छन्, माओवादी हिंसा र राजाको शासनले । तर, प्रजातान्त्रिक कालमा खडा भएका जगले भने अहिले पनि नेपाली अर्थ व्यवस्थालाई जोगाउन निकै हदसम्म सकारात्मक योगदान पुऱ्याइरहेका छन् ।

प्रजातन्त्र पुनर्बहालीअघि नेपालमा सेवाका क्षेत्रहरू शासकका सेवकका रूपमा मात्र संचालित थिए । र, जनताका लागि निकै हदसम्म दुर्लभ । यसमा एउटा उदाहरण लिन सकिन्छ, नेपालको हवाई सेवालाई । २०४६ सालअघि नेपालका कुनै पुँजीपतिले आफ्नो निजी हवाई कम्पनीको कल्पना मात्रै गर्दा पनि उनी मूर्ख ठहरिन्थे । दरबारिया र सरकारका माथिल्ला ओहदाका अधिकारीहरूको सेवाका लागि एकमात्र शाही नेपाल वायुसेवा निगम सरकारको पूर्ण नियन्त्रणमा संचालन

गरिएको थियो । कुनै नागरिकले हवाई यात्रा गर्नु परेमा सत्ताका हाकिमहरूको सिफारिसका लागि चाकरीमा धाउनु परेका दृष्टान्त हाम्रा अग्रजमा मनमा ज्यूँदै छन् । प्रजातान्त्रिक सरकारले अपनाएको उदार अर्थ नीति र खुला आकाशको अवधारणाले निजी क्षेत्रमा हवाई कम्पनीहरू खुल्ने काम मात्रै भएको छैन, गुणस्तरीय सेवाका लागि प्रतिस्पर्धा चलिरहेको छ । यसको प्रत्यक्ष फाइदा पाएका छन्, नेपाली उपभोक्ताले । वास्तवमा नेपाली जीवनशैलीमै परिवर्तन ल्याइदिएको छ, हवाई यातायातले । २०५० सालअघि वर्षमा २ लाख मात्रै नेपालीले हवाई यात्रा गर्थे भने अहिले यो संख्या १५ लाखभन्दा माथि पुगेको छ । नेपाली हवाई आकाश अहिले निजी क्षेत्रका विमानहरूले भरिएको छ । हवाई कम्पनीका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणमा करिब तीन दर्जन हवाई कम्पनीहरू दर्ता भएका छन् । र, तीमध्ये १५ वटा विमान कम्पनीहरूले नियमित आन्तरिक हवाई सेवा पुऱ्याइरहेका छन् । शानेवानिबाहेक दुई विमान सेवाहरू एयर नेपाल इन्टरनेसनल र कस्मिक एयरले नेपाली ब्रान्डमा अन्तर्राष्ट्रिय उडान भरिरहेका छन् । उदारीकरणको एउटा मुख्य आशय हो, निजी क्षेत्रको हात बलियो पार्नु र सरकार त्यसका लागि रक्षाकवचको भूमिका निर्वाह गर्न तयार हुनु । तर, नेपालको हवाई क्षेत्रको विकासका मामिलामा सरकारले निजी क्षेत्रलाई खुला त गरिदिएको छ । तर, यो व्यवसायको दिगो विकासमा पुऱ्याउनु पर्ने योगदानप्रति तुलनात्मक रूपमा बेवास्ता । नेपाल वायुसेवा संचालक संघका अध्यक्ष विकास राणा भन्छन्, 'खुला आकाश नीतिको फाइदा निजी क्षेत्रले पाउनु पर्ने सामान्य नियमविपरीत नेपालमा यसको फाइदा सरकारले बढी पाएको छ भने व्यवसायीले निकै कम ।' गुनासो आ-आफ्नो ठाउँमा रहे पनि उदारीकरणको फाइदा सबैले उठाएका छन् ।

सेवाको एउटा क्षेत्रबाट पुग्ने बहुपक्षीय लाभ हवाई क्षेत्रले उल्लेखनीय रुपमा पुऱ्याएको छ, नेपालमा । पर्यटन विकास र दुर्गम क्षेत्रको खाद्यान्न ढुवानीलाई मात्रै आधार मान्ने हो भने पनि यसको फाइदा तल्लो वर्गदेखि माथिल्लो वर्गसम्मले पाएको छ । हुम्ला, जुम्लामा आज तिनै हवाई कम्पनीहरूले खाद्यान्न बोकेर त्यहाँका जनताको भोक टारेका छन्, जुन उदारीकरणपछि आकाशमा उड्न पाएका थिए । नेपालको अन्तर्राष्ट्रिय बजारसँग सम्बन्ध दरिने क्रमसँगै पर्यटन आगमनमा तीव्रता आयो, माओवादी हिंसा नफैलिँदासम्म । सन् १९९९ मा नेपालमा करिब ५ लाख पर्यटक भित्रिएर सबैभन्दा माथिल्लो रेकर्ड कायम गरे । र, यसै समयमा हायात रिजेन्सी, फूलबारी र ऱ्याडिसनजस्ता पाँचतारे होटल नेपालमा खडा भए । धेरै पर्यटन नेपाल आउनुको स्वाद दरबारको लगानीमा संचालित सोल्टी लगायतका केही तारे होटलमा मात्रै सीमित रहेन, गाउँका पोल्ट्री फार्मका मालिक र होटललाई तरकारी बेच्ने किसानको पोल्टासम्म पनि पुग्यो । तीव्र आर्थिक गतिविधिको चक्रबाटै आर्थिक विकासको मान्यता राख्ने उदार अर्थतन्त्रको सकारात्मक प्रभाव नेपालीले चाख्न पाएका हुन्, यो अवधिमा ।




तेजबहादुर बस्नेत

नेपालीले प्रत्यक्ष महसुस गर्ने गरी उदारीकरणले दिएको अर्को सेवा हो, वित्तीय क्षेत्र । केही वर्षको अन्तरालमै सहरी क्षेत्रका नागरिकले अन्तर्राष्ट्रियस्तरको बैंकिङ सेवा पाएका छन् । आज सहरमा 'एटिएम कल्चर' सुरु भएको मान्न सकिन्छ । अधिकांश वाणिज्य बैंकले प्रयोगमा ल्याएको एटिएम कार्डको माध्यमबाट जुनसुकै बेला आफ्नो आवश्यकताअनुकूल पैसा प्राप्त गर्न सकेका छन् उपभोक्ताले । डेबिड कार्ड, क्रेडिट कार्ड, भिसा इलेक्ट्रोनिक कार्ड लगायतका सुविधा अन्तर्राष्ट्रिय संजालसँग जोडिएका छन् नेपालमा पनि । उद्योगपति राजेन्द्र खेतान भन्छन्, 'हिजो व्यापारीले पैसाका मुठा बोकेर दिल्ली पुग्नु पर्थ्यो । आज त्यो काम एउटा कार्डबाट पूरा हुन्छ ।' उदारीकणले पुऱ्याएको सेवाको यो निकै मिठो अनुभूति हो ।

केही वर्ष अघिसम्म कमाएको रकम बैंकमा राख्न पनि त्यहाँका कर्मचारीको चित्त बुझाउनु पर्ने वास्तविकताकाविपरीत आज बैंकहरूले ग्राहकलाई आफ्नो बैंकबाट ऋण लैजानका लागि तल्लो वर्गका उपभोक्ताहरूसँग हात जोडिरहेका छन् । खान्दानी वा माथिल्लो सरकारी हैसियतमा रहेकाहरूले बैंकमा राखिएको सर्वसाधारणको निक्षेपमाथि मनपरी गर्ने वर्गको अस्तित्व कमजोर बन्दै गएको छ । अहिले सर्वसाधारणले सजिलैसँग बैंकिङ सेवा पाएका छन्, मुख्यतया सहरी क्षेत्रमा ।

घर, गाडी, शिक्षा र व्यवसायका लागि बैंकहरूले प्रतिस्पर्धामा लगानी गरिरहेका छन् । त्यसका साथै बैंकहरू उपभोक्ताका आवश्यक साथी बनिरहेका छन् । टिभी, कम्प्युटरदेखि चुलो/चौकासम्मका सामग्रीमा पनि बैंकहरू पुगिसकेका छन् । बालबालिका, गृहिणी र युवाहरू बैंकिङ लगानीका दायरामा छन् । संकुचित मानसिकताबाट सरकारी बैंकका रुपमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले परम्परागत सेवा पुर्‍याइरहेका बेला उदारीकरणको प्रभावले विदेशी लगानी र कुशल व्यवस्थापनयुक्त बैंकहरू संचालनमा आएका छन् । नविल, हिमालयन, नेपाल इन्भेस्टमेन्ट, कुमारी, स्टान्डर्ड चार्टर, एभरेस्ट, बैंक अफ काठमाडौं लगायतका १७ वटा वाणिज्य बैंक, २९ विकास बैंक, ११७ हुलाक बचत बैंक र सयौंका संख्याका अन्य वित्तीय संस्थाले सेवा पुर्‍याइरहेका छन् । यीमध्ये केही बैंक २०४६ सालअगाडि स्थापित भएका भए पनि उनीहरूले सहज वित्तीय सेवा भने उदारीकणपछि नै संचालन गर्न पाएको अनुभव छ, बैक संचालकहरूसँग । नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष राधेश पन्त भन्छन्, 'दुई तिहाइ नेपालीले बैंकिङ सेवा पाएका छन् ।'

संचार क्षेत्रको विकास अद्‌भुत नै मानिन्छ पछिल्लो समयमा । एक लाइन टेलिफोनका लागि वर्षौं कुर्नु पर्ने अवस्था तोड्ने काम पनि यस क्षेत्रमा भित्रिएका प्रतिस्पर्धी कम्पनीले नै तयार पारेका हुन् । अहिले मोवाइल वा ल्यान्डलाइन, जुनसुकै फोन लिन चाहँदा कम्पनीले ग्राहकलाई न्यानो स्वागत टक्र्याउँछन् । नेपाल टेलिकम कम्पनीमा परिणत हुनु, युटिएल र स्पाइस नेपाल वैदेशिक लगानीका कम्पनीहरू प्रतिस्पर्धामा उत्रिएपछि उपभोक्ताले फाइदा उठाएका छन्, जुन उदारीकरणको सिद्धान्तअनुकूल मानिन्छ । गुणस्तरीय सेवाका लागि निजी क्षेत्रले आपसमा प्रतिस्पर्धा गर्ने र जसको फाइदा उपभोक्ताले उठाउन पाउने विश्वास गरिन्छ, उदारीकरणमा । तर, राजाको शासनको हस्तक्षेपको ज्यादै नराम्रो चोट संचार कम्पनीहरू र उपभोक्ता दुवैले व्यहोर्नु परेको छ, माघ १९ यता निरन्तर । मिडिया क्षेत्रमा उल्लेखनीय लगानीको वातावरण तयार पार्ने काम पनि यही आर्थिक संरचनाले नै गरेको हो ।

अन्तर्राष्ट्रिय संस्कृति

उदारीकरण अन्तर्राष्ट्रिय संस्कृति बनेको छ अहिले । र, यसलाई नव उदारवादका रुपमा पनि व्याख्या भइरहेको छ । विश्वमा आर्थिक रुपमा शक्तिसम्पन्न राष्ट्रहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू उदारीकरण संस्कृति विश्वव्यापी बनाउन तल्लीन छन् । र, यसलाई अवज्ञा गर्न सक्ने अवस्थामा छैनन्, विश्वका सानाठूला वा धनीगरिब राष्ट्रहरू ।

नेपालमा पनि यसको प्रभाव जबरजस्त रुपमा भित्रिएको छ । नेपालका विकासका मुख्य साझेदारहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष तथा अन्य दाताको चासो नेपालले अवलम्बन गर्ने आर्थिक सुधार वा उदारीकरणका पक्षमा केन्द्रित छ । करिब उस्तै उस्तै सर्त पालना गर्ने कबुलपछि मात्रै नेपाललाई ऋण उपलब्ध गराउने विश्व बैंक र आइएमएफले आफ्ना सर्तका मुख्य तीनवटा बुँदामध्येको एक नम्बर सर्त बनाएका छन् उदारीकरणलाई । उदारीकरण, सार्वजनिक

## उदारीकरणका दस वर्षमा हासिल मुख्य आर्थिक उपलब्धिहरू

| | | रु. करोडमा | | वृद्धि (%) | | |
|---|---|---|---|---|---|---|
| | | २०४६/४७ | २०५७/५८ | प्रचलित मूल्यमा | स्थिर मूल्यमा | वार्षिकवृद्धि दर (%) |
| १ | औद्योगिक सूचकांक | १००.६ | ३३४.६ | | ३३३ | ११.६ |
| २ | प्रत्यक्ष वैदेशिक लगानी (करोड) | नगण्य | ५७.८ | | | |
| ३ | घरेलु र साना उद्योग दर्ता (संख्या) | ९३२.० | ९,३१७.० | | १,००० | २३.३ |
| ४ | घरेलु र साना उद्योगमा लगानी (करोड) | ८२.९ | ७३२.० | ८८३ | ३७० | १२.६ |
| ५ | घरेलु उद्योगतर्फको कर्जा (करोड) | ८५,०७४.० | १६७,१०१.० | १९६ | ८५ | -१.५ |
| ६ | पर्यटक संख्या | २३९,९४५ | ३६५,४७७ | | १५२ | ३.९ |
| ७ | पर्यटनबाट विदेशी मुद्रा आर्जन (करोड) | ३१२.१ | १,१७१.७ | ३७५ | १६२ | ४.५ |
| ८ | होटल शय्या (संख्या) | ९,४०८.० | ३६,१६३.० | | ३८४ | १३.० |
| ९ | ऊर्जा खपत (हजार टन तेल शक्ति) | ५,६९६ | ८,१६२ | | १४३ | ३.३ |
| १० | विद्युत् खपत (लाख किलो घन्टा) | ५,४८१ | १४,०७१ | | २५७ | ९.० |
| ११ | विद्युत् उत्पादन (लाख किलो घन्टा) | ७,३६५ | १७,६७९ | | २४० | ८.३ |
| १२ | विद्युत् उत्पादन उच्चतम भार (मेगावाट) | १७६ | ५२८ | | ३०० | १०.३ |
| १३ | सडक (किमि) | ६,७०६ | १५,७०२ | | २३४ | ८.० |
| १४ | टेलिफोन लाइन संख्या | ४५,४५७ | ३१२,०३२ | | ६८६ | १९.१ |
| १५ | विद्यालय संख्या | २३,७५९ | ३७,९७६ | | १६० | |
| १६ | प्राथमिक विद्यालय संख्या | १७,८४२ | २६,३३८ | | १४८ | ३.६ |
| १७ | नि. माध्यमिक विद्यालय संख्या | ३,९६४ | ७,३०२ | | १८४ | ५.७ |
| १८ | माध्यमिक विद्यालय संख्या | १,९५३ | ४,३३६ | | २२२ | ७.५ |
| १९ | विद्यार्थी संख्या | ३,४९८,००० | ५,२०१,००० | | १४९ | |
| २० | प्राथमिक विद्यार्थी संख्या | २,७८९,००० | ३,८१८,००० | | १३७ | २.९ |
| २१ | नि. माध्यमिक विद्यार्थी संख्या | ३४४,००० | १,०००,००० | | २९१ | १०.२ |
| २२ | माध्यमिक विद्यार्थी संख्या | ३६,५,००० | ३८३,००० | | १०५ | ०.४ |
| २३ | शिक्षक संख्या | ९४,०३३ | १४६,३४१ | | १५६ | ४.१ |
| २४ | प्राथमिक शिक्षक संख्या | ७१,२१३ | १००,४५२ | | १४१ | ३.२ |
| २५ | नि. माध्यमिक शिक्षक संख्या | १२,३९९ | २६,०७३ | | २१० | ७.० |
| २६ | माध्यमिक शिक्षक संख्या | १०,४२१ | १९,८१६ | | १९० | ६.० |
| २७ | स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति | २७,९४८ | ८१,३५३ | | २९१ | १०.२ |
| २८ | स्वास्थ्य केन्द्र | १,०९६ | ४,४३९ | | ४०५ | १३.६ |

*अर्थशास्त्री डा. मीनेन्द्र रिजालद्वारा गरिएको अनुसन्धानको एक अंश*



तेजबहादुर बस्नेत

संस्थानहरूको निजीकरण र विश्वव्यापीकरण अर्थात् 'एलपिजी' नेपालले ती दाताबाट आर्थिक सहयोग पाउनका लागि नीतिगत रुपमा स्विकार्नु पर्ने अनिवार्य सर्त हुन्।

कानुनी र व्यवहारिक रूपमा स्वदेशी एवं विदेशी लगानीकर्तालाई लगानीको आवश्यक वातावरण तयार पारिदिनु सरकारको दायित्व मानिएको छ, उदारीकरणमा। जसअनुसार बहुराष्ट्रिय निगमहरूले राज्यका कुनै पनि झमेला सहन नपर्ने गरी मुनाफा आर्जन गर्न स्वतन्त्र वातावरण तयार पारिदिनु सरकारको कर्तव्य मानिएको छ। विश्व व्यापार संगठन (डब्लुटिओ)मा आबद्धतापछि सरकार कानुनी रुपमै यो नियम मान्न बाध्य छ अब।

सरकारको काम व्यापार गरेर बस्ने होइन भन्ने मान्यताबाट निर्देशित छ, सार्वजनिक संस्थानहरूको निजीकरण। प्रजातन्त्रपछि नेपालमा पनि करिब दुई दर्जन सार्वजनिक संस्थानहरूको निजीकरण गरिएको छ। र, ती संस्थानबाट आशातित उपलब्धि हासिल हुन नसकेको विषय विवादित छ। पूर्व अर्थमन्त्री एवं एमाले नेता भरतमोहन अधिकारीले आफ्नो पुस्तक 'नेपालमा औद्योगीकरणका समस्या'मा सबै सार्वजनिक संस्थान निजीकरण गरिनु उचित नहुने र छनोटका आधारमा निजीकरण गरिनु पर्ने तर्क राखेका छन्। निजीकरण गरिएका संस्थानहरूबाट अपेक्षित उत्पादन हुन नसकेको र कतिपय रुग्ण बनाइएको तथ्यलाई उनले आफ्नो तर्क पुष्टि गर्ने आधार बनाएका छन्। तर, कांग्रेस नेता डा. महत र योजना आयोगका उपाध्यक्ष डा. शर्मा भने यो मान्न तयार छैनन्। निजीकरण गरिएका संस्थानबाट सरकारको अर्बौं रुपैयाँको लगानी जोगिएको र उक्त बचत विकासमा खर्च गर्न सम्भव हुने राय उनीहरूको छ। विश्व बैंकको सहयोगका लागि आर्थिक सुधारका मुख्य चार बुँदामध्येको एक निजीकरण पालनामा भने सबै राजनीतिक पक्षहरू सहमत छन्। वित्तीय क्षेत्र सुधार, सुशासन र पेट्रोलियम पदार्थको मूल्य समायोजनजस्ता दाताहरूका सुधारका कार्यक्रम सन्तोषजनक गतिमा अघि नबढ्दा सरकारले पाउने आर्थिक सहयोग रोकिएका छन्। नेपालका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक केन ओहासीले यसै वर्ष मात्रै धेरैपटक यी कार्यक्रममा सुधार आउन नसकेको भन्दै सरकारको आलोचना गरिसकेका छन्। यी सबै काम उदारीकरण प्रक्रियामा सहयोग पुऱ्याउने महत्त्वपूर्ण हिस्सा हुन्।

## कार्यान्वयनका प्रयास

पछिल्ला दिनहरूमा उदारीकरण अधिकांश क्षेत्रमा पुऱ्याउने प्रयास भइरहेको छ। उद्योग/व्यापारको क्षेत्रमा मात्रै हैन, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विद्युत्, कृषि लगायतका क्षेत्रमा पनि निजी क्षेत्रको लगानी प्रोत्साहित भइरहेको छ। सरकारी तर्कमा निजी क्षेत्रको संलग्नताले शिक्षा, स्वाथ्य क्षेत्रमा समेत गुणस्तरीय सेवा उपलब्ध भएको छ। तर, राज्य यसो भनेर आफ्नो जिम्मेवारीबाट पन्छिएको आरोप आलोचकहरूको छ। आयोगका उपाध्यक्ष डा. शर्मा भन्छन्, 'प्राइभेट सेक्टरको संलग्नताले शिक्षा र स्वाथ्य क्षेत्रमा राम्रो विकास भएको छ।' यही अवधारणा कार्यान्वयनमा आएपछि नेपालमा आधा दर्जन विश्वविद्यालय र मेडिकल कलेज स्थापना भएका छन्। जसका कारण अध्ययनका लागि विदेशिने करोडौं रुपैयाँ जोगिएको छ। नर्सिङ होम र निजी स्कुलहरू सामान्य लाग्न थालेका छन्। सरकार पनि शिक्षा क्षेत्रको दायित्वबाट क्रमशः पछि हट्न खोजेको देखिन्छ। साढे ८ हजार सरकारी स्कुल र केही हेल्थपोस्टहरूको संचालनको दायित्वबाट सरकार पछि हटेको छ।

तुलनात्मक रूपमा कृषि क्षेत्रमा निजी क्षेत्रको प्रवेश गराउने सरकारी चाहना पूरा हुन सकेको छैन। यसले के देखाउँछ मुनाफाका लागि तुलनात्मक जोखिमका क्षेत्रमा निजी क्षेत्र प्रवेश गर्न चाहेको छैन। उपाध्यक्ष शर्माको विश्लेषणमा गैरकृषि क्षेत्रको आर्थिक वृद्धिदरमा उदारीकरण बढी प्रभावकारी सावित भएको छ।' राहदानी (पासपोर्ट) पाउन पनि माथिल्लो हैसियत राख्नु पर्ने अवस्था बन्द भएको छ। आज नागरिक सामान्यतया आफूले चाहेको देशमा पुगेर काम धन्दा गर्न पाएका छन्। नेपालको अर्थतन्त्र संकटमा परेको अहिलेको अवस्थामा त तिनै विदेशिएका नेपालीले कमाएको पैसाले मुलुक धान्न सजिलो भएको छ। उदारीकरणले संकटकालीन अर्थतन्त्रमा समेत निकै ठूलो योगदान मान्न सकिन्छ यसलाई। ■



# अर्थतन्त्रको प्राण

**सशस्त्र द्वन्द्वको चपेटामा छटपटाइरहेको मुलुकको अर्थतन्त्र धान्न १५ लाखभन्दा बढी नेपालीले विदेशी भूमिमा आफ्नो रगतपसिना बगाइरहेका छन्। र, त्यो पैसाको लगानी पनि उत्पादनमूलक काममा लगानी हुनुले अर्थतन्त्रलाई सकारात्मक मोडतिर डोऱ्याइरहेको छ।**

## परिवर्तित पश्चिमी पहाड

**हिमालयन बैंकको** पोखरा शाखामा कार्यालय समयमा प्रायः खुट्टा राख्ने ठाउँ भेट्नसमेत मुस्किल पर्छ। काउन्टरअघि त भीड हुन्छ नै बाहिर पनि उस्तै चहलपहल। बैंकमा पुग्ने अधिकांश मानिस विदेशबाट आफन्तले पठाएको रकम लिन पुगेका हुन्छन् त्यो बैंकमा। त्यसो त पोखराको नविल बैंक वा इन्भेस्टमेन्ट बैंक उस्तै भीड हुन्छ।

हिजोआज पोखराका बैंक ग्राहकहरूको निक्षेप संकलन वा चेक साट्नेभन्दा बढी विदेशको कमाइ तिनका आफन्तहरूलाई बुझाउन व्यस्त देखिन्छन्। विदेशमा रहेका नेपालीले कानुनी बाटो हुँदै विभिन्न संस्थामार्फत नेपालमा पैसा पठाउने क्रम बढ्न थालेपछि बैंकका कर्मचारीहरूको व्यस्तता पनि त्यही काममा बढी भएको छ। 'विदेशबाट आफन्तले पठाएको पैसा यहीँबाट दिने एजेन्सीहरू त अहिले सटरैपिच्छै हुनथाले', पोखरा पृथ्वीचोकका एक व्यवसायी भीमसेन दाहाल भन्छन्। उनका अनुसार विदेशबाट नेपालमा पैसा पठाउनेहरूको संख्या बढेपछि एजेन्सीहरू उनकै भनाइमा सटरैपिच्छे जस्तो हुन थालेका हुन्।

सेल्फ कम्युनिकेसनका संचालक दाहाल इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई)मार्फत आएको पैसा दैनिक ३-४ लाख रुपैयाँ रकम पठाउनेहरूका आफन्तहरूलाई बुझाउँछन्। उनकै पसल रहेको घरको छानामुनि वेस्टर्न युनियन मनी ट्रान्सफरबाट पठाइएको पैसा लिन सकिने सुविधा छ। आइएमईमार्फत पोखरामा दैनिक ३० लाखभन्दा बढी रकम वितरण गनुपर्ने यो संस्थाको इन्टरनेटमा देखिन्छ। वेस्टर्न युनियन मनी ट्रान्सफर र आइएमईसँग पोखरामा विदेशको कमाइ भित्र्याउन स्पिड रेमिट, प्रभु मनी ट्रान्सफर, ई रेमिट, वाल स्ट्रिट इन्स्टेन्ट क्यास सक्रियतापूर्वक लागेका छन्। यी एजेन्सीको अनुमति लिएर सेवा दिनेहरूको संख्या सयौं भएको अड्कल छ सम्बद्ध व्यवसायीहरूको।

नेपाल लिभिङ स्टान्डर्ड सर्भे २००३/०४ का अनुसार रेमिन्ट्यान्स भित्र्याउने मामिलामा मुलुकका अन्य भागका तुलनामा पश्चिमी पहाड निकै अगाडि छ। यो क्षेत्रको प्रतिव्यक्ति रेमिन्ट्यान्स ३ हजार ८ सय १७ रुपैयाँ छ र पश्चिमी पहाडका ४० प्रतिशतभन्दा बढी घरले रेमिन्ट्यान्सकै आधारमा आफ्नो जीवन धानिरहेका छन्।

यिनै कारणले हिमालयन बैंकले न्यूनतम ५-६ करोडदेखि १०-१२ करोडसम्म विदेशको आय भित्र्याउने गरेको छ। यो दर बढ्दो रहेको बताउँछन् बैंकका अधिकारीहरू। उता, नविन बैंकले भित्र्याउने वैदेशिक आय पनि हिमालयनकै हाराहारीमा छ। व्यवस्थापक सुरज प्याकुरेल भन्छन्, 'हाम्रोबाट दैनिक २५-३० लाख रुपैयाँ भित्रिन्छ।'

आफूहरूकहाँबाट पनि दैनिक १०-१५ जनाले विदेशको कमाइ लगिरहेको बताउँछन् इन्भेस्टमेन्ट बैंकका व्यवस्थापक धीरज थापा। अझ स्टान्डर्ड चार्टर बैंक सबैभन्दा अगाडि छ, विदेशको कमाइ भित्र्याउने मामलामा। पोखरामै केन्द्रीय कार्यालय भएको माछापुच्छ्रे बैंकदेखि अरू बैंक पनि विदेशको कमाइ भित्र्याउने कुरालाई प्राथमिकतासाथ अगाडि बढाइरहेका छन्।

सबै संस्थाले गरेर कति रकम पोखरा र सेरोफेरोमा भित्र्याइरहेका छन् त ? कतिपय बैंकहरू त्यो तथ्यांक सार्वजनिक गर्न मान्दैनन् र जिम्मेवारी राष्ट्र बैंकतिर पन्छाउँछन्। तर, त्यो तथ्यांक आफूहरूसँग पनि नभएको बताउँछन् नेपाल राष्ट्र बैंकको पोखरा शाखाका निमित्त व्यवस्थापक मानबहादुर नेपाली। केन्द्रीय कार्यालयमा मात्रै रेमिट्यान्सको तथ्यांक रहेको

**यति बेला** १५ लाखभन्दा बढी नेपाली युवा मुलुकको अर्थतन्त्रको प्राण धान्न विदेशी भूमिमा आफ्नो रगतपसिना बगाइरहेका छन् । अर्थशास्त्रीहरूको भनाइलाई विश्वास गर्ने हो अनौपचारिक र औपचारिक माध्यमबाट वर्षमा १ खर्ब रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिन्छ । यो झन्डै नेपालको वार्षिक बजेटबराबर छ । नेपाल लिभिङ स्टान्डर्ड सर्भे २००३/०४ का अनुसार नै पनि नेपालमा सन् २००३/०४ को अवधिमा ४६ अर्ब रुपैयाँभन्दा बढी रकम भित्रिएको थियो । उक्त सर्भेका अनुसार नै पनि प्रतिव्यक्ति रेमिन्ट्यान्स २ हजार १ सय रुपैयाँ छ । नेपालका लगभग ३२ प्रतिशत घरको आर्थिक आधार रेमिन्ट्यान्स नै हो ।

नेपाली अर्थतन्त्र धराशायी हुनबाट जोगिनुको एक मात्र कारण वैदेशिक रोजगारी हो । नेपाल राष्ट्र बैंक र वरिष्ठ अर्थशास्त्रीहरूको एउटै भनाइ छ, नेपाली अर्थतन्त्रको रक्त संचार गराएको छ, रेमिट्यान्सले । द्वन्द्वग्रस्त अवस्थामा पनि गरिबीको संख्यामा कमी ल्याउन रेमिट्यान्सकै मुख्य योगदान रहेको छ ।

यो नेपालको मात्र स्थिति होइन, यति बेला अधिकांश विकासोन्मुख मुलुकको अर्थतन्त्रमा रेमिट्यान्सको योगदान बढ्दो छ । अहिले, रेमिट्यान्स विश्वका अति कम विकसित मुलुकका अर्थतन्त्रको प्राण धान्ने माध्यम बनिरहेको छ । र, विकासोन्मुख अर्थतन्त्रको मेरुदण्ड । विश्वव्यापीकरणले तुलनात्मक रुपमा कम विकसित मुलुकको अर्थतन्त्र उकास्न उपलब्ध गराएको एउटा महत्त्वपूर्ण अवसर वैदेशिक रोजगारी त हुँदै हो, त्योभन्दा ठूलो कुरा विकसित मुलुकले गरिब देशका सस्ता विशेषज्ञ र कामदारको सुविधा हात पारेर आफूहरूलाई थप शक्तिशाली बनाइरहेका छन् । विश्वव्यापी रुपमा 'सर्भिस सेक्टर' खुला गरेर आफ्नो आवश्यकतानुसारको जनशक्तिबाट लाभ हासिल गर्न जोडतोडका साथ लागिरहेका छन्, विकसित मुलुकहरू । र, यसको फाइदा मुख्यतः आफ्ना नागरिकलाई रोजगार दिन नसक्ने नेपालजस्ता गरिब मुलुकले पनि उठाइरहेका छन् ।

रोजगारीका लागि अहिले विश्वमा २० करोडभन्दा बढी मानिसहरू एक-अर्को मुलुकमा पुग्छन् । विश्व बैंकका अनुसार यसबाट सन् २००५ मा २ सय ३२ अर्ब डलरको रेमिट्यान्स प्रवाह भएको छ । यो रकम मुख्यतया विकासोन्मुख देशहरूमा बढी पुगेको छ । किनभने ती देशले दक्ष जनशक्ति आपूर्ति गरेका छन्, विकसित मुलुहरूमा । १ सय ६७ अर्ब डलर रेमिट्यान्सको हिस्सा तिनै विकासोन्मुख मुलुकहरूले भित्र्याएका छन् यो वर्ष । र, बाँकी तिनै विकसित मुलुकहरूबीच आदान प्रदान हुने रकम र गरिब मुलुकहरूमा पुग्ने रकमको अंश करिब उस्तै छ । गरिब मुलुकहरूले ठूलो संख्याका कामदार वैदेशिक रोजगारीमा त पठाउँछन् । तर, उनीहरूले पाउने सस्तो ज्यालाका कारण मोटो रकम स्वदेश भित्र्याउन अक्षम हुन्छन् ।

दक्षिण एसिया कामदार आपूर्तिका लागि निकै सस्तो बजार हो, विकसित मुलुकहरूका लागि । यसैको परिणाम स्वरुप यस क्षेत्रमा भित्रिने रेमिट्यान्स बर्सेनि उल्लेख्य मात्रामा वृद्धि हुँदै गएको छ । विश्व बैंकका अनुसार सन् २००५ मा दक्षिण एसियामा ३२ अर्ब डलरको रेमिट्यान्स भित्रिएको छ, जुन सन् २००१ मा यी मुलुकले प्राप्त गरेको रकमको तुलनामा ६७ प्रतिशतले बढी हो । चरम गरिबी रहेका मुलुकमा उनीहरूलाई गरिबीको रेखामाथि ल्याउन रेमिट्यान्सको महत्त्वपूर्ण योगदान रहेको विश्लेषण गर्दै विश्वका ख्यातिप्राप्त अर्थशास्त्रीहरूले अहिले वैदेशिक रोजगारीको पक्षमा वकालत गरिरहेका छन् । विश्व बैंकले पनि चरम गरिबीबाट मुक्तिका लागि रेमिट्यान्सको योगदान धेरै हदसम्म प्रभावकारी भएका कारण गरिब मुलुकले यसलाई बढावा दिनु राम्रो देखिएको विश्लेषण गरेको छ ।

नेपालको सन्दर्भमा बढ्दो द्वन्द्वबाट युवाहरू जोगिने उपाय मात्रै रहेन, वैदेशिक रोजगार । त्यही द्वन्द्वका कारण संकटमा परेको नेपालको अर्थतन्त्रको प्राण धान्ने मुख्य खम्बा पनि बनिरहेको छ । मुलुकभित्र अवसरको चरम अभावले बर्सेनि नेपालको रोजगार बजारमा प्रवेश गर्ने करिब ४ लाख युवाको व्यवस्थापन वैदेशिक रोजगारीले नै गरेको छ । तर, ती सबै युवा वैदेशिक रोजगारीमा पुग्ने पहुँच राख्छन् भनेर सोच्नु गलत हुनेछ । ■

---

उनले बताए । यद्यपि, यहाँका विभिन्न संस्थाका कारोवार सरसर्ती हेर्दा मासिक आधाको हाराहारीमा अर्ब गण्डकी र धौलागिरीका पहाडी क्षेत्रमा रेमिट्यान्स भित्रिएको पाइन्छ । म्याग्दीमा मात्रै रेमिट्यान्स भित्र्याउन ५ संस्था सक्रिय छन् । बागलुङ, पर्वत, स्याङजामा पनि त्यति नै छन् त्यस्ता संस्था । आफ्नो जिल्लामा मात्रै मासिक ५ करोड रेमिट्यान्स भित्रिने गरेको जानकारी त्यहीँ सेवा उपलब्ध गराइरहेका व्यवसायी बेनीबजारका कलाधर आचार्यले दिए । सहकारी संस्थाहरूले पनि रेमिट्यान्स भित्र्याइरहेका छन् ।

गण्डकी र धौलागिरीमा भित्रिने रेमिट्यान्स भनेको इराक, हङकङ, मध्यपूर्व, अरब, युरोप र मलेसियाबाट नै हो । बैंकहरू र विभिन्न एजेन्सीहरू आउनुभन्दा पहिला व्यक्तिगत विश्वासमा व्यक्तिगत रुपमा विदेशबाट पैसा भित्रन्थ्यो । त्यसैले तथ्यांकको छेउटुप्पो भेटिन्थ्यो । कति पैसा भित्रियो भन्ने अझै यकिन नभए पनि केही आँकलन गर्न सकिने अवस्था भने छ । तर, आएको त्यति धेरै पैसा कहाँ के भइरहेको छ भन्ने कुरा भने अझै पनि कुहिरामा काग खोजे जस्तै मुस्किल नै छ ।

गण्डकी र धौलागिरी क्षेत्र आफैंमा लाहुरे पहाड हो । लाहुरे संस्कृतिमा चुर्लुम्म डुबेको पहाडमा केही वर्षयता खाडी मुलुक भासिनेहरू बढ्नाले रेमिट्यान्स बढेको अर्थ लगाउँछन् अर्थशास्त्री आनन्दराज मुल्मी । तर, त्यतिका पैसा कहाँ गइरहेको छ त ?

'सबैको व्यापार व्यवसाय नै त्यही रेमिट्यान्सले धानेको छ', अर्थ राजनीतिमा समेत गहिरो चासो राख्ने व्यवसायी भीमसेन दाहाल भन्छन् । करोडौं रकम गाउँ भित्रिए पनि गाउँमा खास परिवर्तन नदेखिएको बताउँछन्, म्याग्दीका कलाधर आचार्य पनि । उनका अनुसार समेत आर्जेको रकम जति लाउनखानमै ठिक्क भएको छ । रेमिट्यान्सले परिवार पाल्ने, सके नयाँ घर बनाउने वा सहर झर्ने काम मात्रै भइरहेको छ । अधिकांशचाहिँ सहर झरेर सन्तानलाई निजी तथा आवासीय विद्यालयमा पढाइरहेको अनुभव छ, आचार्यसँग ।

पोखरामा केही समययता प्लटिङ व्यवसायी निकै फस्टाएको छ । विदेशमा कमाइ गर्नेहरूबाट चलेको बताइएको छ यो पेसा । बी एन्ड बी प्लटिङका संचालक विमल बस्याल यो व्यवसायका ९० प्रतिशत ग्राहक विदेशमा कमाइ गर्न जानेहरू नै भएको बताउँछन् । आफूहरूले बिक्री गरेका झन्डै २ सय घडेरीका केहीबाहेक सबै बाहिर गएर कमाएकाहरू नै रहेको उनी सुनाउँछन् । अरू बाँकीले पनि विदेशमा कमाइ गर्नेहरूलाई नै गाउँघरको सम्पत्ति बिक्री गरेर पोखरामा घडेरी किनिरहेको बताउँछन् बस्याल । पोखरामा दुई वर्षयता मात्रै फस्टाएको हो घडेरी प्लटिङ व्यवसाय ।

### बढेका बढ्यै बैंक

पोहोर एक वर्षको अवधिमा मात्रै ६ वटा नयाँ बैंक भित्रिएका थिए पोखरामा । यो वर्ष फेरि यहीँका बासिन्दा उत्तिकै संख्याका बैंकहरू सुरु गरेका छन् । नेपालमा रहेका निजी क्षेत्रका १५ वटा वाणिज्य बैंकमध्ये लुम्बिनी र सिद्धार्थ मात्रै पोखरा आएका छैनन् । बैंकहरू बढेपछि कानुनको बाटोबाट आउने रेमिट्यान्सको मात्रा पनि बढेको बैंकरहरूको दाबी छ । बैंकहरूको संख्या पछिल्लो समयमा यति धेरै बढेको छ कि निजी क्षेत्रका १५ वाणिज्य बैंक सबैभन्दा धेरै काठमाडौंमा १४ छन् भने त्यसपछि सबैभन्दा धेरै बैंक भएको सहर बनेको छ पोखरा । पोखराकै स्थानीय बासिन्दाले पनि गएको एक वर्षमा केही वित्तीय संस्थाहरू थपेका छन् । हिमचुली बैंक, गण्डकी विकास बैंक र बिजनेस डेभलपमेन्ट लगायतका आधा दर्जन अरू वित्तीय संस्था बढेका छन् । पैसाको चलखेल बढेकै कारण बैंकहरू बढेको विश्लेषण गरिन्छ ।

■ **केशव लामिछाने/पोखरा**



# पैसाको छलाङ

**२०४५ सालको** भुइँचालोले ध्वस्त धरानको स्वरुप अहिले पूरै बदलिएको छ। सुन्दर र भव्य घरले सहर भरिएको छ। वर्षामा हिलैहिलो हुने बाटोमा चिल्लो सडक बनेको छ। हरेक सडकसँगै व्यवस्थित ढल छ। समुद्रपारि चलेको फेसन सोझै यहाँ आइपुग्छ। बजारमा किनमेल गर्नेको भीडले उपभोक्ताको क्रयशक्ति राम्रै रहेको देखाउँछ। लाग्छ, सिंगो देश द्वन्द्व, अस्थिरता र मन्दीसँग लड्दै गरेका बेला यो सानो सहरले भने ठूलै छलाङ मारेछ।

तर, यसको श्रेय सरकारलाई हैन, यहाँका बासिन्दालाई नै जान्छ। खासगरी ब्रिटिस गोर्खा सेनामा काम गरेर फर्किने युवाको कमाइले नै धरानले डेढ दशककै अवधिमा यति उल्लेखनीय छलाङ मार्न सकेको हो। 'लाहुरेको पैसा नआउने हुँदो हो त हामी अझै १७ वर्षअघिकै स्थितिमा रहेका हुन्थ्यौं', धरानका पूर्व मेयर मनोज मेयाङ्वो भन्छन्। विकासका लागि श्रम र पैसा खर्चिन तत्पर ब्रिटिस गोर्खा सैनिककै भर परी धरान नगरपालिकाले २०५१ सालमा जनसहभागिताको नीति लागू गरेको थियो।

ब्रिटिस गोर्खा सैनिकमात्र हैन, वैदेशिक रोजगारीमा जाने युवाले पनि धरानको विकासका लागि आर्थिक सहयोग गर्दै आएका छन्। खाडी राष्ट्रमा जाने युवाले कम आम्दानी गर्ने भएकाले आफ्नो सहरको भौतिक विकासका लागि प्रत्यक्ष आर्थिक सहयोग पुऱ्याउन सकेका छैनन्। तर, हङकङ, जापानजस्ता विकसित देशमा जाने युवाको सहयोगलाई ब्रिटिस गोर्खा सैनिकको लगानीको तुलनामा कम आँक्न मिल्दैन। सहरको आकर्षणको केन्द्र बनेको घन्टाघर, भूकम्प स्मारक र ग्रिनपार्क हङकङ, जापान र मकाउमा रहेका धराने युवाले पठाएकै पैसाले बनेका हुन्।

पूर्व मेयर मेयाङ्वोका अनुसार सुरुमा धरान-हङकङ मञ्चले आर्थिक सहयोग जुटाइदिने आश्वासन दिएपछि सहरको मुख्य व्यापारिक केन्द्र भानुचोकमा घन्टाघरको निर्माण कार्य सुरु गरिएको थियो। तर, घन्टाघरको लागत बढ्दै गयो। धरान-हङकङ मञ्चले सबै पैसा बेहोर्न सकेन। त्यसपछि धरान-जापान सहयोग समूह थप सहयोगका लागि तयार भयो। मकाउमा कार्यरत धराने युवा पनि अग्रसर भए। यसरी करिब १ करोड रुपैयाँको लागतमा घन्टाघर, भूकम्प स्मारक र ग्रिनपार्क तयार भए, जसको उद्घाटन गत पुस २० गते भिक्टोरिया क्रस विजेता रामबहादुर लिम्बूले गरेका थिए।

ब्रिटिस गोर्खा सेना वा अन्य वैदेशिक रोजगारीमा जाने युवाले पठाउने पैसा (रेमिट्यान्स)को प्रभाव यहाँको बजारमा स्पष्टै देख्न सकिन्छ। उद्योग, कारखाना, सरकारी कार्यालय पर्याप्त नरहेको धरानमा दैनिक नयाँ लुगा, मोटरसाइकल, कम्प्युटरजस्ता सामानको कारोबारमा गतिशीलता देखिनुको कारण यही हो। तर, धरानमा मासिक यति नै रेमिट्यान्स भित्रिन्छ भनी कसैले दाबी गर्न सक्दैन। किनकि रेमिट्यान्स आउने माध्यम एक हैन, अनेक छन्। यसबाहेक हुन्डीको प्रचलन पनि व्यापक छ, जसबाट आउने पैसाको लेखाजोखा कोहीसँग हुँदैन।

तर, केही अनौपचारिक अध्ययनले धरानमा मासिक ३० देखि ३५ करोडसम्म रेमिट्यान्स भित्रिने गरेको देखाएका छन्, जसको ठूलो हिस्सा ब्रिटिस गोर्खा सैनिकले पठाउने पैसा नै हो। धरानमा करिब २६ सय पूर्व ब्रिटिस गोर्खा सैनिक छन्। उनीहरूको पेन्सनको रूपमा मात्रै मासिक ४ करोड ४२ लाख रेमिट्यान्स भित्रिन्छ। त्यसैगरी बीचैमा स्वदेश फर्काइएका करिब ५ सय पूर्व ब्रिटिस गोर्खा सैनिकहरूको 'च्यारिटी' स्वरूप मासिक करिब १२ लाख ५० हजार रेमिट्यान्स आउँछ। धरानका युवा साउदी अरब, मलेसिया, कुवेत, बहराइनदेखि लिएर हङकङ, जापान र कोरियासम्मै पुगेका छन्। उनीहरूले पनि मासिक करोडौं रुपैयाँ रेमिट्यान्स धरान पठाउँदै आएका छन्।

## लाहुरेको लगानी

१५ वर्षसम्म ब्रिटिस सैनिकको रूपमा बन्दुक बोकेका लाहुरेहरू यता आएर उत्पादनमूलक व्यवसायमा पनि संलग्न हुन थालेका छन्। धरानको भानुचोकमा रहेको गोर्खा वचत तथा ऋण सहकारी संस्थामा लाहुरेकै लगानी छ। २०५८, जेठ १ गते धरानका १ सय ८० जना लाहुरेको संयुक्त लगानीमा खुलेको गोर्खा वचत अहिले यस क्षेत्रकै सबैभन्दा अग्रणी सहकारी मानिन्छ। ९० लाख रुपैयाँ सेयर पुँजी रहेको यो सहकारीसँग अहिले ६ करोड निक्षेप छ। यति निक्षेप धरानमा भर्खरै शाखा खोलेका निजी बैंकहरूले पनि जुटाउन सकेका छैनन्।

गोर्खा वचतको १२ सदस्यीय सञ्चालक समितिमा सबै लाहुरे छन्। अहिले संस्थामा ७ सय ९० सदस्य छन्। तीमध्ये ९० प्रतिशत लाहुरे छन्। संस्थाले गत आर्थिक वर्ष २०६०/६१ मा आफ्ना अंशियारहरूलाई अधिकतम १५ प्रतिशतसम्म लाभांश वितरण गरेको थियो। योभन्दा बढी लाभांश वितरण गर्न सहकारी ऐन-०४८ ले दिँदैन। संस्थाका प्रबन्धक रत्न ताम्राकारको भनाइमा लाहुरेहरू अहिले साँच्चै पैसाको उपयोग र व्यापार गर्ने तरिकाप्रति सचेत भइसकेका छन्। 'लाहुरेहरूले अझ बढी लगानी गर्न सक्छन्', ताम्राकार भन्छन्।

धरान-१३ मा रहेको गोर्खा पोल्ट्री फार्ममा पनि लाहुरेकै लगानी छ। ५ जना लाहुरे र ४ जना लाहुरे परिवारका सदस्य मिलेर खोलेको गोर्खा पोल्ट्री फार्मले २०६१, भदौदेखि मासिक १० हजार कुखुरा बजारमा पुऱ्याउँदै आएको छ। सम्भवतः पूर्वाञ्चलकै सबैभन्दा ठूलो यो फार्मसँग एकैसाथ २५ हजार कुखुरा पाल्न सक्ने क्षमता छ। २४ कट्ठा जग्गामा फैलिएको यो फार्ममा १ करोड २३ लाख रुपैयाँ लगानी भएको छ। फार्मका लगानीकर्तामध्ये एक मच्छिन्द्र चोङबाङ भन्छन्, 'हामी धरानको २५ प्रतिशत बजार आफ्नो हातमा लिएर लाहुरेहरू पनि व्यापारमा पछाडि छैनन् भन्ने सन्देश दिन चाहन्छौं।'

गोर्खा वचत र गोर्खा पोल्ट्रीमा लगानी गर्ने लाहुरेहरूले व्यक्तिगत रुपमा छुट्टै व्यवसाय पनि सञ्चालन गरेका छन्। गोर्खा वचतका सञ्चालक समितिका अध्यक्ष कुलबहादुर लिम्बूको लगानीमा बूढासुब्बा मोटर कम्पनी चल्दै छ। गोर्खा पोल्ट्रीमा लगानी गर्ने शेरमान चोङवाङ र प्रेम चोङवाङले सुनचाँदीको व्यवसाय पनि गर्दै आएका छन्। नेवार र विश्वकर्मा जातिले पुर्ख्यौली पेसाको रूपमा अपनाउँदै आएको सुनचाँदी व्यवसायमा यता आएर शेरमान चोङवाङ, चन्द्र खापुङ र प्रेम राईजस्ता लाहुरे पनि आकर्षित हुन थालेका छन्।

गोर्खा भूतपूर्व सैनिक संघ (गेइसो)का सुनसरी उपाध्यक्ष बौद्धमान लिम्बू र सहसचिव सन्त थलङको लगानीमा स्थापित गोर्खा फेब्रिकेटर्सले आल्मुनियमका झ्यालढोका बनाउने व्यवसायमा राम्रै नाम कमाएको छ। गेइसोका सुनसरी अध्यक्ष भक्तशेर राईले पर्यटकीय केन्द्र भेडेटारमा होटल चलाउँदै आएका छन्। पदम गुरुङले धरानमा होटल ड्रिमल्यान्ड सञ्चालन गर्दै आएका छन्। इटहरीमा लाहुरेहरूकै लगानीमा भूपू गोर्खा डिपार्टमेन्टल स्टोर खुलेको छ। इलामको माङमालुङ र पाँचथरको रविस्थित सेन्चेलेङ चिया बगानमा पनि लाहुरेहरूको लगानी छ।

■ **ओमआस्था राई/धरान**

# गाउँमा चमक

**नारायणगढ बजारबाट** १३ किलोमिटर पश्चिममा पर्ने चितवनको दिव्यनगर-४ को थारूहरूको वस्ती सिसै गाउँमा राम्रा बाटोघाटो र सवारीसाधनको अभाव छ । त्यसमाथि आडैमा बग्ने नारायणी नदीले खेतीयोग्य जमिन बर्सेनि बगाउँदै लगेको छ ।

यहाँ न शिक्षा छ, न यातायात न त व्यापार व्यवसाय । यस्तोमा यहाँका स्थानीय थारुहरू आर्थिक रुपमा निकै कमजोर होलान् भन्ने अनुमान लगाउन सकिन्छ । तर, हाम्रो सोचाइविपरीत सिसै गाउँका थारुहरू सम्पन्न पनि छन् । किनकी यहाँका अधिकांश युवाहरु विदेशमा छन् ।

गाउँका शिवनारायण गुरौ साइप्रस गएको ७ वर्ष भयो । यसबीचमा उनले गाउँमै १० कट्ठा र माडीमा १० कट्ठा खेत जोडेका छन् । खपडाले छाएको सामान्यस्तरको कच्ची घर भत्काएर गाउँकै सबैभन्दा राम्रो र चिटिक्कको पक्की घर बनाएका छन् । विदेश जानुअघि उनको १ बिघा खेत थियो । जुन खेत नारायणीले कटान गर्दै ५ कट्ठा जति बाँकी राखेको छ । शिवनारायणले दाइ तुलाराम गुरौलाई पनि एक वर्षअघि आफूसँगै लगेका छन् । तुलारामकी छोरी सरस्वती भन्दछिन्, 'खेत नारायणीले लाने, पैसा कमाउनका लागि यहीँ बसेर अरू काम गर्न नजान्ने भएपछि परिवार पाल्नको लागि विदेशिनु पर्‍यो ।'

सिसै मात्र किन चितवनका अधिकांश क्षेत्रको कथा यस्तै छ । आफूसँग उपलब्ध स्रोत र साधन परिचालन गरेर आय आर्जन गर्ने ज्ञान र सीप नभएपछि धेरैको आकर्षण वैदेशिक रोजगार बन्न पुगेको छ । अझ प्रशस्त स्रोत साधन नै नभएकाहरूका लागि पनि कमाउने उपयुक्त माध्यम यति बेला वैदेशिक रोजगार नै देखिएको छ ।

देश छोडेर कमाउनका लागि भारतका विभिन्न सहर जाने काम नेपालीले निकै पहिलेदेखि गर्दै आएको काम हो । तर, विगत दुई दशकयता अलिकति लगानी गरेर उनीहरू तेस्रो मुलुकसम्म पुग्न थालेका छन् ।

तीनचार वर्षयता बैंक र एजेन्सीहरूमार्फत विदेशबाट कामदारले पठाएको पैसा स्वदेशमा रहेका आफन्तलाई बुझाउने भरपर्दो परिपाटी पनि सुरु भएको छ । चितवनको नारायणगढमा बैंक र मनी एक्सप्रेसका एजेन्सीहरूसमेत गरी रेमिट्यान्ससम्बन्धी कारोवार गर्ने संस्था एक दर्जन छन् ।

तीन वर्षअघि नारायणगढमा शाखा खुलेको इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई)मा यति बेला दैनिक ३० जना जति विदेशमा काम गर्ने आफन्तले पठाएको पैसा बुझ्न आउँछन् । शाखा प्रबन्धक हरि पौडेलले बताएअनुसार चितवनको ग्रामीण क्षेत्रबाट रकम बुझ्न आउनेहरू प्रशस्त छन् । विदेशबाट आउने पैसा गाउँतिर गइराखेको छ । आइएमईको नारायणगढ शाखाबाट मात्रै सरदर दैनिक ३० लाख रुपैयाँ यसरी जाने गर्दछ । नारायणगढमा सबैभन्दा बढी रेमिट्यान्सको कारोवार हिमालयन बैंकले गरेको देखिन्छ । औसत दैनिक ५० लाख रुपैयाँ रेमिट्यान्स यसले जिल्लाका सम्बन्धित व्यक्तिहरूलाई बुझाइराखेको हुन्छ । सम्बन्धित एजेन्सीहरूले नै उपलब्ध गराएका तथ्यांकलाई नै आधार मान्दा दैनिक सवा करोड रुपैयाँ रेमिट्यान्स चितवन भित्रिएको देखिन्छ । गत वर्ष एक कार्यक्रममा भाग लिन चितवन आएका नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर कृष्णबहादुर मानन्धरले चितवन रेमिट्यान्स बढी भित्र्याउने १० जिल्लाभित्र पर्ने बताएका थिए ।

तेस्रो मुलुक गएर कमाएर पठाएको रेमिट्यान्सले चितवनका साथै मुलुककै अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिएको कुरा सर्वविदितै छ । गत वर्ष सार्वजनिक भएको नेपाल जीवनस्तर मापन सर्वेक्षणले गरिबीको रेखामुनि रहेको जनताको प्रतिशत ३८ बाट घटेर ३०.८ प्रतिशतमा झरेको अनुमान गरेको थियो । रेमिट्यान्स भित्रिएकै आधारमा यस्तो अनुमान गरिएको थियो भन्छन्, नागरिक विकास समाज चितवनका अध्यक्ष केदारनाथ खनाल ।

■ **रमेशकुमार पौडेल/चितवन**



भास्वर ओझा



▲ विदेश जाने तयारीमा म्यानपावर पुगेका युवायुवती

# सरकार निरीह

**मुलुकको अर्थतन्त्र धानिरहेको रेमिट्यान्सको स्रोत वैदेशिक रोजगारमा सरकार गम्भीर देखिएको छैन । हङकङमा राम्रो रोजगारी पाइरहेका महिलाहरूलाई त्यहाँको सरकारले रोजगारमा प्रतिबन्ध लगाएको महिनौं बित्दा पनि त्यो खुलाउन नसक्नु सरकारी लापरबाहीको ज्वलन्त उदाहरण हो ।**

■ **गोविन्द परियार/काठमाडौं**

**सामाजिक चेतनाको** अभावमा महिलालाई विदेश पठाउनै हुँदैन भन्ने त थियो नै, ऐन/कानुनले समेत उनीहरूलाई वैदेशिक रोजगारीमा जान तगारो लगाएको थियो केही वर्षअगाडिसम्म । अहिले आएर वैदेशिक रोजगारीमा भएको लैंगिक विभेद कानुनी रुपमा अन्त्य भए पनि अधिकांश नेपालीको मानसिकता अझै पनि उस्तै छ । पुरुषभन्दा महिलाको जनसंख्या बढी भएको मुलुकमा महिलाप्रतिको यस्ता दृष्टिकोणले पक्कै पनि महिलाको विकासमा अवरोध गर्छ । यति हुँदाहुँदै बढ्दो बेरोजगारीका कारण रोजीरोटी टार्न महिलाहरू विदेशिन बाध्य छन् । तर, वैदेशिक रोजगारीमा महिलाहरूलाई व्यवस्थित गर्ने सरकारको स्पष्ट रणनीति नभएका कारण रोजगारीका लागि विदेशिने महिलाले व्यर्थै विभिन्न समस्या झेल्नु परेको छ ।

हङकङमा राम्रो रोजगारी पाइरहेका नेपाली महिलाहरूलाई त्यहाँको सरकारले प्रतिबन्ध लगाएको महिनौं बितिसक्दा समेत त्यसलाई पुनः खुला गर्न सरकार असफल भएको छ । रोजगारीको लागि विदेश पठाउने जिम्मेवारी बोकेको श्रम तथा रोजगार प्रवर्द्धन विभागमा अहिलेसम्म महिला शाखासमेत बन्न नसक्नु सरकारी लापरबाहीको नमूना भएको ठहर महिला अधिकारवादीहरूको छ ।

## विभागको हालत

श्रम तथा रोजगार प्रवर्द्धन विभागको स्रोत र साधनको सीमितताले गर्दा महिलाको हक हितमा प्रभावकारी काम गर्न नसकेको विभाग आफैं स्विकार्छ । विभागमा रहेका ४७ जना कर्मचारीले प्रतिदिन ५ सयजनालाई विदेश पठाउने मात्र होइन, विदेश पठाइदिने बहानामा महिलाले भोग्नु परेका कयौं समस्याको समेत उपचार गर्नु पर्ने दायित्व छ । सीमित स्रोत र साधनमा यति धेरै काम विभागले नसक्नु स्वाभाविकै हो । श्रम मन्त्रालयका पूर्व उपसचिव सीताराम उप्रेती भन्छन्, 'श्रम विभागको अहिलेको कर्मचारी फाइल अध्ययन गर्नको त कुरै छोडौं तोक मात्र लगाउन पनि अपुग छ ।'

धेरै राजस्व संकलन गर्ने कार्यालयमा पर्ने श्रम विभागको आफ्नै बजेट भने आवश्यकताभन्दा ज्यादै न्यून छ । 'यस वर्ष ७५ लाख ५६ हजार बजेट पाएको विभागमा ५२ लाख ८९ हजार तलबभत्तामा खर्च हुन्छ भने बाँकी रकमबाट

धारापानी, इन्धन, संचार महसुल लगायतका लागि पुऱ्याउनु पर्ने बाध्यता भएकाले वैदेशिक रोजगारीलाई चुस्तरुपमा अनुगमन गर्न बजेट नै छैन', स्रोत भन्छ। आगामी आर्थिक वर्षका लागि श्रम तथा यातायात मन्त्रालयले २ करोड बजेट माग गरेको भए पनि त्यो स्वीकृत नहुने संकेत आइसकेको मन्त्रालयको उच्च स्रोतले बतायो।

आन्तरिक श्रमको व्यवस्थापन गर्न गठित विभागले केही दरबन्दी थप गरेर आन्तरिक श्रम तथा वैदेशिक रोजगारका सम्पूर्ण काम गर्ने गरेको छ। विदेशी मुलुकमा वैधानिक रोजगारीमा देखिने समस्याको समाधान गर्ने नैतिक दायित्व पनि विभागको हो। तर, वैदेशिक रोजगारीको चापको गति थेग्न सक्ने क्षमता विभागको वर्तमान संरचनासँग छैन। क्रमशः थपिँदै गएका आन्तरिक श्रम तथा वैदेशिक रोजगारका चुनौतीहरू तथा महिला वैदेशिक कामदारका प्रश्नलाई सक्षमरुपमा व्यवस्थापन गर्न केही समयदेखि निकै कठिनाइ भइरहेको विभाग स्रोतले बतायो। विभागको संरचनालाई पुनःविचार गरी सक्षम र चुस्त बनाई सबै चुनौतीको सामना गर्न सक्ने बनाउनु आवश्यक भएको सुझाव विज्ञहरूको छ। विभागको सम्पूर्ण जनशक्ति वैदेशिक रोजगारीको दैनिक कार्यमा नै संलग्न हुँदा आन्तरिक श्रम व्यवस्थापन लगभग उपेक्षित हुन पुगेको छ विभागमा।

सरकारले विभागको बजेट बढाउनुको सट्टा उल्टो रोजगार विनिमय सेवा आयोजना र पाठ्यक्रम विकास कार्यक्रम विभागबाट हटाएको छ। यी कार्यक्रमका लागि विनियोजन गरिने सेवा खर्च, इन्धन आदि प्रयोग गरेर विभागीय काम चलाउँदै आएको थियो विभागले। यो कार्यक्रम कटौती भएपछि विभागको दैनिक खर्च धान्न पनि कठिनाइ भएको स्रोतको दाबी छ।


यति सास्ती पाएर विदेश गएका युवायुवतीले त्यहाँ पनि सुखद भविष्य पाउलान् भन्ने ठेगान हुँदैन

तेजबहादुर बस्नेत

वैदेशिक रोजगारीमा जाने नेपाली कामदारबाट ५ सयका दरले राजस्व संकलन गरिने भए पनि त्यसलाई उनीहरूको हकहितमा खर्च गर्ने परिपाटी सरकारले गरेको छैन। जसका कारण विदेशमा कामदारको मृत्यु भयो वा कुनै संकट आइपऱ्यो भने तुरुन्त उद्धार गर्न सक्ने क्षमता सरकारसँग छैन। उसो त मन्त्रालयबीचको आन्तरिक सञ्जाल बलियो नहुँदा लाखौं कामदार रोजगारीमा पठाउने विभाग आफैं भने बजेट अभावमा वैदेशिक रोजगारीको लागि अत्यावश्यक कामसमेत गर्न नसकेको स्विकार्छ। श्रमिकहरू ठूलो संख्यामा विदेश पठाउने दक्षिण एसियाली मुलुक श्रीलंकामा २ सय कर्मचारी रहेको वैदेशिक रोजगारी विशेष ब्युरो नै छ भने बंगलादेशमा वैदेशिक रोजगारी मन्त्रालय नै छ। तर, नेपालमा भने एउटै विभागले श्रमका सबै कार्य सीमित स्रोत साधनमा गर्नु पर्ने बाध्यता छ। जसले गर्दा विभाग वैदेशिक रोजगारीको विकास र प्रवर्द्धनभन्दा पनि रोजगारीको अनुमति दिने निकायमा मात्र सीमित भएको छ।

## मारमा महिला, दूतावास मुकदर्शक

वैदेशिक रोजगारीको पीडा सबैभन्दा बढी महिला कामदारहरूले भोग्ने गरेका छन्। अनेकौं अश्वासन दिँदै विदेश पठाउने नाममा महिलाप्रति दलालहरूले मानसिक तनाव मात्र होइन, राम्रो कामको आश्वासन दिएर अन्य काममा लगाउने गरेको अनेकौं घटना सार्वजनिक भएका छन्। मकवानपुरकी एक महिलाले दलालले आफूलाई युएईस्थित सुपरमार्केटमा काम गर्न भनेर व्यक्तिको घरमा काम गर्न पठाएको जानकारी दिँदै तर, त्यहाँ काम गर्दा मालिकबाट यौनशोषणको प्रयास हुन थालेपछि आफू नेपाल फर्किएको बताएकी थिइन्। यो एउटा उदाहरण मात्र हो सरकारको व्यवस्थित अनुगमनको अभावमा हजारौं कामदारले विभिन्न किसिमका समस्या भोग्दै आएका छन्। यसको प्रत्यक्ष असर द्वन्द्वले विस्थापित भएका दुर्गम क्षेत्रका महिला मात्र होइन सहरिया र शिक्षित महिलाले पनि भोग्नु परेको छ। सरकारको कूटनीतिक अक्षमताले गर्दा नेपालीले रोजगारी गर्दै आएका खाडीलगायत अन्य मुलुकमा पनि विभिन्न प्रकारका समस्या भोग्दै आएका छन् कामदारहरूले। तलब समयमा नदिने, बिदा कटौती गर्ने र सम्झौतालाई पूर्णरुपमा उपेक्षा गर्ने प्रचलन खाडी मुलुकहरूमा बढ्दै गएको छ। यसले महिलालाई वैदेशिक रोजगारीमा थप चुनौती सृजना गरेको छ। स्वभावैले महिला र पुरुषबीच भौतिक र मानसिक अन्तर हुन्छन्। तर, त्यसलाई गलत प्रयोग गर्ने प्रचलनका कारण नेपाली चेलिबेटीले आफ्नो रोजीरोटीका लागि विदेशिनु पर्ने बाध्यतासँगै थप जोखिम लिनु पर्ने स्थिति कायमै छ। शारीरिक अन्तरका कारण काम गर्न नसक्ने समयमा समेत बाध्य बनाएर काम गर्नु पर्ने अवस्थामा नेपाली चेलीमा छन्। त्यसको लागि आवाज उठाइदिनुपर्ने त्यहाँस्थित दूतावासहरू भने त्यसको मुकदर्शक मात्र भएका छन्।

व्यवस्थित रूपमा कामदार पठाउन सरकारले वैदेशिक रोजगार ऐन २०४२ जारी गरेको दुई दशक नाघिसक्दा समेत अझै व्यवस्थित हुन सकेको छैन। त्यहाँभित्रका महिलाको समस्यमा त झनै सरकारको स्पष्ट रणनीति नै छैन। सरकारले सबैभन्दा बढी रोजगारीमा रहेको खाडी मुलुकहरूमा समेत वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न नसक्दा त्यहाँ कार्यरत महिला कामदारले ठूलै समस्या झेल्नु परेको छ। पछिल्लो समयमा विशेष गरेर खाडी मुलुकहरू नेपाली महिलाहरूको सहज रोजगारीको केन्द्रविन्दु बनेका छन्। अदक्ष र अर्धदक्ष कामदार आयत गर्दै आएका यी मुलुकमा अभिलेखबद्ध कामदारहरू मात्रै १५ लाखभन्दा बढी रहेको विभिन्न तथ्यांकले देखाएका छन्।

नेपाली कामदारबाट आर्थिक वर्ष २०६१/०६२ मा मात्र हुन्डीबाट भित्रिने रकमबाहेक ५९ अर्ब १० करोड १४ लाख रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ।

नेपालमा वैदेशिक रोजगारीको थालनी भएपछिका सुरुका वर्षहरूमा महिलाहरूको कानुनी अड्चन र जनचेतनाको अभावका कारण वैदेशिक रोजगारीमा पहुँच हुन नसके पनि पछिल्लो समयमा उनीहरूको आकर्षण व्यापक मात्रामा बढेको छ। तैपनि, खाडी मुलुकमा अवस्थित शाही नेपाली दूतावासहरू स्रोत र साधनको सीमितताले गर्दा नेपाली महिला कामदारले भोग्नु परेको समस्याको मुकदर्शक मात्र हुने गरेको छ। तल्लास्तरका कर्मचारीबाहेक साउदी अरबस्थित नेपाली राजदूतावासमा राजदूतसहित ५ जना मात्र कर्मचारी छन्। कतारमा राजदूतसहित ३ जना, युएईमा ३ जना, इजिप्टमा ३ जना, मलेसियामा कार्यवाहक राजदूतसहित २ जना र हङकङमा पनि कार्यवाहक राजदूतसहित ३ जना कर्मचारी मात्र कार्यरत छन्। यो संख्या नेपाली कमादारको चापको तुलनामा ज्यादै न्यून हो। कर्मचारी र स्रोतको यस्तो सीमितताले कामदारहरूले भोग्ने गरेका समस्या दूतावासले सुल्झाउन सक्ने हैसियत नै राख्दैन।

मानव संसाधनलाई थप गरेर कामदारहरूको समस्या न्यूनीकरण गर्ने नीति पनि सरकारसँग छैन। परराष्ट्र मन्त्रालयका प्रवक्ता शंकर वैरागी भन्छन्, 'मुलुकले धान्न सक्ने गरेर कर्मचारी राख्नु पर्‍यो। यसलाई वृद्धि गर्ने क्षमता सरकारसँग अहिले छैन।'

साउदी अरबमा पासपोर्ट नवीकरण गर्नमात्र प्रतिदिन एक सयजनाको हाराहारीमा निवेदन आउने गरेको त्यहाँस्थित दूतावासले बताएको छ। तर, ज्यादै न्यून कर्मचारीका कारण नेपाली कामदारले पासपोर्ट नवीकरणको लागि मात्र महिनौं कुर्नु पर्ने बाध्यता छ। प्रवक्ता वैरागी भन्छन्, 'सीमित स्रोत र साधनले काम गर्नु पर्ने बाध्यता भएका कारण ढिला सुस्ती भएको भए पनि कर्मचारीहरूले दिनरात खटेर सकभर चुस्तरुपमा काम गर्ने गरेका छन्।' सम्झौताअनुरुपको तलब र सेवा कायम गराउनसमेत दूतावासको कुनै पहल नदेखिँदा कामदारहरू बाध्य भएर उनीहरूको आधारभूत अधिकारको समेत उपभोग नगरी काम गर्ने गरेका छन्। दुबईमा काम गरिरहेका एक कामदार भन्छन्, 'पार्सपोर्ट नवीकरण गर्न त कैयौं दिन लाग्ने दूतावासमा समझदारीपत्र कार्यान्वयन गराउन सक्ने अवस्था नै छैन।' विदेशमा रहेका दूतावासहरूले आफ्ना नागरिकको हकहितमा सक्रिय हुनु पहिलो कर्तव्य हो। तर, आफ्ना नागरिक कति छन् भन्ने साधारण जानकारीसमेत दूतावाससँग छैन।

विश्वमा बढ्दै गएको उदारीकरण र विश्वव्यापीकरणले प्रतिस्पर्धी बनाउँदै गएको सन्दर्भमा थप आफ्ना कामदारलाई प्रतिस्पर्धी बनाउने दायित्व सरकारको भए पनि वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई व्यवस्थित गर्नसमेत सरकारले सकेको छैन। ■


SpeedWay CARGO PVT. LTD. Estd. 1989

ASEATIC Traders & Exporters Estd 1989

G.P.O. Box 4401, Bhagawati Bahal
Thamel, Kathmandu, Nepal
Tel : +977-1-4410595 (Hunting Line)
Tel : +977-1-4411503, Thamel, Warehouse
Tel : +977-1-4273761, Swayambhu, Warehouse
Fax : +977-1-4412679
E-mail : speedway@mos.com.np, aseatic@mos.com.np
Website : www.speedwaycargo.com




## कस्मिक यिङयाङ नयाँ बाइक

**रावरेन इन्टरनेसनलले** नयाँ मोडलको 'अफिटमाइज्ड सी वाई १२५-२०' मोटरसाइकल बजारमा ल्याएको छ। उक्त बाइक अन्तर्राष्ट्रियस्तरको भएको कम्पनीको दावी छ।

धेरै माइलेज, इन्धनको बचत, नयाँ स्टाइल र चार रंगमा उपलब्ध यिङयाङ मोटरसाइकल मूल्य ८१ हजार ९ सय ९९ रुपैयाँ तोकिएको छ।

## युटिएल हाते फोन



**युटिएलले** काठमाडौंमा सानो हाते फोन (एचएचटी)को वितरण सुरु गरेको छ। २ हजार ४ सय ९९ रुपैयाँमा उपभोक्ताले लिन सक्ने उक्त फोनमा न्यूनतम कल महसुलमा सेवा उपलब्ध गराइएको कम्पनीले जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणबाट काठमाडौं उपत्यकामा वायरलेस टेलिकम्युनिकेसनमा आधारित सीमित मोबिलिटी सेवा सञ्चालन गर्न २०६२ चैत ११ गते अनुमतिपत्र पाएपछि युटिएलले यो सेवा सुरु गरेको हो।

यस सेवाको नियमित मूल्य १५ हजारभन्दा बढी पर्ने भए पनि ग्राहकको लामो पर्खाइको सम्मान गर्दै उद्घाटनका अवसरमा भारी छुट दिई हाललाई कम मूल्य कायम गरिएको कम्पनीले बताएको छ।

## भेन्टिलेटर प्रदान



**राम निवास-पवनकुमार** अग्रवाल सेवा ट्रस्टका तर्फबाट प्राणवायु अक्सिजन प्रदान गर्ने संवेदनशील स्वास्थ्य उपकरण भेन्टिलेटर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई प्रदान गरिएको छ। हालै आयोजित कार्यक्रममा ट्रस्टका अध्यक्ष रामनिवास अग्रवालले त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका सहायक डिन प्रा. डा. टिपी थापालाई उक्त उपकरण हस्तान्तरण गरेका थिए।


वरिष्ठ स्नायुरोग विशेषज्ञ प्रा. डा. जगदीशप्रसाद अग्रवालको विशेष पहलमा ट्रस्टले उपलब्ध गराएको सो उपकरणको मूल्य नौ लाख रुपैयाँ रहेको छ।

## भिएसको रजत वर्ष



**गुणस्तरीय** शिक्षाका लागि प्रख्यात भिएस निकेतन उच्च माध्यमिक विद्यालय २५ वर्षमा प्रवेश गरेको छ। २०३८ सालमा १ सय ४७ विद्यार्थी र ७ जना शिक्षकबाट सुरु भएको यस स्कुलले गुणस्तरीय शिक्षाका कारण छोटो समयमा ठूलो उपलब्धि हासिल गरेको छ।

२०५१ सालदेखि उच्च माध्यमिक र २०५७ देखि स्नातक (बिबिए)सम्मको अध्ययन संचालन गरिएको जानकारी विद्यालय संचालक बाबुराम पोखरेलले दिएका छन्। उत्कृष्ट अध्यापनका कारण उक्त स्कुलले प्रवेशिका परीक्षाको बोर्डमा समेत पटक पटक आफ्नो नाम सुरक्षित राख्दै आएको छ।

**एक दशक अघिसम्म** सहरी समाजमा 'पाखे' भनेर तिरस्कृत लोकगीत अहिले भव्य महलका महँगा रेस्टुराँहरूमा घन्किरहेको छ । व्यवसायिक लोकगीत अर्थात् दोहोरीका दर्जनौं गायकगायिकाको पारिश्रमिक पाँच अंकको हुन थालेको आधा दशक भइसकेको छ । आधुनिक र पप संगीतको बजार घट्दै गएका बेला लोकगीतको बजार स्वदेशमा मात्र होइन, विदेशमा पनि विस्तार हुने क्रममा छ । लोकगीतको यो व्यवसायिक विकासले नेपाली संगीतकै प्रतिनिधि बन्ने सम्भावना देखिँदैछ, लोकगीत ।

तर, आकस्मिक विकास र विस्तारले लोकदोहोरी क्षेत्रमा समस्या पनि देखिन थालेका छन् । विद्युतीय संचारमाध्यमहरूले दोहोरी कार्यक्रम दिनहुँ चलाइदिँदा पछिल्ला वर्ष क्यासेट बिक्री उल्लेखनीय घटेको छ । काम पाइने आशामा गाउँबाट हजारौं लोक गायकगायिका सहर प्रवेश गरेका छन् र आफूसँगै उनीहरूले स्थापित गायकगायिकालाई पनि बेरोजगार बनाउँदै छन् । रेस्टुराँमा गाइने दोहोरी गीतका गायकगायिकाको उत्तेजनापूर्ण हाउभाउ र शब्दले यसको मौलिकता हराउने खतरा देख्दै छन्, गायकगायिका नै ।

काठमाडौं सुन्धारामा २०५२ सालमा पुकार दोहोरी साँझ खुलेपछि सुरु भएको व्यवसायिक दोहोरीको बाढी अहिले मुलुकका सबै प्रमुख सहरमा पुगेको छ । त्यही बेला छहारी दोहोरी साँझ खोलेका खड्ग गुरुङका अनुसार काठमाडौंमा मात्रै ८० भन्दा धेरै दोहोरी साँझहरू चलिरहेका छन् भने पाँच सयभन्दा धेरै कलाकारले तिनमा प्रत्यक्ष रोजगारी पाएका छन् । तर, पछिल्लो समयमा दोहोरी साँझ पनि कम चल्न थालेको उल्लेख गर्दै नेपाल लोकदोहोरी सांस्कृतिक व्यवसायी संघका अध्यक्षसमेत रहेका खड्ग भन्छन्, 'विद्युतीय संचारमाध्यमले दैनिकी दोहोरी कार्यक्रम चलाइदिनाले दोहोरी साँझमा मानिस आउन छाडेका छन् । निःशुल्क सुन्न पाएपछि किन आउँथे पैसा तिर्न ?'

तर, लोकदोहोरीका क्यासेटको बिक्री र दोहोरी साँझमा ग्राहक संख्या कमी आए पनि यसको लोकप्रियता घटेको मान्न कोही तयार छैनन् । 'संचारमाध्यममा लोकदोहोरीले स्थान पाउनु भनेको यसको लोकप्रियता बढेको प्रमाण नै हो,' २०५५ देखि रेडियो सगरमाथाबाट लोकदोहोरी कार्यक्रम चलाइरहेका रामजी भट्टराई भन्छन्, 'विद्युतीय संचारमाध्यममा लोकदोहोरी कार्यक्रम सबैभन्दा पहिले मैले सुरु गर्दा श्रोताले मन पराउनेमा कोही विश्वस्त थिएनन्, अहिले त लोकदोहोरी कार्यक्रम नचलाउने कुनै विद्युतीय संचारमाध्यम नै छैनन्, नेपालमा ।'

### पश्चिमको योगदान

अहिले दोहोरीगीतले मुलुकै पिटे पनि यसको लोकप्रियताको जस गण्डकी, धवलागिरी र लुम्बिनी

# साँझको साथी

■ सुवास देवकोटा/काठमाडौं

तस्वीरहरू : भास्वर ओझा

**लोकगीत साँझको साथी बन्दै गएको छ राजधानीमा तर यो क्षेत्रमा भएको आकस्मिक विकासले विकृति पनि प्रशस्त निम्त्याएको स्वीकार गर्नैपर्छ । दोहोरी क्षेत्रमा लागेकाहरूले पाँच अंकको कमाइ त गर्न थालेका छन् तर योसँगै लोकभाकाको मौलिकता भने मर्दै गएको छ ।**



पहिलोपल्ट दुवईमा तीन महिना गीत गाएर फर्किएकी दुर्गा गुरुङका अनुसार उनले त्यहाँ खाना र बस्नबाहेक मासिक २५ हजार रुपैयाँ पाएकी थिइन्। 'टिप्स'समेत जोड्दा उनको आम्दानी तीन महिनासम्म मासिक ५० हजार रुपैयाँ थियो। अहिले त्यहाँ दोहोरी गायकगायिकाले श्रीलंकाली रेस्टुराँमा गीत गाए पनि छिटै नेपाली रेस्टुराँ खुल्न लागेको समाचारले उत्साहित बनेका छन् गायकगायिका।


दुर्गा गुरुङ

अञ्चललाई दिन्छन्, यस क्षेत्रमा संलग्न सबै। किन त ? खड्गका अनुसार सुरुमा गायक र ग्राहक सबै उक्त क्षेत्रकै थिए। अहिले पनि दोहोरीका अधिकांश गायक र ग्राहक त्यही क्षेत्रका रहेको उल्लेख गर्दै उनी थप्छन्, 'गण्डकी, धवलागिरी र लुम्बिनीका जिल्लामा रोदी संस्कृति जीवनसँग अभिन्नरुपमा गाँसिएकाले पनि त्यस क्षेत्रका व्यवसायी, गायक र ग्राहक अत्यधिक भएका हुन्।'

गायकगायिकाले सवालजवाफ गर्ने गीतलाई दोहोरी भन्नुले पनि यसमा पश्चिम नेपालको प्रभाव झल्किन्छ। किनभने पूर्वी नेपालमा यस्ता गीतलाई 'जुहारी' भन्ने प्रचलन छ। दोहोरी गीतहरूको भाकाले त यसमा पश्चिम नेपालको प्रभाव अझ स्पष्ट पार्छन्। 'सिमसिमे पानीमा', 'ससुरालीमा... कान्छी सालीमा', 'माझी दाइ पोखरा फेवातालको'देखि अहिले चल्तीमा रहेको 'सररर पानी घट्टमा' सबै पश्चिमकै भाका हुन् र अहिले यिनैले दोहोरी बजार तताएका छन्। पश्चिमी गीतले बजार तताए पनि पूर्वेली भाकाले विस्तारै केही लोकप्रियता पाउन थालेका उदाहरण छन्। अहिले विस्तारै पूर्वका गायकगायिका पनि दोहोरी बजारमा प्रवेश गर्दै छन् र पश्चिमकासँग प्रतिस्पर्धामा उत्रन थालेका छन्।

दोहोरी गीत व्यवसायिकरुपमा फस्टाउनुमा वैदेशिक रोजगारीमा जाने प्रचलन वृद्धिलाई पनि महत्त्वपूर्ण कारण मान्छन्, सबै। एक दशकदेखि गायनमा सक्रिय ऋषि अधिकारी भन्छन्, 'दोहोरी गाउँले संस्कृति भए पनि सहरमा आइपुग्दा अत्यन्त महँगो भएकाले कम आम्दानी भएका दर्शक दोहोरी जानै सक्दैनन्, विदेश गएर आएको वा विदेश जान लागेका नै हुन्छन्, दोहोरीका ग्राहक।' राम्रो कमाइ हुने मुलुकमा काम गर्नेहरू पनि गण्डकी, धवलागिरी र लुम्बिनी क्षेत्रकै उल्लेख्य भएकाले दोहोरी क्षेत्र फस्टाएको उनी उल्लेख गर्छन्।

दोहोरी गीतको बजार वृद्धि हुनुमा ग्रामीण विद्युतीकरण फैलनु र सस्ता चिनियाँ 'क्यासेट' भित्रिनु अन्य महत्त्वपूर्ण कारण हुन्। यसले दोहोरी मन पराउने बसोवास गर्ने ठूलो ग्रामीण क्षेत्र दोहोरी बजारसँग प्रत्यक्ष जोडियो र यी गीतका क्यासेटको बिक्री ह्वात्तै बढ्यो। पछिल्लो समयमा दोहोरी गीतको बजारलाई नकारात्मक असर पारे पनि पहिले यसको बजार विस्तार र लोकप्रियता वृद्धिमा विद्युतीय संचारमाध्यमको भूमिकालाई कोही अस्वीकार गर्दैनन्। विद्युतीय संचारमाध्यममा दोहोरी कार्यक्रम संचालन गरिरहेका भट्टराई भन्छन्, 'दोहोरीलाई लोकप्रिय बनाउन रेडियो र टेलिभिजनको भूमिका कसैले अस्वीकार गर्न सक्दैन।'

**आम्दानी कम छैन**

दोहोरी साँझमा गाउने धेरै गायकगायिकाकै मासिक आम्दानी १० हजार रुपैयाँभन्दा बढी छ, पारिश्रमिक र दर्शकले दिने 'टिप्स' जोड्दा। अझ बजारमा चलेका गायकगायिकाको मासिक आम्दानी ३५-४० हजार रुपैयाँसम्म हुने बताउँछन्, एक दशकदेखि लोकदोहोरी गाइरहेका कृष्ण कँडेल। कँडेलका अनुसार बजारमा नाम चलेका गायकगायिकाले अर्काको 'क्यासेट'मा एउटा गीत गाएको ५ हजार रुपैयाँ लिन्छन्। नाम चलेका गायकगायिकालाई गीत गाउन लगाउने चलन अत्यधिक छ, अहिले। सोखिन गायकहरूले आफ्नो क्यासेट बजारमा चलाउन नामी गायकगायिकालाई पारिश्रमिक दिएर गाउन लगाउने चलन रहेको उनी उल्लेख गर्छन्।

लोक गायकगायिकाको आम्दानीको अर्को क्षेत्र बनेको छ, नेपाली रहेका मुलुकहरू। विभिन्न बेला कार्यक्रम लिएर जानेबाहेक गत वर्षदेखि अरब मुलुक युएईमा दोहोरी गायकगायिकाले गाउन जाने मौका पाएका छन्, आकर्षक आम्दानीका साथ। पहिलोपल्ट त्यहाँ तीन महिना गीत गाएर फर्किएकी दुर्गा गुरुङका अनुसार उनले त्यहाँ खाना र बस्नबाहेक मासिक २५ हजार रुपैयाँ पाएकी थिइन्। 'टिप्स'समेत जोड्दा उनको आम्दानी तीन महिनासम्म मासिक ५० हजार रुपैयाँ थियो। अहिले त्यहाँ दोहोरी गायकगायिकाले श्रीलंकाली रेस्टुराँमा गीत गाए पनि छिटै नेपाली रेस्टुराँ खुल्न लागेको समाचारले उत्साहित बनेका छन्, गायकगायिका। विदेशमा काम गर्ने नेपालीहरूले दोहोरी रुचाउन थालेपछि नेपाली व्यवसायीले हङकङ, सिंगापुर, मलेसिया र अरब मुलुकहरूमा दोहोरी रेस्टुराँ खोल्ने तयारी गरिरहेको उनीहरू बताउँछन्।

दोहोरीका क्यासेटको बिक्री पछिल्लो समयमा उल्लेखनीय घटे पनि अझै आधुनिक र पपभन्दा निकै धेरै बिक्री हुने गरेको दाबी गर्छन्, दोहोरी गायकहरू। गीत-संगीतको व्यवसायमा सक्रिय 'म्युजिक कम्पनी'हरूका अनुसार गीतको प्रचारका लागि पछिल्लो समयमा विद्युतीय संचारमाध्यममा विज्ञापन गर्नैपर्ने प्रचलन बढेकाले कम्पनीको आम्दानी निकै कम हुने गरेको छ, गायकको तुलनामा। क्यासेट उत्पादनमा गायकले लगानी गर्नुपरे पनि त्यो लगानी गायकले पाउने 'रोयल्टी'मा काटिने हुनाले बजार जतिकै प्रतिस्पर्धी भए पनि गायकलाई कम्पनी जतिको घाटा हुँदैन। एउटा क्यासेट बिक्दा गायकले ८ देखि ९ रुपैयाँ पाउने चलन छ भने बजार प्रवर्द्धनको खर्च बढे पनि कम्पनीहरूले प्रतिक्यासेट ९ रुपैयाँभन्दा बढी पाउँदैनन्। यसबाहेक क्यासेट कम्पनीहरूको आम्दानी घट्नुमा राजनीतिक परिस्थिति बिग्रनु र कम्पनीबीच अस्वस्थ प्रतिस्पर्धा पनि कारण बताउँछन्, कालिञ्चोक क्यासेट सेन्टरका प्रबन्ध निर्देशक दिनेश खड्का। खड्काका अनुसार राजनीतिक परिस्थितिका कारण मानिसहरूको आवत जावत घटेकाले किनमेल गर्ने प्रचलन घटेको छ भने सशस्त्र द्वन्द्वको पीडाले लोकदोहोरीको आधार गाउँलाई गाँजेकाले त्यहाँ मनोरञ्जनको वातावरण समाप्त भएको छ। खड्का भन्छन्, 'दोहोरीको ज्ञान नभएकाहरूको प्रवेशका कारण यो क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा सुरु भएको छ र दोहोरीका क्यासेटको बिक्रीलाई नकारात्मक प्रभाव पारेको छ।'

यस्तै, दोहोरी साँझ व्यवसायीको स्थिति पनि राम्रो छैन, पछिल्लो समयमा। राजधानीमा रहेका ८० भन्दा धेरै दोहोरी साँझ आधाभन्दा धेरै घाटामा चलिरहेको यो क्षेत्रका व्यवसायी बताउँछन्। गायक कँडेलका अनुसार पहिले खुलेका दोहोरी रेस्टुराँहरूले आम्दानी गरे पनि अहिले त्यो स्थिति छैन, आधा बन्द हुने स्थितिमा छन्। व्यवसायी गुरुङ भन्छन्, 'व्यवसायसँगै लोकसंस्कृतिप्रति मोहका कारण मात्र धेरै यो व्यवसायमा छन्, पहिले जस्तो अहिले फाइदा छैन, यो व्यवसायमा।' लोकदोहोरीमा लगानी गर्नेहरूको कमजोर स्थितिले अहिले नै गायकगायिका र कलाकारलाई प्रत्यक्ष प्रभावित पारी नसके पनि यो स्थिति लामो समय नरहने र कुनै दिन गायकगायिका पनि मन्दीको सिकार हुने निश्चित जस्तै देखिन्छ।


कृष्ण कँडेल

**बजारमा चलेका लोक गायकगायिकाको मासिक आम्दानी ३५-४० हजार रुपैयाँसम्म हुने बताउँछन्, एक दशकदेखि लोकदोहोरी गाइरहेका कृष्ण कँडेल।**

## मौलिकतामा संकट

परिवार र समाजकैअघि गाइने गाउँको दोहोरीको शिष्टता रक्सीको नशामा रातको वातावरणमा गाइने सहरको दोहोरीमा पाइएला ? धेरैले सकारात्मक उत्तरको अपेक्षा गर्दैनन्। विगत दुई वर्षदेखि हरेक साता दोहोरी साँझ धाइरहेका एक ग्राहकका अनुसार पछिल्लो समयमा दोहोरी साँझ लोकसंस्कृति पस्कने स्थलको साटो शुद्ध मनोरञ्जन, रक्सीको साथी र अप्रत्यक्ष यौन आनन्दस्थल बनेको छ। हुन पनि रात छिप्पिँदै जाँदा ग्राहक रक्सीको नशामा लट्ठिँदै जान्छन् र गायकगायिका ग्राहकको मागअनुसार यौनजन्य शब्द पस्कन थाल्छन्, गीतमार्फत। दोहोरी साँझमा अधिकांश 'वेट्रेस' राखिनुलाई पनि पुरुष ग्राहक आकर्षित गर्ने रणनीति नै मान्छन्, केही।

दोहोरी साँझका अधिकांश गायकगायिका गीत गाउँदा अझै गुरुङ भेषभूषामै हुन्छन्। दोहोरी गुरुङ जातिको रोदी संस्कृतिबाट विकसित भएको हुनाले यसो गरिएको बुझ्न सकिन्छ। यद्यपि, भेषभूषाले मात्र दोहोरीको मौलिकता नजोगिने बरु भेषभूषा आधुनिक भए पनि फरक नपर्ने बताउँछन्, दोहोरी क्षेत्रमा संलग्न केही। दोहोरी कार्यक्रम सञ्चालक भट्टराई भन्छन्, 'भेषभूषामा बाँधिनुहुन्न भन्ने पक्षमा छु, त्यसो हो भने मात्र समयअनुसार दोहोरी अघि बढ्छ र सधैं लोकप्रिय रहन सक्छ।' व्यवसायी खड्ग भने गाउँको वातावरणमा रमाउन नै मानिसहरू दोहोरी आउने हुनाले गायकगायिकाको भेषभूषा र वातावरण परम्परागत हुनु अनिवार्य भएको बताउँछन्। ■





भास्कर ओझा

▲साइमन दम्पती जिम र मेरिलिन

# छोराको अमरत्वमा

■ **विशेष संवाददाता/काठमाडौं**

**मृत्युको अर्थ** सधैं जीवनको अन्त्य हुँदैन। त्यो जीवनको सार्थकता आविष्कार गर्ने कठिन अवसर सावित पनि हुनसक्छ। साइमन दम्पतीले २२ वर्षको छोराको असहज र असामयिक मृत्युलाई त्यस्तै अवसरका रूपमा लिएको देखिन्छ। 'हामी केही गर्न चाहन्छौं छोराको सम्झनामा- त्यस्तो काम जुन ऊ बचेको भए गर्थ्यो होला', आमा मेरिलिन साइमनले उनको छोरा निक साइमनको स्मृतिमा हालै स्थापित निक साइमन इन्स्टिच्युटको सानेपास्थित कार्यालयमा भनिन्।

७२ वर्षीय जिम र उनकी पत्नी मेरिलिन साइमनको खासै नाता र चासो थिएन नेपालसँग। सम्पर्क बने उनका छोरा निक साइमन। न्युयोर्क कलेज अध्ययन पूरा गरी नेपाल आए निकले एउटा जलविद्युत् परियोजना इन्टर्नका रूपमा काम गर्न थाले सन् २००२ मा। नेपालप्रति उनी अत्यन्तै आकर्षित भए। आफू आएको केही महिनामै उनले आफ्ना बाआमालाई पनि नेपाल बोलाए।

तर निकको नेपालमा खासगरी ग्रामीण स्वास्थ्यबारे पछि केही गर्ने चाहनाले साकार रुप लिनुअगाडि नै उनको मृत्यु भयो, सन् २००३ जुलाईमा इन्डोनियाको बालीमा पौडी खेल्दा। त्यो चाहनालाई मूर्तरुप दिन अहिले साइमन दम्पती लागी परेका हुन्। त्यो चाहनालाई नीतिगत र कार्यान्वयनको ढाँचामा ढाल्न साइमन दम्पतीले निक साइमन इन्स्टिच्युट स्थापना गरेका छन्, हालै डा. भेषबहादुर थापाको अध्यक्षतामा। गोरखाको आँपपीपल अस्पतालबाट करिअर सुरु गरी लगातार स्वास्थ्य क्षेत्रमा सेवा पुऱ्याउँदै आएका डा. मार्क जिम्मरम्यान संस्थाका कार्यकारी निर्देशक छन्। र, डा. सन्दुक रुइत, प्रभाकरशमशेर राणा तथा पत्रकार कुन्द दीक्षितलगायत नौजना सञ्चालक समितिमा छन्।

ग्रामीण नेपालमा स्वास्थ्य क्षेत्रको दयनीय अवस्थालाई ध्यानमा राख्दै त्यहाँ आधारभूत सेवा पुऱ्याउन दक्ष जनशक्ति उपलब्ध हुनुपर्छ भन्ने मान्यता कार्यान्वयन गर्न चाहन्छ इन्स्टिच्युट। 'तालिमबाट दक्ष र प्रतिबद्ध स्वास्थ्य कार्यकर्ता उत्पादन हुन् ग्रामीण क्षेत्रका लागि र यो प्रक्रियामा सहभागी संस्थाहरूले निरन्तरता पाउनुपर्छ', इन्स्टिच्युटको ब्रोसर भन्छ।

'दक्षता वृद्धिसम्बन्धी तालिम, सेवाको निरन्तरता र वञ्चित स्थलहरूको छनोट हाम्रा प्रमुख एजेन्डा हुन्', अध्यक्ष थापाको भनाइ छ।

साइमन दम्पतीले यो इन्स्टिच्युट स्थापना गर्नुपूर्व नै नेपालको स्वास्थ्य क्षेत्रसँग केही समयअघि नै नाता गाँसिसकेका छन्। पाटन अस्पतालको निरीक्षणमा गएको बेलामा 'म्याटर्निटी वार्ड' बाहिर ठूलो संख्यामा गर्भवती महिलाहरू प्रतीक्षामा रहेको देखेपछि महिलाहरूको ठूलो संख्या स्वास्थ्य सुविधाबाट वञ्चित रहेको अनुमान स्वभाविक रूपमा लगाउन सके उनीहरूले। त्यसको लगत्तै अस्पताल प्रबन्धनसँग छलफल गरी 'म्याटर्निटी वार्ड'लाई ९ बाट बढाएर १३६ शय्या बनाउन अनुमानित खर्च २ करोड डलर उनीहरूले

सहयोगस्वरूप दिए पाटन अस्पताललाई। तर, निक साइमन इन्स्टिच्युट त्योसँग असम्बद्ध अर्को बेग्लै 'प्रोजेक्ट' हो।

छोराको मृत्युपछि उसको सपना कसरी पूरा गर्न सकिन्छ भन्ने ध्येयका साथ बीच बीचमा नेपाल आइरहे मेरिलिन र जिम। उनीहरूले २००४ तिर केही व्यक्तिहरूसँग गम्भीर बहस गर्न थाले- ग्रामीण जरुरतमन्दहरूलाई स्वास्थ्यसम्बन्धी तालिम कसरी अगाडि बढाउन सकिन्छ ? त्यही बहस र सोचको जगमा नै निक साइमन इन्स्टिच्युट अहिले उभिएको हो।

'यसलाई कम्पनीका रूपमा दर्ता गरिएको छ दुई साताअघि। व्यवहारिक सुविधाको दृष्टिकोणले मात्र त्यसो गरिएको हो। तर, संस्था शुद्धरुपमा च्यारिटेबल रहनेछ', जिम साइमन भन्छन्।

आफ्नो दुई दशकको नेपाल बसाइँ र अध्ययनका आधारमा डा. जिम्मरम्यान भन्छन्, 'तालिम मात्र पर्याप्त हुँदैन, स्वास्थ्य कार्यकर्ताहरू आवश्यक पर्दा उपलब्ध हुनुपर्छ खासगरी ग्रामीण क्षेत्रमा। मध्यमतहका स्वास्थ्य कार्यकर्ताहरू पैदा गर्ने लक्ष्य राखेको छ इन्स्टिच्युटले।' उनीहरूले थुप्रै आधारभूत चिकित्सा सेवा प्रदान गर्न सक्छन्। तथ्यांकअनुसार राजधानी काठमाडौंमा प्रतिलाख व्यक्ति ११७ जना डाक्टर उपलब्ध छन् भने गाउँमा प्रतिलाख व्यक्तिका लागि ३ दशमलव ३ देखि शून्य दशमलव ७ प्रतिशत मात्र छन्। हामीले तालिम दिने प्रत्येक व्यक्ति सयौं संख्यामा गाउँमा बसिरहेका छन्, त्यसले स्वास्थ्य स्थितिलाई राम्रैसँग प्रभावित गर्नेछ', जिम साइमन भन्छन्।

वर्षौंअघि अमेरिकाका प्रसिद्ध म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआइटी) र हवार्डमा गणितका प्राध्यापकका रुपमा कार्यरत छँदा जिम साइमनले 'स्टक एक्सचेन्ज' प्रक्रिया अध्ययन गरे र त्यसको प्रवृत्ति (ट्रेन्ड)बारे सटीकरुपमा भविष्यवाणी गर्ने नयाँ प्रणाली सुरु गरे। उनी त्यसताका अर्बौं डलरका मालिक बन्न पुगे। उनको सम्पत्तिको खास लेखाजोखा सार्वजनिक नभए पनि अहिलेसम्म पाटन अस्पतालको लगानी र निक साइमन इन्स्टिच्युटको स्थापनाले साइमन दम्पतीलाई कमसेकम नेपालीहरूले भने विल गेटभन्दा बढी उदार र नेपालको हितैषीका रुपमा लिने देखिन्छ।

छोराको मृत्युपछि उनीहरू ६ पटक नेपाल भ्रमणमा आएका छन्, सधैं आफ्नो निजी जेटमा। स्वास्थ्य क्षेत्रमा लगानी गर्ने विभिन्न सम्भावना तुहिँदै गए- कहिले सम्भावित पार्टनरहरूसँग कुरा नमिल्दा र कहिले कानुन बाधक बन्दा। अन्तमा इन्स्टिच्युटको स्थापनालाई उनीहरूले सहज विकल्पका रूपमा अपनाए।

डडेलधुरा, नेपालगन्ज, धनगढी, तानसेन र जुम्लाका साथै माथिल्लो मुस्ताङ, जिरीजस्ता विकट ठाउँमा पनि पुगेकाले साइमन दम्पतीलाई नेपालको आवश्यकता, द्वन्द्वको स्थिति, राजनीतिक तनाव आदिका बारेमा राम्रै ज्ञान छ। निक साइमनले नेपालमा छँदा खिम्ती जलविद्युत् परियोजनामा निम्नस्तर (सम्भाव्यता अध्ययन)का इन्टर्नका रूपमा काम गरेका थिए। 'जलविद्युत् क्षेत्रको विकास नेपालको समृद्धिका लागि धेरै आवश्यक छ', जिम साइमन भन्छन्। 'सायद छोराले त्यो क्षेत्रमा केही गर्थ्यो कि बाँचेको भए', आमा थप्छिन्।

तर साइमन दम्पतीले त्यस क्षेत्रमा आफूले लगानी गर्ने सम्भावनाबारे अहिले केही बोलेनन्। उनीहरू अहिलेको आफ्नो मिसनलाई शुद्धरूपमा च्यारिटी ( कल्याणकारी तथा नाफारहित) राख्न चाहन्छन्।

छोरा निकले नेपाल र नेपालीहरूका बारेमा उनीहरूमा जगाएको चासो र धारणाले जिम र मेरिलिनका नेपालप्रति भावनालाई निकै हदसम्म प्रभावित गरेको देखिन्छ। किनकि उनीहरूका मान्यता पनि त्यस्तै किसिमका बनेका छन्। 'आएका बेला हामी समिट होटलमा बस्छौं। होटलको पछाडिपट्टि हल्ला सुनिंदा अक्सर, हामी त्यतातिर गयौं। अक्सर सबै ठाउँका बालबालिकाहरू जस्ता हुन्छन्, त्यस्तै थिए उनीहरू पनि - हाँस्ने मुस्कुराउने', जिम भन्छन्।

'नेपालीहरूले यति यातना सहेका छन्। तैपनि, खुसी छन् उनीहरू। साँच्चै महान् छन् उनीहरू', जिम अरू थप्छन्। 'हामी गएका सबै ठाउँमा हामीले राम्रो आदर र अभिवादन भेटायौं। जिरीमा एउटा स्कुलमा कोठाहरू हेर्‍यौं', जिमकी श्रीमती मेरिलिनले भनिन्।

बालबालिकाहरूको भविष्यप्रति उनीहरूले व्यक्त गरेको यो चाहना सम्भवतः उनीहरूको भविष्य ओझेलमा नपरून् भन्ने चाहना राखेको जस्तो देखिन्छ साइमन दम्पतीले। हुन सक्छ छोराको सपनालाई अझ विस्तारित आयाम दिन चाहन्छन् उनीहरू। तर, हिंसा र द्वन्द्वमा रहेको मुलुकका लागि स्वभाविक रूपमा स्वास्थ्य सेवा सबभन्दा पहिलो आवश्यकता हो। निक साइमन इन्स्टिच्युट त्यही सोच र विविध सम्भावनाको संयुक्त प्रतीकका रूपमा जन्मिएको छ। ■

***Nepasoft Solutions,*** a team of experts with the mission for producing professional software solutions, products and services, brings to you two major software.

***DocBLITZ™,*** a document management solution, facilitates your business process by
- creating a paperless work environment
- having a controlled and secure access to your documents
- providing customized workflows that refine document-oriented business

DocBLITZ

***Remitron™,*** a trusted and higly customizable web-based solution for money transfer, enables you to
- increase your market share of growing inward remittance market in Nepal
- increase your deposits and revenue
- have full control on end to end Remittance process from collection to distribution
- dictate commissions to mediators, if any.

Remitron

For more infomation logon to: **www.nepasoft.com.np**

**Phone: 4263600, 4255088. Fax: 4269347.**
**Kantipath, Kathamndu, Nepal**

NEPASOFT solutions
Nepalsoft Solutions Pvt. Ltd.

ORACLE CERTIFIED PARTNER



# च्यालेन्जकपको चुनौती

■ **नवीन अर्याल/काठमाडौं**

**साफ च्याम्पियनसिपको** अत्यासलाग्दो नतिजापछि एकपल्ट फेरि नेपाली राष्ट्रिय फुटबल टोली अन्तर्राष्ट्रिय मैदानमा उत्रिन लागेको छ, पुरानो गुमेको छवि कायम राख्न। के यसपल्ट नेपालले ८० को दशकको अन्त्यतिर र ९० को दशकको सुरुमा दक्षिण एसियाली फुटबलमा राखेको दबदबा कायम राख्न सक्ला ? या फेरि पछिल्लो केही वर्षयता खराब प्रदर्शनका कारण देशभित्रै आलोचना खेप्नु परेको उदेकलाग्दो इतिहासलाई निरन्तरता देला ?

निश्चय नै यी दुई प्रश्न नेपाली फुटबलका लागि अहिले सबैभन्दा ठूलो चुनौती बन्न पुगेका छन्। साफ च्याम्पियनसिपको खराब प्रदर्शनपछि नेपाल ४ महिनाको छोटो अवधिमै फेरि अन्तर्राष्ट्रिय प्रतियोगितामा फर्किएको छ। एसियाली फुटबल महासंघ (एएफसी)को बहुचर्चित एसिया भिजनअन्तर्गत चैत १९ देखि बैशाख ३ गतेसम्म बंगलादेशको चटगाउँमा हुन लागेको एएफसी च्यालेन्जकपका लागि नेपाली राष्ट्रिय फुटबल टोली चैत १६ गते चटगाउँ पुग्दैछ। पहिलोपल्ट आयोजना हुन लागेको यो प्रतियोगिताका लागि माल्दिभ्सबाहेक दक्षिण एसियाका ७ राष्ट्रसहित चिनियाँ ताइपेई, ब्रुनाई, कम्बोडिया, ग्वाम, मकाउ, ताजकिस्तान, किर्गिस्तान, प्यालेस्टाइन र फिलिपिन्स गरी १६ राष्ट्र सहभागी छन्।

नेपाली टोली यो प्रतियोगिताका लागि करिब एक महिना देशभित्रै बन्द प्रशिक्षणमा संलग्न थियो। प्रतियोगिताको थप तयारीका लागि नेपाली टोली हाल भारतको कोलकातास्थित विभिन्न फुटबल क्लबहरूसँग मैत्रीपूर्ण खेलमा अभ्यसरत छ।

बंगलादेशको उच्च तापक्रमसँग खेलाडीलाई अभ्यस्त गराउन र नेपाली खेलाडीबीच एकापसमा मिल्न नसकेको तालमेलमा सुधार ल्याउन नेपाली टोली त्यसतर्फ गएको थियो। नेपालले कोलकातास्थित स्पोर्टस् अथोरिटी अफ इन्डिया, इस्ट बंगालको युथ-१९ टोली र इस्ट बंगाल क्लबबीच खेलेका तीनवटै अभ्यास खेल जितिसकेको छ। यी तीनवटै मैत्री खेलमा विजयी भएर नेपाली टोलीले आफ्नो खेलमा विस्तारै सुधार आएको सन्देश दिए पनि च्यालेन्जकपको च्यालेन्ज भने अझै बाँकी नै छ।

यसपालि विदेश गएको नेपाली टोलीको नेतृत्व वरिष्ठ प्रशिक्षक श्याम थापाले लिएका छन्। गत वर्ष काठमाडौंमा भएको हिमालयन बैंककप फुटबल प्रतियोगितामा नेपालको दोस्रो दर्जाको नीलो टिमलाई प्रशिक्षण दिन भ्याएका थापा मुलुकबाहिर पहिलोपल्ट नेपाली राष्ट्रिय टोलीसँग संलग्न छन्। 'मैले यो प्रतियोगितालाई परीक्षाको रूपमा लिएको छु', च्यालेन्जकपका लागि एक महिनाअघि नेपाली राष्ट्रिय टोलीको प्रशिक्षक नियुक्त थापा भन्छन्। थापा करिब ३ वर्षअघि नेपालको बहुचर्चित युवा फुटबल योजनाअन्तर्गत वरिष्ठ प्रशिक्षकमा नियुक्त भएका थिए। उनको अगुवाइमा दुई वर्षअघि मलेसियाको जोहरवारुमा भएको एसियन युथ च्याम्पियनसिपमा नेपाली युथ-१९ टोलीले ऐतिहासिक प्रदर्शन गरेको थियो। उक्त प्रतियोगितामा नेपालले समूहगत खेलमा कम्बोडियालाई १-० गोलअन्तरले हराएको थियो। 'एन्फाले यसपल्ट राष्ट्रिय टोलीको जिम्मा दिएको छ। त्यसैले यो भ्रमणलाई ऐतिहासिक बनाउन कुनै कसर बाँकी राख्ने छुइनँ', ७० को दशकमा भारतीय फुटबलका सर्वोत्कृष्ट खेलाडी मानिने थापा भन्छन्।

AFC CHALLENGE CUP BANGLADESH 2006

एएफसी च्यालेन्जकपअन्तर्गत नेपाल समूहगत खेलमा भुटान, श्रीलंका र ब्रुनाईविरुद्ध खेल्दै छ। नेपालले समूहको पहिलो खेल भुटानविरुद्ध २० चैतमा खेल्दै छ। यस्तै दोस्रो खेल ब्रुनाईविरुद्ध २२ र श्रीलंकाविरुद्ध २४ चैतमा खेल्दै छ। नेपालले समूहको सबै खेल २० हजार दर्शक अटाउने क्षमता भएको मोहम्मद अजिज रंगशालामा खेल्नेछ।

## नेपालको सम्भावना

नेपाल एएफसी च्यालेन्जकपको सजिलो समूहमा छानिएको छ। त्यसैले यसपालि नेपाली टोलीको क्वाटरफाइनल पुग्ने सम्भावना बलियो छ। नेपाली समूहमा श्रीलंकामात्र यस्तो टोलीको रुपमा उभिएको छ, जुन देशसँग नेपालको प्रदर्शन खासै सन्तोषजनक छैन विगतमा। भुटानविरुद्ध नेपालको प्रदर्शन निकै राम्रो छ। नेपालले हालसम्म खेलिएको आठवटै अन्तर्राष्ट्रिय खेलमा भुटानलाई पराजित गरिसकेको छ। पछिल्लोपल्ट पाकिस्तानमा भएको साफ च्याम्पियनसिपमा नेपालको प्रदर्शन निकै खराब रहे पनि भुटानलाई ३-१ गोलअन्तरले पराजित गरेको थियो। ब्रुनाई र नेपाल हालसम्म कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भिडेका छैनन्। श्रीलंकाविरुद्धको ९ अन्तर्राष्ट्रिय खेलमा नेपाल १ मा मात्र विजयी भएको छ। नेपालले सन् १९९९ मा भारतको गोवामा भएको साफ च्याम्पियनसिपमा अन्तिमपल्ट श्रीलंकालाई ३-२ गोलअन्तरले हराएको थियो। सन् १९८४ को एसियन क्वालिफाइङ म्याचदेखि नेपालसँग भिड्दै आइरहेको श्रीलंकाले ८ खेल जितिसकेको छ। 'समूहगत खेलमा हाम्रो मुख्य चुनौती भनेकै श्रीलंका हो। श्रीलंकाले पछिल्लो समय फुटबलमा ठूलो फड्को मारिसकेको छ', प्रशिक्षक थापा भन्छन्। उनी नेपालका लागि श्रीलंका मुख्य चुनौतीको रुपमा

| समूह 'ए' | समूह 'सी' |
|---|---|
| भारत | प्यालेस्टाइन |
| चिनियाँ ताइपेई | बंगलादेश |
| फिलिपिन्स | कम्बोडिया |
| अफगानिस्तान | ग्वाम |
| **समूह 'बी'** | **समूह 'डी'** |
| नेपाल | ताजकिस्तान |
| श्रीलंका | किर्गिस्तान |
| भुटान | पाकिस्तान |
| ब्रुनाई | मकाउ |

रहे पनि भुटान र ब्रुनाईलाई कम आँक्ने मुडमा देखिँदैनन् । 'हामीलाई थाहा छैन ब्रुनाईको फुटबलको विषयमा । त्यसैले यो देशलाई पनि कम आँक्नु मुर्ख्याइँ हुनेछ', उनी भन्छन् ।

प्रशिक्षक थापा आफ्नो पहिलो उद्देश्य समूहगत खेलबाट क्वाटरफाइनलमा छनोट हुने र त्यसपछि राम्रो प्रदर्शन गर्दै फाइनलसम्म पुगेर उपाधि उचाल्ने बताउँछन् । तर, चोट र उचित प्रशिक्षणको अभावमा एकपल्ट फेरि अन्तर्राष्ट्रिय मैदानमा उत्रिन लागेको नेपाली फुटबल टोलीले के उनको उद्देश्यलाई प्रमाणित गर्ला ? 'हामीले साफ च्याम्पियनसिपको खराब प्रदर्शन बिर्साउने मौका पाएका छौं । त्यसैले राम्रो नतिजाको आशामा छौं', राष्ट्रिय टोलीका कप्तान हरि खड्का भन्छन् । यसपालि पनि नेपाली टोलीको रणनीति पुरानै ४-४-२ नै हुने सहायक प्रशिक्षक महेश्वर मुल्मी बताउँछन् ।

## नेपाली टोलीको संरचना

एएफसी च्यालेन्जकप खेल्ने नेपाली राष्ट्रिय फुटबल टोलीको संरचना साफ च्याम्पियनसिप जस्तै छ, युवा र अनुभवी खेलाडीको समिश्रण । यद्यपि, यसपालि अनुभवी गोलरक्षक उपेन्द्रमान सिंहलाई टोलीमा समावेश गरिएको छैन, गत वर्ष काठमाडौंमा सम्पन्न एएफसी प्रिसिडेन्टकपमा उनले लिएको संन्यासका कारण । चार महिनाअघि पाकिस्तानको कराँचीमा सम्पन्न साफ च्याम्पियनसिपका लागि संन्यास फिर्ता लिन अनुरोध गर्दै एन्फाले राष्ट्रिय टोलीमा बोलाएको थियो उनलाई । यसपालि भने एन्फाले उनको संन्यासलाई स्वीकृति दिँदै उनलाई टोलीमा बोलाउने कष्ट गरेन । यस्तै, साफ च्याम्पियनसिपमा सहभागी भएका आक्रामक डिफेन्डर प्रलय राजभण्डारी, डिफेन्डरद्वय राकेश श्रेष्ठ र जनकसिंह थारू चोटका कारण टोली बाहिर छन् । यसपल्ट राष्ट्रिय टोलीमा पहिलोपल्ट पुलिसका अग्ला र युवा डिफेन्डर सुमन सुवेदी र त्रिभुवन आर्मीका रामकुमार विश्वास समावेश छन् । यी दुवैलाई जनक र राकेशको स्थानमा टोलीमा समावेश गरिएको छ । अघिल्लो पंक्तिमा महेन्द्र पुलिसका होचा स्ट्राइकर जुमानु राई र एनआरटी गोलरक्षक सुरेन्द्रलाल श्रेष्ठ सहभागी छन् ।

यीबाहेक साफ च्याम्पियनसिपबाट अन्तर्राष्ट्रिय फुटबलमा 'डेब्यु' गरेका डिफेन्डर लोकबन्धु गुरुङ, अञ्जन केसी, टासी छिरिङ, मिडफिल्डर विजय गुरुङ, विसन गौचन, राजु तामाङ र प्रदीप महर्जनको स्थान यथावत् कायम राखिएको छ । यस्तै, अनुभवी स्ट्राइकर सुरेन्द्र तामाङ, रमेश बुढाथोकी र यो प्रतियोगिताका लागि जापानबाट फर्किएका वसन्त थापा, मिडफिल्डर तथा कप्तान हरि खड्का, राजेश शाही, डिफेन्डरद्वय सागर थापा र नवीन न्यौपाने पनि टिममा समावेश छन् । पहिलो च्वाइसका गोलरक्षक विकास मल्ल र रितेश थापालाई पनि टोलीमा समावेश गरिएको छ ।

'यही टिमबाट राम्रो नतिजा निकाल्नु पर्नेछ', प्रशिक्षक थापा भन्छन् । उनी महेन्द्र पुलिसका अनुभवी डिफेन्डर राकेश र थ्रीस्टारका जनकको अनुपस्थितिले डिफेन्स लाइन-अप केही कमजोर रहेको स्विकार्छन् । उनी भन्छन्, 'टोलीमा राइट-ब्याकको पनि उत्तिकै समस्या छ ।'

उनी विभिन्न क्लबका खेलाडीहरूको जमघटले खेलाडीमा एकरुपता आउन नसकेको र समयअभावका कारण यो समस्या सुल्झाउन गाह्रो परिरहेको बताउँछन् । 'तयारीका लागि समय कम भयो । तैपनि, प्रतियोगिता सुरु हुनुअगावै यसमा धेरै सुधार आइसक्नेछ', थापा भन्छन् । साफ च्याम्पियनसिपमा सहभागी नेपाली टोलीको तुलनामा हाल एएफसी च्यालेन्जकपमा सहभागी हुन लागेको नेपाली टोलीलाई कमजोर आँकिएको छ । यो टोलीको सबैभन्दा कमजोर पक्ष नै डिफेन्स लाइन-अप हो । ■



# सरस्वती 'ए' डिभिजनमा

**सरस्वती क्लब** 'ए' डिभिजनमा उक्लिएको छ। 'बी' डिभिजनको मान्यता पाएको छोटो अवधिमै यो क्लब 'ए' डिभिजनमा बढुवा भएको हो। गत महिनादेखि काठमाडौंको दशरथ रंगशालामा भइरहेको 'बी' डिभिजन लिगमा आफूलाई शीर्षस्थानमा राख्दै सरस्वती क्लबले यो मान्यता पाएको हो।

सरस्वती क्लब २०६० सालमा 'बी' डिभिजनमा उक्लिएको थियो। २०४९ सालमा यो क्लब स्थापना भएको हो। यो क्लब स्थापनाको पहिलो वर्ष नै 'डी' डिभिजनमा उत्रिएको थियो भने त्यही वर्ष तेस्रो हुँदै क्लबले 'सी' डिभिजनको मान्यता पाएको थियो। क्लबलाई 'सी'बाट 'बी' डिभिजनमा उक्लिन भने १० वर्ष लागेको थियो।

'लामो प्रतीक्षापछि हाम्रो योजना साकार भएको छ। हामी खुसी छौं', कोटेश्वरस्थित क्लबका अध्यक्ष राजेन्द्र न्यौपानेले स्थापनाको १३ वर्षपछि क्लब 'ए' डिभिजनमा उक्लिएकोमा खुसी जनाए। सरस्वती क्लबले लिगको ८ खेलमा सर्वाधिक १९ अंक बटुलेको थियो। यो क्लब गत वर्ष तेस्रो स्थानमा रहँदै 'ए' डिभिजनमा उक्लिने अवसरबाट वञ्चित भएको थियो। त्यति बेला सरस्वतीलाई मच्छिन्द्र र बौद्ध क्लबले रोकेका थिए, 'ए' डिभिजन प्रवेशका लागि।

सहिद स्मारक 'बी' डिभिजन लिगअन्तर्गत यसपालि नौवटा क्लब सहभागी थिए, जसमा स्टार क्लब आठवटा खेलमा १६ अंक बटुल्दै दोस्रो र युनाइटेड क्लब १५ अंकसहित तेस्रो भयो। यसपल्ट लीगमा 'ए' डिभिजनका पूर्व क्लब ब्वाइज स्पोर्टस् र काठमाडौं क्लब पनि सहभागी थिए। केही महिनाअघि मात्र सहिद स्मारक 'ए' डिभिजन लिगबाट रेलिगेसनमा झरेका बौद्ध र महावीर क्लबले आगामी वर्ष 'बी' डिभिजनमा प्रतिस्पर्धा गर्नेछन्। सरस्वतीले यसपाला 'बी' डिभिजनबाट एक्लो क्लबको रूपमा 'ए' डिभिजनमा बढुवा पाउने नियमअन्तर्गत आफूलाई छनोट गराएको हो। आउँदो 'ए' डिभिजन लिगमा १४ क्लबमात्र सहभागी हुनेछन्। २ महिनाअघि सम्पन्न सहिद स्मारक लिगमा १५ क्लब सहभागी थिए।

## फ्रेन्ड्स रेलिगेसनमा

फ्रेन्ड्स क्लब 'बी' डिभिजनबाट 'सी'मा खस्ने अभागी टिम बन्न पुगेको छ। गत वर्ष 'ए' डिभिजनबाट रेलिगेसनमा झर्दै यसपाला 'बी' डिभिजन खेलिरहेको काठमाडौं क्लबले निर्णायक खेलमा ५-० गोल हिर्काएपछि फ्रेन्ड्स रेलिगेसनमा परेको हो। फ्रेन्ड्सको पहिलो दर्जाको टिम २ महिनाअघि सम्पन्न सहिद स्मारक 'ए' डिभिजन लिगको एघारौं स्थानमा रहन सफल भएको थियो। यो क्लबले एक वर्षको अन्तरालमा दुईजना अध्यक्ष फेरिसकेको छ।



तेजबहादुर बस्नेत

■ नवीन अर्याल/काठमाडौं









# सिडिओ साहेबको डायरी

■ खगेन्द्र संग्रौला

**हात काम्नु** हृदयको दुरवस्थाको बाहिरी झल्को हुनुपर्छ। मेरो कामिरहेको छ। म मृत्युको भयावह उपत्यकामा छु। औंसीको रातमा जगत्का आँखा छलेर मनको ताप पोख्न म यो एकान्त कोठामा बसेको छु। कसैलाई कहन नमिल्ने मनको बह अहिले म आफैसँग पोख्दै छु। एकबारको यो दुःखी चोला कुन बेला, कहाँ र कसरी सकिने हो केही ठेगान छैन। म यति एक्लो, यति निर्धो छु, यो संसारमा मलाई मन फुकाएर अरूले सुन्ने गरी चिच्याउने हकसम्म पनि छैन।

म 'ध' जिल्लाको सिडिओ हुँ। नयाँ नियमले भन्न नमिल्ने साँचो कुरा भनूँ भने म नाममात्रको सिडिओ हुँ। अख्तियार, प्रतिष्ठा र बोली सबै नै खोसेर म भिजेको मुसो बनाइएको छु। सुन्दा म आफैलाई लाज लागेर आउँछ, लाटासीधा मानिसहरू मलाई अझै पनि 'सिडिओसाहेब' भनेर पुकार्छन्। यो 'सिडिओसाहेब'ले मेरो स्मृतिमा पुराना दिनको न्यास्रोलाग्दो याद सोहोरेर ल्याउँछ। र, मेरो अनाथ हृदय झनै विचलित हुन्छ।

'युनिफाइड कमान्ड'ले निर्ममतासाथ ममाथि थोपरेको त्रासद कथा हो यो। माथि उच्चासनमा बस्ने कसैका मथिंगलमा यत्रतत्र छरिएको फौजीबललाई एकै सूत्रमा उनेर आतंककारीहरूलाई धूलो चटाउने कल्पना फुरेछ। अनि सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीलाई एउटै कमान्डको डन्डामुनि ल्याइयो। हो, यहींबाट सुरु भयो मेरो अकथनीय बर्बादीको दारुण कथा। म जिल्लाको सिडिओ, एक प्रकारले हिजोसम्मको म जिल्लाको राजा, इः म हिजोको आजै दाह्रानंग्राविनाको बूढो बाघमा परिणत गराइएँ। देखाउनलाई म अझै पनि युनिफाइड कमान्डको जिल्ला तहको माउ अधिकारी हुँ। तर, अख्तियारका कुरा गर्ने हो भने म केवल मेजरका हातको झुम्राको पुतली हुँ। उनी औंला नचाउँछन्, औंलाको तालमा म चुपचाप नाच्छु। उनी औंला दोब्र्याउँछन्, म निहुरिएर उनलाई नमस्कार गर्छु। उनी सर्वशक्तिमान् स्वामित् हुन्, म उनको स्वरविहीन सेवक हुँ। उनी सदैव आदेशदाता, म बबुरो फगत् उनको आदेशपालक।

युनिफाइड कमान्ड नाउँको अपहरणकारी चाल आयो र यसबाट मेरो स्वत्व स्वात्तै हरण भयो। यसको स्वेच्छाचारले गर्दा मेरो मरेको जुनी भो। यसो सम्झन्छु त्यसअघि म पनि त केही थिएँ। होचै भए पनि म जीवनको एउटा ढिस्कोमाथि उभिएको थिएँ। सिंगै जिल्ला मेरो अधीनमा थियो। शान्ति र सुरक्षा, विकास र निर्माण, ठेक्का र पट्टा, नागरिकता र राहदानी सबैजसो कुराकानी मेरो धेरथोर खटन र नियन्त्रणमा थिए। म जहाँ टेक्थेँ, त्यहाँको जमिनमा हल्का कम्पन पैदा हुन्थ्यो। म जहाँ जान्थे, त्यहाँ मलाई नमस्कार गर्नेहरूको धुइरो लाग्थ्यो। आफ्नो उपस्थितिको गहिरो र फराकिलो प्रभाव देखेर म आफैं छक्क पर्थें। तर, अब त्यो सब अतीतमा छुटेको रोमाञ्चक कथाजस्तो भयो। अब जे छ, मेजरको छ। म त केवल लुखुर-लुखुर उनका पछिपछि हिँड्ने उनको निस्तेज प्रतिलिपि हुँ!

यो गन्थन लेखिरहँदा कसैले देखी पो हाल्या कि भनेर मेरो आहत हंस डरले कामिरहेको छ। भगवान्, म कति निम्छरो बनाइएँ!

हुनलाई जाबो मेजर कुनै ठूलो दर्जा होइन। तर, के लाग्छ, यी मेजर जिल्लाका सम्राटजस्ता छन्। बदली भएर जुन दिन यी आए, त्यो दिन मेरो दुर्दिनमाथि झनै दुर्दिन थपियो। अहो, यिनको धाक, यिनको रवाफ, यिनको फुर्ती! गजक्क पर्दै यिनी म राजदरबार सेवाबाट आएको हुँ भन्छन्। मैले राजासँग एउटै थालमा भात खाएको छु, म राजासँग कुम जोडेर उभिएको छु भनेझैं गरी धाक लाउँछन्। मानौं यिनी राजाको कुम-कुमसम्म आउने राजा हुन्। मेरी बास्सै, यिनको फुइँ!

एक दिन यिनले मलाई अबदेखि ब्यारेकभित्र बंकरमै सुत्नुपर्छ भनेर ठाडो आदेश दिए। कुनै पनि रात हमला हुनसक्छ, परिआउँदा बाहिर हेरी भित्र अलि सुरक्षित भइन्छ। हो, कारण उनले यस्तो खुलाए। होला त नि भनेर केटाहरूलाई गुन्टा बोकाएर म लुरुलुरु भित्र गएँ। दैव, त्यो ठाउँ मलाई चितुवाको ओडारजस्तो लाग्यो। यसो वातावरणको गन्ध सुङ्छु, त्यहाँ मेरो गन्तीमन्ती केही छैन। सैनिक जवानहरूसमेत मलाई दुई नम्बरको नागरिक ठानेर हेय दृष्टिले हेर्छन्। त्यहाँ भित्र आफ्नो एकछत्र परिसरमा मेजरको अहंकार मैले झनै चर्को देखें। विशाल पर्खालभित्रको अत्यासलाग्दो झ्यालखानाजस्तो त्यो परिवेश मेरा लागि हदै असहज भयो। अनि त्यहाँबाट भाग्ने मनसुवाले मैले मनमनै कुरा खेलाएँ, मेरो तालिम छैन, मेरा हातमा हतियार खेलाउने सीप छैन। कथं हमला भइहाल्यो भने मलाई के हुन्छ? सके सबैभन्दा पहिले ज्यान जाने पालो मेरै होला। आ... यो पराधीन ओडारमा म सुत्दिनँ। जे त पर्ला, म आफ्नै ठाउँमा फर्किन्छु। अभर पर्दा भागेर लुक्नु परे रैथाने बासिन्दामध्ये कसै न कसैले त मलाई आश्रय कसो नदेला? जे भए पनि म त हिजोसम्मको नागरिक प्रशासक हुँ नि।

यसरी म सैनिक बंकरको बन्द किलाबाट मुक्त भएँ। अनि म उही डिएसपी कार्यालयको शरणमा फर्कें। यसलाई लेखान्तर भनूँ कि क्रूर समयको क्रीडा भनूँ, अहिले म सिडिओको हविगत ठाउँ न ठहरको फकिर सुकुमवासीको जस्तो भएको छ।

म यता निस्कें, उता मेजर मसँग फायर भएछन्। डिएसपीले सुनाएर चाल पाएँ। मेजरले मुस्तण्ड मुद्रामा तीतो पोखेछन्, 'मैले त जोगाउन खोजेको हुँ, आफैं काल खोजेर बाहिर निस्क्यो। मरे मरोस्, मलाई के?'

अहिलेका यी मेजर माथवरभन्दा पहिलेका मेजर घनश्याम अलि नरम थिए। कम्तीमा पनि बर्दी नलाएका बेला उनी मेरा कुरा ध्यानले सुन्थे। तथ्यका आधारमा गरिने तर्कबारे उनी केही न केही गम खान्थे। एक साँझ थकान मेट्ने र दिल बहलाउने सुरले उनी र म एउटा रेस्टुराँ गयौं। विचारवान् विद्वान्ले झैं मदिरा पान गर्ने कलामा उनी पारंगत थिए। उनले जिब्रोमात्र भिजाउँदै सुस्त गतिमा मस्तीका साथ चुस्की लिए। रमरम मात लाग्दै जाँदा उनी त्यसै त्यसै भावुक हुँदै गए। अनि भने, 'उमाकान्तजी! सिन्दूर पहिरेर नुन खाएकाले भन्न नमिल्ने कुरा आज तपाईंलाई भनूँ-भनूँ लाग्यो। लडेरमात्र जितिने युद्ध यो हुँदै होइन। देखिसकियो। तर, बुझ्नुपर्नेले बुझेजस्तो मलाई लाग्दैन। बुझ्नु भो उमाकान्तजी, तपाईं-हाम्रा लागि यो शुभ लक्षण किमार्थ होइन।'

त्यसपछि उनी काठमाडौंमा छाडिआएका आफ्ना पत्नी र छोराछोरीलाई सम्झेर बालकझैं पिलपिल-पिलपिल रोए। हो, अघिल्ला मेजर किञ्चित् कमलो दिलका थिए। तर, यी अहिलेका? उफ्!

हिजोको कुरा हो। माथवर र म मध्यदिनको हपहपी गर्मीमा ढकमक्क फुलेको गोलमोहोरको छहारीमुनि चौतारीमा बसेका थियौं। कुरा गर्नलाई मसँग साझा कुरा केही नै थिएन। त्यसैले उनका तामसी कुराबाट तर्किन भनेर म एउटा दैनिक अखबारमा आँखा डुलाउन थालें। के कारणले हो थाहा छैन, उनको अनुहारमा तनावको गहिरो छाप थियो। उनले झर्केर मेरा हातबाट अखबार खोसे अनि घृणाभावले टनाटन भरिएको स्वरमा भने, 'यस्तो पत्रिका पनि पढ्ने? साला, सारा गडबडीको मुहान यही हो।'

'पढ्नु पर्छ, मेजरसाहेब,' विनयशील भावमा मैले प्रतिवाद गरें, 'यथार्थका सबै पाटा बुझ्न सबै कोणबाट आउने विचारमाथि हामीले ध्यान दिनुपर्छ।'

'यो जहर हो, जहर', तिरष्कारका साथ अखबार हावामा हल्लाउँदै उनले भने, 'यो पढे बुद्धि भुटिन्छ। यो पढे दुनियाँ भाँडिन्छ।' यहाँनेर उनको संयमको सन्तुलन पूरै डगमगायो। आवेशमा उनले अखबार ध्वाध्वांरी च्याते अनि भुइँमा छरिएका अखबारका टुक्रामाथि क्रोधजडित खुट्टा भ्याम्म बजारे। उनको पद र मर्यादासँग रत्तिभर मेल नखाने त्यो उपद्रव देखेर म चकित र अवाक् भएँ।

वातावरण अलि बेर चकमन्न भयो।

'राजाको सिन्दूर पहिरेर पनि यो झुत्रोप्रति तपाईंमा यत्रो मोह? हुँ!' उनले क्रोधाग्निले जलेका नजरले मलाई भ्वाम्म डसे। म तिल्मिलाएँ। हो, मैले होस गर्नुपर्छ। यी मेजर माथवर हुन्। दल र प्रेसलाई यिनी मानवजातिका सबैभन्दा भयानक शत्रु

ठान्छन् । कुन्नि, यिनी मेरो मनको लचक दलतिर छ पो भन्ठान्दा हुन् कि ! कहिलेकाहीँ मेरो पापी मन तर्कना गर्छ, यिनले कुनै दिन मेरा नाउँमा राजद्रोहीको भाका पारेर रिपोर्ट माथि ठेले भने....

यो सुनसानमय कोलाहलमा अहिले मेरा कानमा एउटा केटाको हृदय चिरिएर निस्केको रोदन गुन्जिरहेछ । ऊ प्रहरी जवान नवीन राई हो । बरा अस्तिमात्र बिजुली धरापमा परेर उसको चोला उठ्यो । एक दिन साँझपख म यहाँमाथि थिएँ । तल भुइँ तलामा कोही डाको छाडेर रोएको सुनेर म तल ओर्लें । देखेँ, नवीन अनुहार हत्केलाले छोपेर क्वाँ-क्वाँ रोइरहेछ । उसको छेउमा बसेका सबै जवान सुँकसुँकाइरहेका छन् ।

'बाबु, किन रोएको ?', उसको कुम हल्लाउँदै मैले सोधेँ ।

रुवाइका हिक्काहरूका बीचबीचबाट उसले आफ्नो अकथनीय पीडा पोख्यो । सर्च टोली 'क' गाउँमा पुगेछ । निहत्था एक किसानलाई लछार्दै, पछार्दै र घिसार्दै आँगनमा निकालिएछ । किसान हात ठाडा पारेर 'मेरा लालाबालाको कन्तबिजोक हुन्छ विधाता हो, मलाई नमार' भन्दै जीवनको भीख माग्दो छ । उसकी स्वास्नी क्याप्टेनका पाउ परेर कोकोहोलो मचाइरहेकी छे । सातो उडेका कलिला केटाकेटी आमाको जीउमा लिपिक्क टाँसिएका छन् । यत्तिकैमा क्याप्टेनले नवीनलाई भनेछन्, 'आतंककारीलाई ठोक् !' पालन गर्नुबाहेक फौजी आदेशको कुनै जवाफ हुँदैन । उसले ठोकेछ । अनि मृतकका रगतको आहालमा उसका प्रियजनहरू आकासै चिरिने गरी रुँदै लुटपुटिएका देखेर नवीन आफैँ मूर्च्छा परेछ ।

अहिले पछुतोको पीडाले गाँजेर ऊ त्यसरी रोइरहेछ । अहो, मैले यी निर्दोष जवानहरूलाई के भनेर सम्झाउने ? एक जर्किन ठर्रा मगाएर खुवाएँ । अलि बेरपछि नशाले लठ्ठिएर सबैजना ढले । मैले भने छटपटाउँदै अनिदो रात बिताएँ । यो श्रापित जिन्दगीमा मैले यस्तो त कति देखेँ कति !

अब म एउटा अति गोप्य कुरा भन्छु । केटाहरूलाई तयार पार्नु भनेर बाह्र घन्टाजस्तो अघि मलाई मेजरको आदेश आउँछ । कहाँ, के, कसो, मलाई कहिल्यै केही थाहापत्तो हुँदैन । टोली रमनबाट फर्केपछि तम्तयार मुचुल्का लिएर कुनै फौजी जवान मकहाँ आउँछ । आज के होला भनेर डराउँदै हेर्छु फलाना ठाउँमा दोहोरो मुठभेडमा यति-उति आतंककारी मारिए भनी उही भूतपूर्व व्यहोरा लेखिएको हुन्छ । मैले चुपचाप त्यसमा सही गर्नुपर्छ । मेजर अनुहार हुन् । म कथित सिडिओ अनुहारविनाको खोल हुँ । मेजरका अनुहारको दाग छोप्न उनको अनुहारमा म खोल हालिन्छु । अनि त्यो खोल युनिफाइड कमान्ड नागरिक प्रशासनको अधीनमा छ भन्ने सबुत बनेर इतिहासका भित्तामा टाँसिन्छ ।

अचेल म भयंकर सपना देख्दै छु । सपनामा म सधैँजसो पक्राउ परेको हुन्छु । ममाथि युद्धअपराधको आरोप लागेको हुन्छ । हातमा हतकडी लगाइएको म बलात् अन्तर्राष्ट्रिय फौजदारी न्यायालयतिर घिसारिँदै हुन्छु । मेरा यी अनिष्ट सपना मेरो भद्रगोल विपनाका झल्का हुन् क्यार । अचेल अखबारमा युद्धअपराध र दण्डका कुरा कतिविधि छापिएका हुन् ! ती पढ्दा ती मलाई नै हेरेर छापिएका पो हुन् कि भनेर म सर्वांग काम्छु । सारा मुचुल्कामा सही मेरो छ । गर्ने-गराउने मेजर पानीमाथि ओभानो भएर सुरक्षित बसेका छन् । पक्राउ परिहाले पनि उनी भन्लान्, कमान्ड गर्ने अधिकारी म होइन, सिडिओ हो । मलाई थाहा छ, मान्छेको जात ज्याद्रो हुन्छ । उसले इतिहासका चिहानहरू खनेर सत्य कथाहरू बाहिर निकाल्छ । न्यायालयले सोध्ला, उमाकान्त काफ्लेजी ! मुचुल्काको यो झूटो व्यहोरा कथ्ने कल्पनाशील दिमाग यहाँकै हो ? भगवान्, मेरो भोलि निको छैन ।

म रहरले यो भाउँतो झेल्न मेजरका अनुहारको जाली खोल भएको निश्चय नै होइन । यो मेरा दुःखको अर्को पाटो हो । एकपटक सोचेँ, बरु कुखुरा पालेर गुजारा चलाउँला, अथवा च्याउ खेती गरुँला अथवा अरू केही इलम... । काठमाडौँ जाँदा गृहसचिवसँग एक्लै बसेर चिया खाने जोग पर्‍यो । मौकाको फाइदा उठाउँदै मैले बिन्ती बिसाएँ, 'सर, मलाई जागिर छाड्न मन छ, छाड्न मिल्ला ?'

सचिव गम्भीर भए । अनि भने, 'यस्ता बेला यस्ता कुरा नगर्नुस्, उमाकान्तजी ! भन्नेहरूले उताको मतियारी गरेर यता असहयोग गरेको भने भने !'

सचिवको संशयले म हतप्रभ भएँ ।

यही हो मेरो दुर्गतिको कथा । म आफ्नै जागिरको दुरुह चक्रव्युहको कैदी हुँ । म वाणीविहीन र सहाराहीन छु, म मेजरको हास्यास्पद छायाँ भएको छु ।

अहो ! लेख्न नहुने, मनको एकान्तमा कल्पनासम्म पनि गर्नु नहुने धेरै कुरा लेखेँछु । अब म यो च्यातेर घुप्लुक्क सुत्छु । हे भगवान् ! मेरा सपनाहरूको केही भर छैन । ■




# मात्र औपचारिकता

**सधैंझैं औपचारिकता,** भाषण र सामान्य विषयमा केही कार्यपत्र प्रस्तुत गर्दै तथा पछि खासै अर्थ नराख्ने 'घोषणापत्र' जारी गर्दै नेपाल-भारत नेपाली लेखक सम्मेलन सकियो। तेह्र वर्षअघि स्थापित 'विपी कोइराला नेपाल-भारत प्रतिष्ठान'को आयोजनामा सुरु गरिएको नेपाल-भारत नेपाली लेखक सम्मेलनको चौथो संस्करण कुनै हो-हल्ला, आकर्षण र उपलब्धिविना अर्कोपटक भारतको कुनै सहरमा फेरि केही साहित्यकार भेला पार्ने सल्लाहमा टुंगियो, साहित्यमा बहस र स्वस्थ्य आलोचनाको चाहना राख्ने साहित्यकर्मीहरूलाई निरास तुल्याउँदै। भाषा, साहित्य र संस्कृतिका हिसाबले अभिन्न जोडिएका नेपाल र भारतका नेपालीभाषी साहित्यकर्मीहरूको 'महान् चाड' यसरी नै कुनै ठोस मुद्दाविना मनाइरहने हो भने यो एउटा औपचारिक कार्यक्रमभन्दा बढी हुनेछैन। सिलिगुडीमा सम्पन्न प्रथम सम्मेलनदेखि धनगढी र बनारस हुँदै काठमाडौंसम्म आइपुग्दा सम्मेलनको आकर्षण र यसको प्रभाव निकै कम भएको साहित्यकारहरूको विश्लेषण छ।



सम्मेलनमा भलाकुसारी गर्दै साहित्यकारहरू इन्द्रबहादुर राई, अभि सुवेदी, ययुत्सु आरडी शर्मा, माधवप्रसाद घिमिरे र गोविन्दराज भट्टराई

भास्वर ओझा

फरक भूगोलका नेपालीभाषी साहित्यकर्मीहरू एकै थलोमा भेला भएर आत्मीयता साटासाट गर्नुमात्र सम्मेलनको उद्देश्य मान्न सकिँदैन। काठमाडौंमा भएको कार्यक्रम भएर पनि होला, यसपटकको सम्मेलनमा राजधानीमै हुने कुनै कार्यक्रममा भन्दा खासै फरक देखिएन। नेपालका अन्य भाग र भारतबाट धेरै कम साहित्यकार आएकाले सम्मेलनमा काठमाडौंको वर्चस्व देखिएको थियो। 'विभिन्न कारणले हामीले देशका अन्य भाग र भारतबाट धेरै साहित्यकार ल्याउन सकेनौं', चौथो सम्मेलन आयोजक समितिका संयोजक प्राध्यापक मोहनप्रसाद लोहनीले भने। तर, उनले साहित्यकारहरू भेला पार्न नसक्नुको खासै कारण खुलाएनन्।

दार्जीलिङबाट आएका आख्यानकार इन्द्रबहादुर राईले भने, 'भारतबाट नेपाल आउँदा एउटा घरबाट अर्को घरमा गएजस्तो लाग्छ।' निश्चय नै, भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा लागेकाहरूका लागि सीमाले कुनै अर्थ राख्दैन। एकापसमा अनन्य जोडिएका नेपाल र भारतका नेपालीभाषी साहित्यकर्मीहरूका लागि पनि भूगोलभन्दा दुवैतिर पाइने साझा भावना महत्त्वपूर्ण हो। तर, यस्तो अवसर नेपाल र भारतका नेपालीभाषी साहित्यकारसँग गाँसिएको कुनै विषय वा पक्षबारे छलफल र अन्तर्क्रिया गर्ने प्रयोग गर्नुपर्ने साहित्यकारहरूको टिप्पणी छ।

लेखक आर डी ययुत्सु शर्माका विचारमा कुनै आम विषयमा कार्यपत्र प्रस्तुत गर्नुभन्दा यस्ता महत्त्वपूर्ण अवसर कुनै निश्चित विषयमा आधारित हुनुपर्छ। 'सम्मेलनको उद्देश्य के हो, यसमा बढी केन्द्रित हुनुपर्नेमा एक-दुई कार्यपत्र प्रस्तुत गर्नुलाई नै उपलब्धि मान्ने चलन छ', उनी भन्छन्।

सम्मेलनका लागि झापाबाट काठमाडौं आएका लेखक कृष्ण धरावासीले अहिलेसम्मका सबै नेपाल-भारत नेपाली लेखक सम्मेलनमा सहभागिता जनाइसकेका छन्। 'सम्मेलन आफैंमा राम्रो हो', उनको मूल्यांकन छ, 'तर, यस्ता सम्मेलनहरू कुनै निश्चित विषय वा विधामा केन्द्रित भए भने प्रभावकारी हुन्छन्।' विपीका विषयमा दुई र नेपाल-भारतसँग जोडिएका दुई विषयमा कार्यपत्र प्रस्तुत गर्नु सम्मेलनको प्रचलन भएको उल्लेख गर्दै धरावासी यो औपचारिक प्रवृत्तिभन्दा कुनै समग्र पक्षबारे छलफल चलाए यस्तो भेला उद्देश्यप्रद हुने सुझाव दिन्छन्।

यसपटकको सम्मेलनमा भारतबाट १२ साहित्यकारको मात्र उपस्थिति थियो। राई, लक्खीदेवी सुन्दास, लीलबहादुर क्षेत्री, दिवाकर प्रधान, सानु लामा, राजेन्द्र भण्डारी, भूपेन्द्र अधिकारीजस्ता सीमित साहित्यकर्मीहरूको उपस्थितिलाई 'भारतीय प्रतिनिधित्व' मानिएको थियो।

■ मनोज दाहाल/काठमाडौं








तेजबहादुर बस्नेत

# संगीत गुरुआमा

■ मनोज दाहाल/काठमाडौं

**आधुनिक नेपाली संगीतकी एक गुरुआमा शान्ति ठटाल भन्छिन्, 'बिराना सभाहरूमा के हुन्छ र गीतको अर्थ ?' तर, दार्जीलिङबाट गीत सुनाउन काठमाडौं पसेकी ठटालका लागि न यहाँको सभा बिरानो छ, न अर्थहीन छन् उनका गीतहरू ।**

त्यो रात संगीतकर्मी शान्ति ठटाललाई राति धेरै बेरसम्म निद्रा परेन । नेपालयको 'पलेंटी' एकल गायन कार्यक्रमका लागि दार्जीलिङबाट आएकी आधुनिक संगीतकी यी गुरुआमालाई के लगातार १५-१६ वटा गीत एकैचोटि गाउन सकिन्छ वा सकिँदैन भनेर निद्रा नपरेको थियो ?

हुन पनि ठटालले अहिलेसम्म आफ्नो संगीत करियरको झन्डै ५० वर्षमा कहिले पनि लगातार यति बढी संख्यामा गीत गाएकी छैनन् । उनले एकैचोटि बढी गीत गाएको सिक्किममा संगीत गुरुआमा हुँदा आठनौवटासम्म हो, त्यो पनि उमेर छँदा एकाधपटकमात्र । 'तर, मलाई एकैचोटि यति धेरै गीत गाउन सकिँदैन होला भनेर निद्रा नपरेको होइन', उनी बुझाउँछिन्, 'यो कार्यक्रम त गर्न सक्छु जस्तो लाग्छ ।' त्यो दिन त उनलाई राति अलि ढिलासम्म टेलिभिजन हेरेकाले निद्रा नपरेको रहेछ ।

'सम्हालेर राख...'जस्तो चर्चित गीतकी स्वरकर्मी ठटालको एकल गायन कार्यक्रमका लागि पलेंटीलाई दर्शक-श्रोताको कतिसम्म चाप भयो भने सबैको इच्छा पुऱ्याउन तीन दिन लगातार 'सो' गर्नुपर्थ्यो । तर, यो सम्भव थिएन । एउटै कलाकारले लगातार तीन दिनसम्म झन्डै आधा दर्जन गीत गाउँदा प्रस्तुतिमा स्तरीयता कायम नहुने डर प्रशस्त थियो । तैपनि, पलेंटीले पहिलोपल्ट कुनै कलाकारको प्रस्तुति दुई दिन गर्ने भएको छ जसमा कहिल्यै एकल कार्यक्रम नगरेकी ठटाल एक्लो आकर्षण बन्नेछिन् ।

पहिलोपल्ट सन् १९६५ मा अरुणा लामा, शरण प्रधान र एकजना विदेशी संगीतकर्मी आइजकसँग नेपाल आउँदा ठटालले चारपाँचवटा गीत रेकर्ड गराएकी थिइन् जसमध्ये 'सम्हालेर राख' उनको जीवनकै सर्वाधिक चर्चित गीत बन्यो । त्यति बेला रेडियो नेपालमा हारमोनियम बजाएर गीत गाउने चलन बन्द थियो । तर, ठटालले हारमोनियममा गाउन नपाउने भए गीतै रेकर्ड नगर्ने भनेपछि उनको मधुर भाकामा लट्ठिएका रेडियोकर्मीहरूले दराजमा थन्क्याइएको हार्मोनियम निकाले, धुलो

टकटक्याए र रेकर्ड गरे यो कालजयी गीत ।

४० वर्षपछि पछिल्लोपटक उनी आफ्ना यस्तै सम्झनाहरू खोतल्न र पुराना गीतहरू गाएर दर्शक-श्रोतालाई ती दिनमा फर्काउन काठमाडौं आएकी छन् । दार्जीलिङमा भएको एउटा कार्यक्रममा चार महिनाअघि संगीतकार-गायक आभासले ठटाललाई नेपालयको 'पलेंटी' कार्यक्रमबारे बताएका थिए । 'पलेंटीबारे थाहा पाएपछि मलाई यसको स्वरूप मन पऱ्यो,' उनी सम्झिन्छन्, 'तर, लगातार १५-१६ वटा गीत गाउन सक्छु भन्ने आँटचाहिँ भएन ।' गाउनैपर्छ भनेपछि चाहिँ उनले घरमै बसेर पनि अभ्यास गरिन् र आत्मविश्वासले भरिइन्, एकल कार्यक्रम गर्न सकिन्छ भनेर । 'यहाँ पनि म नियमित रियाज गरिरहेकी छु,' उनी भन्छिन्, 'त्यसैले गाउन सक्दिनँ भन्ने डरचाहिँ छैन ।'

गायन र संगीतमा उत्तिकै दक्ष ठटाललाई अहिले गायिकाभन्दा बढी संगीतकारको रूपमा चिनिन्छ । 'तर, म आफूलाई गायिकाकै रूपमा चिनाउन चाहन्छु,' उनी भन्छिन् । रवीन्द्र संगीत विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा कोलकाताको धपेडी, धुलो, धुँवा र गर्मीमा उनले आफूलाई सहज तुल्याउन सकिनन् । 'यसले मेरो स्वर पनि बिगाऱ्यो,' उनी भन्छिन्, 'स्वरमा आएको समस्याले त्यसपछि मैले राम्ररी गाउन सकिनँ ।' तर, रवीन्द्र संगीत विश्वविद्यालयको अध्ययनले संगीतको ज्ञान हासिल गर्नमा आफूलाई ठूलो सहयोग पुऱ्याएको उनको मूल्यांकन छ । कण्ठ संगीतबारे तीन वर्ष कोलकातामा आर्जन गरेको ज्ञानले नै ठटाललाई गुरुआमा संगीतकार बनायो ।

सानो छँदा उनी लता मंगेशकरका गीतहरू गाउँथिन् । लताका सबै गीत आउँथे उनलाई । पछि संगीतकर्मी मानध्वज गुरुङले नेपालबाट देवकोटा, पौडेल र सम गएका बेला स्वागत गानका लागि पहिलोपल्ट स्टेजमा उतारेपछि उनी व्यवसायिक रूपमा संगीत क्षेत्रमा प्रवेश गरिन् । 'त्यो फेरि फर्कला' भन्ने नाटकका लागि उनले त्यस बेला गाएका गीतहरू पछि रेकर्ड पनि भएका थिए ।

उनको संगीतयात्राको केन्द्र दार्जीलिङ र सिक्किम दुवै बन्यो । उनको थातथलो दार्जीलिङ हो भने सिक्किममा उनी लामो समयसम्म संगीतकी गुरुआमा बनिन् । बारम्बार नेपाल आउने-जाने पनि चलिरहन्थ्यो । 'तर, अहिले दार्जीलिङबाट संगीतकर्मीहरू नेपाल आउने क्रम टुटेको छ,' ठटाल भन्छिन्, 'अरूसँगै मेरो नेपाल आउने क्रम पनि विस्तारै कम भयो ।'

तर, नेपालका आधुनिक पुस्ताका संगीतकर्मीबारे उनी जानकारी राखिरहन्छिन् । 'हामी यहाँबाट निस्कने सबै प्रकारका संगीत चाख दिएर सुन्छौं,' उनी भन्छिन्, 'नयाँ पुस्ताले पनि राम्रो गरिरहेका छन् ।' पुराना संगीतकर्मीहरू नातिकाजी, शिवशंकर, अम्बर गुरुङ, तारादेवी, गोपाल योन्जन, अरुणा लामा, दिलमाया खाती, प्रेमध्वज, बच्चुकैलाश, पुष्प नेपालीका सिर्जना मन पराउने ठटाल पछिल्ला संगीतकर्मीहरू न्हयुँ वज्राचार्य, रामकृष्ण ढकाल, उदय-मनिला सोताङ, सपनाश्रीलाई पनि उत्तिकै मन पराउँछिन् ।

पछिल्लो समयमा नेपाली संगीतमा पाश्चात्य प्रभाव बढिरहेको उनको आँकलन छ । के यो नराम्रो हो त ? 'प्रभाव राम्ररी पऱ्यो भने नराम्रो होइन,' उनी भन्छिन् । युवापुस्ताले संगीत बिगारेको छ भन्ने आरोप उनी किञ्चित् मान्न तयार छैनन् । 'एकदुईजनाले गल्ती गरेका होलान्,' उनको मूल्यांकन छ, 'तर, अहिलेका युवाले संगीतलाई राम्रोसँग लिएका छन् ।' आफ्नो संगीतको महत्त्व अर्को जाति-संस्कृतिमा पुग्दा हुने भएकाले मौलिकता गुम्न दिन नहुने उनी बताउँछिन् । 'अर्को जाति-संस्कृतिमा पुग्दा आफ्नो संगीत र संस्कृतिबारे जानकारी दिन सक्नुपर्छ,' आफ्नोपन मर्न दिन नहुने उल्लेख गर्दै उनी सुनाउँछिन् ।

वर्षौंअघि दुई नेपाली सिनेमामा संगीत दिएकी ठटाललाई त्यसपछि भने त्यस्तो मौका जुरेन । एक दशकजति अघि निर्देशक उगेन छोपेलले उनको संगीतमा एउटा सिनेमा बनाउने घोषणा गरे पनि त्यो व्यवहारमा कहिल्यै बनेन । दार्जीलिङकै प्रताप सुब्बाले बनाएको 'परालको आगो' र अर्को सिनेमा 'बाँच्न चाहनेहरू' पछि उनी रंगनगरीमा छिर्दा पनि छिरिनन् ।

के सबैले मन पराउने उनको गीत 'सम्हालेर राख' उनलाई पनि सबैभन्दा बढी मन पर्ने आफ्नो सिर्जना हो ? होइन, मेलोडी संगीतमा पोख्त ठटाललाई दार्शनिक गीतहरूले बढी छुन्छन् । कवि ईश्वर बल्लभले लेखेको गीत 'बिरानाहरूको सभामा के हुन्छ र गीतको अर्थ...' उनलाई धेरै मन परेको रचना हो भने दार्जीलिङे संगीतकार गगन गुरुङको 'मैले बोल्नै भएन..' गीतले पनि उनको हृदयको तार झङ्कृत हुन्छ । ■






# जोवन पोख्न आतुर

■ नवीन अर्याल/पोखरा

तस्वीरहरू : राम गुरुङ



**इभेन्ट पोखरा डटकमका** राम गुरुङलाई भ्याइ नभ्याइ छ। अहिले उनी नयाँ वर्षको तयारीमा जुटेका छन्। उनी मात्र होइन, माओवादी सशस्त्र द्वन्द्वका कारण पोखरामा पर्यटकहरूको संख्यामा कमी आउँदा हतोत्साहित बनेका केही होटल व्यवसायी पनि नयाँ वर्षलाई जोडतोडका साथ स्वागत गर्न लागी परेका छन्। यतिमात्र होइन, पछिल्लो समय मोडलिङलाई आफ्नो पेसा बनाएका पोखरेली मोडलहरू पनि नयाँ वर्षमा र्‍याम्पमा आफ्नो उन्माद छर्न आतुर देखिन्छन्।

'नयाँ वर्ष अविस्मरणीय बनाउन म्युजिक कन्सर्ट र फेसन सोको आयोजनामा जुटेका छौं', इभेन्ट पोखराका राम भन्छन्। पछिल्लो २ वर्षको अन्तरालमा रामले म्युजिक कन्सर्ट र फेसन सो गरी ५ दर्जनभन्दा बढी मनोरञ्जनात्मक कार्यक्रम गरिसकेका छन् पोखराभित्र मात्र। यसपालि उनी लेकसाइडस्थित होटल प्याराडिस्कोमा 'सो फ्लेम' गराउने योजनामा छन्, व्यस्तताका बीच पनि।

हुनत राजधानी काठमाडौं र पूर्वको धरानपछि फेसनकै अगुवा मानिन्छ पोखरा। तैपनि यो क्षेत्रमा मोडलिङ व्यवसाय त्यति राम्रोसँग फस्टाउन सकेको छैन। नेपालीमाझ उदार मानिने पोखरेली समाजले अझै पनि मोडलिङलाई पूर्णरुपले स्विकार्न सकिरहेको छैन। त्यसैले फेसनमा अगाडि हुँदा हुँदै पनि पोखरामा मोडलिङ व्यवसायले राम्रो गति लिन सकिरहेको छैन। 'पछिल्लो समय पोखरामा मोडलिङ व्यवसायले केही गति लिए पनि त्यो काठमाडौंको तुलनामा नगण्य नै छ', मोडलिङबाट भर्खरै चलचित्र व्यवसायमा छिरेकी २० वर्षीय मोडल अपेक्षा केसी बताउँछिन्। दुई वर्षअघि पोखराबाटै मोडलिङ क्षेत्रमा प्रवेश गरेकी अपेक्षाको पहिलो नेपाली चलचित्र 'कहाँ बिसाउ मनको भारी' चैत १९ गते रिलिज हुँदै छ।

अपेक्षाभन्दा अलिकति फरक मत राख्ने बबिना शर्मा भने यहाँका स्थानीयहरूमा मोडलिङसम्बन्धी राम्रो ज्ञान नभएका कारण यो फस्टाउन नसकेको बताउँछिन्। 'हामीले आफ्नै परिवारका सदस्यलाई 'कन्भिन्स' गराउन नसकेर



## एलिनाको धोको

**एलिना गुरुङ** पछिल्लो समय पोखरामा चर्चित बनेको नाम हो। उनी हालसम्म नेपालमा भएको कुनै पनि 'फेसन सो' या 'ब्युटी कन्टेस्ट'मा उत्रिएकी छैनन्। तैपनि उनी चर्चाको केन्द्रमा छिन्। कारण- फेसन र मोडलिङको दुनियाँमा नाम कहलिएको बेलायतजस्तो ठूलो देशमा उनले कमाएको ख्याति।

एलिना पोखराको लाहुरे परिवारमा जन्मिएकी हुन्। उनी सानैदेखि बेलायतमा बस्दै आएकी छन्। विशेषतः छुट्टी मनाउन पुर्ख्यौली घर पोखरा फर्किने गरेकी एलिना यो वर्ष ११ कक्षाको पढाइ पूरा गरेर दुई महिनाअघि नेपाल फर्किएकी हुन्। उनी बेलायतको फ्रान्जड एकेडेमीमा विगत २ वर्षदेखि अभिनय र नृत्य विषयमा अध्ययनरत छिन्। उनको एउटै धोको छ, भविष्यमा बेलायती चलचित्रको नायिका बन्ने। एलिनाले गत वर्ष बेलायतमै भएको एक सौन्दर्य प्रतियोगितामा 'मिस डोबर'को उपाधि जितेकी थिइन्।

'व्यवसायिक बन्न गाह्रो छ उतातिर तर भविष्य पनि छ', बेलायतको मोडलिङ क्षेत्रको बखान गर्दै उनी भन्छिन्, 'उता मोडल बन्न लामो कोर्स नै गर्नु पर्छ।' बेलायतको स्थानीय र्‍याम्प मोडलिङमा भर्खरै प्रवेश गरेकी एलिना गत जनवरी १६ मा १६ वर्ष प्रवेश गरेकी थिइन्। उनी अझै आफूलाई व्यवसायिक मोडल बन्न समय लाग्ने बताउँछिन्। उनी भन्छिन्,

पनि होला', पोखरेलीमाझ कहलिएकी मोडल बबिना भन्छिन् । बबिनाले पोखरामा मात्र होइन राजधानी काठमाडौंसम्म गएर २ ठूला फेसन सोहरूमा आफ्नो प्रतिभा प्रस्फुटित गरिसकेकी छन् । 'पहिलेको तुलनामा केही राम्रो नभएको होइन तर धेरै सुधार आवश्यक छ', सन् २००४ मा हिन्दुस्तान लिभरले जावेद हबिबको उपस्थितिमा गराएको 'सनसिल्क फेसन सो' र लक्सले गराएको 'लक्स ब्युटी स्टार'मा उत्रिसकेकी बबिना भन्छिन् । उनी पोखरामा इभेन्ट गराउने प्रायः व्यक्तिहरू यस क्षेत्रसँग त्यति राम्रोसँग साक्षात्कार नभएका कारण पनि यसले सोचेजति फस्टाउने वातावरण नपाएको बताउँछिन् । 'पोखराको विडम्बना नै मान्नु पर्छ, यहाँ इभेन्ट गराउने व्यक्तिहरू त्यति 'पर्फेक्ट' छैनन्', २०५९ सालदेखि नै मोडलिङ क्षेत्रमा कार्यरत बबिना भन्छिन् ।

उनको भनाइसँग कोरियोग्राफर रवीन्द्र बज्राचार्य धेरै हदसम्म सहमत छन् । ५ वर्षदेखि पोखरामा मोडल उत्पादन गर्ने काममा व्यस्त रवीन्द्र एक/दुईवटा इभेन्ट म्यानेजरहरूले 'फेसन सो'को नाममा पैसा बटुलेर भाग्ने प्रवृत्ति देखिएकाले यो क्षेत्र बदनाम भएको बताउँछन् ।

'कुनै परिवार आफ्ना छोराछोरीलाई यो क्षेत्रमा लगाउन चाहँदैन', वैशाखको अन्त्यमा मिस्टर एन्ड मिस पश्चिमाञ्चल गराउने योजनामा जुटेका रवीन्द्र भन्छन् । यो कन्टेस्टका लागि हाल उनी ३२ पोखरेली मोडलहरूलाई तयार पार्ने काममा व्यस्त छन् ।

पोखरामा हालसम्म गिनेचुनेका ३/४ जना मात्र मोडल छन्, जो व्यवसायिकरुपमै यो क्षेत्रमा कार्यरत छन् । उनीहरू र्‍याम्पमा उत्रिँदा राम्रै पारिश्रमिक लिने गर्छन् । 'पारिश्रमिकको कुरा इभेन्ट र स्पन्सरमा फरक पर्छ । राम्रो इभेन्ट छ भने ५ हजारसम्म पारिश्रमिक हुन्छ । नभए सानो इभेन्टमा पनि ३ हजारको हाराहारीमा पारिश्रमिक लिने गर्दछौं', व्यवसायिक मोडल प्रिया हिराचन भन्छिन् । दुई वर्षअघि मात्र मोडलिङमा प्रवेश गरेकी प्रियाले पोखराबाट प्रकाशित पहिलो स्पाक म्यागजिनको विज्ञापन गरेकी थिइन् । ■

'नेपाल र बेलायती मोडलमा धेरै भिन्नता छ । पहिले त हाम्रो सोच नै । उता साथीहरू भेट्दा मोडलिङकै विषयमा गफ हुने गर्छ । तर, यता घरपरिवारभन्दा माथि हामी उठ्न सकेका छैनौं ।'

उनी नेपालमा चलचित्रमा अभिनय गर्ने निम्तो आए ठाडै अस्वीकार गर्ने बताउँदै भन्छिन्, 'यदि नेपाल बस्नु पर्ने अवस्था आयो भने मैले बेलायतमा गरिरहेको अभिनयको कोर्स नै परिवर्तन गर्छु र बिजनेसतिर आफ्नो पढाइ लक्षित गर्छु ।' किन त ? 'किनभने नेपाल र बेलायतको चलचित्रको तुलना नै हुन सक्दैन', आउँदो अप्रिल १० मा बेलायत फर्किने योजना बनाएकी ५ फिट ४ इन्च अग्ली एलिना भन्छिन् ।



एलिना गुरुङ

# अँध्यारोमा प्रकाश

'ए बाउ, भात खान आऊ...'
'जाऊँ कि क्या हो, म पनि जिमखाना...'

**डेढ वर्षअघि** एफएम, टिभी र रेडियोले दिनदिनै बजाउने यी गीत अचेल कतै सुनिँदैनन् । विवाह, वनभोज र व्रतबन्धतिर पनि बज्दैनन् । यी गीतको लोकप्रियता एकै वर्षमा कसरी स्वात्तै घटे ? कि प्रतिबन्धित पो भए ? हैन, त्यस्तो केही भएको छैन । बरु, गायक प्रकाश ओझाचाहिँ कारागारमा छन्, बाल यौनदुराचारको अभियोगमा । तर, के गायकमाथि कुनै आरोप लाग्नेबित्तिकै उनका सबै गीत बहिष्कार गर्नैपर्छ ? हैन भने प्रकाश पक्राउ पर्नुअघिसम्म सबैको जिब्रोमा झुन्डिन सफल यी गीत एक्कासि कहाँ हराए त ?

'पप आइकोन'को विशेषणले विश्वभर चर्चित माइकल ज्याक्सनमाथि लागेको बाल यौनदुराचारको आरोपसँग मिल्दोजुल्दो छ प्रकाशको अभियोग पनि । फरक के छ भने आरोपकै आधारमा माइकल ज्याक्सनका गीतमाथि संसारका कुनै पनि विद्युतीय संचारमाध्यमले प्रतिबन्ध लगाएनन् । तर, प्रकाशका हकमा भने नेपाली विद्युतीय संचारमाध्यम असहिष्णु देखिए ।

अघोषित रुपमा उनका गीतमाथि लगाइएको प्रतिबन्धबाट प्रकाशका 'फ्यान' पनि दुखी छन् । उनीमाथि लागेको चारित्रिक अभियोगको फैसला जे आए पनि उनको कला र सिर्जनामाथि पूर्वाग्रह राख्न नमिल्ने धारणा धेरैजसोको छ । 'सिर्जनालाई व्यक्तिको चरित्रसँग गास्न हुँदैन,' संगीतकार आलोकश्री भन्छन्, 'श्रोता र दर्शकले व्यक्तिलाई नभई गीत र सिर्जनालाई माया गरेका हुन्छन् । त्यसैले सिर्जनामाथि प्रतिबन्ध लगाउनु उचित हुँदैन ।'

यति बेला गायक प्रकाश विराटनगर कारागारमा छन् । उनी त्यहाँबाट छुट्ने दिन पर्खिरहेका छन् । 'मलाई परिबन्दमा पारेर फसाइएको हो,' प्रकाश भन्छन्, 'अदालतले न्याय दिन्छ भन्नेमा म विश्वस्त छु ।'

सांगीतिक दुनियाँमा छोटो समयमै नाम कमाउन सफल प्रकाशको यतिखेर परिस्थितिले 'परीक्षा' लिइरहेको छ । उनी आफूलाई अझै दह्रो भएको महसुस गर्छन् मानसिक र सिर्जनात्मक रूपमा । 'म आफूलाई संकटमा परेको ठान्दिनँ, अहिले लामो विश्राममा छु' दृढतापूर्वक उनी भन्छन्, 'मैले मेरो ऊर्जालाई यो बन्दी अवस्थामा बढाइरहेको छु ।' प्रकाशले आफ्नो सांगीतिक अभ्यासलाई निरन्तरता दिइराखेका छन् । संगीत सिर्जनाका लागि आवश्यक साधन उनीसँग छ । उनी भन्छन्, 'जस्तोसुकै अवस्थामा सिर्जना मर्दैन ।'

तर, प्रकाशको गुनासो छ, 'म अपराधी हुँ भने सजाय भोग्न तयार छु तर अदालतले निर्णय नगरिसकेको अवस्थामा मलाई किन अपराधी बनाइएको छ ?'

अदालतमा विचाराधीन ओझाको मुद्दाको सुनुवाइ पछि सर्दै आएको छ । तर, उनी पुर्पक्षका लागि थुनामा रहँदा नै सबैको नजरमा अपराधीजस्तो भइसकेका छन् । न उनको गीत बज्छ, न उनले स्थापित गरेको भिन्न शैली र लोकलयकै चर्चा हुन्छ । समाजको हेराइ कतिसम्म कठोर भएको छ भने कोही आफ्नै घरमा पनि उनको गीत बजाउँदैनन् । मुद्दाको सुनुवाइका लागि अदालत ल्याइँदा उनलाई सजाय दिलाएरै छाड्न माग गर्दै सुनसरीका विभिन्न बाल समूहले इनरुवामा प्रदर्शन पनि गरेका थिए जसमा बालमजदुर सरोकार केन्द्र (सिविन)ले विशेष चासो देखाउँदै आएको छ ।

प्रकाशले छोटो समयमा दर्शक र श्रोतासमक्ष 'विशिष्ट पहिचान' बनाएको स्थापित गायक रामकृष्ण ढकाल बताउँछन् । 'कसैले गल्ती गर्छ भने ऊ निश्चय पनि सजायको भागिदार बन्नु पर्छ,' ओझाबारे धारणा व्यक्त गर्दै ढकाल भन्छन्, 'तर सार्वजनिक भइसकेको प्रतिभा र सिर्जनालाई ओझेलमा पार्नु कदापि ठिक होइन ।'

इटहरी-४ का ३३ वर्षीय प्रकाशलाई प्रहरीले बाल यौनदुराचारको आरोपमा २०६१, माघ २४ गते काठमाडौंको अनामनगरबाट पक्राउ गरेको थियो । प्रकाशको यौनदुराचारको सिकार भनिएकी एक १७ वर्षीया किशोरी र अर्की बालिकाकी आमाको उजुरीको आधारमा प्रहरीले उनलाई पक्राउ गरेको थियो । पक्राउ गरिएकै साता उनलाई जिल्ला प्रहरी कार्यालय, सुनसरी ल्याइयो । 'पीडित' किशोरीको मुद्दामा जिल्ला अदालत, सुनसरीले उनलाई २०६१, फागुन २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । अर्की 'पीडित' बालिकाको आमाले दायर गरेको मुद्दामा भने अदालतले तारेखमा राख्ने फैसला सुनाएको थियो । प्रकाशविरुद्धको मुद्दामा अदालतले अन्तिम फैसला सुनाउन बाँकी छ ।

प्रकाशविरुद्ध परेको मुद्दामा उनले एक १७ वर्षीया किशोरीलाई धम्की र प्रलोभन दिई यौनशोषण गरेको र त्यो दृश्य भिडियो क्यामेराले खिचेको आरोप लगाइएको छ । उनले अन्य १२ र १३ वर्षका दुई बालिकालाई पनि यौनशोषण गर्न खोजेको उजुरीमा उल्लेख छ । ती दुई बालिकामध्ये एक तिनै किशोरीकी बहिनी हुन्, जसलाई उनले यौनशोषण गरेको आरोप लागेको छ । अर्की बालिका भने उनका साथीकी छोरी हुन् ।

ती बालिकाकी आमाले दिएको उजुरीअनुसार २०६१, माघको पहिलो साता प्रकाशले किशोरीसँग शारीरिक सम्बन्ध राखेको र अन्य दुई बालिकालाई त्यसमा सरिक हुन लगाएको 'फुटेज' भएको डिजिटल क्यामेराको 'मेमोरी स्टिक' हराएपछि उनको यौनदुराचारको पोल खुलेको थियो ।


ती महिलाका अनुसार सुरुमा प्रकाशले टेलिशृंखला 'तीतेकरेली'मा खेलाइदिने प्रलोभन दिएर यौनसम्बन्ध राखेका थिए । र, पछि त्यही सम्बन्धको 'भिडियो फुटेज' सार्वजनिक गर्ने धम्की दिँदै यौनशोषण गर्न थालेका थिए । प्रहरीले २०६१, फागुन ५ गते उनका साथी (अर्का गायक प्रकाश पौडेल)को धरानस्थित डेरामा छापा मारी 'भिडियो फुटेज'मा देखिएका तन्ना, तौलिया र भित्ताको पोस्टरजस्ता सामान बरामद गरेको थियो । प्रहरीका अनुसार प्रकाशले त्यो 'फुटेज' साथी (प्रकाश पौडेल)कै डेरामा खिचेका थिए ।

छोटो समयमा लोभलाग्दो प्रसिद्धिको 'उचाइ' र 'लोकप्रियता'बाट उनका केही सहकर्मी असन्तोष भएको र विवेकका कारण व्यवसायिक अडानमा कुनै 'सम्झौता' नगरेकाले फसाइएको खभिव्यक्ति प्रकाशले दिएका छन् । उनको जिकिर छ, 'मलाई परिबन्दमा पारेर फसाइएको छ ।'

यता परिवारको व्यथा पनि सही नसक्नु छ । प्रकाशकी पत्नी लक्ष्मीलाई आफ्ना श्रीमान्का गीत नबजेकै निको लाग्छ । किनकि गीत सुन्नेबित्तिकै छोरीहरू सुनयना र सन्ध्या रुन थाल्छन् । त्यसैले लक्ष्मीले आफ्नै घरमा पनि प्रकाशका गीत बजाउन छाडेकी छन् । तर, अभियोग नै प्रमाणित नभई प्रकाशलाई मिडिया, समाज र प्रहरीले अपराधीजस्तो व्यवहार गरेको र उनका गीत बजाउन छाडेकोमा चाहिँ लक्ष्मीको मनभरि असन्तोष छ । लामो समय गीत नबज्दा प्रकाशलाई कैदमुक्त भएपछि संगीतमा फर्किन मुस्किल पर्ने चिन्ता पनि लक्ष्मीको छ । 'उहाँ (प्रकाश) पक्राउ पर्नुभएको दुईतीन दिनमै गीत बज्न छोड्यो, अरू त अरु नै भए, इटहरीकै एफएम र केबुल च्यानलले पनि गीत बजाइरहेका छैनन्', लक्ष्मीको तर्क छ, 'अदालतले त गीत नबजाउनू भन्ने आदेश दिएको छैन नि !'

तर, प्रकाश, लक्ष्मी र तिनका प्रियजनसँग अदालतको फैसला पर्खनुको विकल्प छैन । परिवारले प्रकाशलाई 'भोकै मर तर कलाकारितामा नलाग' भनेका छन् । लोकप्रियताको शिखरमा पुगेका उनका गीत बज्नु या नबज्नुसँग प्रकाशले कुनै सरकोकार नभएको बताउँछन् । तर, श्रोताप्रति उनी पूर्ण इमानदार छन् । प्रकाशले छुट्टिने बेलामा भने 'म अपराधी भए पनि नभए पनि मेरा श्रोता छन् र उनीहरूकै लागि भए पनि मैले गाउनु पर्छ ।'

■ मनीष गौतम र ओमआस्था राई/विराटनगर



तस्वीर सौजन्य : साइबर नेपाल

यौनदुराचारको आरोपकै आधारमा माइकल ज्याक्सनका गीतमाथि संसारका कुनै पनि विद्युतीय संचारमाध्यमले प्रतिबन्ध लगाएनन् । तर, ओझाका विषयमा भने नेपाली विद्युतीय संचारमाध्यम असहिष्णु देखिए ।




Nu-tech
ALUMINIUM FABRICATORS
REINFORCING DESIGN




Complete Solution for all aluminium windows and doors

Our products:

- SLIDING WINDOW
- ARCH WINDOW
- STRUCTURAL GLAZING
- CURTAIN WALL WINDOW
- CASEMENT WINDOW
- LOUVERED WINDOW
- SHOP-FRONT
- SLIDING DOOR (HANGING TYPE)
- HINGE DOOR
- SWING DOOR
- BI-FOLDING DOOR
- AUTO SENSOR DOOR
- OFFICE PARTITION
- CARD DOOR LOCK

and many more
(Materials imported from Thailand and China)



NU-TECH
NU - TECH (P). LTD.
Jyoti Bhawan (II Floor), Kantipath, Kathmandu, P.O.Box 246, NEPAL
Phone No:+977-1-4266456, Fax No:+977-1-4254677, Email: nutech@mos.com.np



▲निशा र सुनील पोखरेल



सम नाट्य घरमा देखाइएको नाटक 'बरि लै'को दृश्य

तस्वीरहरू : तेजबहादुर बस्नेत

**साढे तीन वर्षको गुरुकुलका आमाबुबा भन्दा फरक पर्दैन, नाट्यकर्मी निशा र सुनील पोखरेललाई। गुरुकुल हुर्किसकेको छ। अब यसलाई आफ्नै खुट्टामा उभ्याउने र यसको स्निग्ध रंगमा कुनै दाग लाग्न नदिने चुनौती छ, निशा–सुनीलसामु।**

# सपना साँचो हुँदो रै'छ

■ **मनोज दाहाल/काठमाडौं**

**चार बज्न बाह्र** मिनेटमात्र बाँकी छ। दस मिनेटअघि बाहिरबाट आइपुगेकी निशा शर्मा पोखरेल केही बेर गुरुकुलको आँगनमा जम्मा भएका चिनारुहरूसँग भलाकुसारी गर्छिन् र सम नाट्यघर पस्छिन्। चार बजे सुरु हुने नाटकको उनी निर्देशकमात्र होइनन्, मुख्य पात्र पनि हुन्। बाह्र मिनेटमा उनले अन्य कलाकारलाई निर्देशन त दिनु छ नै, अरु तयारी पनि हेर्नु छ। यसअतिरिक्त नाट्यकर्मी निशाबाट उनलाई आफ्नो पात्रको चरित्रभित्र पनि पस्नु छ, बाहिरी र भित्री मेकअप गरेर।

अहिले गुरुकुलस्थित सम नाट्यघरमा अभि सुवेदीले लेखेको नाटक 'मायादेवीका सपना' चलिरहेछ। सुरु भएको भरखर एक साता भएकाले नाटक अझै 'फर्म'मा आइसकेको छैन। केही दिन लाग्छ अझै। तैपनि निर्देशक र मुख्य कलाकार निशा आत्तिएकी छैनन्। 'हतारमा काम गर्ने बानी नै परिसक्यो,' गुरुकुल प्रांगणमा सुस्ताउँदै गरेकी उनी सुनाउँछिन्, 'गुरुकुलको साढे तीन वर्षले दिएको एउटा उपलब्धि हामीमा आएको आत्मविश्वास पनि हो।' तर, सधैं यसरी हतारमा काम गऱ्यो भने नाटकको स्तरमा कुनै संकट त आउँदैन ?

नाट्यकर्ममा २३ वर्षदेखि सक्रिय निशालाई लाग्छ, हतारमा काम गर्नु नाट्यकर्मीको बाध्यता भए पनि सधैं हतारमै काम गऱ्यो भने प्रस्तुतिको गुणस्तरमा ध्यान दिन सकिँदैन। गुरुकुलका हर्ताकर्ता उनका पति सुनील पोखरेल पनि हतारमै गरिए पनि कामको स्तरमा जहिल्यै ध्यान दिइरहने प्रयास गर्छन्। 'नियमित रूपमा नाटक गर्दा स्तर कायम राखिराख्नु महत्त्वपूर्ण चुनौती हुन्छ,' हतारमा काम गर्न बानी परिसकेका सुनील भन्छन्। बाहिरतिरका महोत्सवमा नाटक लैजाँदा केही घन्टामै सेट तयार गरेर, मेकअप गरेर, पात्रको चरित्रभित्र पसेर आफ्नो प्रस्तुति गर्नुपर्छ। यसले गर्दा पनि गुरुकुलकर्मीहरूमा हतारमा 'फर्म'मा आउने बानी विकास भएको छ।

जे होस्, निशा र सुनील अहिले नाटक खान्छन्, नाटक सुत्छन्, नाटक बाँच्छन्। तर, चार वर्षअघि निशाको मनमा रंगमञ्चप्रति वितृष्णा हुर्किसकेको थियो। उनी सुनीललाई विदेश पलायन हुन बारम्बार भनिरहन्थिन्। 'सबै क्षेत्रबाट हार खाएर विदेश पलायन हुने सोचमा थियौं,' निशा सम्झन्छिन्। तर, सुनीलको मनमा गुरुकुलको खाका गडिसकेको थियो। उनी नाट्यकर्म सिकाउने र थिएटर गर्ने एउटा केन्द्र स्थापना गर्ने सोचमा दृढ थिए। उनले निशालाई भने पनि, 'मलाई दुई वर्ष समय देऊ, केही लागेन भने विदेसिउँला।' खुल्यो गुरुकुल र एक वर्षमै राम्रैसँग मान्छेहरूको ध्यान तानिहाल्यो। दंग भए सुनील आफ्नो परिकल्पना साकार भएकोमा।

साढे तीन वर्षमै गुरुकुलको यसरी हाइहाइ होला जस्तो लागेको थियो त निशा र सुनीललाई ? 'कहाँ हुनु, कम्तीमा पाँच वर्षमा चाहिँ यसले एउटा ठाउँ बनाउला सिर्जनात्मक क्षेत्रमा जस्तो लागेको थियो,' सुनील सुनाउँछन्। हुन पनि तीन वर्षमै गुरुकुलले रंगमञ्चबारे मान्छेहरूमा एक प्रकारको चासो जन्माएको छ। 'नेपाली रंगमञ्च मऱ्यो, यसका दर्शक छैनन् भन्नेहरूलाई जवाफ दिएको छ गुरुकुलले,' सुनील स्वभाविकतः मक्ख पर्छन्।

साढे तीन वर्षमा गुरुकुलले नाटकमात्र होइन, चित्रकला, कवितालगायत थुप्रै सिर्जनात्मक विधामा काम गरेको छ। यसबीच आधा दर्जनभन्दा बढी नाटक गुरुकुलले आफैं उत्पादन गऱ्यो। 'अग्निको कथा', 'पुतलीको घर', 'बाघभैरव', 'कम्लहरी',





▲ अहिले गुरुकुलमा 'मायादेवीका सपना' चलिरहेछ

गुरुकुलको आँगनमा दर्शकहरू ▼



'जात सोध्नु जोगीको' र अहिले चलिरहेको नाटक 'मायादेवीका सपना'बाट गुरुकुलले नेपाली रंगमञ्चको स्तर त उकास्यो नै, प्रतीकात्मक शैली र सानदार सेटमार्फत गुणस्तरीय सिर्जना बाँडे नाटकका दर्शक पनि कम्ती हुँदैन रहेछन् भन्नेसमेत प्रमाणित गऱ्यो। यसबाहेक कथाहरूको मञ्चन गऱ्यो, कविताहरूको मञ्चन गऱ्यो र नाटकमात्र होइन, कथा र कविता पनि रंगमञ्चमा पुगेपछि अझ प्रभावकारी र मन छुने हुँदा रहेछन् भनेर देखाइदियो गुरुकुलले। सार्क क्षेत्रका राष्ट्रहरूको नाट्य महोत्सव पनि आयोजना गरेको गुरुकुलले थुप्रै मुलुकहरूमा नेपाली नाटकको सहभागितामात्र पस्केन, वाहवाही र स्यावासी पनि पायो।

'गुरुकुल' त्यत्तिकै राखिएको नाम होइन। यहाँ गुरुकुलीय पद्धतिअनुसार नै रंगमञ्चबारे सिकाइन्छ, दुई वर्षको पाठ्यक्रममा। छात्रवृत्तिमा पढ्न पाउने गुरुकुलका विद्यार्थीहरूले सबै समय यहीँ बिताउनुपर्छ। बिहान शारीरिक तन्दुरुस्तीको अभ्यासबाट सुरु हुने विद्यार्थीहरू दिउँसो कहिले रिहर्सल, कहिले कक्षा र कहिले वर्कसपमा व्यस्त हुन्छन्। यो दैनिकी दुई वर्षभरि नै चलिरहन्छ। अहिले गुरुकुलको पहिलो उत्पादन यहाँ नै काम गरिरहेको छ भने अर्को ब्याच चलिरहेको छ। विद्यार्थीसहित गरेर गुरुकुल यतिखेर २७ जना पूर्णकालीनहरूको संस्था बनेको छ।

अर्काको जग्गामा आफ्नो संसार खडा गरेको गुरुकुलका लागि अहिले नितान्त भौतिक चिज महत्त्वपूर्ण आवश्यकता बनेको छ। 'हाम्रो अबको प्राथमिकता भनेको आफ्नै जग्गा हो,' सुनील भन्छन्, 'नाट्य प्रविधि, सीप र प्रकाश उपकरणका हिसाबले त हामी निकै धनी भइसक्यौं।' सुरुमा डेढ वर्ष महानगरका तत्कालीन मेयर केशव स्थापितले भाडा तिरिदिए पनि दुई वर्षदेखि गुरुकुलले आफू उभिएको ठाउँको आफैं भाडा तिर्नुपर्छ। सीमित आयस्रोतमा जहिल्यै टुमटुम गरेर खर्च चलाउनुपर्ने गुरुकुलका लागि वर्षको चानचुन आठ लाख रुपैयाँ भाडा तिर्नु सजिलो छैन। त्यसैले आफ्नै जग्गा खोजिरहेका छन् यसका सञ्चालकहरू।

जग्गा कसरी किन्ने योजना छ त ? आखिर गुरुकुल उभ्याउन एक दुई आना जमिनले पुग्दैन, तीन-चार रोपनी नै चाहिन्छ। 'खै, यसको अहिलेसम्म कुनै योजना बन्या छैन,' सुनील भन्छन्, 'जग्गा किन्नै भनेर हामीले अढाई लाख रुपैयाँ जम्मा गरेका थियौं, त्यो पनि नयाँ थिएटर बनाउँदा खर्च भयो।' कम्तीमा तीनवटा स-साना थिएटर बनाउने लक्ष्य राखेको गुरुकुलमा अहिले दोस्रो थिएटर बनिसक्न लागेको छ। 'रिमाल नाट्यघर' नाम दिइएको यो थिएटर नाट्यकर्मी हरिप्रसाद रिमालले एक लाख रुपैयाँ र अरु केही संस्थाले सानातिनो सहयोग गरेबाहेक गुरुकुलको आफ्नै प्रयत्नमा ठडिँदै छ। चारैतिर दर्शकसमेत बस्न मिल्ने गरी बन्दै गरेको रिमाल नाट्यघरमा यसरी बस्दा करिब ५ सय दर्शक अटाउँछन्। सम नाट्यघरमा करिब सवा दुईसय दर्शक अटाउँछन्।

सुनील र निशालाई २४ घन्टाको दिन जहिल्यै छोटो हुन्छ। फर्ममा नआइसकेको नाटक 'मायादेवीका सपना'को निरन्तर प्रदर्शन, निर्माणाधीन रिमाल नाट्यघरका लागि अराइपराइ, वैशाखमा हुन लागेको इब्सेन महोत्सवको तयारी। यसबाहेक गुरुकुलको नियमित काम, विद्यार्थीहरूको रेखदेख छुटाउनै भएन। यस्तो भागदौडको व्यस्ततामा पनि सुनील सिनेमा पनि खेल्दै छन्, निर्देशक नारायण पुरीको 'अल्पविराम'। 'गुरुकुल सुरु गरेपछिको यो मेरो पहिलो सिनेमा हो,' बाक्लो दाह्री र लामो कपालमा छिनछिनमा स्मित हाँसो हाँसिरहने सुनील भन्छन्। ■




समय

# युद्धको उन्मादमाथि

**बेनी घटना नाटक** अवधिभर दर्शकलाई घोचिरहने विषय हो। र, त्यसपछि सुरु हुन्छ, गत एक दशकदेखि नेपाल र नेपालीले भोग्दै आएको यथार्थ युद्धको दुखदायी तस्वीर। नाटक नसकिन्जेल स्टेजमाथि देखिएका यी पात्रले दर्शकलाई घोचिरहन्छन् र सायद घोचिरहनेछन्, यो युद्धको उन्माद नसकिन्जेल।

रित्तो घरको अगेना कुर्नु अहिले धेरै नेपालीको दैनिकी बनिसक्यो। समयले मुलुकभित्र हेर्दाहेर्दै ल्याएको परिवर्तन यही हो। दाङबाट सुरु भएका घटनाक्रम निरन्तर चुलिइरहेका छन्। यी आक्रमणको क्रन्दन कतिसम्म अत्यासलाग्दा छन् भने सुन्दा मानवीय सृष्टिमाथि नै दया लागेर आउने अवस्था छ।

बेनी आक्रमणका बेला हल्ला चल्यो- बेनीमा दिउँसो कुकुरहरू देखिँदैनन्, गाडिएका मानिसका लास खोतल्न जान्थे रे। मानिसले बफादार मानेको कुकुरबारे आएको यो हल्लाले मानिसको जातमाथि नै उपहास गर्‍यो। प्रत्येक दिन पंक्तिबद्ध मानिसहरू घर छोडेर निस्कने क्रम निरन्तर चलिरह्यो। अनागरिक अथवा घरभित्रैका शरणार्थीको संख्या एकाएक बढ्यो। आँसु बगाउनेहरूको संख्या बढ्न थाल्यो। अहिले यसै क्रममा छ, मुलुक। नाटककार कृष्ण शाह यात्रीले दर्शकलाई यही पस्के प्रज्ञाप्रतिष्ठानको प्रेक्ष्यालयमा हालै।

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र ज्योतिपुञ्ज साइन थिएटरको संयुक्त आयोजनामा मञ्चित नाटक ‘निर्वासित मनहरू’ हेर्दै गर्दा धेरैका आँखामा आँसुमात्र टलपलाएनन्, सियोसम्म खस्दा पनि सुनिने गरी हलमा मौन रहेका दर्शकले वर्तमान देशको पीडादायी चित्र देखे। कलाकारहरूले देखाएको कला पनि वर्णन गर्न लायक नै थियो। मुग्लान पसेका नेपालीदेखि जंगलमै बसेका नेपाली आमाकै सन्तानका व्यथा बोलेका थिए, उनीहरूले नाटक नसकिन्जेलसम्म।

गाउँमा अहिले बूढापाका, अपांग, महिला र बालबालिका मात्र छन्। दैनिक पड्किरहने बन्दुक र बारुदको धुलोले कपाल सेतो बनाउँदै बेलुका कोही किसान घर आइपुग्यो भने नौलो मान्नु पर्दैन। उनीहरूका लागि यो अवस्था अति सामान्य बनिसक्यो। जसको हातमा घरको जिम्मेवारी सुम्पेर बूढाबूढी ‘तीर्थ’ जानुपर्ने बेला थियो, अहिले उनीहरू निर्वासित छन् सबै त्यागेर। घर खाली भएका छन्। युवाहरूको अनुहारसम्म देख्न मुस्किल छ गाउँमा।

तर, जो विदेश पलायन भएका छन् उनीहरूलाई पनि सुख छैन। जति मानवीय सभ्यताको विकास भएको छ, त्यति मानिसकै पहिचानमा खडेरी परेको अवस्था छ। ‘मैले तीन वर्षअघि यो नाटक लेख्दा यतिका दर्शकको माया पाइएला भन्ने कमै सोचेको थिएँ’, निर्वासित मनको प्रदर्शनीका क्रममा यसका लेखक-निर्देशक तथा परिकल्पनाकार कृष्ण शाह यात्री भन्छन्। अहिले मुलुकमा मानिसहरू मानिसबाटै सबैभन्दा बढी त्रसित भएको अवस्था छ। नाटकले देखाउन खोजेको चित्र यही हो।

‘निर्वासन मलाई मन परेको विषय हो। अहिले हामीबीच परिचयको दूरी बढेका बेला यसलाई स्टेजमा उतारेर आपसी दूरी घटाउन सघाउँछु कि भन्ने भ्रममा छु म’, नाटककार यात्री भन्छन्। आफ्नै भूमिमा पनि भयावह जीवन बाँच्न बाध्य भएका नेपालीहरूको सजीव चित्रण उतारेको छ, ‘निर्वासित मनहरू’ नाटकले।

‘मैले समस्यासँगै केही समाधान पनि खोजी गर्ने प्रयास नगरेको भने छैन’, मैले धेरै गरेको छु भन्नेहरूमाथि व्यंग्य गर्दै यात्रीको जवाफ आउँछ। मुलुकको साझा समस्या र समाधानको खोजी गरिएको नाटक निर्वासित मनहरू आउँदो दुई सातापछि पाटनस्थित सिंह आर्ट ग्यालरीमा नियमित प्रदर्शन गरिने बताइएको छ।

■ **ज्योति देवकोटा/काठमाडौं**


आरोहण

गुरुकुल:
स्कुल अफ थिएटर



# मायादेवीका सपना

**नाटक: प्रा. अभि सुवेदी**
**निर्देशन: निशा शर्मा पोखरेल**

मिति: १० चैत्र ०६२-१२ वैशाख ०६३
समय: दिउँसो ४:०० बजे
स्थान: सम नाटकघर, गुरुकुल
पुरानो बानेश्वर, काठमाण्डौ।
सम्पर्क: ४४६६९५६, २१०१३३२
info@aarohantheatre.org
www.aarohantheatre.org

नाटक ठीक समयमा शुरू हुनेछ।



युवराज घिमिरे

## शून्य समय

# गैंडा कूटनीति र धरातलीय यथार्थ

**मुलुक आन्दोलनको** भुमरीमा छ। सर्वोच्च अदालतले जनतामा सार्वभौमसत्ता निहित भएको व्याख्या गरेको छ। वास्तवमा ०४७ सालको संविधानको त्यो केन्द्रीय विषयलाई राजाले स्विकार गरेको अवस्था छ, सिद्धान्ततः। र, ती सार्वभौम जनता निर्विवाद रूपमा राजा विविध संस्कृति, धर्म, क्षेत्रीयता र जातीयताका एकताका प्रतीक बनून् भन्ने चाहन्छन्। त्यही चाहनालाई सर्वोच्चको हालको फैसलाले अनुमोदन गरेको हो।

माघ १९ गतेको शाही कदमले जनताको सार्वभौम हैसियतलाई राजा ज्ञानेन्द्रले अस्वीकार गरेका छन् भन्ने आवाज उठिरहेको छ। जनतालाई सार्वभौम हैसियत प्रदान गर्न राजा चाहँदैनन् र वर्तमान संविधान अर्थहीन तथा धराशायी तुल्याउनमा (सैद्धान्तिकभन्दा बढी व्यवहारिक रूपमा) राजा उद्यत छन् भन्ने मान्यता नेपालका प्रजातान्त्रिक शक्तिहरूले अन्तर्राष्ट्रिय जमातसमक्ष राख्दै आएका छन्। मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुल्सी गिरीका अनुसार सार्वभौमसत्ता जनतामा निहित छ भन्ने कुरा राजाले स्विकारेका छन्। तर, राजाले त केवल त्यो सार्वभौमसत्तालाई प्रतिनिधित्व मात्र गरेका हुन्।

युवराज पारसको हालको एउटा लिखित भाषणपछि डा. गिरीको भनाइले चुनौती सामना गरेको मात्र हैन, त्यो अर्थहीन बन्न पुगेको छ। युरोपेली संघको महत्त्वपूर्ण राष्ट्र अस्ट्रियाको राजधानीमा अवस्थित भियना चिडियाघरलाई चितवन राष्ट्रिय निकुञ्जबाट लगिएका एक जोडा गैंडा उपहार दिने सिलसिलामा युवराज पारसबाट त्यस्तो विवादास्पद अभिव्यक्ति दिइएको हो। 'हाम्रा सार्वभौम श्री ५ ज्ञानेन्द्रले नेपाली जनताका तर्फबाट अस्ट्रियाका जनताका लागि मित्रताका प्रतीकका रूपमा पठाइबक्सेको एक जोडा गैंडा भियना चिडियाघरलाई हस्तान्तरण समारोहमा सहभागी हुन पाउँदा म र युवराज्ञी सम्मानित महसुस गर्दछौं।' 'सार्वभौम' विशेषणको गलत प्रयोग नियोजित छैन भन्न सकिने अवस्था छैन। किनकि यो सर्वोच्चको शाही आयोगसम्बन्धी फैसला र नेपाली जनता सार्वभौमसत्ताका स्रोत भएको व्याख्याको पृष्ठभूमिमा आएको छ।



भास्कर ओझा

> मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुल्सी गिरीका अनुसार सार्वभौमसत्ता जनतामा निहित छ भन्ने कुरा राजाले स्विकारेका छन्। तर, राजाले त केवल त्यो सार्वभौमसत्तालाई प्रतिनिधित्व मात्र गरेका हुन्। युवराज पारसको हालको एउटा लिखित भाषणपछि डा. गिरीको भनाइले चुनौती सामना गरेको मात्र हैन, त्यो अर्थहीन बन्न पुगेको छ।

दल-राजा मेलमिलाप र विश्वास स्थापित भएका बेला निश्चय पनि राजसंस्थाका प्रतिनिधिका रूपमा युवराज पारसको त्यो वक्तव्यले कुनै विवाद नजन्माउला। तर, अहिले त्यो अनुकूल परिस्थिति छैन। साथै युवराज पारस स्वयंले पनि केही तथ्यगत विश्लेषण गर्न सिक्नु र सक्नु पर्छ। के 'भियना जु'का लागि गैंडासहित अस्ट्रिया आउन लिखित निमन्त्रणा पठाउने त्यहाँका चान्सलरले युवराज पारससँग भेटे ? त्यति मात्र हैन, के त्यहाँ कुनै उच्चाधिकारीले युवराजलाई स्वागत वा बिदाइ गरे ? के फ्रान्स प्रवासमा एउटा स्वतन्त्र राष्ट्रका राजसंस्थाका उत्तराधिकारीले अपेक्षित र उचित आदर पाए ? अझ महत्त्वपूर्ण प्रश्न हो-के एक जोडा गैंडा पुऱ्याउन युवराज पारस स्वयं भियना जानु आवश्यक थियो ? अस्ट्रियामा उनीप्रतिको सरकारी रवैया नेपालप्रतिको अपमान हो भन्ने अनुभूति सिद्धान्ततः यहाँ नभएको हैन। तर, राजसंस्था र जनता, खासगरी दलहरूसँग राजाको टाढिएको सम्बन्धले त्यो खास 'इस्यु' बन्ने देखिँदैन।

युवराज पारसप्रति त्यस्तो व्यवहार होला भनेर अनुमान गर्न नसक्नु परराष्ट्र मन्त्रालयको र युवराजको भ्रमण टोलीमा रहेका विभागीय मन्त्रीको व्यक्तिगत असफलता हो भन्ने कुरामा दुईमत हुन सक्दैन। गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महाधिवेशनमा नेपालको प्रतिनिधित्व गर्दै श्री ५ ज्ञानेन्द्र न्युयोर्क जाने क्रममा सम्भावित बाटोका रूपमा छानिएका जर्मनी, फ्रान्स वा बेलायतमध्ये कुनै पनि मुलुकले राजालाई उच्च तहबाट 'रिसिभ' नगरिने स्पष्ट पारेका थिए। अमेरिकी राष्ट्रपतिद्वारा महाधिवेशनमा सहभागी राष्ट्र-सरकार प्रमुखलाई दिइने पारम्परिक स्वागत भोजमा नेपाललाई ननिम्त्याउने निधो गरेपछि श्री ५ को भ्रमण रद्द भयो। युरोपेली संघको एक सदस्य अस्ट्रियाले पनि नेपालमा प्रजातन्त्र स्थापित नहुँदासम्म राजा तथा राजपरिवारप्रतिको उनीहरूको व्यवहार अन्यत्रजस्तै हुने संकेत दिँदादिँदै पनि युवराज पारसलाई त्यो अपमानका लागि किन प्रयोग गरियो त ? गैंडा कूटनीति असफल भएको मात्र हैन, राजसंस्था अपमानित गराइएको छ।

मुलुकमा व्याप्त द्वन्द्व र भौतिक पूर्वाधारको विनाशले वातावरण संरक्षणमा समेत द्वन्दको अवस्थाले बाधा पुऱ्याएको उल्लेख गर्दै युवराज पारसले 'वार्ताद्वारा शान्तिपूर्ण समाधानको प्रयास जारी रहेको' पनि बताए। वर्तमान सरकारले यस्तो प्रयास गरेको देखिँदैन। तर, सात दलले निश्चय पनि माओवादीलाई हिंसा हत्या त्यागी वार्तामा ल्याउने प्रयास गरिरहेका छन् १२ बुँदे समझदारीद्वारा सरकारको कोपभाजन बन्दै। युवराज पारसको अभिव्यक्ति र दलहरूको प्रयासको आशय समान हुनु सुखद कुरा हो। तर, त्यसले राजसंस्थाको औपचारिक अनुमोदन नपाएसम्म युवराजको अभिव्यक्ति अर्थहीन नै रहनेछ। तर, औपचारिक अनुमोदन हुनासाथ राजसंस्था तत्काल सम्मानित बन्नेछ, जनताको नजरमा। प्रजातन्त्रको पुनःस्थापना, दलहरूप्रति राजाको सम्मानजनक व्यवहार र उनीहरूलाई उत्तरदायित्व हस्तान्तरण भएमा मुलुक र विदेशमा पनि राजतन्त्र पुनः सम्मानित बन्नेछ। अन्यथा राजसंस्था अपमानित हुँदो रहेछ भन्ने प्रमाण हो भियना प्रकरण।

विश्वमा दुर्लभ मानिएको एकसिंगे गैंडाको जोडी उपहार दिएर राजनीतिक-कूटनीतिक फाइदा लिन सकिन्छ भनी राजालाई आश्वस्त गर्नेहरू सम्भवतः 'एक्पोज' भएका छन्। प्रजातन्त्रको स्थापनाभन्दा अर्को छोटो बाटो छैन, राजसंस्थाका लागि सम्मान आर्जन गर्न। र, भियनाको व्यक्तिगत अनुभवका आधारमा सकारात्मक पाठ कदम उठाएमा मुलुकको राजनीतिक समस्या समाधानमा त्यो निकै प्रभावकारी सिद्ध हुन सक्नेछ। ■